# राष्ट्रिय मानव अधिकार आयोगबाट भएका
# मानव अधिकार सम्बन्धी महत्त्वपूर्ण निर्णयहरु

वर्ष ३ अङ्क ४ २०७५ जेठ

वस्तुत: मानव अधिकारहरु मानिस मात्रका त्यस्ता अपरिहार्य स्वार्थ, चाहना र आवश्यकता हुन् जसले मानिसलाई अन्य प्राणीहरुभन्दा भिन्न राख्न सकेको छ । प्राकृतिक प्राणी भएको नाताले मानिससँग अन्योन्याश्रित भएका र अपहरण गर्नै नसकिने यस्ता अधिकारहरुको दायराभित्र गैरकानुनी तवरले प्रवेश गर्ने वा अतिक्रमण गर्ने वा उल्लङ्घन गर्ने छुट राज्य वा अमुक सङ्गठन वा कुनै व्यक्ति कसैलाई पनि छैन । त्यस्तै मानवीय संवेदनाका कतिपय विषयहरु सङ्कटकालीन अवस्था वा युद्धका बेलासमेत अनतिक्रम्य र संरक्षित रहनुपर्दछ ।

- सर्वोच्च अदालत रिट नं. ०७०-WS-००५० आदेश मिति २०७१।११।१४।५

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर, नेपाल

## राष्ट्रिय मानव अधिकार आयोगबाट भएका

# मानव अधिकारसम्बन्धी महत्त्वपूर्ण निर्णयहरू


| वर्ष ३ | अङ्क ४ | २०७५ जेठ |
|---|---|---|


वस्तुतः मानव अधिकारहरू मानिस मात्रका त्यस्ता अपरिहार्य स्वार्थ, चाहना र आवश्यकता हुन् जसले मानिसलाई अन्य प्राणीहरूभन्दा भिन्न राख्न सकेको छ । प्राकृतिक प्राणी भएको नाताले मानिससँग अन्योन्याश्रित भएका र अपहरण गर्न नसकिने यस्ता अधिकार हरूको दायराभित्र गैरकानुनी तवरले प्रवेश गर्ने वा अतिक्रमण गर्ने वा उल्लङ्घन गर्ने छुट राज्य वा अमुक सङ्गठन वा कुनै व्यक्ति कसैलाई पनि छैन । त्यस्तै मानवीय संवेदनाका कतिपय विषयहरू सङ्कटकालीन अवस्था वा युद्धका बेलासमेत अनतिक्रम्य र संरक्षित रहनुपर्दछ ।

- सर्वोच्च अदालत रिट नं. ०७०-WS-००५० आदेश मिति २०७१।११।१४।५


**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

## आयोगका पदाधिकारीहरू

मा. अनूप राज शर्मा, अध्यक्ष

मा. प्रकाश वस्ती, सदस्य

मा. सुदिप पाठक, सदस्य

मा. मोहना अन्सारी, सदस्य

मा. गोविन्द शर्मा पौड्याल, सदस्य

## सचिव

वेदप्रसाद भट्टराई, सचिव

**सम्पादन/संयोजन**

**श्यामबाबु काफ्ले**
**नि. महाशाखा प्रमुख**
**कानुन महाशाखा, राष्ट्रिय मानव अधिकार आयोग ।**

**सहयोग**

**मानव अधिकार अधिकृतद्वय रञ्जिता साह, दिव्य कुमार झा र सहायक प्रथम मणिराम थापा**

**प्रकाशक**

**राष्ट्रिय मानव अधिकार आयोग**
**कानुन महाशाखा**
**हरिहरभवन, ललितपुर ।**

| | |
|---|---|
| **प्रकाशन मिति :** | **२०७५ जेठ** |
| **प्रकाशन प्रति :** | **९००** |
| **प्रकाशन सङ्ख्या :** | **रामाअआ के.का. २२८** |
| **मुद्रण :** | **ऋचा अफसेट प्रेस, डिल्लीबजार** |
| **सर्वाधिकार :** | **राष्ट्रिय मानव अधिकार आयोग** |

आयोगको पूर्व-स्वीकृतिबिना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# प्रकाशन सम्बन्धमा

१. राष्ट्रिय मानव अधिकार आयोगले २०७३ वैशाख महिनाबाट सुरु गरेको मासमनिको चौथो अङ्कको रूपमा आयोगबाट भएका थप १३ वटा महत्वपूर्ण निर्णयहरू यस अङ्कमा समावेश गरिएका छन् ।

२. यस अंकबाट यस प्रकाशनको संक्षिप्त नाम "मासमनि"को सट्टा "मामनि" भनिएको छ।

३. यस अङ्कमा विशेषतः मानवीय कानुनको उल्लङ्घनसँग सम्बन्धित आयोगबाट भएका महत्वपूर्ण निर्णयहरू समावेश गरिएका छन् ।

४. प्रकाशित सामग्रीलाई पठनीय र प्रयोगकर्ता-मैत्री बनाउने प्रयोजनका लागि प्रत्येक परिच्छेदहरूमा नम्बरिङ गरिएको छ। तर, ठहर वा निर्णयमा उल्लेख भएको ब्यहोरालाई हुबहु रूपमा उल्लेख गर्दै व्याकरणीय रूपमा मात्र सम्पादन गरिएको छ ।

५. पीडित र साक्षीको अधिकार संरक्षणको दृष्टिकोणबाट यस प्रकाशनमा उनीहरूको नाम गोप्य राखिएको छ । तर, मृतक र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको नाम उल्लेख गरिएको छ ।

६. यस प्रकाशनमा छापिएका निर्णयहरूमा कुनै द्विविधा उत्पन्न भएमा सक्कल निर्णय मान्य हुनेछ ।

# विषयसूची


| उजुरी नं. | मानव अधिकार उल्लङ्घनको विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| २०६० सालको उजुरी नं १६२० | दोहोरो भिडन्त | १ |
| २०६१ सालको उजुरी नं १९४९ | हत्या | ११ |
| २०६७ सालको उजुरी नं ४७७३ | हत्या | १८ |
| २०६६ सालको उजुरी नं ४७३६ | बन्दीको अधिकार (मृत्यु) | ३७ |
| २०६४ सालको उजुरी नं ४२५८ | अपहरण पछि हत्या | ४५ |
| २०६२ सालको उजुरी नं ३५२१ | मानवीय कानुनको उल्लङ्घन | ६३ |
| २०६३ सालको उजुरी नं ३८४८ | नियन्त्रणमा लिई हत्या | ७५ |
| २०६७ सालको उजुरी नं ४४०० | झडपमा मृत्यु | ८३ |
| २०६० सालको उजुरी नं १३१८ | नियन्त्रणपछि गोली हानी हत्या | ९५ |
| २०५९ सालको उजुरी नं ३६/१२७ | बलपूर्वक बेपत्ता | १०६ |
| २०६१ सालको उजुरी नं २७९७ | हत्या | १२० |
| २०६५ सालको उजुरी नं ४५७४ | मृत्यु | १२६ |
| २०६१ सालको उजुरी नं १६९४ | कब्जापछि हत्या | १४१ |

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री अनूप राज शर्मा**
**माननीय सदस्य श्री प्रकाश वस्ती**
**माननीय सदस्य श्री सुदिप पाठक**
**माननीय सदस्य श्री मोहना अन्सारी**
**माननीय सदस्य श्री गोविन्द शर्मा पौड्याल**

**संवत् २०६० सालको उजुरी नं १६२०**

**विषय : दोहोरो भिडन्त ।**

**सशस्त्र सङ्घर्षका समयमा सर्वसाधारण व्यक्ति, महिला, बालबालिका र वृद्धवृद्धाहरूजस्ता अत्यन्त जोखिममा रहेका वर्गहरूलाई, विद्यालय क्षेत्र, चिकित्सकीय क्षेत्रहरू, सर्वसाधारणका बस्तीहरूलाई समेत युद्धको निसाना बनाउन द्वन्द्वरत पक्षहरूलाई बन्देज गरेको छ । यी समग्र व्यवस्थाहरूलाई द्वन्द्वरत पक्षहरूले अक्षरशः पालना गर्नुपर्दछ । यस्ता पक्षहरूमा विचार नगरी आक्रमण गर्दा वा नियन्त्रणमा लिएर हत्या गर्ने वा यातना दिने कार्य गरेको पाइएमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरी मानव अधिकारको गम्भीर हनन गरेको हुने गर्दछ । तसर्थ, द्वन्द्वरत दुवै पक्षले मानव अधिकारका मूलभूत मान्यता र सिद्धान्तहरूलाई अनुसरण गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको हुन्छ ।**

- प्रकरण नं ११

**सशस्त्र युद्धको अवस्था वा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट वञ्चित गर्न पाइँदैन भन्ने मानव अधिकारको सिद्धान्त र मान्यता विपरीत सरकारी पक्ष तथा सशस्त्र द्वन्द्वमा सक्रिय समूहले सङ्घर्षमा कुनै पनि तरिकाले द्वन्द्वमा असंलग्न सर्वसाधारण व्यक्तिहरूलाई मारिनु तथा घाइते बनाइनु मानव अधिकार हननको गम्भीर विषय हो ।**

- प्रकरण नं १४

**मानव अधिकार वर्तमान विश्वको अत्यन्त संवेदनशील विषय हो भन्नेमा दुईमत छैन । राज्यले आफ्ना नागरिक अर्थात् जनताको मानव अधिकारको संरक्षणमा गर्भदेखि मृत्युपर्यन्त (Womb to Tomb) सम्म संरक्षकत्व निर्वाह गर्नुपर्दछ । कुनै व्यक्ति ... मृत्युपर्यन्त सिर्जना हुने अधिकारको संरक्षणार्थ पनि राज्य संवेदनशील हुनै पर्दछ । कुनै व्यक्तिको गैरकानुनी रूपमा मानव अधिकार हरण गर्ने सङ्गठन वा अधिकारी वा जो-कोहीलाई पनि कानुनबमोजिमको कारबाही गरी पीडित व्यक्तिहरूलाई मानव अधिकारको अनुभूति गराउनु र राज्य हरेक नागरिकहरूको असल अभिभावक हो भन्ने अनुभूति दिलाउनु राज्यको दायित्व हो ।**

**-** प्रकरण नं १७

१. प्रस्तुत घटनाका सम्बन्धमा २०६० चैत्र ९ गते राजधानी दैनिकलगायतका

समाचारपत्रहरूमा म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा माओवादी आक्रमणमा ३५ सुरक्षाकर्मी र ४० माओवादीको लास प्राप्त शीर्षकमा प्रकाशित समाचारका आधारमा आयोगबाट आफ्नै स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान गरेको रहेछ ।

२. आयोगबाट च.नं. ३९८२ मिति २०६१।१।१० गतेको पत्रमा गृह मन्त्रालय र रक्षा मन्त्रालयमा प्रस्तुत घटनाको अनुगमनको लागि टोली खटाई पठाएको र उक्त टोलीलाई आवश्यक सहयोगको व्यवस्था गरिदिन भन्ने ब्यहोरा प्रेषित गरिएको रहेछ । त्यस्तैगरी सोही मितिमा च.नं ३९८१ को पत्रमार्फत जिल्ला प्रशासन कार्यालय कास्की र जिल्ला प्रशासन कार्यालय बेनी, म्याग्दीमा समेत प्रेषित पत्र मिसिल संलग्न गरिएको रहेछ ।

३. आयोगबाट च.नं १६२० मिति २०६८।११।१ को पत्रमार्फत गृह मन्त्रालयमा उल्लिखित घटनामा मृत्यु भएका तथा घाइते भएका व्यक्तिहरूको सम्बन्धमा तत्कालीन म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीले पीडित व्यक्तिहरूले दिएको निवेदनउपर कारबाही भई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा गृह मन्त्रालयसमक्ष पठाइसकिएको भन्ने जानकारी प्राप्त भएकोमा पीडितका परिवारले क्षतिपूर्ति पाए-नपाएको विषयमा गृह मन्त्रालयको नाममा पठाइएको पत्रको जबाफ प्राप्त हुन नआएको हुँदा सो घटनामा परी मृत्यु भएका परिवार तथा घाइतेहरूलाई केकति राहत वा क्षतिपूर्ति उपलब्ध गराएको छ, सोको जानकारी उपलब्ध गराइदिनुहुन भन्ने ब्यहोराको प्रेषित पत्र पनि मिसिल संलग्न रहेछ ।

४. उल्लिखित घटनाको सम्बन्धमा अनुगमन गर्न खटिई गएको आयोगको टोलीको प्रतिवेदनमा निम्नानुसारको तथ्यहरू प्राप्त भएका रहेछन् :

- नेकपा (माओवादी) बाट २०६० चैत्र ७ गते राति म्याग्दी जिल्ला सदरमुकाम बेनीमा आक्रमण गर्नुअघि कास्की र पर्वत जिल्लामा पर्ने राजमार्गहरूमा अवरोध खडा गरेको । सवारी साधन आवत-जावतमा अवरोध सिर्जना गरी पुलमा बम विस्फोट गराएर क्षति पुऱ्याएको । कम्तीमा पनि १० हजारको सङ्ख्यामा माओवादी कार्यकर्ताहरू आक्रमणको लागि गएको भन्ने स्थानीय प्रत्यक्षदर्शीहरूको भनाइ रहेको ।

- सो क्रममा १८ वर्षमुनिका बालबालिकाहरूलाई पनि बाटो देखाउन र सरकारी कार्यालयहरू देखाउन प्रयोग गरेको भन्ने स्थानीय व्यक्तिहरूको भनाइ रहेको ।

- आक्रमणका समयमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले पर्वत

जिल्लाको मल्लाज, म्याग्दीको अर्थुङ्गे र खगरा भन्ने ठाउँहरूबाट लामो दुरीका हतियार प्रयोग गरेका, सबैभन्दा पहिला जिल्ला कारागार कब्जा गरेको, आक्रमणका क्रममा दोहोरो भिडन्तमा परी पाँच जना सर्वसाधारणको मृत्यु भएको, केही घाइते भएका, भोलिपल्ट चैत्र गते बिहान करिब ९:३० बजेसम्म दोहोरो भिडन्त भएको ।

- नेकपा (माओवादी) का कार्यकर्ताहरूलाई लक्षित गरी सेनाले ८ गते हेलिकप्टरबाट प्रहार गरेको बम लागि छ जना सर्वसाधारणहरूको घटनास्थलमा नै मृत्यु भएको भन्ने भनाइ रहेको ।
- दोहोरो भिडन्त तथा सेनाले हेलिकप्टरबाट आक्रमण गर्दा समेत गरी जम्मा १९ जना सर्वसाधारण व्यक्तिहको मृत्यु भएको तथा १३ जना सर्वसाधारणहरू घाइते भएका ।
- प्रतिवेदनमा पेस भएअनुसार घटनामा परी मृत्यु हुने तथा घाइते भएकाहरूमा अधिकांश दलित समुदायका व्यक्तिहरू भएका । नेकपा (माओवादी)का कार्यकर्ताहरूले सुरक्षाकर्मीहरू राखेको भनी स्थानीय लक्ष्मी कार्कीको घरमा आगो लगाई दिएका ।
- म लगायत ठगने दर्जी, फौदे दर्जी, सुन्ते दर्जीसमेत घरको जग खन्ने काममा ज्यामरुकोट गाविस वडा नं ८ मा गएका थियौं । आक्रमण भएको रात बेनी बजारमा आएको थिएँ । काम गर्न गएका हामी ७ जनामध्ये त्यहाँ ६ जना साथीहरू थिए । म्याग्दी आक्रमणको भोलिपल्ट हेलिकप्टरबाट बम फालियो । माओवादी कार्यकर्ताहरू पाखा भरी थिए । तर, बम मेरा साथीहरू बसेको ठाउँमा खस्दा निजहरू पानी पनि पिउन नपाई मरेछन् । स्थानीय लक्ष्मी कार्की पनि धारामा पानी लिन गएको अवस्थामा बम लागी मरिछन् । माओवादीहरूले पनि हेलिकप्टरलाई ताकेर बन्दुक हानिरहेको थिए । क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको छ । प्रमुख जिल्ला अधिकारीले क्षतिपूर्ति दिने आश्वासन दिनुभएको छ । उल्लिखत छ जना व्यक्तिहरूको आश्रित परिवारको आर्थिक अवस्था अत्यन्त दयनीय छ भन्ने प्रत्यदर्शीको भनाइ प्रतिवेदनमा उल्लेख रहेछ ।
- छाक टार्ने समस्याले ज्याला मजदुरी गर्न मजदुरहरू बजार गएका थिए । फर्किएर आएनन् । छोराछोरीहरूलाई बचाउन नै समस्या छ । क्षतिपूर्ति पाएमा केही व्यापार व्यवसाय गरी जीवन गुजारा गर्ने थिएँ भन्ने ब्यहोराको मृतक झिल्के सार्कीको परिवारको भनाइ प्रतिवेदनमा उल्लेख भएको पाइयो ।
- म्याग्दी सदरमुकाम बेनी आक्रमणमा

१८ जना सर्वसाधाणहरूको मृत्यु भएको पुष्ट्रि भैसकेको छ । मृतकका आफन्तहरूले क्षतिपूर्तिका लागि निवेदन दिएका छन् । ती सबैको निवेदनउपर कारबाही भई क्षतिपूर्ति दिने निर्णय भएर गृह मन्त्रालय पठाइसकिएको छ । आक्रमणका क्रममा बेनीस्थित १८ वटा सरकारी तथा अन्य भवनहरूको क्षति भएको छ । यसको मूल्याङ्कनसमेत भएको छ। सर्वसाधारणतर्फ केही पीडितहरूले क्षतिपूर्तिका लागि निवेदन दिएका छन्। निवेदन आउँदै पनि छन् । निवेदन आइसकेपछि निवेदनउपर कारबाही गर्छौं भन्ने प्रमुख जिल्ला अधिकारीको भनाइ प्रतिवेदनमा उल्लेख रहेछ ।

- घटनामा परी मृत्यु हुनेमा तत्कालीन जिल्ला विकास समितिमा कार्यरत कर्मचारी (कार्यालय सहयोगी) झलक भन्ने योगेन्द्र गैरे, विद्रोही पक्ष नेकपा (माओवादी) का कार्यकर्ताहरूले घरमा आगो लगाइदिँदा जलेर मृत्यु भएका म्याग्दी जिल्ला बाबियाचौर गाविस वडा नं ४ बस्ने दलबहादुर गुरुङ र म्याग्दी जिल्ला अर्मन गाविस वडा नं १ बस्ने गङ्गाबहादुर बुढाथोकी, क्रस फायरिङमा परी मृत्यु भएका म्याग्दी जिल्ला पुलाचौर गाविस वडा नं ७ बस्ने मोहन बानिया, म्याग्दी जिल्ला दाना गाविस वडा नं ९ बस्ने अनिल फगामी, म्याग्दी जिल्ला निस्कोट गाविस वडा नं २ बस्ने चित्रबहादुर पुन, म्याग्दी जिल्ला निस्कोट गाविस वडा नं ९ बस्ने सोमबहादुर विक, सैनिकको हवाई कारबाहीमा परी मृत्यु भएका म्याग्दी जिल्ला पुलाचौर गाविस वडा नं १ बस्ने फौदबहादुर दर्जी, सूर्य दर्जी र ठेगाने दर्जी, सोही गाविस वडा नं २ बस्ने खम्बे दर्जी र सुन्ते दर्जी, म्याग्दी जिल्ला ज्यामरुककोट गाविस वडा नं ८ बस्ने लक्ष्मी कार्की, म्याग्दी जिल्ला भगवती गाविस वडा नं २ बैसरी बस्ने यामलाल शर्मा, म्याग्दी जिल्ला ताकम गाविस वडा नं ५ बस्ने गोरी गर्वुजा, म्याग्दी जिल्ला अर्थुङ्गे गाविस वडा नं ४ बस्ने झिल्के सार्की, म्याग्दी जिल्ला भगवती गाविस वडा नं ५ बस्ने ठक्करे दर्जी, पर्वत जिल्ला लेकफाँट बस्ने दिलबहादुर अर्मजा, बागलुङ जिल्ला बस्ने तर गाविस खुल्न नसकेका टीका गैरे रहेको पाइयो ।
- उक्त घटनामा परी घाइते हुनेहरूमा म्याग्दी जिल्ला सिङ्गा गाविस का ..., ... गाविस वडा नं ... का ..., सोही गाविस वडा नं ... का ..., ..., जिल्ला कृषि विकास कार्यालयका कर्मचारी ... र ..., जिल्ला अदालत म्याग्दीका ..., ... गाविसका ..., ... गाविस वडा नं ... का ... र ..., ... गाविस वडा नं ... का ..., ...गाविस ... र ... गाविस वडा नं ... का ... रहेको प्रतिवेदनमा उल्लेख भएको पाइयो ।

५. आयोगबाट च.नं. १६२० गै.न्या.ह. २६८ मिति २०७१।६।२ ९ को पत्रमार्फत श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई घटनामा सेनाद्वारा हेलिकप्टरबाट आक्रमण गर्दा र माओवादी कार्यकर्ताहरूले घरमा आगो लगाउँदा १९ जना सर्वसाधारणको मृत्यु भएको र १३ जना स्थानीयवासीहरू घाइते भएको भन्ने आयोगबाट जाँचबुझको लागि गएको टोलीले पेस गरेको प्रतिवेदनमा उल्लेख भएको, घटनाका सम्बन्धमा तत्कालीन म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीले पीडित व्यक्तिहरूले दिएको निवेदनउपर कारबाही भई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा गृह मन्त्रालयसमक्ष पठाइसकिएको भन्ने जानकारी प्राप्त भएको, पीडितका परिवारले क्षतिपूर्ति पाए-नपाएको विषयमा गृह मन्त्रालयको नाममा पठाइएको पत्रको जबाफ प्राप्त हुन नआएको हुँदा सो घटनामा परी मृत्यु भएका परिवार तथा घाइतेहरूले केकति राहत वा क्षतिपूर्ति उपलब्ध गराएको छ, सोको जानकारी उपलब्ध गराइदिनुहुन भन्ने ब्यहोराको प्रेषित पत्र मिसिल संलग्न रहेछ ।

६. शान्ति तथा पुनर्निर्माण मन्त्रालयको २०७१ कार्तिक १६ गतेको पत्रमार्फत म्याग्दीको बेनी आक्रमणमा मृत्यु भएका व्यक्ति एवम् क्षति भएका भौतिक संरचनाहरूको यथार्थ विवरण सम्बन्धित जिल्ला प्रशासन वा गृह मन्त्रालयमार्फत लिई कारबाही अगाडि बढाउन उपयुक्त हुने भन्ने ब्यहोराको पत्र प्राप्त भई मिसिल संलग्न रहेछ ।

७. आयोगबाट मिति २०७१ पुष ४ गते सोही व्यहोरा उल्लेख गरी गृह मन्त्रालयको नाममा पठाइएको पत्रको जबाफ प्राप्त हुन नआएको हुँदा सो घटनामा परी मृत्यु भएका परिवार तथा घाइतेहरूले केकति राहत वा क्षतिपूर्ति उपलब्ध गराएको छ, सोको जानकारी उपलब्ध गराइदिनुहुन भन्ने ब्यहोराको प्रेषित पत्र मिसिल संलग्न गरेको पाइयो ।

८. विद्रोही पक्ष नेकपा (माओवादी) र सरकार पक्षले समेत जेनेभा महासन्धिको उल्लङ्घन नगर्न, सर्वसाधारणलाई दोहोरो मारबाट बचाउन आवश्यक सावधानीका उपायहरू अवलम्बन गर्न ध्यानाकर्षण गराउनु, पीडितका नाबालकहरूलाई पढ्न पाउने वातावरण सिर्जना गर्न सम्बन्धित निकायहरूमा आवश्यक पहल गर्न, म्याग्दीलगायतका दुर्गम जिल्लाहरूमा मानव अधिकारसम्बन्धी सचेतनात्मक कार्यक्रमहरू पुऱ्याउन, घटनामा निर्दोष व्यक्ति परेको भन्ने सम्बन्धमा

सरकारी निकायहरूसमेत सहमत भई क्षतिपूर्तिका लागि सिफारिस गरिएको भन्ने सन्दर्भमा उचित क्षतिपूर्तिको लागि व्यवस्था गर्नुपर्ने भन्ने ब्यहोराको आयोगको अनुगमन टोलीको निष्कर्ष सहितको सिफारिस रहेछ ।

९. प्रस्तुत घटनामा परी मृत्यु भएका सबै व्यक्तिहरूको दोहोरो भिडन्त र घरमा आगो लगाउँदा मृत्यु भएको भन्ने तथ्य अनुसन्धानबाट देखिन आएको रहेछ । ती व्यक्तिहरू सर्वसाधारण व्यक्तिहरू रहेको तथ्य तत्कालीन म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीको भनाइ र जिल्लास्थित मानव अधिकार तथा शान्ति समाज नेपालले दिएको विवरणबाट पनि देखिएको अवस्थामा सर्वसाधारण व्यक्तिहरूको मानव अधिकार उल्लङ्घन भएको हो-होइन भनी आयोगबाट निरूपण हुनुपर्ने मुख्य विषय देखियो ।

१०. नेकपा (माओवादी) ले २०५२ फागुन १ गते सुरु गरेको सशस्त्र सङ्घर्षको कारण यस प्रकृतिका घटना भएको पाइयो । आन्तरिक प्रकृतिको सशस्त्र द्वन्द्वलाई नियमन गर्ने अन्तर्राष्ट्रिय कानुनको रूपमा रहेको जेनेभा महासन्धि, १९४९ का साझा धारा ३ ले आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरू सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति धर्म, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णय विनादण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू छन् ।

११. यसैगरी **सशस्त्र सङ्घर्षका समयमा सर्वसाधारण व्यक्ति, महिला, बालबालिका र वृद्धवृद्धाहरूजस्ता अत्यन्त जोखिममा रहेका वर्गहरूलाई, विद्यालय क्षेत्र, चिकित्सकीय क्षेत्रहरू, सर्वसाधारणका बस्तीहरूलाई समेत युद्धको निसाना बनाउन द्वन्द्वरत पक्षहरूलाई बन्देज गरेको**

**छ । यी समग्र व्यवस्थाहरूलाई द्वन्द्वरत पक्षहरूले अक्षरशः पालना गर्नुपर्दछ । यस्ता पक्षहरूमा विचार नगरी आक्रमण गर्दा वा नियन्त्रणमा लिएर हत्या गर्ने वा यातना दिने कार्य गरेको पाइएमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरी मानव अधिकारको गम्भीर हनन गरेको हुने गर्दछ । तसर्थ, द्वन्द्वरत दुवै पक्षले मानव अधिकारका मूलभूत मान्यता र सिद्धान्तहरूलाई अनुसरण गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको हुन्छ ।**

१२. उक्त घटनामा परी सर्वसाधारण व्यक्तिहरूको मृत्यु भएको, सामान्य ज्याला मजदुरी गरी जीवनयापन गरिरहेका र सशस्त्र द्वन्द्वबाट नितान्त अलग रहेका हुन् भन्ने तथ्य म्याग्दी जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीको मानव अधिकार तथा शान्ति समाज म्याग्दी शाखा, तत्कालीन अवस्थामा प्रकाशित पत्रपत्रिकाका समाचार, मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूको प्रतिवेदन, आयोगको अनुसन्धान टोलीले भेट गरी जानकारी लिएका अधिकारकर्मीहरू, घटना प्रत्यक्षदर्शीहरु र मृतकहरूलाई पहिचान गर्ने स्थानीयवासी तथा छिमेकीहरू, मृतक व्यक्तिका परिवार हरूको भनाइसमेतबाट घटनामा २० जना सर्वसाधारण व्यक्तिहरू मारिएका हुन् भन्नेमा विवाद देखिएन ।

१३. अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको कसीमा द्वन्द्वरत पक्षहरू अर्थात् तत्कालीन शाही नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीबल र नेकपा (माओवादी) का कार्यकर्ताहरूले यस घटनामा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गरे-नगरेको विषयमा विवेचना गर्दा यस घटनामा द्वन्द्वरत पक्षहरूले मानवीय कानुनको पालना नगरेको तथ्यमा विमति रहेन । यस घटनामा दुवै द्वन्द्वरत पक्षहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरी निजहरूको बाँच्न पाउने अधिकार हनन गरेकोले मानव अधिकार उल्लङ्घन भएको तथ्यमा पनि विवाद रहेन ।

१४. बाँच्न पाउने अधिकारलाई प्रत्येक मानवको अहरणीय नैसर्गिक अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले विभिन्न समय र सन्दर्भमा व्याख्या गरेका छन् । **सशस्त्र युद्धको अवस्था वा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट वञ्चित गर्न पाइँदैन भन्ने मानव अधिकारको सिद्धान्त र मान्यता विपरीत सरकारी तथा सशस्त्र द्वन्द्वमा सक्रिय समूहले सङ्घर्षमा कुनै पनि तरिकाले असंलग्न सर्वसाधारण व्यक्तिहरूलाई मारिनु तथा घाइते**

**बनाइनु मानव अधिकार हननको गम्भीर विषय हो** भन्नेमा विमति राख्ने ठाउँ छैन ।

१५. तत्कालीन समयमा सशस्त्र सङ्घर्षरत पक्ष नेकपा (माओवादी)ले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने घोषणा सार्वजनिक रूपमा गरेको थियो । यस सन्दर्भमा नेकपा (माओवादी) ले पालना गर्नुपर्ने कानुनहरूमा अन्तर ाष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि मात्र बाध्यकारी कानुन हो । अन्य अन्तर्राष्ट्रिय कानुनहरू तथा प्रचलित घरेलु कानुनहरूमा समेत व्यवस्था गरिएका हकअधिकारको संरक्षण गर्ने दायित्व सम्बन्धित देशको सरकारको हुन जान्छ । प्रस्तुत घटनामा सुरक्षाकर्मीले मानव अधिकार संरक्षणार्थ उचित कदम चाल्नुपर्नेमा ... त्यसो गरेको पाइएन ।

१६. तसर्थ, यस घटनाबाट विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूका अतिरिक्त नेपालका प्रचलित संविधान र कानुनहरूको समेत उल्लङ्घन भएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा उल्लेख भएको धारा १२ द्वारा प्रदत्त मौलिक हकको उल्लङ्घन हुनका साथै मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महल को १ नं. को व्यवस्थाले कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन वा मार्नको लागि उद्योग गर्न नहुने भन्ने व्यवस्था र नागरिक अधिकार ऐन, २०१२ को दफा १२ मा उल्लिखित वैयक्तिक स्वतन्त्रताको उल्लङ्घन गरी अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार गैरसैनिक नागरिकको संरक्षण गर्न दुवै पक्ष असफल रहेको देखियो ।

१७. **मानव अधिकार वर्तमान विश्वको अत्यन्त संवेदनशील विषय हो भन्नेमा दुईमत छैन । राज्यले आफ्ना नागरिक अर्थात् जनताको मानव अधिकारको संरक्षणमा गर्भदेखि मृत्युपर्यन्त (Womb to Tomb) सम्म संरक्षकत्व निर्वाह गर्नुपर्दछ । कुनै व्यक्ति ... मृत्युपर्यन्त सिर्जना हुने अधिकारको संरक्षणार्थ पनि राज्य संवेदनशील हुनै पर्दछ। कुनै व्यक्तिको गैरकानुनी रूपमा मानव अधिकार हरण गर्ने सङ्गठन वा अधिकारी वा जो-कोहीलाई पनि कानुनबमोजिमको कारबाही गरी पीडित व्यक्तिहरूलाई मानव अधिकारको अनुभूति गराउनु र राज्य हरेक नागरिकहरूको असल अभिभावक हो भन्ने अनुभूति दिलाउनु राज्यको दायित्व हो ।**

१८. प्रस्तुत घटनामा माथि नाम उल्लेख भएका व्यक्तिहरूको दोहोरो भिडन्तमा परी मृत्यु भएको देखिएकोले निजहरूको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको देखियो। द्वन्द्वरत दुवै

पक्षको सर्वसाधारण व्यक्तिहरूलाई मार्ने नियत भएको नदेखिए तापनि सर्वसाधारण व्यक्तिहरूको घर तथा वस्तीलाई आक्रमणको निसाना बनाएको र संरक्षण गर्न नसकेको पाइएकाले द्वन्द्वमा दुवै पक्षको गम्भीर गैरजिम्मेवारीपना देखिन्छ ।

१९. तसर्थ, माथि प्रकरणमा उल्लिखित तथ्य प्रमाणका आधारमा निर्णयतर्फ विचार गर्दा सशस्त्र द्वन्द्वको समयमा तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी) ले म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा २०६० चैत्र ७ गते आक्रमण गर्दा केही सर्वसाधारण व्यक्तिहरूको मृत्यु भएको, भौतिक संरचनाहरूको क्षति भएको, तत्कालीन शाही नेपाली सेनाले हवाई आक्रमण गरेको समेतका घटनाले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन भएको भन्ने समेतको विभिन्न समाचार माध्यमहरूमा प्रकाशित एवम् प्रसारित समाचारप्रति आयोगको ध्यानाकर्षण भई आयोगको स्वविवेकीय अधिकार प्रयोग गरी २०६० चैत्र १८ गते उजुरी ग्रहण गरेकोमा अनुसन्धानबाट घटनामा परी मृत्यु भएका तत्कालीन जिल्ला विकास समितिमा कार्यरत कर्मचारी (कार्यालय सहयोगी) झलक भन्ने योगेन्द्र गैरे, विद्रोही पक्ष नेकपा (माओवादी) का कार्यकर्ताहरूले घरमा आगो लगाइदिँदा जलेर मृत्यु भएका म्याग्दी जिल्ला बाबियाचौर गाविस वडा नं ४ बस्ने दलबहादुर गुरुङ, म्याग्दी जिल्ला अर्मन गाविस वडा नं १ बस्ने गङ्गाबहादुर बुढाथोकी, क्रस फायरिङमा परी मृत्यु भएका म्याग्दी जिल्ला पुलाचौर गाविस वडा नं ७ बस्ने मोहन बानिया, म्याग्दी जिल्ला दाना गाविस वडा नं ९ बस्ने अनिल फगामी, म्याग्दी जिल्ला निस्कोट गाविस वडा नं २ बस्ने चित्रबहादुर पुन, म्याग्दी जिल्ला निस्कोट गाविस वडा नं ९ बस्ने सोमबहादुर विक, सैनिकको हवाई कारबाहीमा परी मृत्यु भएका म्याग्दी जिल्ला पुलाचौर गाविस वडा नं १ बस्ने फौदबहादु दर्जी, सूर्य दर्जी र ठेगाने दर्जी, सोही गाविस वडा नं २ बस्ने खम्बे दर्जी र सुन्ते दर्जी, म्याग्दी जिल्ला ज्यामरुककोट गाविस वडा नं ८ बस्ने लक्ष्मी कार्की, म्याग्दी जिल्ला भगवती गाविस वडा नं २ वैसरी बस्ने यामलाल शर्मा, म्याग्दी जिल्ला ताकम गाविस वडा नं ५ बस्ने गोरी गर्वुजा, म्याग्दी जिल्ला अर्थुङ्गे गाविस वडा नं ४ बस्ने झिल्के सार्की, म्याग्दी जिल्ला भगवती गाविस वडा नं ५ बस्ने ठक्करे दर्जी, पर्वत जिल्ला लेकफाँट बस्ने दिलबहादुर अर्मजा, बागलुङ जिल्ला बस्ने गाविस नखुलेका टीका गैरे र वैशरी भन्ने स्थानबाट मोटरसाइकलमा

म्याग्दी सदरमुकाम बेनीतर्फ आउँदै गरेका नाम खुल्न आएको तर आयोगको टोलीलाई उपलब्ध गराइएको मृतकहरूको विवरणमा ठेगाना नखुलेको हेमलाल केसीसहित मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) र राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २३ का आधारमा जनही रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा परी घाइते भएका व्यक्तिहरू र भौतिक संरचना क्षति भएका व्यक्तिहरूलाई लगत सङ्कलन कार्यदलको प्रतिवेदनका आधारमा पर्याप्त र यथोचित क्षतिपूर्ति उपलब्ध गराउन र द्वन्द्वरत दुवै पक्षबाट अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भए गरेको पाइएकोले दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय तयार गर्ने

..................

तारादेवी वाग्ले

सहायक प्रथम

............. ............. ...........

सदस्य सदस्य सदस्य

................ .................

सदस्य अध्यक्ष

इति संवत् २०७१ साल पौष १६ गते रोज ४ शुभम्

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६१ सालको उजुरी नं १९४९**

**विषयः हत्या**

**बाँच्न पाउने अधिकार मानिसको अहरणीय अधिकार भएको र यस अधिकारबाट व्यक्तिलाई सङ्कटकाल वा सशस्त्र युद्ध वा अन्य कुनै पनि अवस्थामा वञ्चित गर्न नपाइने हुँदा जसले मानिसको जीवन दिन सक्दैन उसले कुनै पनि बहाना र चाहनामा कसैको जीवन हरण गर्ने सामर्थ्य पनि राख्न सक्दैन भन्ने आफैंमा एक सिद्धान्त भएकोले बाँच्न पाउने अधिकार जीवनको अधिकारसँग सम्बन्धित रहन्छ ।**

- प्रकरण नं. १४

**कुनै व्यक्तिको गैरकानुनी रूपमा मानव अधिकार हरण गर्ने सङ्गठन वा अधिकारी वा जो-कोहीलाई पनि कानुनबमोजिमको कारबाही गरी पीडित व्यक्तिहरूलाई मानव अधिकारको अनुभूति गराउनु र हरेक नागरिकहरूको असल अभिभावक भएको अनुभूति दिलाउनु राज्यको दायित्व हो ।**

प्रकरण नं. १६

१. धनुषा जिल्ला सिङ्ग्यानी मडान गाविस वडा नं. ८ स्थायी घर भई सीप विकास तालिम केन्द्र बुटवलमा कार्यरत अशोककुमार महतोलाई मिति २०६० कार्तिक ९ गते आफ्नो घरतर्फ गइरहेको अवस्थामा नवलपरासीस्थित सुनवलमा तत्कालीन माओवादी समूहले गोली प्रहार गर्दा तत्काल मृत्यु भएको भन्ने समेत ब्यहोरा उल्लेख भई मिति २०६१ साउन ६ गते आयोगमा उजुरी दर्ता हुन आएको रहेछ ।

२. उजुरी दर्तापछि घटनाका सम्बन्धमा केकसो भएको हो ? निजको मृत्यु भएको हो-होइन ? मृत्यु भएको हो भने सो घटनासँग सम्बन्धित घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, बरामदी मुचुल्का, प्रहरी प्रतिवेदनलगायत सम्पूर्ण कागजातहरूको प्रमाणित प्रतिलिपिसहित यथार्थ विवरण आयोगमा उपलब्ध गराइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगबाट च.नं. १९४९ संरक्षण ३८।०६१।६२ मिति २०६१।४।७ गते जिल्ला प्रशासन कार्यालय, नवलपर ासीमा पत्राचार गरी सोको बोधार्थ तथा कार्यार्थ जिल्ला प्रहरी कार्यालय, नवलपरासीलाई दिइएको पत्र मिसिल संलग्न रहेछ ।

३. आयोगबाट सोही विषयमा पुनः च.नं. २१३५ संरक्षण २४८० मिति २०६२ जेष्ठ २० गते जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा ताकेता पत्र प्रेषित गरिएको रहेछ ।

४. आयोगबाट पत्राचार गरिएका निकायहरूमध्ये जिल्ला प्रशासन कार्यालय, नवलपरासीको च.नं. १८५ मिति २०६२।४।११ को पत्र आयोगमा प्राप्त हुन आएको रहेछ । उक्त पत्रमा निजको २०६० कार्तिक ९ गते आफ्नो घरतर्फ गइरहेको अवस्थामा सुनवलमा माओवादी समूहले गोली प्रहार गर्दा तत्काल मृत्यु हुन गएको र निजकी श्रीमतीलाई गृह मन्त्रालयबाट प्राप्त हुन आएको रु. १५०,००० मिति २०६१ जेठ १० गते उपलब्ध गराइसकेको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

५. घटनाका सम्बन्धमा आश्रित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइसकिएको भन्ने खुल्न आएको तर दोषीमाथि कारबाही चलाउनेतर्फ के-कस्तो कारबाही अगाडि बढाइएको छ ? भन्ने समेत उल्लेख गरी जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय, नवलपरासीमा यस आयोगबाट च.नं. १९४९ संरक्षण १७१७ मिति २०६२।१२।३ गते प्रेषित पत्र पनि मिसिल संलग्न रहेछ ।

६. सोही विषयमा पुनः २०६६ चैत्र २३ गते जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, नवलपरासी तथा प्रहरी प्रधान कार्यालय, नक्सालमा पनि पत्राचार गरिएको रहेछ ।

७. जिल्ला प्रशासन कार्यालयको च.नं. ४१२६ मिति २०६७।१।९ को पत्र आयोगमा प्राप्त हुन आएको देखियो । उक्त पत्रमा घटनालाई खुन डाँका मुद्दा शीर्षकमा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय, नवलपरासीबाट लेखी आएको व्यहोरा उल्लेख रहेछ । जिल्ला प्रहरी कार्यालय, नवलपरासीले पनि च.नं. ५०२१ मिति २०६७।१।६ गते पोस्टमार्टम प्रतिवेदन समेतका कागजातहरू आयोगमा प्रेषित गरेको रहेछ । प्रहरीबाट प्राप्त पोस्टमार्टम प्रतिवेदनमा मृत्युको कारण due to bullet injury भनी उल्लेख भएको रहेछ ।

८. प्रहरीबाट प्राप्त पत्रमा नवलपरासी जिल्लाको सुनवलस्थित प्रहरीचौकीमा माओवादी कार्यकर्ताहरूले २०६० कार्तिक ९ गते आक्रमण गर्दा सो चौकीमा पाँच जना प्रहरी कर्मचारीहरूको मृत्यु भएको र प्रहरीचौकीमा भएका हतियार हरूसमेत लुटी लगेका तथा नवलपर

रासी जिल्ला सुनवल १ बस्ने वर्ष ६० का भोजराज ज्ञवाली र निज अशोककुमार महतो गरी दुई जना सर्वसाधारणको मृत्यु भएको प्रहरीको लासजाँच तथा घटनास्थल प्रकृति मुचुल्काबाट खुल्न आएको रहेछ ।

९. नवलपरासी जिल्लाको सुनवलस्थित प्रहरीचौकीमा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले २०६० कार्तिक ९ गते आक्रमण गर्दा पाँच जना प्रहरी कर्मचारीहरू र दुई जना सर्वसाधारण व्यक्तिहरूको मृत्यु हुन गएको तथ्यमा विवाद देखिएन । मृत्यु हुने दुई जना सर्वसाधारण व्यक्तिहरू मध्ये धनुषा जिल्ला, सिङ्ग्यानी मडान गाविस वडा नं. ८ स्थायी घर भई सीप विकास तालिम केन्द्र बुटवलमा कार्यरत अशोककुमार महतो र नवलपरासी जिल्ला सुनवल १ बस्ने वर्ष ६० का भोजराज ज्ञवाली रहेको पाइयो । तर दुई जना सर्वसाधारणहरूमध्ये आयोगमा अशोककुमार महतोको मात्र उजुरी दर्ता हुन आएको देखियो ।

१०. घटनामा परी मृत्यु भएका दुवै जनालाई माओवादी कार्यकर्ताहरूले चलाएको गोली लागी मृत्यु भएको प्रहरीबाट प्राप्त कागजातहरूबाट खुल्न आएको देखियो । निज व्यक्तिहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा युद्धमा संलग्न रहेको देखिँदैन । तसर्थ, मृतक दुवै जना सर्वसाधारणहरूको मानव अधिकार उल्लङ्घन भएको हो-होइन भनी निरूपण हुनुपर्ने मुख्य विषय रहेकोले यसतर्फ विवेचना गर्नुपर्ने देखियो ।

११. नेकपा (माओवादी) ले वि.सं. २०५२ सालबाट सरकारविरुद्ध सशस्त्र सङ्घर्ष गर्दै आएको थियो । कुनै राजनीतिक परिवर्तन वा आमूल परिवर्तनका लागि कुनै राजनीतिक दलले यस्ता सङ्घर्षहरूको घोषणा गरी सङ्घर्ष गर्न पाउने हुन्छ । तथापि त्यस्तो दल (सशस्त्र सङ्घर्षरत पक्ष) ले विद्रोही समूह वा पार्टीको मान्यता स्थापित गर्नुपर्ने हुन्छ । तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र सङ्घर्षरत पक्षको मान्यता पाएको तथ्य सर्वविदितै विषय हो । यस सन्दर्भमा सशस्त्र सङ्घर्षरत पक्षले सङ्घर्षको क्रममा पालना गर्नुपर्ने नियमहरूको बारेमा सामान्य चर्चा नगरी निष्कर्षमा पुग्न सकिने अवस्था नहुँदा त्यस विषयमा चर्चा गर्नुपर्ने देखियो ।

१२. सशस्त्र सङ्घर्ष वा युद्धलाई नियमन गर्ने कानुनको रूपमा जेनेभा महासन्धिहरू, १९४९ रहेको छन् । ती महासन्धिहरूका साझा

धारा ३ ले आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरेका छन् । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति, धर्म, विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग गर्न नहुने, यातना दिन नुहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णयबिना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् । जेनेभा महासन्धिका साझा धारा ३ ले सशस्त्र सङ्घर्षका समयमा सर्वसाधारण व्यक्तिहरू, महिला, बालबालिकाजस्ता संवेदनशील वर्गहरू, विद्यालय क्षेत्र, चिकित्सकीय क्षेत्रहरू, सर्वसाधारणका बस्तीहरूलाई समेत युद्धको निसाना बनाउन युद्धरत पक्षहरूलाई बन्देज गरेको छ । यी समग्र व्यवस्थाहरू मानवीय पक्ष हुन् अर्थात् युद्धरत पक्षहरूले न्यूनतम मानवीय पक्षहरूलाई विचार गर्नुपर्दछ । यस्ता पक्षहरूमा विचार नगरी आक्रमण गर्दा वा नियन्त्रणमा लिएर हत्या गर्ने वा यातना दिने कार्य गरेको पाइएमा मानवीय कानुनको उल्लङ्घन गरी मानव अधिकारको हनन गरेको ठहरिन्छ । अतः तत्कालीन नेकपा (माओवादी) सशस्त्र सङ्घर्षको एक पक्ष भएकोले उक्त पार्टीले अन्तर ाष्ट्रिय मानवीय कानुनको पालना गर्नुपर्ने दायित्व निश्चित रूपमा रहेकै हुन्छ ।

१३. उल्लिखित अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई मध्यनजर गर्दा सो पार्टीले यस घटना मानवीय कानुनको पालना गरे-नगरेको विषयमा विवेचना गर्नु सान्दर्भिक हुन्छ । प्राप्त प्रमाणहरूको आधारमा मृत्यु हुने दुवै जना युद्धमा सहभागी नभएका व्यक्तिहरू भएको तथ्य स्थापित भइसकेकोले उक्त पार्टीका कार्यकर्ताहरूले मानवीय कानुनको पालना नगरेको स्वतः सिद्ध हुन आयो । यसबाट माओवादी कार्यकर्ताहरूले मानवीय कानुनको उल्लङ्घन गरी निजहरूको बाँच्न पाउने अधिकारको हनन गरेको देखियो ।

१४. **बाँच्न पाउने अधिकार मानिसको अहरणीय अधिकार भएको र यस अधिकारबाट व्यक्तिलाई सङ्कटकाल वा सशस्त्र युद्ध वा अन्य कुनै पनि अवस्थामा वञ्चित गर्न नपाइने हुँदा जसले मानिसको जीवन दिन सक्दैन उसले कुनै पनि बहाना र चाहनामा कसैको जीवन हरण गर्ने सामर्थ्य पनि राख्न सक्दैन भन्ने आफैंमा एक सिद्धान्त भएकोले बाँच्न पाउने अधिकार जीवनको अधिकारसँग सम्बन्धित रहन्छ।**

१५. सशस्त्र सङ्घर्षरत पक्षले पालना गर्नुपर्ने कानुनहरूमा अन्तर्राष्ट्रिय मानवीय कानुन बाध्यकारी कानुन हो । यसबाहेकका कानुनहरूलाई मान्नुपर्ने सशस्त्र सङ्घर्षरत समूह बाध्य नहुन पनि सक्दछ। तथापि अन्य कानुनहरूबाट प्रदत्त हक-अधिकारको संरक्षण गर्ने दायित्व सम्बन्धित देशको सरकारको रहेको हुन्छ । प्रस्तुत घटनामा सरकारबाट व्यक्तिहरूको मानव अधिकार संरक्षणार्थ उचित कदम चाल्नुपर्नेमा समयमा नै विद्रोही समूहको माग सम्बोधन हुन नसक्दा यस्ता मौलिक अधिकार वा मानव अधिकारहरूको प्रत्याभूति हुन नसकेको आयोगले विभिन्न समयमा सार्वजनिक गरेका प्रतिवेदनहरू, पत्रकार भेटघाट, अनुगमन एवम् अनुसन्धान प्रतिवेदनहरूले समेत स्पष्ट गरिरहेको छ । यस सन्दर्भमा यस घटनामा पनि सरकारले मानव अधिकार संरक्षणको लागि संरक्षणगत कार्यहरू प्रभावकारी रूपमा गर्न नसकेको देखिँदा सरकारको पनि नैतिक दायित्व निहित हुन जान्छ । तसर्थ, यस घटनाबाट विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको अतिरिक्त नेपालका प्रचलित संविधान र कानुनहरूको समेत उल्लङ्घन भएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ मा उल्लेख भएको स्वतन्त्रतालगायत मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १ नं. र नागरिक अधिकार ऐन, २०१२ मा भएका प्रावधानको समेत उल्लङ्घन हुन गएको देखियो ।

१६. मानव अधिकार वर्तमान विश्वको अत्यन्त संवेदनशील विषयको रूपमा विकसित हुँदै आएको छ । आमाको गर्भमा प्रवेश गरेदेखि मृत्युपर्यन्त अर्थात् Womb to Tomb नै मानव अधिकारको विशाल क्षेत्र हो। कुनै व्यक्ति जीवित हुँदा निजको मानव अधिकार संरक्षण गर्न राज्य असफल भए पनि मृत्युपर्यन्त सिर्जना हुने अधिकार संरक्षणार्थ राज्य संवेदनशील हुनै पर्दछ । अर्थात्, **कुनै व्यक्तिको गैरकानुनी रूपमा मानव अधिकार हरण गर्ने सङ्गठन वा अधिकारी वा**

**जो-कोहीलाई पनि कानुनबमोजिमको कारबाही गरी पीडित व्यक्तिहरूलाई मानव अधिकारको अनुभूति गराउनु र हरेक नागरिकहरूको असल अभिभावक भएको अनुभूति दिलाउनु राज्यको दायित्व हो ।**

१७. यस घटनामा नेकपा (माओवादी) का कार्यकर्ताहरूले सर्वसाधारण दुई जना व्यक्तिहरूको मानव अधिकार उल्लङ्घन गरेको अर्थात् बाँच्न पाउने अधिकारको उल्लङ्घन गरेको स्पष्ट हुँदाहुँदै स्थानीय प्रहरी प्रशासनले घटनामा संलग्न आरोपीहरूलाई पक्राउ गरेको तथ्यहरूबाट देखिएन । यसर्थ, यथाशीघ्र आरोपी व्यक्तिहरूलाई पक्राउ गरी न्यायिक प्रक्रियामा लगि विधिको शासन कायम राख्नुपर्ने नै हुन्छ ।

१८. नेपाल सरकारको नीतिबमोजिम सशस्त्र द्वन्द्वमा मृत्यु भएका प्रत्येक व्यक्तिका परिवारले जनही रु. ३ लाख अन्तरिम राहत पाउनुपर्नेमा यस घटनामा मारिएका परिवारका सदस्यहरूमध्ये अशोककुमार महतोको परिवारले रु. एक लाख पचास हजार रकम राज्यबाट प्राप्त गरेको जिल्ला प्रशासन कार्यालयको पत्रमार्फत जानकारी प्राप्त हुन आएको र अर्का मृतक नवलपरासी जिल्ला सुनवल १ बस्ने वर्ष ६० को भोजराज ज्ञवालीले क्षतिपूर्ति पाए-नपाएको खुल्न आएको देखिएन । राज्यका ऐन, कानुन र नीतिहरूबमोजिम हरेक व्यक्तिले राज्यका सुविधाहरू समान रूपले पाउनुपर्ने नै हुन्छ ।

१९. अब, उजुरीकर्ताको मागदावीतर्फ सामान्य विवेचना गर्दा धनुषा जिल्ला सिङ्ग्यानी मडान गाविस वडा नं. ८ स्थायी घर भई सीप विकास तालिम केन्द्र बुटवलमा कार्यरत अशोककुमार महतोलाई २०६० कार्तिक ९ गते आफ्नो घरतर्फ गइरहेको अवस्थामा नवलपरासीको सुनवलमा तत्कालीन माओवादी समूहले गोली प्रहार गर्दा तत्काल मृत्यु भएको र घटनाको आवश्यक अनुसन्धान गरी मानव अधिकारको उल्लङ्घन गर्ने पक्षलाई कानुनबमोजिम कारबाही गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने उजुरीकर्ताको मुख्य मागदावी रहेको देखिन्छ ।

२०. उपर्युक्त तथ्य र विश्लेषण खण्डलाई आधार मान्दा निज अशोककुमार महतो र भोजराज ज्ञवालीलाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले चलाएको गोली लागी मृत्यु भएको पाइएकाले घटनामा संलग्न तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी

महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकद्वयको कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रु. ३ लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी यस अगाडि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय तयार गर्ने

..............

(जीवन न्यौपाने)

मानव अधिकार अधिकृत

| ............... | ........... | ................ |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल वैशाख ३१ गते रोज १ शुभम्

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६७ सालको उजुरी नं ४७७३**

**विषय : हत्या**

**प्राकृतिक न्यायको सिद्धान्तलाई मध्यजनर गर्दै आरोपित सेनाको जिम्मेवार अधिकारीलाई आयोगमा उपस्थित गराइदिनु भनी आयोगले विभिन्न मितिमा नेपाली सेनालाई पत्र पठाएकोमा सेनाबाट प्राप्त जबाफले मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको अनुसन्धान कार्यमा असहयोग मात्र गरेको होइन कि आयोगको मानहानीसमेत गरेको देखियो ।**

- प्रकरण नं. ३०

**प्रजातन्त्र, मानव अधिकार र कानुनी शासनसँग सेनाको मनोवल तुलना हुन सक्दैन । सेनाको मनोवलभन्दा प्रजातन्त्र, मानव अधिकार र कानुनी शासन सदैव उच्च हुन्छ ।**

**मानव अधिकारको संरक्षण गर्दा नै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सेनाको उच्च प्रशंसा हुन्छ । प्रजातान्त्रिक पद्धतिको अनुसरण गर्नु, मानव अधिकारको संरक्षण गर्नु र कानुनी शासनको मान्यतालाई अङ्गीकार गर्नु सेनाको दायित्व मात्र नभएर मनोवल उच्च राख्ने आधारहरूसमेत हुन् । वैरीलाई समेत मानवीय व्यवहार गर्ने, सत्य बोल्ने, नियम र कानुनलाई शिरोपर राखी त्यसलाई पालना गर्ने र युद्धका नियमहरूको पालना गर्दै मानव अधिकारको संरक्षण गर्ने सेनाको मूलमन्त्र हो ।**

- प्रकरण नं ३२

**आयोगको अधिकार प्रयोग गरी अनुसन्धान गरिएको घटनामा सेनाले आयोगको क्षेत्राधिकारमा प्रश्न गर्न सक्तैन । भइरहेका संयन्त्रहरूलाई कार्य गर्न नदिएर हुँदै नभएको संयन्त्रको प्रतीक्षाले मानव अधिकारको संरक्षण हुन सक्तैन ।**

- प्रकरण नं. ३४

१. सिन्धुपाल्चोक जिल्ला सानो सिरुवारी बस्ने छिरिङ तामाङ, ठूलो सिरुवारी ४ बस्ने भुलप्रसाद भन्ने गणेश गौतम, शिवहरि भन्ने तेजप्रसाद गौतम, वडा नं. ५ बस्ने टीकादत्त

दुलाल, झलकबहादुर दुलाल, भक्तलाल दुलाल गरी ६ जना व्यक्तिहरूलाई तत्कालीन शाही नेपाली सेनाले पक्राउ गरी स्थानीय नर्सिङ डाँडा पुऱ्याई गोली हानी हत्या गरेकोले उक्त घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरी पीडित परिवारलाई कानुनबमोजिम क्षतिपूर्ति दिलाउन पहल गरीपाऊँ भन्ने समेतको व्यहोरा उल्लेख गरी २०६७ असार २० मा आयोगमा उजुरी दर्ता भएको रहेछ ।

२. उजुरी प्राप्त भएपछि आयोगबाट जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकलाई सम्बोधन गरी च.नं.४७७३, संरक्षण ५२ मिति २०६७ साउन १० गते प्रेषित पत्र मिसिल संलग्न रहेछ । पत्रमा घटनाका सम्बन्धमा के-कसो भएको हो ? घटनाको अनुसन्धान भएको छ-छैन ? घटनास्थल मुचुल्का, बरामदी मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन तयार गरिएको भए ती लगायत प्रहरी प्रतिवेदनसमेत यस आयोगमा उपलब्ध गराई मानव अधिकारको संरक्षणसम्बन्धी कार्यमा सहयोग गरिदिनु भन्ने समेतको व्यहोरा उल्लेख गरी पत्रको बोधार्थ तथा कार्यार्थ नेपाली सेना जङ्गी अड्डा मानव अधिकार शाखा भद्रकाली काठमाडौँ, प्रहरी प्रधान कार्यालय नक्साल काठमाडौँ र जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा प्रेषित भएको रहेछ ।

३. आयोगबाट च.नं. ४७७३, संरक्षण ५१ मिति २०६७।४।१० गते एनेकपा (माओवादी) लाई पत्र लेखी घटनाको सम्बन्धमा जानकारी माग्दै मृतकहरूका छोरा छोरीहरूलाई पठनपाठन गर्ने-गराउने लगायत मृतकहरूका परिवारलाई पार्टीका तर्फबाट सहयोग उपलब्ध गराइएको छ-छैन ? सोको विवरण उपलब्ध गराई मानव अधिकार संरक्षणसम्बन्धी कार्यमा सहयोग गरिदिनू भन्ने व्यहोरा उल्लेख गरिएको रहेछ ।

४. आयोगबाट पत्राचार गरिएका कुनै पनि निकायहरूबाट जबाफ प्राप्त नभएपछि २०६७ साउन १२ गते घटनाका सम्बन्धमा स्थलगत अनुसन्धान गर्न सम्बन्धित स्थानमा टोली खटाई पठाइएको रहेछ ।

५. घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक चौताराबाट च.नं. १०१ मिति २०६७।०४।१६ को पत्र अनुसन्धान टोलीलाई प्राप्त भएको रहेछ । उक्त पत्रमा मृतहरुको सम्बन्धमा सो कार्यालयमा कुनै पनि लिखित निवेदन तथा जाहेरी नपरेको कारण निजहरूको

हकमा कार्यालयमा रहेको अभिलेख जाँचगर्दा कुनै पनि मुद्दा दर्ता नभएको र कागजातहरूसमेत नभएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको रहेछ । पत्राचार गरिएका निकायहरूमध्ये घटनाका सम्बन्धमा २०६७ साउन १३ गते प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय, मानव अधिकार इकाइबाट जिल्ला प्रहरी कार्यालय सिन्धुपलान्चोकलाई सम्बोधन गरी प्रेषित प्रहरी संचारको बोधार्थ पत्र आयोगलाई प्राप्त भएको देखियो । उक्त पत्रमा उल्लिखित घटनाको सम्बन्धमा माग गरेका विवरणहरू खुलाई तहाँ कार्यालयबाटै आयोगमा पठाइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको रहेछ ।

६. अनुसन्धानका क्रममा अनुसन्धान टोलीले विभिन्न साक्षीहरूसँग लिएको बयानसमेत मिसिल संलग्न रहेछन् । "घटना घटेको दिन २०५९ वैशाख १८ गते बिहान सेनाले सानो सिरुवारीमा हलो जोत्न हिँडेका सर्वसाधरण छिरिङ तामाङलाई "आज हाम्रो कार्यक्रम छ जाऊँ" भनी भुक्याएर ठूलो सिरुवारीतर्फ लिएर गएको रहेछ । ठूलो सिरुवारीको वडा नं. ५ मा पुगी <u>टीकादत्त दुलाल, भलकबहादुर दुलाल, भक्त दुलाल र वडा नं. ४ मा पुगी शिवहरि गौतम र भुलप्रसाद भन्ने गणेश गौतमलाई पक्राउ गरेछ</u> । उनीहरूलाई "मिटिङ छ जाऊँ" भनी सोही गाविसको चिहानडाँडा भन्ने नर्सिङ डाँडातर्फ लिएर गएछ । ती पाँच जना व्यक्तिहरूलाई सेनाले पक्राउ गरी लगेको देख्ने सो गाउँका थुप्रै मानिसहरू छन् । सोही गाविसका ... की श्रीमती र नाम नखुलेका अहेवलाई पनि लगेकोमा उनीहरूलाई बीच बाटोबाटै सेनाले छाडिदिएछ । अन्यलाई नर्सिङ डाँडामा पुऱ्याएपछि आँखामा पट्टी र हात बाँधिदिएछ । ...। गोली चलेको आवाज ... मैले पनि सुनेको हुँ । पछि बुझ्दा उल्लिखित छ जना व्यक्तिहरूलाई सेनाले लाइन लगाएर मारेको भन्ने सुनें" भन्ने ब्यहोरा उल्लेख भएको सुनिजान्ने साक्षीको बयान रहेछ ।

७. भुलप्रसाद गौतमसमेत छ जनालाई सेनाले पक्राउ गरी लगेको हो । उनीहरू सर्वसाधारण व्यक्तिहरू हुन् । उनीहरू पार्टीका कुनै पनि गतिविधिमा संलग्न भएका व्यक्तिहरू होइनन् । तत्कालीन नेकपा (माओवादी) ले मृतकहरूलाई सहिद घोषणा गरेको हो । उनीहरूलाई निजहरूकै घरबाट पक्राउ गरी नर्सिङ डाँडामा लगी करिब १०।१२ मिटरको दुरीमा राखेर गोली हानी मारेको हो । त्यसबेला चौतारामा श्रीनाथ

गण कार्यरत थियो । क्याप्टेन अजय गुरुङको नेतृत्वमा सेनाले पक्राउ गरेको थियो । हत्या गरिएकामध्ये गणेश गौतम यातायात मजदुर हुन् । उनी अखिल नेपाल यातायात मजदुर युनियनसँग आबद्ध रहेका व्यक्ति हुन् भन्ने समेतको ब्यहोरा उल्लेख गरी अर्का साक्षीको बयानमा उल्लेख रहेछ ।

८. म लास देख्ने प्रत्यक्षदर्शी हुँ । मेरै टोलछिमेकका गणेश भन्ने भुलप्रसाद गौतमसमेतलाई २०५९ वैशाख १८ गते सेनाले घरबाटै पक्राउ गरी लगेर नर्सिङ डाँडामा लगी गोली हानी हत्या गरेछ । हत्या गरेको दिन गोली चलेको सुनिएको थियो । त्यो दिन मैले कोटडाँडामा सेनाको लस्कर देखेको थिएँ । मलाई पनि सोधपुछ भएको थियो । भोलिपल्ट लास हेर्न जाँदा गणेशलगायत सबैलाई गोली लागेको थियो । गणेशको टाउकोमा गोली लागेको थियो । उनको मुखमा दाँत थिएन । गाउँमा सदगत गर्न ल्याउन सक्ने अवस्था नभएकाले परिवारको सल्लाहमा मारेकै स्थान आसपास (नजिक) मा गाडीदियौँ" भन्ने समेतको अर्का साक्षीले दिएको बयानमा उल्लेख रहेछ ।

९. बयान दिने साक्षीहरूमध्ये मृतक ... का पिता ... को बयानमा २०५९ वैशाख १८ गते सो क्षेत्रमा व्यापक रूपमा सेनाले सर्च गरेको थियो । डाँडातिर केही भयो भनी मलगायत मेरा दाजु र ... वडा नं. १ तिर जान भनी ६ बजे घरबाट हिँडेका थियौँ । माथि पीपलको रुखनेर पुग्दा मेरो ... तेजप्रसाद गौतमलाई पक्राउ गरी मुखमा पट्टी बाँधी घोप्टो मुन्टो लगाएर लडाएर राखेको रहेछ । हामीलाई सेनाले कता हिँडेको भनेर सोधे । हामीले कामी गाउँ जान लागेको भनेपछि छिटो जाऊ भनेर धकेल्दै पठाए । हामी केही पर डाँडामा आई नर्सिङ डाँडा बजारमा बसिरहेका थियौ । बिहानको करिब ९:३० बजेको समयमा गोली चलेको आवाज आयो । मलाई तेजप्रसादलाई मारे भन्ने लाग्यो । त्यसपछि घरतर्फ फर्किदा यताबाट गणेश भन्ने भुलप्रसाद गौतमसमेत पाँच जना व्यक्तिहरूलाई सेनाले पक्रेर लिएर गएको देखेँ । त्यसको करिब १ घण्टापछि ११ बजेतिर जङ्गलमा भटटटट गोली चलेको आवाज आयो । उनीहरूलाई मारे भन्ठाने । त्यसपछि वडा नं. ... का अध्यक्ष ... लाई सेनाले हामीले मृतकको मुचुल्का उठाइसक्यौँ, आ-आफ्नो परम्पराअनुसार सदगत गर्न लगाउनू भन्ने पत्र दिएको थाहा पाएपछि हामी गाउँलेहरू १२ बजेतिर लास भएतिर गयौँ भन्ने समेत ब्यहोराको अर्को

बयान पनि मिसिल संलग्न रहेछ ।

१०. उक्त दिन ठूलो सिरुवारी गाविसको वडा नं. १, २, ३, ४ र ५ तथा सानो सिरुवारी समेतका स्थानमा नेपाली सेनाको टोली जिल्लाका विभिन्न भागबाट आई सर्च अभियान सञ्चालन गरेको थियो । सो क्रममा सेनाले वडा नं. ४ बाट भुलप्रसाद गौतम भन्ने गणेशलाई घरैबाट पक्राउ गरी नर्सिङ डाँडाको जङ्गलमा लगी दिनको करिब ११ बजे गोली हानी हत्या गरेका हुन् । पक्राउ गरी लगेका व्यक्तिहरूको घरबाट सेनाले गरगहना र नगदसमेत लगेका थिए । भुलप्रसाद गौतम भन्ने गणेशको घर परिवारमा हाल निजकी बृद्ध आमा, श्रीमती, वर्ष १६ र १५ का २ जना छोरीहरू र १० वर्षको एउटा छोरा गरी पाँच जनाको परिवार छ । आर्थिक अवस्था साह्रै कमजोर छ । मृतककी श्रीमतीले ज्याला मजदुरी गरी परिवार पाल्दै आएकी छन् र बच्चाहरूको पठन-पाठनमा समेत समस्या परेको छ भन्ने समेतको व्यहोरा ... बस्ने विभन्न १० जना व्यक्तिहरूले गरिदिएको बयानमा उल्लेख रहेछ ।

११. २०५९ वैशाख १८ गते अन्दाजी बिहान पाँच बजेतिर पानी थाप्न र मुख धुन भनी धारामा गएको थिएँ । सो समयमा ९, १० जनाको समूहमा सादा पोसाकका व्यक्तिहरु आएका थिए । उनीहरूले मलाई लालसलाम कमरेड भने । मैले नमस्ते गरेँ । उनीहरूले मलाई अपशव्द प्रयोग गरे । मलाई नियन्त्रणमा लिएर कोटडाँडाको मावितिर लगे । त्यहाँ मलाई करिब २ घण्टा उभ्याइरहे । मलाई भन्दा अगाडि मैले चिनेजानेका, एकै स्थानमा बस्ने मेरा साथी शिवहरि गौतमलाई पक्राउ गरी सकेको रहेछ । मैले शिवहरि गौतमलाई चिनेँ तर बोल्न मिल्ने अवस्था थिएन । उनको हातमा हतकडी लगाइएको थियो । मसँगै स्थानीय ... को छोरा ... लाई पनि पक्राउ गरेको थियो । म र शिवहरि गौतमबीचको दुरी अनुमानित ३०।४० मिटर थियो । पछि थाहा हुँदा उनीहरु सुरक्षाकर्मी रहेछन् भन्ने व्यहोराको अर्का प्रत्यक्षदर्शीको बयान रहेछ ।

१२. मलाई करिब ८.४५ बजेतिर स्वास्थ्य केन्द्रमा पुऱ्याई सेनाले त्यहीँ बसिरहन आदेश दिएर फर्कियो । केही समयपछि स्वास्थ्य केन्द्रमै कार्यरत ... पनि आउनुभयो । शिवहरि गौतम ... घरमा डेरा गरी बस्नुहुन्थ्यो । उहाँले शिवहरिलाई सेनाले पक्रिएर आँखामा कालोपट्टी बाँधेर तथा हातमा साङ्लोले बाँधेर लगेको छ

भनी सुनाउनु भयो । बिहान करिब ९ बजेतिर गोली चलेको आवाज आयो । ... कै अनुसार टीकादत्त दुलाल र शिवहरि गौतमलाई सँगै पक्राउ गरी लगेको रहेछ । यसरी गोली पड्किएको आवाज आएपछि सेनाले पक्राउ गरेका शिवहरि गौतम र टीकादत्त दुलाललाई मारेको शङ्का लाग्यो । दिनको करिब ११ र १२ बजेतिर पनि गोली चल्यो । पटक–पटकको गोली पड्कँदा उल्लिखित व्यक्तिहरूलगायत अन्य ४ जना गरी जम्मा ६ जना व्यक्तिहरूलाई मारेछन् भन्ने अर्का प्रत्यक्षदर्शीको बयानमा उल्लेख भएको रहेछ ।

१३. मिति २०५९ वैशाख १८ गते बिहान अन्दाजी ७ बजेतिर सादा पोसाकका सेनाहरू मेरो घरमा आएर मलाई पक्राउ गरी लिएर गए । मलाई आत्मसमर्पण गर भनेर कुट्दै, अपशव्द प्रयोग गरे । सबै आर्मी प्रहरीले मुखमा पट्टी बाँधेका थिए । मलाई आर्मीले पिट्दै गर्दा एक जना आर्मीले मर्न लागि नकुट् भनेको थियो । मलाई मानेडाँडामा पुऱ्याए । दुवै हात पछाडि लगाउन लगाएर गोली हान्न लागे । मैले मेरा छोरी सानै छन्, घर नजिकै भएकोले मलाई यहाँ नजिकै नमारी अन्यत्र कतै लगेर मार्नुहोस् भनें त्यसपछि गोली हानेनन् म बाँचे भन्ने अर्का प्रत्यक्षदर्शीको बयान रहेछ ।

१४. सेनाहरूसँग सञ्चारसेट थियो । तत्कालीन प्रमुख जिल्ला अधिकारीसँग सेनाले गरेको कुरा सबै सुनेको थिएँ । प्रजिअले गणेश गौतमसमेतलाई पक्राउ गरेको छ कि छैन भनेर सोधे । मेरो पनि धेरै खोजी गरे । सेनाले गणेश गौतम समेतलाई पक्राउ गरेको छ भनी जबाफ दियो । करिब ११ बजेतिर १०।१५ पटक गोली चल्यो । गोली चल्दा मलाई मानेडाँडाको पाटीको आडमा राखिएको थियो । गोली चल्दै गर्दा सेनाले मलाई माओवादीसँग भिडन्त भयो भनेर भने । माओवादीसँग भिडन्त भयो भनेर खबर गरे । उताबाट मारिदे भन्ने जबाफ आयो । उनीहरूलाई भिडन्त भन्दै गोली हानी मारे" भन्ने समेत व्यहोराको अर्का प्रत्यक्षदर्शीको बयानमा उल्लेख रहेछ ।

१५. उल्लिखित पाँच जना व्यक्तिहरूलाई सेनाले मेरो घरको बाटो हुँदै नर्सिङ डाँडा भन्ने स्थानतर्फ लिएर गए । बिहान लगभग ९ बजेतिर गोली पड्किएको आवाज सुनियो । त्यस समयमा म घरनजिकै बारीमा मकै गोडिरहेको थिएँ । गोलीको एउटा खोका बारीमै आयो । मनमनमा ती ६ जना व्यक्तिहरूलाई गोली हान्यो कि

भन्ने शङ्का लाग्यो । दिनको करिब ११ बजेतिर अर्कोपटक फेरि धेरै गोली चलेको आवाज आयो । १२ बजेतिर हामी घटनास्थलतर्फ गयौँ । त्यहाँ ६ जनाको लास देखियो । शिवहरिको कोखामा गोली लागेको थियो । बाँकी पाँच जना व्यक्तिहरूलाई टाउकोमा गोली हानी मारिएको रहेछ । छ जनालाई मारिसकेपछि आर्मीले वडा नं. ... का वडा अध्यक्ष ... लाई बोलाएर लास जे गरे पनि हुन्छ भन्ने समेतको चिठी थमाएर लास बुझाएछ भन्ने समेत ठूलो सिरुवारी वडा नं. ... बस्ने अर्का प्रत्यक्षदर्शीको बयानमा उल्लेख रहेछ ।

१६. आयोगबाट पत्राचार गरिएका निकायहरूमध्ये एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बाट च.नं. २१७ मिति २०६७।०४।१६ को पत्रको जवाफ आयोगमा प्राप्त भएको देखियो । उक्त पत्रमा हत्या गरिएका छ जना नै पार्टीका सामान्य समर्थक मात्र रहेको र उँहाहरू तत्कालीन भूमिगत कार्यकर्ता नरहेको ब्यहोरा उल्लेख भएको रहेछ । घटनापश्चात् जिल्ला पार्टीका तर्फबाट प्रेस-विज्ञप्तिमार्फत घटनाको यथार्थ सार्वजनिक गर्ने काम भएको छ । हत्या गरिएका छ जनालाई नै पार्टीले महान् जनयुद्धका अमर सहिदका रूपमा सम्मान गर्ने ब्यहोरा विज्ञप्तिमा उल्लेख गरिएको थियो । सोही आधारमा परिवार र पार्टीका बीचमा विगतदेखि हालसम्म सम्बन्ध सम्पर्क रही आएको र माओवादी नेतृत्वको सरकारले राष्ट्रिय सहिद घोषणा गरेको सूचीमा समेत उहाँहरू छ जना नै पर्नुभएको, राष्ट्रिय सहिद घोषणापश्चात् राज्यले उपलब्ध गराउने सेवा सुविधा उपलब्ध गराउने कार्यमा सहयोग गर्ने, प्रत्येक वर्ष स्मृति दिवश घटनास्थलमा नै मनाउने, सहिदका परिवारलाई सम्मान, अभिनन्दन गर्ने, सहिदका छोराछोरीहरूको पठनपाठनको लागि आवश्यक सहयोगलगायतको कार्यमा सक्रियता रहेको समेत ब्यहोरा जानकारी गराइएको रहेछ ।

१७. घटनाको सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्नको लागि आयोगबाट खटिएको टोलीले अनुसन्धानपश्चात् अयोगमा पेस गरेको प्रतिवेदनमार्फत प्राप्त तथ्य र निष्कर्षका सारहरू निम्नबमोजिम भएको पाइयो ।

- सानो सिरुवारीतर्फबाट सर्चमा आएको संयुक्त सुरक्षाफौजको टोलीले सानो सिरुवारी र ठूलो सिरुवारीको सिमानामा पर्ने मार्से खोलाबाट खेतमा पानी लाउन गएका सानो सिरुवारी वडा नं. ८ बस्ने वर्ष ३१ का छिरिङ तामाङलाई पक्राउ

गरी ठूलो सिरुवारीको वडा नं. ५ हुँदै ल्याएको बुझियो । निज छिरिङ तामाङलाई लिएर आएको सेनाको टोलीले ठूलो सिरुवारी गाविस वडा नं. ५ का वर्ष ६० का झलक दुलाल, वर्ष ७० का टीकादत्त दुलाल र वर्ष ६५ का भक्तलाल दुलाललाई बिहान ७ बजे घरबाटै पक्राउ गरी अगाडि बढ्ने क्रममा सोही गाविस वडा नं.४ बस्ने वर्ष ३१ को भुलप्रसाद भन्ने गणेश गौतमलाई पक्राउ गरी बाटोमा यातना दिँदै आर्मीको झोला बोक्न लगाई वडा नं. ४ स्थित नर्सिङ डाँडातिर लिएर गएको, सो स्थानमा पुऱ्याई निजहरूलाई लाठी, खुकुरी, बन्दुकको कुन्दाले हानी चरम यातना दिई सोही दिन बिहान करिब ११:०० बजे नर्सिङ डाँडाको पश्चिमपट्टि मानेडाँडा भन्ने चिहानडाँडाको जङ्गलमा करिब २०।२० मिटरको दुरीमा लाइन लगाएर गोली हानी हत्या गरेको ।

- सुरक्षाकर्मीहरूले उल्लिखित सबै व्यक्तिहरूलाई मार्नुअघि कम्ब्याक्ट पोसाक लगाउन लगाएको, गोली गठ्ठा, बन्दुकसमेत बोक्न लगाई फोटोसमेत खिचेको भन्ने समेत बुझिएको भनी अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको पाइयो ।
- उल्लिखित घटनामा तत्कालीन सुरक्षाफौजले सिन्धुपाल्चोक जिल्ला, ठूलो सिरुवारी गाविसका गणेश भन्ने भुलप्रसाद गौतम समेत छ जनालाई माओवादीको आरोपमा निजहरूकै घरबाट नियन्त्रणमा लिई हातखुट्टा बाँधी सामूहिक रूपमा गोली हानी हत्या गरेकोले सुरक्षाफौजले युद्धको नियम उल्लङ्घन गरी हत्या गरेको र यस्तो कार्यले निजहरूको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको अनुसन्धान प्रतिवेदनको निष्कर्ष रहेछ ।

१८. आयोगबाट २०६७ असोज २ गते गृह मन्त्रालय सिंहदरबार, काठमाडौँ र प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौँलाई सम्बोधन गरी च.नं. ९०४। गै.न्या.ह.२९० मार्फत प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा उल्लिखित घटनाको सम्बन्धमा आयोगबाट अनुसन्धान भैरहेकोले उजुरी मिसिल मिति २०६७।६।७ मा निर्णयार्थ आयोगसमक्ष पेस हुँदा सिन्धुपाल्चोक जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी र तत्कालीन प्रहरी नायव उपरीक्षकलाई आयोगमा झिकाई बुझ्ने भन्ने आदेश भएकोले पत्र प्राप्त भएको मितिले (७) सात दिनभित्र आयोगमा उपस्थित गराई मानव अधिकारको संरक्षणसम्बन्धी कार्यमा सहयोग पुऱ्याईदिनू भन्ने समेतको ब्यहोरा उल्लेख गरी

सम्भावित आरोपित तत्कालीन जिल्ला प्रहरी प्रमुखलाई सूचना दिएको देखियो ।

१९. आयोगबाट घटनाका सम्बन्धमा च.नं.९०४, गै.न्या.ह.२९१ मिति २०६७।६।१२ गते नेपाली सेना जङ्गी अड्डा मानव अधिकार शाखा भद्रकाली, काठमाडौँलाई सम्बोधन गरी प्रेषित पत्रमा उल्लिखित घटनाका सम्बन्धमा सिन्धुपाल्चोक सदरमुकाम चौतारामा अवस्थित तत्कालीन नयाँ श्रीनाथ गुल्मका तत्कालीन गुल्मपतिसँग समेत केही बुझ्नुपर्ने भएको तर निजको नाम पत्ता लाग्न नसकेको हुँदा उक्त उजुरी मिसिल २०६७ असोज ७ मा निर्णयार्थ आयोगसमक्ष पेस हुँदा तत्कालीन गुल्मपतिको नाम पत्तालगाई आयोगमा झिकाई बुझ्ने भन्ने समेतको आदेश भएकोले तत्कालीन नयाँ श्रीनाथ गुल्मका गुल्मपतिको नाम पत्ता लगाई पत्र प्राप्त भएको मितिले (७) सात दिनभित्र आयोगमा उपस्थित गराई मानव अधिकारको संरक्षणसम्बन्धी कार्यमा सहयोग पुर्‍याइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख गरिएको पाइयो ।

२०. गृह मन्त्रालयबाट पत्र सङ्ख्या मा.अ.ई/ ०६७/०६८ च.नं. २ ९० मिति २०६७।७।३ मार्फत प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौँलाई सम्बोधन गरी प्रेषित पत्रको बोधार्थप्रति यस आयोगमा प्राप्त भएको देखियो । उक्त पत्रमा आयोगबाट प्रेषित पत्रमा उल्लेख भएबमोजिम प्र.ना.उ. गणेशबहादुर ऐरलाई उपस्थित गराइदिने व्यवस्था गरिदिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

२१. प्रहरी प्रधान कार्यालय नक्सालबाट पत्र सङ्ख्या प्र/१/१७(०६७/०६८) च.नं. ७२ मिति २०६७।७।७ मार्फत प्रहरी प्रधान कार्यालय, प्रशासन शाखालाई सम्बोधन गरी प्रेषित पत्रमा उल्लिखित घटनासँग सम्बन्धित देखिएका तत्कालीन प्रहरी नायव उपरीक्षक गणेशबहादुर ऐरसँग बयान लिने प्रयोजनका लागि पत्र प्राप्त भएको मितिले ७ दिनभित्र यस आयोगमा उपस्थित गराइदिनुहुन भनी राष्ट्रिय मानव अधिकार आयोगबाट पत्राचार भएको हुँदा प्रहरी नायव उपरीक्षक गणेशबहादुर ऐरलाई समयमै यस इकाइसँग सम्पर्क गरी सम्मानित आयोगमा उपस्थित हुनको लागि खटाई पठाउने आवश्यक व्यवस्था गरिदिनू भन्ने समेतको ब्यहोरा उल्लेख गरिएको पाइयो ।

२२. बयानका लागि बोलाइएका प्र.ना.उ. गणेशबहादुर ऐर २०६७ कार्तिक ८

गते आयोगमा उपस्थित भई बयान दिएको पाइयो । घटना घट्दाको समयमा कुन दर्जाका सेना प्रमुख थिए मलाई थाहा भएन । मैले घटनाका बारेमा कुनै जानकारी वा सूचना कुनै व्यक्ति, सङ्गठन, सञ्चारका साधन, समाचार माध्यमबाट थाहा पाइनँ । कोही व्यक्तिको उजुरी वा जाहेरी नपरेको हुनाले घटनाको सम्बन्धमा कुनै प्रक्रिया अगाडि बढाइएन । त्यस समयमा जिल्ला प्रहरी कार्यालयको हिरासतमा कोही व्यक्ति भए-नभएको मलाई सम्झना छैन । मैले मेरो मातहतका प्रहरी कर्मचारीलाई कोही व्यक्तिलाई हिरासतमा ल्याउन निर्देशन दिएको थिएन । आर्मीले जिल्ला प्रहरी कार्यालयमा कोही व्यक्ति पक्राउ गरी ल्याएको र हामीलाई बुझाएको थाहा छैन भन्ने समेत निजको बयानमा उल्लेख भएको देखियो ।

२३. घटनाका सम्बन्धमा श्री रक्षा मन्त्रालयबाट आयोगका नाममा मिति २०६७।७।१५ मा पठाएको पत्र सङ्ख्या कानुन ०६७।६८।१७३ को पत्र प्राप्त भएको देखियो । उक्त पत्रमा विगतको द्वन्द्वको समयमा मानव अधिकार उल्लङ्घनका विषयमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा समेत गरिएको देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतले द्वन्द्वको दौरानमा भएको घटनाको दोषीलाई उक्त आयोगबाटै छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्ने बोली राखेको सन्दर्भमा समेत हेर्नुपर्ने हुन्छ । नेपाली सेनाको कुनै सैनिक व्यक्तिले मानव अधिकार हनन गरेको भन्ने सम्बन्धमा तहाँबाट बन्द-सबालमार्फत जबाफ लिई तहाँ उपलब्ध गराउँदै आएको देखिन्छ । तसर्थ, हालको अवस्थालाई मध्यनजर राखी नेपाली सेनाबाट लेखी आएबमोजिम पहिला अपनाई आएको बन्द-सबालसमेतको प्रक्रियाअन्तर्गत नै मानव अधिकार हनन विषयको अनुसन्धान प्रक्रिया अगाडि बढेमा मनासिब हुने ब्यहोरा तहाँ जानकारी पठाउन उचित हुने भनी नेपाल सरकाबाट निर्णय भएको नेपाल सरकारअन्तर्गतका नेपाली सेनासँग सम्बन्धित तथा अन्य विषयमा समेत यस निर्देशनालयसँग सिधा पत्राचार गरी माग गर्ने गर्दा विषयवस्तुको गम्भीरता, नेपाली सेनाको नीति, नेपाल सरकारको केन्द्रीय तहले प्राप्त गर्ने सूचनाहरू प्राप्त नहुनुका साथै सम्बन्धित निकायहरूबीच गरिनुपर्ने समन्वयको अभाव हुने हुँदा तहाँबाट गरिने पत्राचारहरू नेपाल सरकारमार्फत हुनको लागि तँहा

अनुरोध गर्ने भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

२४. त्यसपछि आयोगबाट च.नं. ४७७३, गै.न्या.ह. ५३३ मिति २०६७।८।२२ गते रक्षा मन्त्रालय सिंहदरबार, काठमाडौँलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा रक्षा मन्त्रालयको पत्रमा खुलाइएका विषयहरूमा मिति २०६७ मंसिर १० मा आयोगमा छलफल हुँदा नेपाली सेनाले रक्षा मन्त्रालयलाई पठाएको पत्रको प्रतिलिपिलगायत नेपाल सरकारले बन्द-सबालको सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ७ (सात) दिनभित्र पठाउन रक्षा मन्त्रालयमा पत्राचार गर्ने भन्ने समेतको निर्णय भएकोले निर्णयबमोजिमका कागजातहरू पठाइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

२५. रक्षा मन्त्रालयबाट २०६७ पुष ११ गते पत्रसङ्ख्या कानुन ०६७।६८।६८ मार्फत आयोगमा प्राप्त पत्र मिसिल संलग्न देखियो । उक्त पत्रसाथ संलग्न रक्षा मन्त्रालयको च.नं. ९७ मिति २०६७।४।२४, को पत्रको प्रतिलिपि संलग्न रहेको र पत्रमा तत्कालीन नेपाली सेनाका स्थान विशेषका तत्कालीन गणपतिहरूलाई उपस्थित गराउन व्यावहारिक नहुने, कर्तव्य पालनाको सिलसिलामा गरेको कार्यको सम्बन्धमा अभियुक्तसरह राष्ट्रिय मानव अधिकार आयोग, प्रहरी कार्यालय तथा अदालतमा पठाउँदा यस्ता प्रकृतिका मुद्दाहरू थपिँदै गई सैनिक व्यक्तिहरूको मनोवलमा आघात पर्नुको साथै सैनिक सङ्गठनमा नै नकारात्मक प्रभाव पर्न जाने र भविष्यमा सेना परिचालन हुँदाको समयमा कर्तव्य पालना गर्दा झुट्ठा मुद्दाको आरोप खेप्नुपर्ने मनोवैज्ञानिक असरले प्रभावित भई सैनिक कमान्डर अधिकृत एवम् अन्य दर्जाले असहज परिस्थितिमा निर्भयका साथ काम गर्ने वातावरण सिर्जना हुने अवस्था नदेखिएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

२६. प्रस्तुत घटनामा भुलप्रसाद भन्ने गणेश गौतम, शिवहरि भन्ने तेजप्रसाद गौतम, झलकबहादुर दुलाल, भक्तलाल दुलाल, टीकादत्त दुलाल र छिरिङ तामाङको मानव अधिकार उल्लङ्घन भएको हो-होइन भनी विश्लेषण गर्नुपर्ने देखियो ।

२७. उल्लिखित घटनाका विभिन्न प्रत्यक्षदर्शीहरू, पीडितका आफन्तहरू, सुनिजान्ने साक्षीहरू, विभिन्न राजनीतिक दलहरूको भनाइ, बयानसमेतबाट प्राप्त तथ्यको आधारमा २०५९ वैशाख

१८ गते बिहान सुरक्षाफौजले सानो सिरुबारीका छिरिङ तामाङ र ठूलो सिरुबारीका भुलप्रसाद गौतम भन्ने गणेश गौतमलगायत अन्य पाँच जना व्यक्तिहरूलाई निजहरूकै घरबाट पक्राउ गरेको कुरालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन ।

२८. ठूलो सङ्ख्यामा रहेका सुरक्षाफौजसँग उक्त दिन सो इलाकामा दोहोरो भिडन्त भएको कहीँकतैबाट पुष्टि हुन सक्तैन । मृतकहरूमध्ये पाँच जनालाई टाउकोमा गोली लागेको, हातमा धारिलो हतियारले काटेको भन्ने समेतको लास देख्ने प्रत्यक्षदर्शीको भनाइलाई आधारमान्दा निजहरूलाई चरम यातनापश्चात् नजिकैबाट ताकेर गोली हानिएको बुझिन्छ । सेनाले मुचुल्का गर्दा दोहोरो भिडन्त भएको भन्ने समेतको ब्यहोरा उल्लेख गरी सही गराएकोमा उक्त मुचुल्कामा उल्लेख गरिएको कुरा सही नभएको बुझिन्छ । सर्वसाधरण नागरिकलाई माओवादीको आरोपमा निजहरूकै घरबाट पक्रेर लगी हातखुट्टा बाँधी सामूहिक हत्या गर्नुले उक्त दिन सुरक्षाफौजहरू उल्लिखित व्यक्तिहरूको हत्या गर्ने प्रयोजनले नै गएको देखिन्छ । तसर्थ, घटना सुनियोजित तवरले घटाएको देखिन्छ ।

२९. तत्कालीन अवस्थामा सेना, जनपद र सशस्त्र प्रहरी सम्मिलित युनिफाइड कमान्ड परिचालन भएको थियो । संयुक्त सुरक्षा फौज (युनिफाइड कमान्ड) मा जनपद प्रहरी रहेको तथ्यमा विवाद रहँदैन । घटना घटेपश्चात् कानुनबमोजिम घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्कासमेत तयार गरी पोस्टमार्टम प्रतिवेदन तयार गर्नुपर्ने दायित्व प्रहरीको हुन जान्छ । प्रहरीले उल्लिखित कागजातहरू उपलब्ध गराउन सकेको अवस्था छैन । तर, उल्लिखित ६ जना व्यक्तिहरूलाई गोली हानेर मारिसकेपछि ठूलो सिरुवारी गाविस वडा नम्बर ... का तत्कालीन ... सदस्य ..., स्थानीय व्यक्ति ... लाई सेनाले बोलाई लिएर गई दोहोरो भिडन्त भई कम्ब्याक्ट पोसाक लगाएका, गोली गट्ठासमेत बोकेका छ जना आतङ्ककारीहरूको मृत्यु भएको भनी मुचुल्का गरी लासलाई सदगत गर्नू भनी आदेश दिएर सुरक्षाफौज सदरमुकाम चौतारातर्फ गएको भन्ने बुझिएबाट सुरक्षाफौजले घटनाका सम्बन्धमा मुचुल्का बनाएको भन्ने बुझिन्छ । तर, सम्बन्धित निकायले घटनाको सम्बन्धमा कुनै कागजात नभएको भनी भन्नु गैरजिम्मेवारीपूर्ण कुरा हो । यसबाट आयोगलाई अनुसन्धान कार्यमा सहयोग नगरेको

र घटनाको तथ्य लुकाउन खोजिएको स्पष्ट हुन्छ ।

३०. घटनामा संयुक्त सुरक्षाफौजले नियन्त्रणमा लिएर उल्लिखित छ जना व्यक्तिहरूलाई गोली हानी हत्या गरेको विभिन्न तथ्यहरूबाट स्थापित भएको छ । प्राकृतिक न्यायको सिद्धान्तलाई मध्यजनर गर्दै आरोपित सेनाको जिम्मेवार अधिकारीलाई आयोगमा उपस्थित गराइदिनू भनी आयोगले विभिन्न मितिमा नेपाली सेनालाई पत्र पठाएकोमा सेनाबाट प्राप्त जबाफले मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको अनुसन्धान कार्यमा असहयोग मात्र गरेको होइन कि आयोगको मानहानिसमेत गरेको देखियो ।

३१. रक्षा मन्त्रालयको तथ्य खण्डमा उल्लेख भएबमोजिम तत्कालीन नेपाली सेनाका स्थान विशेषका तत्कालीन गणपतिहरूलाई उपस्थित गराउन व्यावहारिक नहुने, कर्तव्य पालनाको सिलसिलामा गरेको कार्यको सम्बन्धमा अभियुक्तसरह राष्ट्रिय मानव अधिकार आयोग, प्रहरी कार्यालय तथा अदालतमा पठाउँदा यस्ता प्रकृतिका मुद्दाहरू थपिँदै गई सैनिक व्यक्तिहरूको मनोवलमा आघात पर्नुको साथै सैनिक सङ्गठनमा नै नकारात्मक प्रभाव पर्न जाने र भविष्यमा सेना परिचालन हुँदाको समयमा कर्तव्य पालना गर्दा झुट्ठा मुद्दाको आरोप खेप्नुपर्ने मनोवैज्ञानिक असरले प्रभावित भई सैनिक कमान्डर अधिकृत एवम् अन्य दर्जाले असहज परिस्थितिमा निर्भयका साथ काम गर्ने वातावरण सिर्जना हुने अवस्था नदेखिएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

३२. यसबाट सेनाले प्रजातान्त्रिक पद्धति, मानव अधिकारको संरक्षण र कानुनी शासनको उपहास गरेको स्पष्ट हुन्छ। **प्रजातन्त्र, मानव अधिकार र कानुनी शासनसँग सेनाको मनोवल तुलना हुन सक्दैन । सेनाको मनोवलभन्दा प्रजातन्त्र, मानव अधिकार र कानुनी शासन सदैव उच्च हुन्छ । मानव अधिकारको संरक्षण गर्दा नै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सेनाको उच्च प्रशंसा हुन्छ । प्रजातान्त्रिक पद्धतिको अनुसरण गर्नु, मानव अधिकारको संरक्षण गर्नु र कानुनी शासनको मान्यतालाई अङ्गीकार गर्नु सेनाको दायित्व मात्र नभएर मनोवल उच्च राख्ने आधारहरूसमेत हुन् । वैरीलाई समेत मानवीय व्यवहार गर्ने, सत्य बोल्ने, नियम र कानुनलाई शिरोपर राखी त्यसलाई पालना गर्ने र युद्धका नियमहरूको पालना गर्दै मानव अधिकारको संरक्षण गर्ने[1] भनी**

१ द्वन्दको समयमा मानव अधिकार र

**सेनाले मूलमन्त्र निर्धारण गरेको पाइन्छ ।**

३३. यस्तै **मानव अधिकार तथा मानवीय कानुन पनि सैनिक कानुन हो**[२] भनी सेनाले नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय कानुनहरू तथा मानवीय कानुनलाई पालना गर्नुपर्ने भनी उल्लेख गरेको छ । यसबाट सैनिकहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रतिबद्धता जाहेर गरेको देखिन्छ ।

३४. तत्कालीन मानव अधिकार आयोग ऐन, २०५३ ले सैनिक ऐनअन्तर्गतका मानव अधिकारसम्बन्धी विषयहरूमा छानबिन गर्न पाउने अधिकार प्रदान गरेको थियो । २०६३ सालको नेपालको अन्तरिम संविधानले समेत राष्ट्रिय मानव अधिकार आयोगलाई यो अधिकार प्रदान गरेको छ । नेपाली सेनाको मूल मन्त्र, मानव अधिकार र मानवीय कानुनहरूको पालनामा देखाएको प्रतिबद्धता र सेनाको मनोवल गिर्छ, मानव अधिकार उल्लङ्घनका घटनाहरूको सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन भएपछि अनुसन्धान गर्नुपर्छ भनी नेपाली सेनाले दिएको तर्क कानुनसम्मत नभएको मात्र होइन कि एक आपसमा तादत्म्यतासमेत राख्दैनन् । **आयोगको अधिकार प्रयोग गरी अनुसन्धान गरिएको घटनामा सेनाले आयोगको क्षेत्राधिकारमा प्रश्न गर्न सक्तैन । भइरहेका संयन्त्रहरूलाई कार्य गर्न नदिएर हुँदै नभएको संयन्त्रको प्रतीक्षाले मानव अधिकारको संरक्षण हुन सक्तैन ।**

३५. प्रजातान्त्रिक परिवेशमा सेनाको यस्ता प्रतिक्रिया तथा जबाफहरू मानव अधिकारमैत्री होइनन् । कानुनतः नेपाली सेना नेपाल सरकारको मातहतमा रहेको छ । नेपाल सरकार, रक्षा मन्त्रालय मातहत रहेको सेनाले दिएको आधिकारिक प्रतिक्रियालाई रक्षा मन्त्रालयले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरू, मानवीय कानुन र राष्ट्रिय कानुनहरूको आधारमा ठीक-बेठीक अर्थात् उचित-अनुचित छुट्याउनुपर्दछ । अन्यथा सेनाका काम कारबाहीहरूलाई नेपाल सरकारले मान्यता दिएको बुझ्नुपर्दछ ।

३६. यसप्रकार सेनाले अनुसन्धान कार्यमा सहयोग मात्र नगरेको होइन, आयोगको क्षेत्राधिकारमा समेत प्रश्न

---

मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, अन्तिम गाता ।

२ द्वन्दको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. ६

उठाएको देखियो । नेपाल सरकार, रक्षा मन्त्रालयले सेनाको भन्दा कुनै फरक प्रतिक्रिया पठाएको देखिँदैन । प्रस्तुत घटनाका जिम्मेवार सैनिक अधिकारीको नाम पहिचानका लागि सेनालाई आयोगबाट पत्र पठाएकोमा उल्लिखित जबाफ प्राप्त भएबाट नाम नै पहिचान गर्न नसकिएको परिप्रेक्ष्यमा प्रश्नावली पठाउन सक्ने अवस्था देखिएन ।

३७. घटनाका सम्बन्धमा तत्कालीन प्रहरी नायव उपरिक्षक ... लाई आयोगमा बोलाई बयान लिँदा निजले घटनाका बारेमा कुनै जानकारी नै नभएको, समाचारसमेत नहेरेको, समाचारजन्य स्रोत-साधन प्रहरी कार्यालयमा नभएको भन्ने आशयको जबाफ दिएकाले निजको भनाइ सरासर असत्य रहेको बुझियो ।

३८. कुनै व्यक्तिलाई पक्राउ गर्दा कानुनबमोजिम पक्राउको सूचना दिनुपर्दछ भन्ने कुरामा दुईमत हुन सक्तैन । यस घटनामा सेनाले ५ जना व्यक्तिहरूलाई घरबाटै पक्राउ गरेको र एक जना व्यक्तिलाई खेतबाट पक्राउ गरेको भन्ने तथ्य प्राप्त भएको छ । अनुसन्धानका क्रममा कुनै पनि साक्षीहरूबाट पक्राउ गर्दाको समयमा पक्राउ पुर्जी दिइएको देखिँदैन । सेनाबाट प्रकाशित एक प्रकाशन[३]मा पक्राउ गर्ने तरिका र पक्राउ गर्दा अपनाउनु विधिको बारेमा उल्लेख गरेको पाइयो । उक्त प्रकाशनमा न्यूनतम बल प्रयोग गर्नुपर्ने, हतियार भए-नभएको यकिन गरी हतियार भए निःशस्त्र गरी नियन्त्रणमा लिने, शङ्कास्पद स्थानलाई सुरक्षित ढङ्गले नाकाबन्दी वा तालाबन्दी गर्नुपर्ने, पक्राउको कारणसहितको सूचना सम्बन्धित व्यक्ति र निजको नातेदार वा परिवारलाई दिनुपर्ने, नजरबन्दमा राख्न अधिकारप्राप्त सम्बन्धित स्थानीय प्रशासन अधिकारीबाट आदेश पत्र लिनुपर्ने, फेला परेको मालसामानको मुचुल्का तयार गर्नुपर्ने, हिनामिना हुन नदिई अभिलेख राख्नुपर्ने उल्लेख छ । पक्राउ परेका व्यक्तिहरूलाई उचित मानवीय व्यवहार गर्नुपर्ने, प्रतिवेदन गर्नुपर्ने र कारबाही अगाडि बढाउनुपर्ने उल्लेख छ ।

३९. स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने प्रक्रियाहरूको बारेमा स्पष्ट व्यवस्था गरेको पाइन्छ । उल्लिखित सेनाकै प्रकाशनमा प्रकाशित निर्देशनलाई स्वयंले पालना

३ द्वन्दको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. ९ र १३

गरेको देखिँदैन । यसबाट पनि कानुनबमोजिम कारबाही भएको हो भनी मान्न सकिएन ।

४०. सुरक्षाकर्मीहरूले अत्यधिक बल प्रयोग गरेको हो कि होइन भन्ने सन्दर्भ पनि यस घटनामा उत्तिकै महत्वपूर्ण छ । विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरूले बल र हतियारको प्रयोगलाई सीमित तुल्याएको छ । संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तमा सुरक्षाकर्मीहरूले ड्युटीमा रहँदाका समयमा स्पष्ट पहिचान दिनुपर्ने, गोली चलाउनुपूर्व सचेत गराउनुपर्ने भनिएको छ ।[४] उल्लिखित सिद्धान्तको ९ नम्बरमा उल्लेख भएको व्यवस्था यस घटनाका सन्दर्भमा पनि ज्यादै महत्वपूर्ण र विचारणीय छ । आफ्नो ज्यान जान सक्ने वा गम्भीर घाइते हुन सक्ने अवस्था आएमा अधिकार प्राप्त व्यक्तिले गोली चलाउन सक्दछ अन्यथा गोली चलाउँन हुँदैन भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ ।[५]

४१. यस घटनामा सुरक्षाफौजले घातक बल प्रयोग गरेको हो कि होइन भन्ने सन्दर्भमा पक्राउ परेका व्यक्तिहरूको सङ्ख्या र सुरक्षाफौजको सङ्ख्या, पक्राउ परेका व्यक्तिहरूसँग रहेको हतियार र सुरक्षाफौजसँग रहेको हतियारहरूलाई मुख्य आधार मान्नुपर्ने हुन्छ । यस सन्दर्भमा पक्राउ परेका जम्मा ६ जना व्यक्तिहरू रहेको पुष्टि भैसकेको छ । उनीहरूसँग कुनै हतियार रहेको थियो भन्ने कहिँकतैबाट खुल्न आएको छैन । सुरक्षाफौजको सङ्ख्या यकिन नभए पनि कम्तीमा पनि १०० भन्दा बढीको सङ्ख्यामा परिचालन भएको भन्ने बुझिन आएबाट सङ्ख्या र हतियारको अनुपात मिल्दैन । पक्राउ गरेलगत्तै सुरक्षाकर्मीहरूले सबैलाई हतकडी लगाएको, आँखामा पट्टी बाँधेको भन्ने समेत अनुसन्धानबाट प्राप्त भएको तथ्यमा उल्लेख भएबाट पक्राउ परेका व्यक्तिहरू भाग्न वा उम्कन सक्ने वा प्रत्याक्रमण

४ In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident.

५ Law enforcement officials shall not use firearms against persons except in self-defence or defence of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life. Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

गर्न सक्ने अवस्था विद्यमान रहेको देखिँदैन ।

४२. सेनाले हतियारको प्रयोगसम्बन्धी मार्ग निर्देशिका[६]मा अनियन्त्रित अवस्था परेमा मात्र हतियारको प्रयोग गर्नुपर्ने, आफू वा आफूले सुरक्षा गर्नुपर्ने व्यक्ति, सम्पत्तिको सुरक्षा गर्नका लागि मात्र हतियार प्रयोग गर्नुपर्ने, बन्दी भाग्न खोजेमा चेतावनी दिनुपर्ने, नटेरी भाग्न खोजेमा हतियार प्रयोग गर्नुपर्ने र हतियारको प्रयोग गर्दा न्यूनतम बलको प्रयोग गर्नुपर्ने भन्ने उल्लेख गरेको छ ।

४३. यसप्रकार सेनाले समेत सकेसम्म न्यूनतम बल प्रयोग गर्नुपर्ने भनी मार्गनिर्देशन गरेको पाइन्छ । यस घटनामा मृतक लासहरूको टाउको र छातीमा गोली लागेको भन्ने लास देख्ने प्रत्यक्षदर्शीहरूको बयानमा उल्लेख भएबाट सेनाले अत्यधिक बलको प्रयोग गरी निजहरूको हत्या गरेको देखियो ।

४४. प्रस्तुत घटनामा नीज भुलप्रसाद भन्ने गणेश गौतमसमेत छ जना व्यक्तिहरूको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा व्यवस्थित हक-अधिकारको उल्लङ्घन भएको देखियो । साथै नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी मानव अधिकार समितिले गरेको General Comment 06[७] : The right to life (art.6) : 04/30/1982, Sixteenth Session, 1982 मा पक्ष राष्ट्रहरूले फौजदारी कानुनमार्फत दण्ड र सजायको व्यवस्था मात्र नगरी राज्यकै सुरक्षा फौजका अधिकारीहरूबाट हुने स्वेच्छाचारी जीवन हरण हुनु ज्यादै संवेदनशील विषय हो । यसकारण स्वेच्छाचारी जीवन हरण गरिने कार्यलाई कानुनद्वारा नै कडाइका साथ नियन्त्रण गरिनुपर्दछ भन्ने उल्लेख छ ।

४५. सशस्त्र युद्धको समयमा जेनेभा महासन्धिको साझा धारा ३ लागू हुन्छ । साझा धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहार

---

६ द्वन्दको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. १७ ।

७ The protection against arbitrary deprivation of life which is explicitly required by the third sentence of article 6 (1) is of paramount importance. The Committee considers that States parties should take measures not only to prevent and punish deprivation of life by criminal acts, but also to prevent arbitrary killing by their own security forces. The deprivation of life by the authorities of the State is a matter of the utmost gravity. Therefore, the law must strictly control and limit the circumstances in which a person may be deprived of his life by such authorities.

हरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति धर्म विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउन, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णय विनादण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् ।

४६. बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले चित्रित गरेको छ। सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट वञ्चित गर्न पाइँदैन । कसैले यदि जीवन दिन सक्तैन भने उसले कसैको जीवन हरण पनि गर्ने सामर्थ्य पनि राख्दैन भन्ने भनाइ जीवनको अधिकारसँग सम्बन्धित छ ।

४७. यस घटनाबाट विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको अतिरिक्त नेपालका प्रचलित संविधान र कानुनहरूको समेत उल्लङ्घन भएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएको स्वतन्त्रतालगायत मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महल को १ नं बमोजिम कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन वा मार्नको लागि उद्योग गर्न नहुने भन्ने व्यवस्था साथै सार्वजनिक सुरक्षा ऐनमा भएको प्रावधान र नागरिक अधिकार ऐन, २०१२ मा भएको प्रावधानको समेत उल्लङ्घन हुन पुगेको देखियो ।

४८. तत्कालीन शाही नेपाली सेनाबाट सर्वसाधारण व्यक्तिहरूको हत्या गरेकोले उक्त घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरी पीडित परिवारलाई कानुनबमोजिम क्षतिपूर्ति दिलाउन पहल गरिपाऊँ भन्ने उजुरीकर्ताको मुख्य मागदावी रहेको छ ।

४९. प्राप्त तथ्यहरूको आधारमा संयुक्त सुरक्षाफौज परिचालित भएको र २०५९ वैशाख १८ गते सिन्धुपाल्चोक जिल्ला सानो सिरुवारी बस्ने छिरिङ

तामाङ, ठूलो सिरुवारी ५ बस्ने टीकादत्त दुलाल, झलकबहादुर दुलाल, भक्तलाल दुलाल, ठूलो सिरुवारी ४ बस्ने भुलप्रसाद भन्ने गणेश गौतम, शिवहरि भन्ने तेजप्रसाद गौतम गरी ६ जनालाई पक्राउ गरी सोही दिन ठूलो सिरुबारी गाविस वडा नं. ३ स्थित नर्सिङ डाँडामा सामूहिक हत्या गरेको देखिएकोले उल्लिखित छ जना व्यक्तिहरूको गैर न्यायिक हत्या हुन गई मानव अधिकार उल्लङ्घन भएको पाइयो । उल्लिखित घटनामा संयुक्त सुरक्षाफौजको कमान्ड गर्ने अधिकारीले मानवता विरुद्धको कार्य गरेको पाइयो । अतः दोषी सुरक्षा फौजका अधिकारीको पहिचान गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई जनही रु. ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो ।

**निर्णय तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ............... | ............ | ................. |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम्

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६६ सालको उजुरी नं ४७३६**

**विषयः बन्दीको अधिकार (मृत्यु) ।**

**कानुनतः राज्यको नियन्त्रणमा रहेको व्यक्तिको हेर विचार, सुरक्षाको जिम्मेवारी सम्बन्धित निकायको हुन्छ । कारागार भित्र मानसिक रोगको उपचार गराइ रहेको व्यक्ति समेत सँगै रहँदाको अवस्थामा आन्तरिक तजबिज मिलाई सुरक्षाको बन्दोबस्त मिलाउनुपर्नेमा सो गरिएको नपाइएकोले मृतक व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको पाइयो ।**

- प्रकरण ८

१. रामेछाप जिल्ला, बेथान गाविस वडा नं. ५ बस्ने भक्तबहादुर लामा (सोनाम) लाई अदालतको फैसलाबमोजिम कारागार कार्यालय नख्खुमा थुनामा रहेको अवस्थामा २०६६ चैत्र २० गते टीका विक भन्ने कैदीले आक्रमण गरी हत्या गरेका र उक्त घटना योजनावद्ध ढङ्गबाट भएको हुन सक्ने भएकोले निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन पहल गरीपाऊँ भनी २०६६ चैत्र २२ मा आयोगमा उजुरी दर्ता हुन आएको रहेछ ।

२. भक्तबहादुर लामाले जिल्ला अदालत, काठमाडौँको फैसलाबमोजिम ६ वर्ष कैदको सजाय भोगिरहेकोमा जेल सजाय भुक्तानी गरिरहेकोमा कारागार कार्यालय नख्खुमा रहेको अवस्थामा २०६६ चैत्र २० गते सोही कारागारमा रहेका टीका विक भन्ने व्यक्तिले निज लामाको हत्या गरेकोले निजसँग आश्रित रहेका परिवारहरू संरक्षकविहीन भएक छन् । राज्यको सुरक्षा घेरामा रहनुभएका निजको हत्या भएपश्चात् जिल्ला प्रशासन कार्यालयमा बैठक बसी मृतकका परिवारलाई रु.पाँच लाख क्षतिपूर्ति दिने, किरिया खर्चबापत कारागार कार्यालय नख्खुबाट रु. २५०००।– दिने, छोरीहरूको अध्ययनका लागि महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरबाट रु. ३००००।– दिने निर्णय भएकोमा निर्णय भएबमोजिमका रकमहरू उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गरिदिनुहुन भन्ने समेतको व्यहोरा उल्लेख गरी २०६७ असार ३० गते आयोगमा अर्को निवेदन दर्ता हुन आएको रहेछ ।

३. कान्तिपुर राष्ट्रिय दैनिकमा २०६६ चैत्र २१ गते सोसम्बन्धी समाचार प्रकाशित भएपछि आयोगबाट भएको अनुगमनबाट देहायबमोजिमका सारभूत तथ्यहरू प्राप्त भएका रहेछन :-

- १७५ जना क्षमता भएको कारागारमा र अनुगमन अवधिमा ४ सयभन्दा बढी बन्दी तथा कैदीहरू रहेको ।

- कारागार शाखा नख्खुमा रहेका अधिकांश बन्दी तथा कैदीहरू सदा झैँ २०६६ चैत्र २० गते पनि बिहान करिब १० बजे खाना खान व्यस्त रहेका ।

- उक्त कारागारमा डाका मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट ६ वर्ष कैद र रू. ७१७७७/ जरिवाना, ललितपुर जिल्ला अदालतबाट ६ वर्ष कैद र रू. ५,८०,२३३/ जरिवाना तथा हातहतियार खरखजाना मुद्दामा जिल्ला प्रशासन कार्यालय ललितपुरबाट २ वर्ष कैद र ६ हजार रूपियाँ जरिवाना भएका रामेछाप जिल्ला बेथान गाविस वडा नं. ५ घर भएका वर्ष ३६ का सोनाम भन्ने भक्तबहादुर लामा र दैलेख जिल्ला अदालतमा चलिरहेको कर्तव्य ज्यान मुद्दाका अभियुक्त वर्ष ३३ का टीका विक पनि रहेछन् ।

- दैलेख जिल्ला अदालतले टीका बि.क.को मानसिक अवस्थाको जाँच गर्ने सम्बन्धको २०६६ भदौ ११ गतेको आदेशबमोजिम कारागार व्यवस्थापन विभागमार्फत नख्खु कारागारमा २०६६ मंसिर २६ गतेबाट राखिएको रहेछ ।

- नख्खु कारागारमा राखिसकेपछि मानसिक अस्पताल लगनखेलमा निजको उपचार कार्य सुरु भएको । चिकित्सकको सल्लाहअनुसार MRI लगायतका जाँच गरी सो अस्पतालबाट एक महिनाको लागि औषधिसमेत लेखी निजले त्यो औषधिसमेत प्रयोग गरिरहेका भन्ने बुझिएको ।

- औषधिको सेवनपछि एक महिनामा पुनः अस्पताल लानुपर्ने भए पनि निजले दैलेख जाने हो भने जान्छु अन्यत्र जान्न भनी अस्पताल जान नमानेको ।

- यस अवधिमा निजको स्वास्थ अवस्थामा मानसिक समस्याहरू नदेखिएको । यसै अवधिमा निजले आफू स्वस्थ भएको हुनाले दैलेख जानपाऊँ भनी कारागारमा उजुरी समेत दिएका रहेछन् ।

- पछिल्लो करिब डेढ महिनाभित्रमा निजका आफन्तहरू (काका तथा

भाइसमेत) आई चारपटकसम्म भेटेर गएपछि निज विक झोक्राउन थालेका । उनको व्यवहारमा सामान्य परिवर्तन देखिएको ।

- पछिल्लो समयको करिब एक हप्तादेखि कहिलेकाहीँ निजले हातमा इँटाका टुक्रा माटो आदि बोकेर हिँड्ने गरेका तर राख्नु भनेपछि इमानदार साथ राख्ने र कसैलाई कुनै किसिमको असर पर्ने काम गरेको भन्ने नपाइएको ।

- यस्तो अवस्थामा २०६६ चैत २० गते बिहान करिब १० बजेको समयमा DRC ब्लकमा बन्दी तथा कैदीहरूको खानाको लागि आवत-जावत गरिरहेको अवधिमा निज विकले भक्तबहादुरलाई नजिकै रहेको झ्यालको ठीकमाथि रहेको पुरानो इँटा झिकी पछाडिबाट आक्रमण गरेको ।

- आक्रमणबाट निज भक्तबहादुर भुइँमा ढलेका, त्यसपछि पनि निज विकले भक्तबहादुरमाथि थप ३/४ पटक लगातार टाउकोमा हानेका ।

- उक्त घटना भएको देखेपछि कारागारभित्रै रहेका अन्य बन्दीहरू गई विक र भक्तबहादुरबाट छुट्टयाई राखेका, घाइते भक्तबहादुरलाई त्यसपछि कारागार आन्तरिक प्रशासन, प्रहरी र कारागार प्रशासनसमेत भई कारागार बाहिर निकाली कारागार कम्पाउन्डभित्रै रहेको प्राथमिक उपचारको क्रममा टाउकोमा चोट लागेको ठाउँमा पट्टी बाँधिदिएका । यस क्रममा भक्तबहादुरले ऐयाऐया भन्दा थप केही बोल्न नसकेका ।

- त्यसपछि भक्तबहादुरलाई तत्काल (करिब १०.३० बजेतिर) थप उपचारको लागि एम्बुलेन्समा राखी पाटन अस्पताल पुर्‍याइएको ।

- पाटन अस्पतालमा निजको उपचारको क्रममा बिहान ११.२० बजे मृत्यु भएको । २०६६ चैत्र २१ गते १.३० बजेसम्म निजको पोस्टमार्टम नभएको ।

- घटनापछि कारागारभित्र महानगरीय प्रहरी परिसर जावलाखेलबाट घटनास्थल प्रकृति मुचुल्का घटना घटेको दिन नै तयार गरेको र ती Documents महानगरीय प्रहरी परिसर जावलाखेलमा रहेको ।

- उक्त घटना भइसकेपछि घटना घटाउनमा संलग्न देखिएको भनिएका टीका विकलाई दिनको करिब ४ बजे केन्द्रीय कारागार सुन्धारामा पठाइएको ।

- कारागार पुर्‍याउने क्रममा निज विकले

प्रहरीसँग आफूलाई भक्तबहादुरले जिस्क्याएकाले इँटाले हानेको तर ऊ मरे-बाँचेको आफूलाई थाहा नभएको भनी उल्लेख गरेको भन्ने पाइएको ।

- घटनाका सम्बन्धमा आयोगबाट २०६६ चैत्र २३ गते गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, कारागार शाखा, नख्खुलाई पत्र लेखी क्षमताभन्दा बढी सङ्ख्यामा रहेका थुनुवा तथा कैदीहरू, कारागारको भौतिक अवस्था सुधारमा समेत आयोगले पटक-पटक नेपाल सरकारको ध्यानाकर्षण गराएको समेत उल्लेख गरी घटनाको सम्बन्धमा उक्त निकायहरूको प्रतिक्रिया माग गरिएको रहेछ ।

- उल्लिखित मितिको पत्रबाट महानगरीय प्रहरी परिसर, ललितपुरसँग घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, लासजाँच प्रतिवेदन र प्रहरी प्रतिवेदन माग गरिएको देखियो ।

- उल्लिखित पत्राचार गरिएका निकायहरूमध्ये कारागार कार्यालय, नख्खुको २०६६ चैत्र २४ को पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा कर्तव्य ज्यान मुद्दामा थुनामा रहेका टीका विकले कारागारमा रहेका हातहतियार तथा डाँका चोरी मुद्दामा कैदमा रहेका सोनाम भन्ने भक्तबहादुर लामालाई २०६६ चैत्र २० गते बिहान अन्दाजी १० :१५ बजे अकस्मात् झ्यालमाथिको इँटा उप्काई पछाडिबाट प्रहार गरेका थिए । इँटाले लागि रगताम्य भई घोप्टो परी लडेको र प्रहार भइरहेको देखेपछि भित्रका कैदीवन्दीले पीडकलाई नियन्त्रणमा लिई आन्तरिक प्रशासनमा खबर गरेका र निजहरूले कारागार प्रशासनलाई खबर गरेको । खबर प्राप्त भएलगत्तै घाइतेलाई एम्बुलेन्समा राखी पाटन अस्पतालमा उपचारार्थ लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको भन्ने समेत उक्त पत्रमा उल्लेख भएको पाइयो ।

- घटनाका सम्बन्धमा ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा २०६६ चैत्र २२ र २३ गते मृतकका आफन्त जनसँग छलफल भएको, छलफलबाट भएको सहमति पत्रको छायाकपी पत्रसाथ संलग्न गरी पठाइएको भन्ने समेत उक्त पत्रमा लेखिए पनि सहमति पत्रको छायाप्रति प्राप्त भएको नदेखिएको ।

- आयोगले मृतकका परिवारको सहयोगमा २०६६ चैत्र २० गतेको जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारीसमेत भएको छलफलबाट

भएको निर्णयको नक्कल प्राप्त गरेको र उक्त निर्णयमा मृतकका परिवारलाई रु.५००,०००।– क्षतिपूर्ति दिने गरी नेपाल सरकार, गृह मन्त्रालयसमक्ष अनुरोध गरी पठाउने, किरिया खर्चबापत कारागार कार्यालय नख्खुबाट रु. २५०००।– दिने, छोरीहरूको अध्ययनका लागि महानगरीय प्रहरी परिसर जाउलाखेल ललितपुरबाट रु. ३००००।– दिने निर्णय भएको पाइयो ।

- आयोगले घटनासँग सम्बन्धित विभिन्न कागजातहरू माग गरी पत्राचार गरेका निकायहरूमध्ये महानगरीय प्रहरी परिसर, ललितपुरको च.नं. ७९ मिति २०६७।४।६ को पत्र मिसिल संलग्न देखियो । उक्त पत्रसाथ पेस भएका कागजातमध्ये सब परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा the cause of death is due to physical assault and head injury भन्ने उल्लेख भएको पाइयो ।

- घटनामा परी मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक राहत उपलब्ध गराउने सन्दर्भमा गृह मन्त्रालयबाट २०६७।३।१८ मा निर्णय भएको देखियो । उक्त निर्णयमा मृतक व्यक्तिको परिवारलाई स्थानीय स्तरमा भएको सहमतिबमोजिम आर्थिक सहायता उपलब्ध गराउन नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ भित्र नपर्ने भए तापनि राज्यपक्षबाट मृतकका परिवारलाई मानवीय संवेदनशीलताको आधारमा रु. एक लाख पचास हजार आर्थिक सहायता उपलब्ध गराउने भन्ने उल्लेख गरी निर्णयार्थ मन्त्री परिषद्को कार्यालयमा पठाएको देखियो ।

- मृतककी पत्नी ...सँग २०६८ माघ २३ गते आयोगबाट टेलिफोन सम्पर्क गर्दा रु.१५००००।– प्राप्त गरिसकेको, स्थानीय तहमा निर्णय भएबमोजिमको रकम भने प्राप्त नभएको भन्ने जानकारी प्राप्त गरियो ।

- घटनाका सम्बन्धमा आयोगले २०६६ चैत्र २३ गते गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, कारागार शाखा, नख्खुलाई पत्र लेखी क्षमताभन्दा बढी सङ्ख्यामा रहेका थुनुवा तथा कैदीहरू, कारागारको भौतिक अवस्था सुधारमा समेत आयोगले पटक-पटक नेपाल सरकारको ध्यानाकर्षण गराएकोसमेत उल्लेख गरी घटनाको सम्बन्धमा ती निकायहरूको प्रतिक्रिया माग गरिएको पाइयो ।

- उल्लिखित मितिको पत्रबाट महानगरीय प्रहरी परिसर, ललितपुरसँग घटनास्थल प्रकृति

मुचुल्का, बरामदी मुचुल्का, लासजाँच प्रतिवेदन र प्रहरी प्रतिवेदन माग गरिएको देखियो ।

- आयोगबाट पत्राचार गरिएका निकायहरूमध्ये कारागार कार्यालय, नख्खुको मिति २०६६ चैत्र २४ गतेको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा कर्तव्य ज्यान मुद्दामा थुनामा रहेका टीका विकले कारागारमा रहेका हातहतियार तथा डाँका चोरी मुद्दामा कैदमा रहेका सोनाम भन्ने भक्तबहादुर लामालाई २०६६ चैत्र २० गते बिहान अन्दाजी १०:१५ बजे अकस्मात् झ्याल माथिको इँटा उप्काई पछाडिबाट प्रहार गरेका थिए। इँटाले लागी रगताम्य भई घोप्टो परी लडेको र प्रहार भइरहेको देखेपछि भित्रका कैदीवन्दीले पीडकलाई नियन्त्रणमा लिई आन्तरिक प्रशासनमा खबर गरेका र निजहरूले कारागार प्रशासनलाई पनि खबर गरेका । खबर प्राप्त भएलगत्तै घाइतेलाई एम्बुलेन्समा राखी पाटन अस्पतालमा उपचारार्थ लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको भन्ने समेत उक्त पत्रमा उल्लेख भएको रहेछ ।

- मृतकका परिवारलाई स्थानीय प्रशासनको निर्णय भएबमोजिम रु. पाँच लाख उपलब्ध गराउने सम्बन्धी निर्णय कार्यान्वयनमा सैद्धान्तिक व्यवधान देखिएमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम रु. तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्नुपर्ने भन्ने विषयगत अधिकृतको रायसुझाव रहेको पाइयो ।

४. यस उजुरीका सम्बन्धमा निम्न विषयमा विश्लेषण गर्नुपर्ने देखियो :

- उजुरीकर्ताको माग दावीअनुसार स्थानीय स्तरमा भएको निर्णयबमोजिम मृतकका परिवारले क्षतिपूर्ति पाउनुपर्ने हो-होइन ?

- आयोगका तर्फबाट क्षतिपूर्तिका सम्बन्धमा निर्णय गर्दा केकस्ता आधारहरू विद्यमान रहेका छन् ?

५. प्रस्तुत सबालहरूमा विचार गर्दा, जिल्ला प्रशासन कार्यालय, ललितपुरका प्रमुख जिल्ला अधिकारीसमेत बसी मृतकका परिवारलाई रु. पाँच लाख क्षतिपूर्ति उपलब्ध गराउने भन्ने निर्णय भएको माइन्युटको प्रतिलिपि मिसिल संलग्न रहेको देखियो ।

६. मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक राहत उपलब्ध गराउने सन्दर्भमा गृह मन्त्रालयबाट २०६७

असार १८ गते निर्णय भएको । उक्त निर्णयमा मृतक व्यक्तिको परिवारलाई स्थानीय स्तरमा भएको सहमतिबमोजिम आर्थिक सहायता उपलब्ध गराउन नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ भित्र नपर्ने भए तापनि राज्यपक्षबाट मृतकका परिवारलाई मानवीय संवेदनशीलताको पक्षबाट रु. एक लाख पचास हजार आर्थिक सहायता उपलब्ध गराउन मन्त्री परिषद्बाट स्वीकृति लिनका लागि राय पेस गरेको देखियो । मृतकका परिवारले १५०,०००।– रूपियाँ प्राप्त गरेको भन्ने जानकारी दिएकोले गृह मन्त्रालयबाट गरेको सिफारिसअनुसार नै मन्त्री परिषद्ले निर्णय गरेको ।

७. राहत उपलब्ध गराउने सन्दर्भमा गृह मन्त्रालयले मानवीय संवेदनशीलतालाई आधार बनाएको देखिन्छ । गृह मन्त्रालयले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ अनुसार सिद्धान्ततः नमिल्ने भन्ने समेत उल्लेख गरेको पाइन्छ । सैद्धान्तिक रूपमा नमिल्ने भनेको विषयलाई मानवीय संवेदनशीलताको आधारमा दिने भनी जुन रकम तोकिएको छ, सो रकम तोक्न मिल्ने निकायबाट स्थानीय स्तरमा भएको निर्णयलाई समेत आधार मानी स्थानीय निकायको निर्णयबमोजिम नै हुने गरी रकम तोक्न नमिल्ने भन्ने देखिँदैन ।

८. **कानुनतः राज्यको नियन्त्रणमा रहेको व्यक्तिको हेर विचार, सुरक्षाको जिम्मेवारी सम्बन्धित निकायकै हुन्छ । कारागारभित्र मानसिक रोगको उपचार गराइरहेको व्यक्तिसमेत सँगै रहँदाको अवस्थामा आन्तरिक तजबिज मिलाई सुरक्षाको बन्दोबस्त मिलाउनुपर्नेमा सो गरिएको नपाइएकोले मृतक व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको पाइयो ।** घाइते हुनेबित्तिकै यथाशीघ्र उपचारका लागि अस्पताल पुर्‍याएको भन्ने पाइएकोले राज्यले गर्नुपर्ने दायित्व पूरा गरेको पाइए पनि कारागारभित्रको सुरक्षा प्रणालीको अभावमा निजको ज्यान गएको देखिएकाले यस्तो विषय संवेदनशील हुने देखिन्छ । राज्यको नियन्त्रणमा भएको व्यक्तिको ज्यान गएकाले निजको मानव अधिकार उल्लङ्घन भएको पाइएकाले आयोगले प्रचलित ऐन नियमबमोजिम क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्न सक्ने आधारसमेत देखिन्छ ।

९. यसमा निर्णयतर्फ विचार गर्दा, आयोगको अनुसन्धानबाट उक्त

कारागारमा रहेका अर्का मानसिक स्वास्थ्यको उपचार गराइरहेका व्यक्तिले इँटा प्रहार गर्दा निज लामा घाइते भई उपचारकै क्रममा मृत्यु भएको देखियो । आफ्नो नियन्त्रणमा रहेको व्यक्तिको हेरविचार, सुरक्षाको जिम्मेवारी सम्बन्धित निकायकै हुन्छ। कारागारभित्र मानसिक रोगको उपचार गराइरहेको व्यक्ति अन्य बन्दीहरूसँगै रहेको देखियो । यस्तो अवस्थामा वस्तुस्थितिको हेक्का राखी आन्तरिक सुरक्षाको बन्दोबस्त मिलाउनुपर्नेमा सो गरिएको नपाइएकाले निजको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको देखियो । अतः मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु. ३ लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन र कारागारको सुरक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

आयोगको निर्णयको जानकारी सम्बन्धित निकाय एवम् व्यक्तिहरूलाई दिई प्रस्तुत उजुरी फाइल नियमानुसार गर्नू ।

निर्णय तयार गर्ने

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ................ | ............. | ............... |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल वैशाख ३१ गते रोज १ शुभम्

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

**संवत् २०६४ सालको उजुरी नं ४२५८**

**विषय : अपहरणपछि हत्या ।**

**कुनै सशस्त्र भूमिगत समूह वा त्यसको भ्रातृसङ्गठन वा अन्य राजनैतिक पार्टी वा भ्रातृसङ्गठनका कार्यकर्ताहरूले पार्टीको हैसियतले कुनै अपराधजन्य कार्य गरेमा वा कुनै सरकारी निकाय वा अधिकारीले सोही हैसियतमा कुनै अधिकार उल्लङ्घन हुने कार्य गरेमा यस्ता कार्यहरू प्रचलित राष्ट्रिय र अन्तर र्राष्ट्रिय सिद्धान्त एवम् कानुनहरूले मानव अधिकारका विषयवस्तु मानिन्छ ।**

- प्रकरण नं. १९

**आयोगबाट अपहरण शीर्षकमा एकपटक निर्णय भैसकेको अवस्थामा निज पत्रकारको हत्या भएको सूचना सम्बद्ध सरकारी निकायबाट प्राप्त हुन आएको देखियो । अपहरण र हत्या फरक-फरक विषय हुने र ऐनबमोजिम आयोगले गर्ने सिफारिससमेत फरक-फरक हुने स्पष्ट व्यवस्था छ । कुनै व्यक्तिको अपहरण भएमा आयोगले बढीमा एकलाख सम्मको अन्तरिम राहत उपलब्ध गराउने परम्परा रहँदै आएको र कुनै व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन गरेमा बढिमा रु. ३ लाखसम्म क्षतिपूर्ति सिफारिस गरिँदै आएको छ । यी दुवै मानव अधिकारका संवेदनशील विषय हुन् । कुनै व्यक्तिको अवस्था अज्ञात हुँदा गरिने निर्णय र स्थिति ज्ञात भइसकेपछि गरिने निर्णय फरकफरक हुने नै हुँदा प्रस्तुत विषयलाई बाँच्न पाउने अधिकार शीर्षकबाट निर्णय हुनुपर्ने अवस्था सिर्जना हुन आयो ।**

- प्रकरण नं. २०

**कुनै राजनीतिक पार्टी वा व्यक्तिको आडमा गरिएको हत्याजस्तो गम्भीर प्रकृतिका अपराध क्षम्य हुन सक्तैन । कुनै व्यक्तिलाई सुराकी गरेको, असहयोग गरेको आरोपमा मार्नु निश्चय पनि अपराध हो । यस्ता काम कारबाहीहरूलाई मानव अधिकारका वर्तमान शास्त्रहरू र मानवीय कानुनहरूले पनि अपराध नै मान्दछ । राजनीतिक अपराध राजनीतिक विचारधारा, शासन सत्ता विरुद्ध, राज्य सञ्चालन प्रणाली, राज्यको संरचनाजस्ता विषयमा गरिने आन्दोलन, यस सम्बन्धमा गरिने शान्तिपूर्ण क्रियाकलापहरू, गतिविधिहरू आदिबाट सिर्जना हुने विषयवस्तु हुन् । कुनै पनि राजनीतिक विचारधाराहरूले वर्तमान प्रजातान्त्रिक विश्वमा कसैको ज्यान लिनै पर्ने राजनैतिक सिद्धान्तहरू प्रतिपादन गरेका छैनन् ।**

– प्रकरण नं. २४

**पत्रकारहरूलाई समाचार लेखे वा नलेखेकै आधारमा धम्की दिने, यातना दिने, अपहरण गर्ने, हत्या गर्ने जस्ता कार्यहरू युद्धरत पक्षहरूबाट भएका छन् । पत्रकारहरूको मानव अधिकार उल्लङ्घनले निजहरूको मात्र नभई सर्वसाधारण मानिसहरूको मानव अधिकारको उल्लङ्घन हुन पुग्दछन् । यसको प्रत्यक्ष असर सूचनासम्बन्धी हकको उपभोगमा पर्न जान्छ । समाचार सङ्कलन र सम्प्रेषण स्वतन्त्र हुनुपर्दछ अर्थात् स्वतन्त्र पत्रकारिताविना सही सूचनाको हकको संरक्षण हुन सक्तैन । स्वतन्त्र पत्रकारिताको अर्थ नै पत्रकार हरूले स्वतन्त्र** रूपमा **समाचार सङ्कलन र सम्प्रेषण गर्न पाउनु हो ।**

– प्रकरण नं. २५

**नेपाल जेनेभा महासन्धि, १९४९ को पक्ष राष्ट्र हो । यस सन्धिमा भएका प्रावधानहरू लागू हुने अवस्थाहरूमा, विशेष गरी साझा धारा ३ ले सम्बन्धित पक्ष राष्ट्रहरूको हकमा सन्धिका प्रावधान प्रयोग हुने क्षेत्रलाई अप्रत्यक्ष रूपमा मात्र परिभाषित गरेको छ । कुनै पक्ष राष्ट्रको भूभागभित्र सम्बन्धित गैरअन्तर र्राष्ट्रिय चरित्रको सशस्त्र सङ्घर्षसम्बन्धी अवधारणाको लागि प्रत्यक्ष रूपमा लागू हुने आधारहरू तय गर्ने जिम्मा राष्ट्रको अभ्यास र कानुनी व्यवस्थालाई नै छाडिदिएको पाइन्छ ।**

**तर, एउटा राष्ट्रको उक्त सङ्घर्ष एउटा स्तरमा पुगेपछि सो विषय अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु बन्दछ । यसैले माओवादी कार्यकर्ताहरूको उक्त काम कारबाहीसमेत अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको तथ्यमा विवाद देखिँदैन । यसको अर्थ जेनेभा महासन्धिको प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व सो समूहको समेत हुन जान्छ ।**

– प्रकरण नं. ३१

१. बारा जिल्ला इनरुवासिरा गाविस वडा नं. ८ बसडिलवा स्थायी घर भई प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य पत्रकार वीरेन्द्रकुमार साहलाई २०६४ असोज १८ गते बारा जिल्ला उमजन गाविस वडा नं. १ बाट नेकपा (माओवादी) का कार्यकर्ता कुन्दन फौजदार र रामएकवाल सहनीको हतियारधारी टोलीले सफाया गरिने भन्दै अपहरण गरेको हुँदा सकुशल मुक्त गराईपाऊँ भन्ने समेतको ब्यहोरा उल्लेख गरी २०६४ असोज २० मा आयोगमा उजुरी दर्ता भएको ।

२. उजुरी दर्ता भएपछि च.नं. ४२५८ संरक्षण २४५७ मिति २०६४ असोज २१ गते आयोगबाट नेकपा (माओवादी) को कार्यालय, नयाँ वानेश्वर, काठमाडौँलाई सम्बोधन गरी गरिएको पत्र मिसिल

संलग्न रहेछ । उक्त पत्रमा यसप्रकारका घटनाहरूले नेकपा (माओवादी) बाट पटक-पटक नागरिकहरूको मानव अधिकार सम्मान गर्ने विषयमा जारी गरिएका प्रतिबद्धताहरू र विस्तृत शान्ति सम्झौतासमेतको उल्लङ्घन हुन जाने देखिँदा तहाँबाट पीडितको मानव अधिकारको रक्षा हुनेछ भन्ने कुरामा विश्वस्त हुँदै उल्लिखित सम्बन्धमा केकसो भएको हो ? सोको जानकारी यस आयोगमा यथाशीघ्र उपलब्ध गराइदिनू भन्ने समेतको व्यहोरा उल्लेख भएको रहेछ ।

३. जिल्ला प्रशासन कार्यालय, बारा कलैयालाई च.नं. ४२५७, संरक्षण २४५७ मिति २०६४ असोज २१ गते आयोगबाट प्रेषित गरिएको पत्र पनि मिसिल संलग्न देखियो । उक्त पत्रमा घटनाको सम्बन्धमा के-कसो भएको हो ? सोको यथार्थ जानकारी यस आयोगमा यथाशीघ्र उपलब्ध गराउनू भन्ने समेतको व्यहोरा उल्लेख गरी सोको बोधार्थ गृह मन्त्रालय सिंहदरवार, काठमाडौँ, शान्ति तथा पुनःनिर्माण मन्त्रालय, सिंहदरवार, काठमडौ र जिल्ला प्रहरी कार्यालय, बारालाई प्रेषित गरिएको रहेछ ।

४. निज पत्रकार वीरेन्द्रकुमार साहलाई अपहरण गरी बेपत्ता पारिएको घटनाका सम्बन्धमा मानव अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था इन्सेकले तयार गरेको प्रारम्भिक स्थलगत अध्ययन प्रतिवेदन पनि मिसिल संलग्न रहेछ । उक्त प्रतिवेदनमा खुलाइएको मुलभूत तथ्यहरू देहायबमोजिम रहेको पाइयो ।

- कुन्दन फौजदार र रामएकवाल सहनीले २०६४ असोज १८ गते निज पत्रकारलाई अपहरण गरेको घटना सम्बन्धमा सोही दिन नेपाल पत्रकार महासङ्घ बारासमेतले घटनाको निन्दा गर्दै निजको रिहाइको लागि प्रेस-विज्ञप्ति जारी गरेको ।

- पत्रकार र मानव अधिकारकर्मीहरू समेतको टोलीले १९ गते सम्भाव्य इलाकामा गई खोजी कार्य गरी सकुशल रिहाइको लागि प्रेस-विज्ञप्ति जारी गरेको । कुन्दन फौजदार नेकपा (माओवादी) का कार्यकर्ता नरहेको भनी विभिन्न समाचार माध्यमहरूमा नेकपा (माओवादी) ले समाचार सम्प्रेषण गरेको ।

- खोजी कार्य जारी राख्दै २० गते जुलुस निकालिएको र केही समय जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिई चक्काजाम गरिएको । २१ गते निज वीरेन्द्रसँगै अपहरणमा परी मुक्त भएका ..., पत्रकारहरू र

प्रमुख जिल्ला अधिकारी एवम् बारा जिल्लाका प्रहरी प्रमुखसँग छलफल गरिएको ।

- घटनामा संलग्न रहेका भनिएका कुन्दन फौजदार नेकपा (माओवादी) का जिम्मेवार कार्यकर्ता रहेका र निजले नै वीरेन्द्र साहलाई अपहरण गरि लगेको भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ रहेको र घटना घट्नुअघि नै कुन्दन फौजदारलाई पार्टीले निष्कासन गरेको भनी पार्टीका जिम्मेवार कार्यकर्ताले बताए तापनि घटना भइसकेपछि मात्र निजलाई पार्टीले निष्कासन गरेको ।

- अपहरण गर्ने कार्यमा नेकपा (माओवादी) का कार्यकर्ताहरू लालबहादुर चौधरी, कुन्दन फौजदार र रामएकवाल सहनीको प्रत्यक्ष संलग्नता रहेको भनी इन्सेकका महासचिवले विभिन्न समाचार माध्यमहरूबाट अन्तर्वार्ता दिनुभएको ।

५. घटनाको सम्बन्धमा आयोगले नेपालको अन्तरिम संविधान २०६३, मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, विस्तृत शान्ति सम्झौतालगायत मानव अधिकारको आधारभूत मूल्य मान्यतालाई समेत ध्यान राखी आफ्नो कब्जामा रहेका पत्रकार वीरेन्द्र साहलाई अविलम्ब बिनासर्त मुक्त गरी आगामी दिनमा यसप्रकारका गतिविधि नहुने कुराको सुनिश्चितता एवम् मानव अधिकारको सम्मान गर्न नेकपा माओवादीलाई आग्रह गर्दै २०६४ असोज २२ गते जारी गरेको प्रेस-विज्ञप्ति पनि मिसिल संलग्न रहेछ । ... ।

६. पत्रकार वीरेन्द्रकुमार साहको अपहरण घटनाबारे नेपाल पत्रकार महासङ्घ मिसनको स्थलगत भ्रमण प्रतिवेदन पनि मिसिल संलग्न रहेछ । उक्त प्रतिवेदनको निष्कर्षमा पत्रकार साहको अपहरण नेकपा (माओवादी) ले गरेको उल्लेख भएको देखियो । मिसनले असोज २१ गते पर्साको वीरगन्जमा पत्रकार सम्मेलन गरी अपहरणको जिम्मा लिन र अविलम्ब पत्रकार साहको सकुशल रिहाइ गर्न नेकपा (माओवादी) सँग जोडदार माग गरिसकेको, राष्ट्रिय-अन्तर्राष्ट्रिय दबावका बाबजुद पनि अपहरित पत्रकार साहको अवस्था कस्तो छ र उहाँलाई कहाँ राखिएको छ भन्ने जानकारी कतैबाट नआएको कारण उहाँ जीवित अवस्थामा रहेको आशा गर्दागर्दै शङ्का गर्नुपर्ने देखिएको, पत्रकार साहको जीवन रक्षा र सकुशल रिहाइका लागि चौतर्फी दवाब बढाउन मिसनले जोड दिँदै आपराधिक कार्यमा संलग्न

व्यक्तिमाथि कडा कानुनी कारबाहीको आवश्यकता रहेको ब्यहोरा उल्लेख गरिएको रहेछ ।

७. आयोगबाट च.न.४२५८ संरक्षण २४७४ मिति २०६४।६।२७ गते नेकपा माओवादीको कार्यालय बुद्धनगर, काठमाडौँलाई ताकेता गरी पत्रको जबाफ ७ दिनभित्र उपलब्ध गराइदिन भनी पुनः पत्राचार गरेको रहेछ । साथै, सोही मितिमा गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, बारालाई सम्बोधन गरी प्रेषित गरिएको ताकेतापत्र पनि मिसिल संलग्न रहेछ । ... ।

८. आयोगबाट च.नं.२४७७, मिति २०६४।६।२८ गते प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयलाई पत्रकार वीरेन्द्रकुमार साहको अपहरण भएको घटनाको सूक्ष्मरूपले अनुसन्धान छानबिन गरी निजको अवस्था अविलम्ब सार्वजनिक गरी दोषीलाई कारबाही गर्न र मानव अधिकार रक्षकहरूको सुरक्षाको निमित्त विशेष प्रबन्ध मिलाउनका लागि सिफारिस गरिएको पत्र मिसिल संलग्न रहेछ । सोको बोधार्थ तथा कार्यार्थ श्री गृह मन्त्रालयलाई प्रेषित गरिएको रहेछ ।

९. घटनाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बाराबाट च.न. १५१२, मिति २०६४।६।३० गते च.नं. ४२५८ संरक्षण २४५७, मिति २०६४।६।२१ गते आयोगबाट माग भएअनुसारको विस्तृत ब्यहोराको प्रतिवेदन प्राप्त भएको रहेछ । प्राप्त प्रतिवेदनमा माओवादीका पूर्व जनसरकार प्रमुख तथा जिल्ला सेक्रेटरी लालबहादुर चौधरी र वीरेन्द्र साहबीच व्यक्तिगत रिसइबीको कारणले निजहरूमा दुस्मनी बढ्दै गएको भन्ने खुल्न आएको देखियो । वीरेन्द्र साहसँगै अपहरित भई घाइते अवस्थामा मुक्त भएका पत्रकार ... लाई प्रहरीले उद्धार गरी उपचारार्थ वीरगन्ज पुर्‍याएको । निज वीरेन्द्र साहको खोजी कार्य विभिन्न शङ्कास्पद स्थानमा तदारुकताका साथ गर्दै आएको तथा शङ्कास्पद व्यक्तिहरूबाट हातहतियार समेत बरामद भइरहेको । पीडित वीरेन्द्र साहको सम्बन्धमा परिवारबाट जाहेरी दर्ता नभएतापनि तर प्रहरी प्रतिवेदनका आधारमा अभियुक्तहरू लालबहादुर चौधरी, कुन्दन फौजदार र रामएकवाल सहनीलगायतका माओवादी कार्यकर्ताहरू विरुद्ध जिल्ला प्रहरी कार्यालयमा मिति २०६४ असोज २४ गते मानवको ओसार-पसारसम्बन्धी मुद्दा दर्ता गरिएको तर निजहरू फरार रहेकोले नियन्त्रणमा लिन नसकिएको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

१०. जिल्ला प्रशासन कार्यालय, बारालाई सम्बोधन गरी गृह मन्त्रालयले च.न. ५८ मिति २०६४ कार्तिक १३ गते प्रेषित पत्रको बोधार्थ मिसिल संलग्न देखियो। प्रेषित पत्रमा पत्रकार वीरेन्द्र साहको अपहरण सम्बन्धमा घटना भएको १० दिन बितिसक्दा पनि अवस्थाको बारेमा कुनै जानकारी प्राप्त हुन नआएकोले राष्ट्रिय मानव अधिकार आयोगको च.नं. २४७७ मिति २०६४ असोज २८ गतेको ठहर र सिफारिससहितको पत्र प्राप्त हुन आएकोले पत्रकारको खोजी गर्नू भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

११. जिल्ला प्रशासन कार्यालयको च.नं. २१०३ मिति २०६४ मंसिर १२ गते आयोगलाई सम्बोधन गरी प्रेषित पत्र मिसिल संलग्न देखियो। उक्त पत्रमा २०६४ मंसिर १८ गते वीरेन्द्रकुमार साहलाई अपहरण गरी लगेपश्चात् निजको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, बारा, सशस्त्र प्रहरी वल भद्रकाली गण पिलुवा तथा सशस्त्र प्रहरी वल सीमा सुरक्षा कार्यालयहरूबाट तदारुकताका साथ खोजी कार्य हुँदा पनि निज पत्रकार फेला पर्न नसकेको र मिति २०६४/७/२२ गते पत्रकार वीरेन्द्रकुमार साहको मृत शव प्राप्त भई सो शवलाई पोस्ट-मार्टमपश्चात् निजको परिवारलाई बुझाई मिति २०६४ कार्तिक २३ गते निजको दाहसंस्कार समेतको कार्य सम्पन्न भइसकेको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

१२. घटनाको सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्नको लागि आयोगबाट खटिएको टोलीले अनुसन्धानपश्चात् अयोगमा पेस गरेको प्रतिवेदन मिसिल संलग्न पाइयो । प्रतिवेदनमार्फत प्राप्त तथ्य र निष्कर्षका सारहरू निम्नबमोजिम भएको पाइयो ।

- २०६४ असोज १८ गते बारा जिल्ला उमजन गाविस वडा नं. १ को वन उपभोक्ता समितिको कार्यालयमा पत्रकार वीरेन्द्रकुमार साह, रामदेव र माओवादी कार्यकर्ता लालबहादुर चौधरी र वन उपभोक्ताका सदस्यबीच छलफल भएको। सोही दिन दिउसो २ बजेतिर नेकपा (माओवादी) का कार्यकर्ता कुन्दन फौजदार र रामएकवाल सहनीसमेत मुख छोपेर मोटर साइकलमा आएका। त्यसपछि उनीहरूले निज पत्रकार वीरेन्द्रकुमार साह र पत्रकार रामदेवसँग काठ तस्करीबारे सूचना लिनुपर्नेछ, फोटो खिची पत्रिकामा निकाल्नुपऱ्यो भनेका। वीरेन्द्रले आफूसँग क्यामरा नभएको र निजी कामले आएको हुँदा समाचार सङ्कलन गर्न नजाने भनेपछि

माओवादीका कार्यकर्ता कुन्दनले निज वीरेन्द्रलाई मोटर साइकल जबरजस्ती चलाउन लगाई आफू पछाडि बसेको र रामदेवको मोटर साइकलमा रामएकवाल पछाडि बसी केही पर पुगेका । त्यसपछि दुवै जना पत्रकारलाई उनीहरूले गाली गरी पेस्तोल देखाई अपहरण गरेको भन्ने तथ्य प्राप्त भएको ।

- सोही दिन बेलुका अन्दाजी ५ बजेतिर पसौनाका दुई जना व्यक्तिहरूसँग ककडी रेन्जपोस्टमा भेट भएको र कुन्दन फौजदार र रामएकवाल सहनीले निज वीरेन्द्रसमेतलाई सखुवा गाउँको जङ्गलतर्फ लिई गएको ।

- पत्रकारद्वयलाई अपहरण गरी पसौनी हुँदै लगिएको छ भन्ने हल्ला चलेपछि ५०/६० जना स्थानीय व्यक्तिहरू खोजी गर्न गएको तर अपहरित पत्रकार निज वीरेन्द्रलाई भेट्न नसकेको ।

- नेकपा माओवादीका लालबहादुर चौधरी सखुवा जङ्गल नजिकै रहेका, त्यहाँबाट पत्रकारद्वय वीरेन्द्र र रामदेवलाई फरकफरक स्थानमा राखी रामदेवलाई कुटपिटसहित शारीरिक र मानसिक यातना दिई मुक्त गरेका । तर, वीरेन्द्र साहलाई देखाउँदै यो हाम्रो पार्टीको रेडलिस्टमा परेको छ पार्टीको निर्णयबमोजिम यसलाई हामी लैजान्छौँ भनी सखुवा जङ्गल हुँदै टाँगिया बस्तीतिर लिई गएका । घाइते .... पसौनास्थित स्थानीय व्यक्तिको सहयोगमा वीरगन्ज नारायणी उपक्षेत्रीय अस्पतालमा पुगी भर्ना भई उपचार गरी २०६४ असोज १९ गते डिस्चार्ज भएका ।

- निज वीरेन्द्र साहको अपहरणमा संलग्न व्यक्तिहरूमध्ये लालबहादुर चौधरी नेकपा (माओवादी) को ४ नं. क्षेत्रको इन्चार्ज र बारा जिल्ला कार्य समितिका सदस्य तथा पूर्व जनसरकार प्रमुख भएका, कुन्दन फौजदार थारूवान मुक्ति मोर्चाको जिल्ला अध्यक्ष, रामएकवाल सहनी नेकपा (माओवादी) को भातृसङ्गठन वाइसिएल उपसंयोजक भएका र हरेराम पटेल मधेसी राष्ट्रिय मुक्ति मोर्चाको जिल्ला अध्यक्ष रहेको बुझिएको । अपहरणपश्चात् लालबहादुर चौधरी, कुन्दन फौजदार, रामएकवाल सहनी र हरेराम पटेल फरार रहेका ।

- अमलेखगन्ज-९ चकरी गाँउभन्दा करिब ५ किमि पर सेती खोलाको जङ्गलमा कुहिएको अवस्थामा २०६४ असोज २८ गते भेटिएको लास निज वीरेन्द्र साहको हो भनी शङ्का गरिएको, परिवारलाई देखाउँदा सनाखत हुन नसकेकाले डिएनए परीक्षणको

लागि पठाइएको जानकारी सुरक्षा निकायबाट प्राप्त भएको ।

- निज वीरेन्द्र साहको अपहरण सम्बन्धमा अन्तरिम व्यवस्थापिकाको संसदीय समिति, नेपाल पत्रकार महासङ्घ, इन्सेकलगायत मानव अधिकारकर्मीको टोलीबाट तथ्य सङ्कलन गरी सार्वजनिक भएको। २०६४ कार्तिक ११ गते नेकपा (माओवादी) का प्रवक्ता कृष्णबहादुर महराद्वारा विज्ञप्ति प्रकाशित गरी तीन सदस्यीय छानबिन समिति गठन भएको । त्यसैगरी २०६४ कार्तिक १४ गते पत्रकार महासङ्घको भेटमा माओवादी अध्यक्ष प्रचण्डद्वारा पार्टी नीतिविपरीत निज पत्रकार वीरेन्द्र साहको अपहरणमा आफ्ना कार्यकर्ताको संलग्नता भएकोले केही दिनभित्रै निजको अवस्था सार्वजनिक गर्ने समाचार सञ्चार माध्यमहरूमा सम्प्रेषित भएको । तर आयोगको अनुसन्धान टोलीले नेकपा (माओवादी) बाराका इन्चार्ज अनिलसँग सम्पर्क गर्दा पत्रकार साहको अपहरणमा आफ्नो पार्टीको संलग्नता नरहेको, कुन्दन फौजदार र रामएकवाल सहनी आफ्नो पार्टीमा नरहेको भन्ने जानकारी दिएको रहेछन् ।

- पत्रकार वीरेन्द्र साहसँगै अपहरणमा परि रिहा भएका ... लाई हाल पनि मोबाइलमा धम्की आउने गरेको हुँदा निजको परिवार हाल विस्थापित भई कलैयामा बसी आएको । वीरेन्द्र साहको अपहरण भएको ३ हप्ता बितिसक्दा पनि अपहरणमुक्त नगरिएको हुँदा निजको ८२ वर्षीय वृद्ध असक्त बुवा, नाबालक छोराछोरी र श्रीमतीसमेतलाई मनोसामाजिक असर परेको ।

- लालबहादुर चौधरी र निज वीरेन्द्र साह एकै गाउँका रहेका, उनीहरूबीच पारिवारिक बेमेल रहेको र पटक-पटक वीरेन्द्र साहलाई लालबहादुर चौधरीले मार्ने धम्की दिएको, अपहरण गरिएको दिन बिहान वीरेन्द्रसँग लालबहादुरले भेट गरेको, व्यक्तिगत रिसइबीसमेत रहेको । सोही ब्यहोरा जिल्लास्थित सुरक्षा निकायको समेत रहेको पाइएको र निज वीरेन्द्रसँगै अपहरणमा परी मुक्त भएका व्यक्तिले नेकपा (माओवादी) का कार्यकर्ताले नै आफू र निज वीरेन्द्रलाई अपहरण गरेको भन्ने जानकारी दिएबाट निज वीरेन्द्र साहलाई नेकपा माओवादीमा आबद्ध जिम्मेवार कार्यकर्ताले नै अपहरण गरेको बुझिन आएकाले यस घटनामा माओवादी पार्टीको संलग्नता थिएन भन्न सक्ने अवस्था नरहेको ।

- उपर्युक्त तथ्यहरूको

आधारमा निज वीरेन्द्रकुमार साहलाई सुनियोजित रूपमा अपहरण गर्नमा नेकपा माओवादीका जिम्मेवार जिल्लास्तरका नेता कार्यकर्ता कुन्दन फौजदार र रामएकवाल सहनीबाट मोटरसाइकलमा राखि जङ्गलमा लगिएको र लालबहादुर चौधरी, हरेराम पटेलको समेत प्रत्यक्ष संलग्नता रहेको देखिँदा दोषीलाई कानुनबमोजिम कारबाही गर्न र वीरेन्द्र साहको सकुसल रिहाइ (मुक्ति) को लागि प्रभावकारी कदम चाल्न सरकारी निकायबाट पर्याप्त पहल नभएकोले अविलम्ब आवश्यक पहल गर्न, निज वीरेन्द्र साहसँगै अपहरणमा परी मुक्त भएका तथा उक्त घटनाका चस्मदिद गवाह ... लाई अझै पनि नेकपा (माओवादी) का कार्यकर्ताले पटक-पटक धम्की दिएको र निज ... को परिवार विस्थापित भएको पाइएकोले निजको र निजको परिवारको सुरक्षाको आवश्यक व्यवस्था मिलाउन र प्रेस स्वतन्त्रताको रक्षाको लागि शान्ति सुरक्षालगायत आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।

- माओवादीको जिम्मेवार कार्यकर्ताहरूको निज वीरेन्द्र साहको अपहरणमा संलग्नता भएको देखिएकोले त्यस्तो कार्य नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मंसीर ५ गते भएको विस्तृत शान्ति सम्झौता विपरीत भएको देखिँदा निजको अवस्था अविलम्ब सार्वजनिक गर्न, प्रेस स्वतन्त्रताको रक्षा गर्न र दोषीलाई कानुनी कारबाही गर्न सहयोग पुर्‍याउन आह्वान गर्नुपर्ने भन्ने समेतको ब्यहोरा अनुसन्धान प्रतिवेदनमा खुलाइएको पाइयो ।

१३. आयोगबाट गरिएको स्थलगत अनुसन्धानको प्रतिवेदनउपर प्रतिक्रिया माग गर्दै च.नं. २५१७ मिति २०६४।७।१५ गते प्रेषित पत्र र प्रतिवेदन मिसिल संलग्न देखियो । आयोगले माग गरेको प्रतिक्रियाउपर सम्बन्धित निकायबाट कुनै जवाफ प्राप्त भएको देखिएन ।

१४. लालबहादुर चौधरी र निज वीरेन्द्र साह एकै गाउँका रहेका, उनीहरूबीच पारिवारिक बेमेल रहेको र पटक-पटक वीरेन्द्र साहलाई लालबहादुर चौधरीले मार्ने धम्की दिएको, अपहरण गरिएको दिन बिहान निज वीरेन्द्रलाई लालबहादुरले भेट गरेको, व्यक्तिगत रिसइबीसमेत रहेको थियो । सोही ब्यहोरा जिल्लास्थित सुरक्षा निकायको समेत रहेको पाइएको र निज वीरेन्द्रसँगै अपहरणमा परी मुक्त भएका व्यक्तिले नेकपा (माओवादी)

का कार्यकर्ताले नै आफू र निज वीरेन्द्रलाई अपहरण गरेको भन्ने जानकारी दिएबाट निज वीरेन्द्र साहलाई नेकपा माओवादीमा आबद्ध जिम्मेवार कार्यकर्ताले नै अपहरण गरेको बुझिन आएकोले यस घटनामा माओवादी पार्टीको संलग्नता थिएन भन्न सक्ने अवस्था नरहेको । अतः बाराका पत्रकार वीरेन्द्र साहको अपहरणका सम्बन्धमा आयोगबाट गरिएको अनुसन्धान प्रतिवेदन सिफारिससहित नेपाल सरकारलाई पठाउने भन्ने समेतको आयोगबाट २०६४ कार्तिक १५ गते निर्णय भएको रहेछ ।

१५. प्राप्त तथ्यहरूको आधारमा निज वीरेन्द्र साहलाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरेको विषयमा आयोगबाट निर्णय भइसकेपश्चात् निजको हत्या भएको बुझिन आएकाले उक्त घटनाबारे ज्यान मुद्दासम्बन्धी विषयमा जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भए-नभएको बुझी, भएको भए कारबाहीको स्थितिसमेत बुझी जबाफ प्राप्त भएपछि मिसिल पेस गर्नू भन्ने समेत मा.रामनगिना सिंहज्यूबाट २०६७ माघ २४ गते भएको आदेश मिसिल संलग्न रहेछ ।

१६. मा.सदस्यज्यूको आदेशानुसार मिति च.नं. ९०६ मिति २०६८ वैशाख १९ गते जिल्ला प्रहरी कार्यालय बारालाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा पत्रकार वीरेन्द्रकुमार साहको हत्या सम्बन्धमा जिल्ला प्रहरी कार्यालयबाट भएगरेका काम कारबाहीहरूको बारेमा यथाशीघ्र आयोगलाई जानकारी उपलब्ध गराउनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

१७. आयोगबाट पत्राचार गरिएबमोजिम जिल्ला प्रहरी कार्यालय, बाराको च.नं. १७७९ मिति २०६८ जेठ १३ गते मार्फत आयोगका नाममा प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा पत्रकार वीरेन्द्रकुमार साहलाई अपहरण गरी गोली प्रहार गरी कर्तव्य गरी मारेको बारदातमा संलग्न जिल्ला बारा इनरबासिरा गाविस वार्ड नं. ७ बस्ने लालबहादुर चौधरी, ऐ.वार्ड नं. ९ बस्ने मनेजर गिरी, ऐ. गढवाल वार्ड नं. ५ बस्ने कुन्दन फौजदार भन्ने नरेन्द्र फौजदार, ऐ. खोपवा वार्ड नं. ८ बस्ने रामएकबाल सहनी र ऐ. तेलकुवा ४ बस्ने हरेराम पटेलसमेत जना ५ उपर पत्रकार साहको ... किटानी जाहेरी दरखास्त परी यस कार्यालयबाट कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी अभियुक्तहरूमध्येको मनेजर गिरी तत्कालै पक्राउमा परी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी

बारदातमा संलग्न अभियुक्तहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महल र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअनुसार दण्ड सजायको माग-दाबी लिई यस कार्यालयको २०६५ कार्तिक ।११ गतेको राय प्रतिवेदनसाथ जिल्ला सरकारी वकिल कार्यालय बारामार्फत जिल्ला अदालत बारामा पेस गरिएकोमा अदालतको आदेशानुसार प्रतिवादी मजेजर गिरी पुर्पक्षको लागि थुनामा गएको र त्यसपश्चात् फरार रहेका प्रतिवादीहरूको खोज-तलास गर्दै जाँदा फरार रहेका रामएकबाल सहनी पक्राउ परी यस कार्यालयको मिति २०६५ पुष २१ गतेको पत्रसाथ अदालतमा पेस गरिएकोमा निज सहनी पनि पुर्पक्षको लागि थुनामा गएको, हाल प्रस्तुत मुद्दा बारा जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको र अन्य फरार रहेका अभियुक्तहरूको खोज तलास पक्राउ गर्ने कार्य जारी रहेको भन्ने समेत उल्लेख भएको पाइयो ।

१८. यस अवस्थामा प्रस्तुत घटनामा निज पत्रकार वीरेन्द्रकुमार साहको मानव अधिकार उल्लङ्घन भएको हो-होइन भनी विश्लेषण गर्नुपर्ने देखियो ।

१९. यस सबालमा विवेचना गर्नुपूर्व घटनाको स्वरूप अपराधजन्य हो कि मानव अधिकार उल्लङ्घनजन्य हो भनी स्पष्ट हुन जरुरी हुन्छ । **कुनै सशस्त्र भूमिगत समूह वा त्यसको भ्रातृसङ्गठन वा अन्य राजनैतिक पार्टी वा भ्रातृसङ्गठनका कार्यकर्ताहरूले पार्टीको हैसियतले कुनै अपराधजन्य कार्य गरेमा वा कुनै सरकारी निकाय वा अधिकारीले सोही हैसियतमा कुनै अधिकार उल्लङ्घन हुने कार्य गरेमा यस्ता कार्यहरू प्रचलित राष्ट्रिय र अन्तर्राष्ट्रिय सिद्धान्त एवम् कानुनहरूले मानव अधिकारका विषयवस्तु मानिन्छ ।** अतः उल्लिखित सबालमा विचार गर्दा कुन्दन फौजदारसमेतका व्यक्तिहरूको हैसियत के हो भन्ने सबालमा विवेचना गर्नुपर्ने देखियो । विभिन्न प्रत्यक्षदर्शीहरू, पीडितका आफन्तहरू, सुनी जान्ने साक्षीहरू, विभिन्न राजनीतिक दलहरूको भनाइ, विभिन्न मानव अधिकारका क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूको प्रतिवेदन, प्रेश वक्तव्यहरू र आयोगको स्थलगत अनुसन्धानबाट प्राप्त तथ्यहरू र आयोगबाट अपहरण शीर्षकमा भएको निर्णयका आधारमा समेत अपहरणमा संलग्न कुन्दन फौजदारसमेतको संलग्नता रहेको तथ्यमा विवाद देखिएन । निज कुन्दन फौजदारसमेतका व्यक्तिहरू तत्कालीन नेकपा (माओवादी) का जिल्ला स्तरका नेता वा कार्यकर्ताहरू

रहेको खुल्न आएबाट निजहरूले पार्टीको सक्रिय कार्यकर्ताकै हैसियतबाट निज वीरेन्द्र साहलाई अपहरण गरेको पुष्टि भएकोले यस घटनाको विषयवस्तु मानव अधिकारकै विषयवस्तु रहेको तथ्यमा कुनै विवाद देखिँदैन ।

२०. **आयोगबाट अपहरण शीर्षकमा एकपटक निर्णय भैसकेको अवस्थामा निज पत्रकारको हत्या भएको सूचना सम्बद्ध सरकारी निकायबाट प्राप्त हुन आएको देखियो । अपहरण र हत्या फरक-फरक विषय हुने र ऐनबमोजिम आयोगले गर्ने सिफारिससमेत फरक-फरक हुने स्पष्ट व्यवस्था छ । कुनै व्यक्तिको अपहरण भएमा आयोगले बढीमा एकलाख सम्मको अन्तरिम राहत उपलब्ध गराउने परम्परा रहँदै आएको र कुनै व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन गरेमा बढिमा रु. ३ लाखसम्म क्षतिपूर्ति सिफारिस गर्रिँदै आएको छ । यी दुवै मानव अधिकारका संवेदनशील विषय हुन् । कुनै व्यक्तिको अवस्था अज्ञात हुँदा गरिने निर्णय र स्थिति ज्ञात भइसकेपछि गरिने निर्णय फरकफरक हुने नै हुँदा प्रस्तुत विषयलाई बाँच्न पाउने अधिकार शीर्षकबाट निर्णय हुनुपर्ने अवस्था सिर्जना हुन आयो ।**

२१. अब, निज पत्रकारको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको हो कि होइन भन्नेतर्फ विवेचना गरौँ । यसतर्फ जिल्ला प्रहरी कार्यालय बाराको च.नं. १७७९ २०६८ जेठ १३, गतेको पत्रमार्फत पत्रकार वीरेन्द्रकुमार साहलाई अपहरण गरी गोली प्रहार गरी कर्तव्य गरी मारेको बारदातमा संलग्न जिल्ला बारा गाविस ईनर्वासिरा वार्ड नं. ७ बस्ने लालबहादुर चौधरी, ऐ.वार्ड नं. ९ बस्ने मनेजर गिरी, ऐ. गढवाल वार्ड नं. ५ बस्ने कुन्दन फौजदार भन्ने नरेन्द्र फौजदार, ऐ. खोपवा वार्ड नं. ८ बस्ने रामएकबाल सहनी र ऐ. तेलकुवा ४ बस्ने हरेराम पटेलसमेत जना ५ उपर पत्रकार साहको ... किटानी जाहेरी दरखास्त परी यस कार्यालयबाट कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी अभियुक्तहरूमध्येको मनेजर गिरी तत्कालै पक्राउमा परी सम्पूर्ण अनुसन्धान कार्य पूरा गरी बारदातमा संलग्न अभियुक्तहरूलाई मुलुकी ऐन ज्यान सम्बन्धी महल र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअनुसार दण्ड सजायको मागदाबी लिई जिल्ला प्रहरी कार्यालयको २०६५ कार्तिक ११ गतेको राय प्रतिवेदन साथ जिल्ला सरकारी वकिल कार्यालय बारामार्फत बारा जिल्ला अदालतमा पेस गरिएकोमा अदालतको आदेशानुसार

प्रतिवादी मनेजर गिरी पुर्पक्षको लागि थुनामा गएको र त्यसपश्चात् फरार रहेका प्रतिवादीहरूको खोज-तलास गर्दै जाँदा फरार प्रतिवादीहरूमध्येको रामएकबाल सहनी पक्राउ परी सोही कार्यालयको २०६५ पुष २१ गतेको पत्र साथ अदालतमा पेस गरिएको र निज सहनी पनि पुर्पक्षको लागि थुनामा गएको, हाल प्रस्तुत मुद्दा बारा जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको र अन्य फरार रहेको अभियुक्तहरूको खोज तलास पक्राउ गर्ने कार्य जारी रहेको भन्ने समेत उल्लेख भएको पाइयो । आयोगको अनुसन्धानबाट समेत लास फेला परेको तर चिन्न नसक्ने अवस्थामा रहेकोले डिएनए परीक्षणका लागि पठाइएको भन्ने समेत खुल्न आएकोमा पछि अनुसन्धान हुँदै जाँदा निजलाई अपहरण गर्ने कुन्दन फौजदारसमेतले हत्या गरेको खुल्न आएको र जिल्ला अदालत बाराको आदेशले घटनामा संलग्न केही व्यक्तिहरूलाई पुर्पक्षको लागि थुनामा लगिएको बुझिन आएबाट निज साहलाई अपहरणपछि हत्या गरेको तथ्यमा कुनै विवाद देखिएन ।

२२. नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनाले नागरिक स्वतन्त्रता र आधारभूत मौलिक अधिकारलाई सुरक्षित गरेको छ । नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानुनी राज्यको अवधारणलाई संविधानमार्फत प्रतिबद्धता जनाइएको छ । सामान्य अवस्थामा व्यक्तिको मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षकको रूपमा राज्य रहेको हुन्छ । सशस्त्र द्वन्द्वको अवस्थामा व्यक्तिका मौलिक हकहरू र विशेष गरी बाँच्न पाउने अधिकारहरू ज्यादै नै जोखिममा पर्दछन् । विगत १० वर्षसम्मको आन्तरिक सशस्त्र सङ्घर्षका कारण जीवन गुमाएका, यातना पाएका, विस्थापित भएका, बेपत्ता भएका तथ्यहरूबाट पनि यो कुरा सिद्ध हुन्छ । आन्तरिक सशस्त्र सङ्घर्षका अवस्थामा राज्यको दायित्व झन् संवेदनशील र जोखिमपूर्ण हुन्छन् । दोस्रो विश्वयुद्ध तथा विभिन्न अन्तर्राष्ट्रिय सशस्त्र युद्धहरूमा मानव अधिकारको संरक्षण र मानवीय कानुनको परिपालनाको प्रश्न चुनौतीकै रूपमा रहिआएको पाइन्छ ।

२३. आधुनिक राजनीतिशास्त्र र प्रजातान्त्रिक संविधानहरूले नागरिकहरूको मौलिक अधिकार संरक्षणकर्ताको रूपमा राज्यलाई स्वीकार गरेको छ । नागरिकका मौलिक हकहरूको संरक्षण राज्यको

प्राथमिक दायित्वको विषय हो । अतः माओवादी कार्यकर्ताहरूको यस्तो कारबाहीले तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रदान गरेको मौलिक हक, प्रचलित नेपाल कानुन तथा अन्तर्राष्ट्रिय कानुनहरूद्वारा प्रदत्त हक-अधिकारको ठाडो उल्लङ्घन भएको देखियो । यसकारण यस घटनामा माओवादी कार्यकर्ताहरूले मानवीय कानुनको उल्लङ्घन गरेको स्पष्ट हुन्न आयो ।

२४. **कुनै राजनीतिक पार्टी वा व्यक्तिको आडमा गरिएको हत्याजस्तो गम्भीर प्रकृतिका अपराध क्षम्य हुन सक्तैन । कुनै व्यक्तिलाई सुराकी गरेको, असहयोग गरेको आरोपमा मार्नु निश्चय पनि अपराध हो । यस्ता काम कारबाहीहरूलाई मानव अधिकारको वर्तमान शास्त्रहरू र मानवीय कानुनहरूले पनि अपराध नै मान्दछ । राजनीतिक अपराध राजनीतिक विचारधारा, शासन सत्ता विरुद्ध, राज्य सञ्चालन प्रणाली, राज्यको संरचनाजस्ता विषयमा गरिने आन्दोलन, यस सम्बन्धमा गरिने शान्तिपूर्ण क्रियाकलापहरू, गतिविधिहरू आदिबाट सिर्जना हुने विषयवस्तु हुन् । कुनै पनि राजनीतिक विचारधाराहरूले वर्तमान प्रजातान्त्रिक विश्वमा कसैको ज्यान लिनै पर्ने राजनैतिकसिद्धान्तहरूप्रतिपादनगरेका छैनन् ।**

अतः विधिको शासन कायम गर्न प्रहरीको अहम् भूमिका हुने हुँदा प्रहरीले घटनामा संलग्न रहेका माओवादी कार्यकर्ताहरूको पहिचान गरी तुरुन्त प्रभावकारी अनुसन्धान थालनी गरी दोषीलाई कानुनी कठघरामा ल्याएर पीडित व्यक्तिहरूलाई पर्ने मनोसामाजिक असरहरूमा समेत संवेदनशील हुनुपर्दछ ।

२५. सङ्कटकाल वा सशस्त्र सङ्घर्षको समयमा विभिन्न सञ्चारकर्मीहरूले विभिन्न बहानामा आफ्नो ज्यान गुमाउनुपरेको तथ्यहरू सार्वजनिक भएकै छन् । **पत्रकारहरूलाई समाचार लेखे वा नलेखेकै आधारमा धम्की दिने, यातना दिने, अपहरण गर्ने, हत्या गर्ने जस्ता कार्यहरू युद्धरत पक्षहरूबाट भएका छन् । पत्रकार हरूको मानव अधिकार उल्लङ्घनले निजहरूको मात्र नभई सर्वसाधारण मानिसहरूको मानव अधिकारको उल्लङ्घन हुन पुग्दछन् । यसको प्रत्यक्ष असर सूचनासम्बन्धी हकको उपभोगमा पर्न जान्छ । समाचार सङ्कलन र सम्प्रेषण स्वतन्त्र हुनुपर्दछ अर्थात् स्वतन्त्र पत्रकारिताविना सही सूचनाको हकको संरक्षण हुन**

**सक्तैन । स्वतन्त्र पत्रकारिताको अर्थ नै पत्रकारहरूले स्वतन्त्र रूपमा समाचार सङ्कलन र सम्प्रेषण गर्न पाउनु हो ।**

२६. संयुक्त राष्ट्रसङ्घीय बडापत्रमा उल्लेख भएका सिद्धान्तहरू, बडापत्रको धारा ५५ ले औँल्याएका मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूप्रति आम रूपमा सम्मान, संरक्षण, संवर्द्धन र परिपालना गर्ने दायित्व सबैको रहने कुरालाई अङ्गीकार गरेको पाइन्छ । यस्ता सिद्धान्तहरूमध्ये विश्वव्यापी रूपमा मानव समाजका सबै सदस्यहरूको अन्तरनिहित मान-सम्मान अर्थात् प्रतिष्ठा एवम् अहरणीय अधिकार रहेको कुरालाई नै मानव अधिकारका अन्य दस्तावेज र सन्धिहरूले अनुसरण गरेको पाइन्छ ।

२७. प्रस्तुत घटनामा मृत्यु भएका वीरेन्द्रकुमार साहको बाँच्न पाउने अधिकारको ठाडो उल्लङ्घन भएको निष्कर्षमा पुग्न सकिने आधारहरू देखिन्छ । नेकपा (माओवादी) का कार्यकर्ताहरूको यस्तो कार्यले व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन गर्न नहुने अन्तर्राष्ट्रिय मानवीय कानुनको उपहास भएको देखियो ।

२८. यसै सन्दर्भमा जेनेभा महासन्धिको सामान्य चर्चा हुनु सान्दर्भिक देखिन आयो । अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा निर्देशित तथा नियमन गर्दछ । यस महासन्धिअनुसार अशक्त भएर लडाइँबाट अलग भएका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभावविना उनीहरूको सुरक्षालगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग भएको व्यक्तिहरूलाई मार्न तथा क्षति पुर्‍याउन प्रतिबन्ध लगाएको पाइन्छ ।

२९. यसैगरी पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरू विरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक क्षति गर्ने प्रकृतिका

युद्धको तरिका र हात-हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ ।

३०. जसबाट, के स्पष्ट हुन्छ भने युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित नभई कुनै पनि भेदभावविना आफ्नो कब्जामा रहेको व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ। उनीहरूको ज्यान लिने अथवा चोट पुऱ्याउन कुनै पनि उद्योगमाथि जेनेभा महासन्धिद्वारा कडा प्रतिबन्ध लगाइएको छ ।

३१. नेपाल जेनेभा महासन्धि, १९४९ को पक्ष राष्ट्र हो । यस सन्धिमा भएका प्रावधानहरू लागू हुने अवस्थाहरूमा, विशेष गरी साझा धारा ३ ले सम्बन्धित पक्ष राष्ट्रहरूको हकमा सन्धिका प्रावधान प्रयोग हुने क्षेत्रलाई अप्रत्यक्ष रूपमा मात्र परिभाषित गरेको छ । कुनै पक्ष राष्ट्रको भूभागभित्र सम्बन्धित गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र सङ्घर्षसम्बन्धी अवधारणाको लागि प्रत्यक्ष रूपमा लागू हुने आधारहरू तय गर्ने जिम्मा राष्ट्रको अभ्यास र कानुनी व्यवस्थालाई नै छाडिदिएको पाइन्छ । तर, एउटा राष्ट्रको उक्त सङ्घर्ष एउटा स्तरमा पुगेपछि सो विषय अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु बन्दछ । यसैले माओवादी कार्यकर्ताहरूको उक्त काम कारबाहीसमेत अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको तथ्यमा विवाद देखिँदैन । यसको अर्थ जेनेभा महासन्धिको प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व सो समूहको समेत हुन जान्छ ।

३२. तत्कालीन परिस्थितिमा नेकपा (माओवादी) ले जेनेभा महासन्धिको पालना गर्ने प्रतिबद्धता जाहेर गरेको अवस्थालाई समेत मध्यनजर गर्दा माओवादी कार्यकर्ताहरूद्वारा वीरेन्द्रकुमार साह युद्धमा संलग्न नभएको अवस्थामा निजलाई आक्रमणको निसाना बनाउन नहुने दायित्व उनीहरूको भएको तर उक्त दायित्व पालना नगरी निजलाई अपहरणपश्चात् हत्या गरेको देखिएकाले उक्त कार्य गैरकानुनी र अमानवीय एवम् युद्धको नियमविपरीत देखियो ।

३३. विचार एवम् आस्था फरक भयो भन्दैमा वा आफ्नो पक्षमा समाचार लेखेन भन्दैमा वा अन्य कुनै आरोपमा कुनै व्यक्तिलाई यातना दिन तथा ज्यान मार्न कुनै कानुनले पनि र कसैलाई पनि कुनै अधिकार दिएको हुँदैन ।

३४. अब, यस घटनामा निजको उल्लङ्घन भएका हक-अधिकारहरूको बारेमा विश्लेषण गर्दा निम्नलिखित मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर

ाष्ट्रिय कानुन तथा सिद्धान्तहरूलाई स्मरण गर्नुपर्ने देखियो :

- प्रस्तुत घटना नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ र नेपाल सरकार र नेकपा माओवादीबीच भएको २०६३ मंसीर ५ को विस्तृत शान्ति सम्झौताको दफा ७ समेतको प्रतिकूल हुने गरी नेकपा माओवादीका कार्यकर्ताहरूबाट उल्लङ्घन भएको ।
- युद्धमा संलग्न नभएको व्यक्तिलाई कब्जामा लिई हत्या गरिएकोमा सो कार्य जेनेभा महासन्धि १९४९ को साझा धारा ३ विरुद्ध भएको एवम् माओवादी पक्षले पटक-पटक मानव अधिकार तथा मानवीय कानुनको पालनामा गरेको प्रतिबद्धतासमेतको उल्लङ्घन भएको पाइयो ।
- उक्त कार्य मुलुकी ऐन २०२०, ज्यानसम्बन्धी महलको दफा १ को कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने र प्रचलित कुनै पनि नेपाल कानुनमा कसैले कसैको पनि ज्यान मार्न पाउने व्यवस्था नभएकोले सोको उल्लङ्घन भएको देखिन्छ ।
- उक्त कार्य नागरिक अधिकार ऐन २०१२ को दफा १२ को कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता अपहरण नहुने कानुनी व्यवस्थासमेतको विरुद्धमा भएको देखिन्छ ।

३५. बारा जिल्ला निवासी प्रेस चौतारीका केन्द्रीय सदस्य पत्रकार वीरेन्द्रकुमार साहलाई २०६४ असोज १८ गते उमजन गाविस बाराबाट नेकपा माओवादीका कार्यकर्ता कुन्दन फौजदारको हतियारधारी टोलीले सफाया गरिने भन्दै अपहरण गरेको हुँदा सकुशल मुक्त गराउन र दोषीलाई कानुनबमोजिम कारबाहीको लागि आवश्यक पहल गरिपाऊँ भन्ने उजुरीकर्ताको मुख्य मागदावी रहेकोमा आयोगको २०६४ कार्तिक १५ को निर्णयानुसार अपहरण पुष्टि भइसकेको र पछि हत्या भएको सूचना प्राप्त भएकोले हत्या भएकोतर्फ निर्णय गर्नुपर्ने देखियो ।

३६. उपर्युक्त तथ्य र कानुनी विश्लेषणहरूको आधारमा बारा जिल्ला इनरुवासिरा गाविस वडा नं. ८ बसडिलवा स्थायी घर भई प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य पत्रकार वीरेन्द्र साहलाई २०६४ असोज १८ गते बारा जिल्ला उमजन गाविस वडा नं. १ बाट तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ता कुन्दन फौजदार र रामएकवाल सहनीको टोलीले अपहरण गरेको भनी मिति २०६४ असोज २० गते आयोगमा उजुरी दर्ता भएको प्रस्तुत उजुरीमा आयोगको अनुसन्धानबाट तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरू

कुन्दन भनिने नरेन्द्र फौजदार, लालबहादुर चौधरी, मनेजर गिरी, रामएकवाल सहनी र हरेराम पटेल समेत ५ जना व्यक्तिहरूले पत्रकार वीरेन्द्र साहलाई अपहरणपछि हत्या गरेको देखिएकोले घटनामा संलग्न तत्कालीन नेकपा माओवादीका उल्लिखित कार्यकर्ताहरूलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रु तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

३७. आयोगको निर्णय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउनू । प्रस्तुत उजुरी फाइल नियमानुसार गर्नू ।

**निर्णय तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ......... | ......... | .............. |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल वैशाख ३१ गते रोज १ शुभम्

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

## संवत् २०६२ सालको उजुरी नं ३५२१

## उजुरकर्ता
## विषय: मानवीय कानुनको उल्लङ्घन ।

**आमाको गर्भभित्र प्रवेश गरेलगत्तै र मृत्युपर्यन्तसम्म अर्थात् Womb to Tomb नै मानव अधिकारको विशाल क्षेत्र हो । कुनै व्यक्ति जीवित हुँदा निजको मानव अधिकार संरक्षण गर्न राज्य असफल भए पनि मृत्युपर्यन्त सिर्जना हुने अधिकार संरक्षणार्थ राज्य संवेदनशील हुनै पर्दछ । अर्थात् कुनै व्यक्तिको गैरकानुनी रूपमा मानव अधिकार हरण गर्ने सङ्गठन वा अधिकारी वा जो-कोहीलाई पनि कानुनबमोजिमको कारबाही गरी पीडित व्यक्तिहरूलाई मानव अधिकारको अनुभूति गराउनु र राज्य हरेक नागरिकहरूको असल अभिभावक हो भन्ने अनुभूति दिलाउनु राज्यको दायित्व हो ।**

- प्रकरण नं. १६

**द्वन्द्वरत पक्षको सर्वसाधारण व्यक्तिहरूलाई मार्ने नियत भएको नदेखिए पनि सर्वसाधारण व्यक्तिहरूको घर-बस्तीलाई आक्रमणबाट जोगाउनुपर्नेमा सो कुरामा ख्याल गरेको नपाइएकोले द्वन्द्वरत पक्षको चरम लापरबाही हुने देखिन्छ ।**

- प्रकरण नं. १८

१. मकवानपुर जिल्ला फापरबारी गाविस वडा नं. ५ मा २०६२ माघ ८ गते सुरक्षाफौज र नेकपा (माओवादी) बीच भिडन्त हुँदा १७ जना माओवादी, ६ सुरक्षाकर्मी र २ सर्वसाधारण तथा १ जना बालकको सुरक्षाकर्मीको बम प्रहारबाट मृत्यु भएको भनी विभिन्न माध्यमबाट समाचार प्रसारण तथा प्रकाशन भएका थिए । त्यसपछि मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम आयोगको स्वविवेकबाट मानव अधिकार उल्लङ्घनसम्बन्धी विषयमा अनुसन्धान गर्न सक्ने प्रावधान भएअनुरूप तत्काल उजुरी ग्रहण गरी २०६२ माघ १३ गतेअनुसन्धान कार्यका लागि एक टोली गठन गरी घटनास्थलमा पठाइएको रहेछ ।

२. मकवानपुरमा भिडन्त, १७ माओवादी, ६ सुरक्षाकर्मी र २ सर्वसाधारणको मृत्यु भन्ने शीर्षकमा ekantipur.com मा सन् २००६ जनवरी २३ मा समाचार प्रकाशित भएको पाइयो ।

उक्त समाचारमा भिडन्तका क्रममा २ सर्वसाधारण पनि मारिएका, उनीहरूको सनाखत हुन नसकेको र ती २ को क्रसफायरिङमा मृत्यु भएको सुरक्षा निकायले दाबी गरेको रहेछ । फापरबारी १ भुरभुरेमा शनिबार बेलुका ६ बजेदेखि आइतबार बिहान ६ बजेसम्म भिडन्त भएको । राती आएको नाइटभिजन हेलिकप्टरबाट माओवादीलाई लक्ष्य गरेर बम र गोली प्रहार गरिएको । हेलिकप्टरले फालेको बम विस्फोटबाट भुभुरे क्षेत्रका केही घर क्षतिग्रस्त भएका स्थानीयबासीले बताएका भन्ने समेतका समाचारहरू online खबरमा प्रकाशित भएको पाइयो ।

३. यसैगरी कान्तिपुर दैनिकको सन् २००६, जनवरी २४ मा उक्त घटनाका बारेमा 'सेनाको बमले बालकको मृत्यु' शीर्षकमा समाचार प्रकाशित भएको पाइयो । उक्त समाचारमा माओवादीसँग भिडन्तमा शनिबार राती सेनाले हेलिकप्टरबाट फालेको बम लागेर ६ वर्षीय एक बालकको मृत्यु भएको छ । घटनामा सुरक्षाकर्मीको गोलीबाट ८५ वर्षीय वृद्धसहित २ सर्वसाधारण मारिएका छन् भन्ने समेत उल्लेख भएको पाइयो । यसै विषयलाई लिएर अन्य राष्ट्रिय दैनिक पत्रिकाहरूमा समेत खबर सम्प्रेषण भएको पाइयो ।

४. घटनाका सम्बन्धमा आयोगबाट च.नं. २५६७ मिति २०६३।३।२० गते जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा ... घटनाको जानकारी यथाशीघ्र आयोगमा पठाइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

५. आयोगबाट पत्राचार गरिएको पत्रको जवाफ जिल्ला प्रशासन कार्यालयबाट च.नं. १३८ मिति २०६३ साउन १२ गते आयोगलाई प्रेषित गरेको रहेछ । उक्त पत्रमा २०६२ माघ ८ गते सुरक्षाफौज र माओवादीबीच दोहोरो भिडन्त हुँदा मृत्यु हुनेहरू फापरबारी गाविस वडा नं. १ का प्रताप सिंह बजु, ऐ.का मानबहादुर बजु र वर्ष ५ को रेशम ब्लोनसमेतका सर्वसाधारणहरूको घटनास्थलमा मृत्यु भएको र मृतकका पीडित पक्षले आर्थिक राहतसमेत प्राप्त गरिसकेको भन्ने समेतको ब्यहोरा उल्लेख भएको रहेछ ।

६. घटनाको स्थलगत अनुसन्धानका लागि आयोगबाट २०६४ जेठ ३ गतेएक टोली गएकोमा उक्त टोलीले अनुसन्धानपश्चात् पेस गरेको प्रतिवेदन मिसिल संलग्न देखियो । उक्त प्रतिवेदनमा खुलाइएका सारभूत

तथ्यहरू देहायबमोजिम रहेछन् :

- घटना भएको दिन बिहान फापरवारीमा सेना आएछ । माओवादी र सेनाबीच बिहान करिब ९ बजेतिर माओवादीले ग्रिनेट हानेर सेनालाई जिस्क्याइदिएछ । ... काँइलाको बूढी बिरामी भएकोले पाथीभरावरको भन्ज्याङमा लिएर जाँदा सेनाले कताबाट आएको, किन आएको भन्यो । बिरामी लिएर आएको भनेपछि घरतिर आयौँ । बेलुका ६ बजेदेखि झुरझुरेमा भिडन्त सुरु भयो । पुटुटुटु, भुटुटु, प्याकप्याक, ढुङ्ग गर्दै कानैबाट गोली चलेजस्तो आवाज सुनियो । पौने ८ बजेदेखि हेलिकप्टर चल्न थाल्यो । हेलिकप्टर केही बत्ती नभई घुम्यो, घुम्यो । दुईतीन राउन्ड घुमेपछि बम खसाल्यो । यही घरनजिकै बम खसेर घरमा सुतिरहेको रेशम ब्लोनको टाउकोमा बमको छर्रा लागी मृत्यु भयो । भोलिपल्ट बिहान हेलिकप्टर घुमिरहेको थियो । घरको एकदुई जना निस्केर पानी लिन गएका थिए । यो गाउँमा भोलिपल्ट आएर कार्यक्रममा हिड्नुस् भन्दथे तर हामीले काजकिरिया नसकी कतै हिड्दैनौँ भन्यौँ । पछि राज्य पक्षबाट क्षतिपूर्ति रु. १,००,००० (एक लाख) उपलब्ध गरायो । त्यो समयपछि गाउँमा भिडन्त भएको छैन । भिडन्त स्थलमा राँगो काटेर भात पकाएर खाएका थिए । फापरवारी भिडन्त हुने हो भन्दथे तर फापरवारीबाट शाही सेना भित्र आइदिएकोले झुरझुरेमा भिडन्त भयो । सो भिडन्तमा २३ वटा माओवादी मरेको लास देखियो भने ३ जना सर्वसाधारण रेशम ब्लोन, प्रतापसिंह वजु र मानबहादुर वजुसहितको मृत्यु भयो भन्ने सुनियो । शाही सेनाले घटनास्थलमा छिर्न नदिएकोले सेनातर्फ कति मरे थाहा भएन । घर जलेको नजिकै खाल्डोमा महिला पुरुष सहित ८ जना देखियो । २ जना केटीलाई निकालेर छुट्टै खाल्डोमा राखियो । घाइते पनि ठूलो सङ्ख्यामा थिए भन्ने सुनियो । सो घटनामा मरेका सबै कम्ब्याट ड्रेसमा थिए । घटनाबारे सत्यतथ्य यति नै हो भन्ने एक प्रत्यक्षदर्शीको भनाइ ।

- फापरबारीको बाटो हुँदै २०६२ माघ ८ गते झन्डै १५० जना जति सेनाको टोली घटनास्थल घलीडाँडोमा आइपुगेको थियो । अघिल्लो दिन राती यो घलिडाँडामा रहेका ५ वटै घरमा नेकपा (माओवादी) का सेनाहरू बास बसी भोलिपल्ट माघ ८ गते बिहान ८ बजेतिर उनीहरू ती घर छाडी गए । उनीहरूले बास बस्दा गफ गरेको सुन्दा सेनासँग भिडन्त हुने कुरा वुझिएको थियो । तर यही

स्थानमा भिडन्त हुन्छ कि हुँदैन भन्ने थाहा भएन । बिहान ६ बजेतिर माओवादीहरूले खाना खाई कतातिर लागे थाहा भएन । हामीहरू पनि आ–आफ्नो काममा लाग्यौं । साँझ ५:३० बजेतिर सेना आइपुग्यो । यहाँ सेना आइपुगेको झन्डै १० मिनेटपछि दक्षिण पश्चिमबाट एक्कासी नेकपा (माओवादी) ले गोली चलाए । त्यसपछि सेनाले पनि गोली चलायो । गोली चल्न सुरु हुँदा म बाहेक सबै परिवार घरमै थिए । भिडन्त हुँदा हाम्रो घर प्रयोग गरेनन् । मेरो घरमा मेरी श्रीमती ४ घण्टाअघि मात्र सुत्केरी भएकी थिइन् । म घर बनाउने काममा घटना स्थलभन्दा अलि तलको गाउँमा थिएँ । भिडन्त हुन लागेपछि घरछेउ काठको फलेकले बारेको भित्ता भत्काएर घर पछाडि ट्वाइलेटको लागि खनिएको खाल्टोमा लुक्न गएछन् । हजुरबुवा पनि त्यही लुक्न जानुभएछ । त्यहाँ लुक्न जानुभन्दा अगाडि सेनाले ... घरमा आगो लगाइदिए । सो समयमा म घरभित्रै भएकोले बाँच्नको लागि काठको फलेकको भित्ता सिलौटाले फोरी बाहिर निस्किएँ । सेनाले मलाई पनि खाडलमा लुक्न भन्यो । सोही दिन झन्डै रातको ९ बजेतिर लुकिरहेको अवस्थामा सोही खाल्टोमा माओवादीले गोली चलाए । गोली लागी एक जना सर्वसाधारणको मृत्यु भयो । गोली कन्चटमा लागेको थियो । त्यहाँ रहेको सेनालाई समेत गोली लाग्यो । ... ।

- राती मात्र होइन, भोलिपल्ट बिहान ४ बजेसम्म दोहोरो भिडन्त भइरह्यो । राती नाइट भिजन हेलिकप्टरबाट आक्रमण गर्न लागेपछि भिडन्त अलि मन्द भएको थियो । सेनाको हेलिकप्टरको लागि सङ्केत दिन .... घरमा आगो लगाइएको हो । माओवादी ..... घरमा लुकिरहेको छ । आगो लगा भनी सेनाहरूले भनिरहेका थिए । ..... घरमा रहेको खरमा आगो लगाउँदा घरमा समेत आगलागी भएको थियो । घटना घटेको ४ दिनपछाडि मात्र हामीले हजुबुवाको दाह संस्कार गर्‍यौं । भिडन्तको भोलिपल्ट बिहान ९ बजेतिर सेनाले हामीलाई भेटेर जानीजानी मारेको होइन । यस्तो भइहाल्यो अब सम्बन्धित निकायमा गएर क्षतिपूर्तिको लागि निवेदन दिनू भनी सल्लाह दियो । सोही सल्लाहअनुसार जिल्ला प्रशासन कार्यालयमा निवेदन दियौं । सरकारले २०६३ को असार तिर रु. १,००,००० (एक लाख रूपियाँ) क्षतिपूर्ति दिएको छ । हजुरबुबाको उमेर ८५ वर्षको थियो । हाम्रो घरपछि पूर्ण रूपमा माओवादीले बनाइ दिए । हजुरबुवाको हामी २ भाइ नातिहरू छौं । हाम्रो जग्गा जमिनले ६ महिना

जति खान पुग्छ । बाँकी समयलाई खानको लागि ज्यालादारी काम, बनी गर्नुपर्दछ भन्ने अर्का प्रत्यक्षदर्शीको बयान ।

- २०६२ साल माघ ८ गते म घरमै वसेकी थिएँ । त्योभन्दा दुईचार दिन अगाडिदेखि माओवादीहरू आएर हाम्रो घरमा नै बसेका थिए । सेना साँझ करिब ५:४५ तिर यहाँ आएका थिए । माओवादीहरूले पल्लो गाउँको जङ्गलतिरबाट लखेट्दै आएका र सेनाले यो अग्लो ठाउँ रोजेका रहेछन् । जब सेनाहरू यहाँ आइपुगे, माओवादीहरूले उत्तर-पूर्वतिरबाट पूरै घेरेर पहिले गोली चलाउन सुरु गरे । त्यसपछि दोहोरो भिडन्त सुरु भयो । हामी सबै परिवार घरभित्रै लुकेर बस्दै थियौँ । झन्डै ८ बजेतिर सेनाले घरका सबै परिवारलाई बाहिर निस्कन लगायो । ट्वाइलेट बनाउन खन्दै गरेको खाल्डोमा लगेर आफूहरू नजिकै बसेर माओवादीबाट बचाउन खोजेको थियो । त्यसै बेलामा मेरो श्रीमान्ले सेना तथा माओवादी दुवैले सुन्ने गरी तपाईँहरू जनताको माझमा लडाइँ गर्न पाउनु हुन्न भनिरहँदा सेनाले माओवादी पालेर राख्छ अझ कराउँछ भन्यो । त्यसपछि अर्को सेनाले गोली हानेर मेरो श्रीमान्को मृत्यु भएको हो ।

- हामी त्यसपछि पनि धेरै समय त्यही खाल्डोमा बस्यौँ । त्यहाँ नजिकैको आर्मीलाई गोली लागी हिँडेपछि माओवादी त्यहाँ आई फेरी हामी सबैलाई त्यहाँभन्दा तल खोलातिर लगेर गाउँमा छोडिदिए । हामीलाई माओवादीले पनि सैनिकले पनि बचाउन खोजेका थिए । भोलिपल्ट बिहान ८-९ बजेको समयतिर आएर लास हेर्‍यौँ । सेनाले भिडन्तमा तपाईँ गाउँलेहरूको समेत ज्यान गयो । दाहसंस्कार पनि गर्नोस् । क्षतिपूर्तिको लागि पनि सम्बन्धित निकायमा गएर पहल गर्नोस् भने । त्यसपछि हामी प्रशासनमा जानकारी गराएर ४ दिनपछि दाहसंस्कार गरेका हौँ । मेरा ४ छोरा र १ छोरी छन् । जग्गा जमिन ३।४ कट्ठा छ । खान पुग्दैन । ज्याला मजदुरी गरेर खान्छु । एक छोरी स्कुल पढ्छिन् । २०६३ सालको असारमा जिल्ला प्रशासन कार्यालयबाट रु १,००,००० (अक्षरूपी एकलाख रूपियाँ) बुझिलिएको छु भन्ने अर्का प्रत्यक्षदर्शी तथा पीडितको बयानमा उल्लेख रहेछ ।

- मृतकका परिवारलाई उचित क्षतिपूर्ति प्राप्त भए-नभएको बुझी कानुनबमोजिम उचित क्षतिपूर्ति प्राप्त भएको नदेखिएमा उचित क्षतिपूर्ति, भिडन्तका क्रममा क्षति भएका सर्वसाधारणका घर, गोठ र

पशुहरूको मूल्याङ्कन गरी उचित क्षतिपूर्तिको सिफारिस गर्नुपर्ने र आइन्दा युद्धमा सर्वसाधारण जनताको निवास स्थानलाई प्रयोग नगर्न र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरूको पालना गर्न युद्धरत सबै पक्षलाई आग्रह गर्ने भन्ने समेतको सुझाव तथा सिफारिस प्राप्त भएको रहेछ ।

७. जिल्ला प्रशासन कार्यालयबाट आर्थिक राहत प्राप्त गरेको तर केकति भन्ने रकमको परिमाण नखुलेकोले केकति आर्थिक राहत प्राप्त गरेको हो जानकारी पठाउनू भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगबाट च.नं. २२१ मिति २०६६ भदौ ३१ मार्फत जिल्ला प्रशासन कार्यालय, मकवानपुर र गृह मन्त्रालयलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । आयोगबाट पत्राचार गरिएका निकायहरूबाट कुनै जबाफ प्राप्त नभएकोले पुनः च.नं. १६ २०६७ साउन ३ गते आयोगबाट माग गरिएको जानकारी ७ दिनभित्र उपलब्ध गराउनू भनी पत्र प्रेषित गरिएको देखियो ।

८. घटनाका सम्बन्धमा माग गरिएको विवरणहरू पत्राचार गरिएका निकायहरूबाट प्राप्त नभएकोले थप अनुसन्धान गर्नको लागि आयोगबाट २०६७ भदौ ३ देखि १० गतेसम्म सम्बन्धित जिल्लामा खटिई गएकोमा उक्त अनुसन्धान टोलीले अनुसन्धानपश्चात् पेस गरेको प्रतिवेदन मिसिल संलग्न देखियो । उक्त प्रतिवेदनको विश्लेषण र निष्कर्षका सारभूत तथ्यहरू देहायबमोजिम रहेको देखियो ।

- घटनाको सम्बन्धमा मृतकका आफन्त तथा प्रत्यक्षदर्शीहरू, जिल्ला प्रहरी कार्यालय, मकवानपुर र जिल्ला प्रशासन कार्यालय, मकवानपुरसँग बुझ्दा उल्लिखित मृतकका आफन्त तथा प्रत्यक्षदर्शीहरू र सरकारी निकायका भनाइहरू तथा स्थलगत निरीक्षणबाट समेत २०६२ माघ ८ गते मकवानपुरको फापरबारीस्थित झुरझुरे इलाकामा तत्कालीन नेकपा (माओवादी) र तत्कालीन शाही नेपाली सेनाबीच दोहोरो भिडन्त भएको प्रमाणित भएको ।

- भिडन्त स्थल समथर भागमा रहेको र उक्त स्थानमा सर्वसाधारणहरूका करिब ५ ओटा घरगोठ रहेका । सोही स्थानमा भिडन्त भएको अघिल्लो रात माओवादीका सेनाहरू बास बसी भिडन्त भएको दिन बिहान खाना खाइसकेर अन्यत्रै गएका । बास दिने सर्वसाधारणको भनाइअनुसार

सो इलाकामा माओवादीहरूले तत्कालीन शाही नेपाली सेनामाथि आक्रमण गर्ने योजना रहेको ।

- तत्कालीन शाही नेपाली सेनाको टोली २०६२ माघ ८ गते बिहान झुरझुरे इलाकामा पुग्दा माओवादीले ग्रिनेड प्रहार गरेको । साँझमा माओवादी पक्षबाट नै गोली प्रहार गरी आक्रमण सुरु गरेको, आक्रमणपश्चात् तत्कालीन शाही नेपाली सेनाले सर्वसाधारणहरूको सुरक्षाको लागि बनाउँदै गरेको चर्पीको खाल्टोमा लुक्न सल्लाह दिए मुताबिक सर्वसाधारणहरू सोही खाल्टोमा लुकिरहेकोमा सर्वसाधारणमध्ये एक जनाले ... टाउको उठाई हेर्न लाग्दा गोली लागी तत्कालै मृत्य भएको, अर्का एक जना पनि क्रस फायरमा परी मृत्यु भएको ।

- भिडन्त सुरु भएको केही समयपछि तत्कालीन शाही नेपाली सेनाको हेलिकप्टरबाट बम खसालिएको र सो बमको छर्रा लागी ४ वर्षीय स्थानीय रेशम ब्लोन भन्ने रेशम भुलोनको मृत्यु भएको तथ्यहरूबाट प्रमाणित हुन आएको ।

- तत्कालीन शाही नेपाली सेनाले हेलिकप्टरलाई सङ्केत दिनको लागि स्थानीय व्यक्तिको घरनजिकै रहेको खर बाल्दा घर जलेर क्षति भएको र दोहोरो भिडन्तमा परि केही बस्तुभाउको समेत क्षति भएको । उल्लिखित घटनामा परी मृत्यु भएका परिवारलाई सरकारबाट तत्कालै र २०६५ सालमा पनि राहत वितरण गरेको ।

- घटनामा मानबहादुर वजुसमेत ३ जनाको भवितव्यमा परी ज्यान गएको । तथापि युद्धरत पक्षहरूले सर्वसाधारणको घर-बस्तीमा सेल्टर लिन नहुनेमा सो कार्य गरेको । अघिल्लो रात माओवादीका सेनाहरूले र भोलिपल्ट तत्कालीन शाही नेपाली सेनाले उक्त स्थानमा सेल्टर लिएको देखिएकाले दुवै पक्ष मानव अधिकारप्रति संवेदनशील नभएको ।

- मृतकका परिवारको आर्थिक अवस्था कमजोर देखिएकोले हदैसम्मको क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने र दुवै पक्ष (तत्कालीन शाही नेपाली सेना र माओवादी) लाई मानव अधिकारप्रति संवेदनशील नभएकोमा नैतिक जिम्मेवारी वहन गर्न निर्देशन दिनुपर्ने देखियो भन्ने विश्लेषण खण्डमा खुलाइको पाइयो ।

- उल्लिखित घटनामा मानबहादुर वजु, प्रतापसिंह वजु र ४ वर्षीय बालक रेशम ब्लोन भन्ने रेशम भुलोनको

तत्कालीन शाही नेपाली सेना र तत्कालीन नेकपा (माओवादी) को भिडन्त हुँदा क्रस फायरमा परी मृत्यु भएको र उक्त स्थानमा दुवै पक्षले सेल्टर लिएको देखिएकोले घटनाको दुवै पक्षले नैतिक रूपमा जिम्मेवारी वहन गर्नुपर्ने भन्ने अनुसन्धान प्रतिवेदनको निष्कर्ष खण्डमा उल्लेख भएको पाइयो ।

- घटनामा परी मृत्यु भएका परिवारको आर्थिक अवस्था कमजोर देखिएकोले मृतकका परिवारलाई जनही ३ लाख क्षतिपूर्ति उपलब्ध गराई घटनाको नैतिक जिम्मेवारी लिन तत्कालीन शाही नेपाली सेना र तत्कालीन नेकपा (माओवादी) लाई निर्देशन दिन नेपाल सरकारमार्फत सिफारिस गर्नुपर्ने भन्ने उक्त प्रतिवेदनको सुझाव तथा सिफारिस खण्डमा उल्लेख भएको रहेछ ।

- प्रस्तुत घटनामा परी मृत्यु भएका तीनै जना व्यक्तिहरूको दोहोरो भिडन्तको क्रममा मृत्यु भएको भन्ने तथ्य विभिन्न प्रमाणहरूबाट स्थापित हुन आएको देखियो । निज व्यक्तिहरू नितान्त सर्वसाधारण व्यक्तिहरू रहेको स्पष्ट हुन्छ । तसर्थ, उल्लिखित तीनै जना सर्वसाधारण व्यक्तिहरूको मानव अधिकार उल्लङ्घन भएको हो-होइन भनी आयोगबाट निरूपण हुनुपर्ने मुख्य विषय रहेकोमा यसतर्फ विवेचना गर्नुपर्ने हुन्छ ।

९. नेकपा (माओवादी) ले वि.सं. २०५२ सालबाट सरकारविरुद्ध सशस्त्र सङ्घर्ष गर्दै आएको थियो । कुनै राजनीतिक परिवर्तन वा आमूल परिवर्तनका लागि कुनै राजनीतिक दलले यस्ता सङ्घर्षहरूको घोषणा गरी सङ्घर्ष गर्न पाउने नै हुन्छ । तथापि सशस्त्र सङ्घर्षरत पक्षले विद्रोही समूह वा पार्टीको मान्यता स्थापित गर्नुपर्ने हुन्छ । यसर्थ तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र सङ्घर्षरत पक्षको मान्यता पाएको तथ्य सर्वविदित भएकै विषय हो । सशस्त्र द्वन्द्वरत पक्षको अर्को पक्ष सरकारको सुरक्षा फौज नै हुन्छ । अब सशस्त्र सङ्घर्षरत पक्षहरूले पालना गर्नुपर्ने नियमहरूको बारेमा सामान्य चर्चा गर्नुपर्ने हुन्छ ।

१०. सशस्त्र सङ्घर्ष वा युद्धलाई नियमन गर्ने कानुनको रूपमा जेनेभा महासन्धि, १९४९ रहेको छ । उक्त महासन्धिको साझा धारा ३ ले आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका

हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति धर्म विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नुहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउन, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णय विनादण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् । साझा धारा ३ ले सशस्त्र सङ्घर्षका समयमा सर्वसाधारण व्यक्तिहरू, महिला, बालबालिका र वृद्ध-वृद्धाहरूजस्ता अत्यन्त जोखिममा रहेका वर्गहरूलाई, विद्यालय क्षेत्र, चिकित्सकीय क्षेत्रहरू, सर्वसाधारणका बस्तीहरूलाई समेत युद्धको निसाना बनाउन युद्धरत पक्षहरूलाई बन्देज गरेको छ । यी समग्र व्यवस्थाहरू मानवीय पक्षहरू हुन् अर्थात् युद्धरत पक्षहरूले युद्धको अवधि वा समयमा न्यूनतम मानवीय पक्षहरूलाई विचार गर्नुपर्दछ । यस्ता पक्षहरूमा विचार नगरी आक्रमण गर्दा वा नियन्त्रणमा लिएर हत्या गर्ने वा यातना दिने कार्य गरेको पाइएमा मानवीय कानुनको उल्लङ्घन गरी मानव अधिकारको हनन गरेको ठहरिन्छ ।

११. अतः तत्कालीन नेकपा (माओवादी) सशस्त्र सङ्घर्षको एक पक्ष भएकोले उक्त पार्टीले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्नुपर्ने दायित्व निश्चित रूपमा रहेकै हुन्छ । यसैगरी राज्यका सुरक्षा फौजले यसका अतिरिक्त प्रचलित मानव अधिकारका मूलभूत मान्यता र सिद्धान्तहरूलाई पनि ख्याल गर्नुपर्ने हुन्छ ।

१२. उल्लिखित अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई मध्यनजर गर्दा द्वन्द्वरत पक्षहरू अर्थात् तत्कालीन शाही नेपाली सेना र नेकपा (माओवादी) का कार्यकर्ताहरूले यस घटनाका सम्बन्धमा मानवीय कानुनको पालना गरे-नगरेको विषयमा विवेचना गर्नुपर्ने हुन्छ । प्राप्त प्रमाणहरूको आधारमा मृत्यु हुने तिनै जना व्यक्तिहरू सर्वसाधारण व्यक्तिहरू हुन् भन्ने तथ्य स्थापित भइसकेकोले द्वन्द्वरत पक्षहरूले मानवीय कानुनको पालना नगरेको स्वतः सिद्ध हुने विषय भयो । यसर्थ, दुवै द्वन्द्वरत पक्षहरूले मानवीय कानुनको उल्लङ्घन गरी निजहरूको बाँच्न पाउने अधिकारको हनन गरेकोले

मानव अधिकार उल्लङ्घन भएको निष्कर्षमा पुगियो ।

१३. बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले चित्रित गरेको छ। सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट वञ्चित गर्न पाइँदैन । कसैले यदि जीवन दान गर्न सक्तैन भने उसले कसैको जीवन हरण गर्ने सामर्थ्य पनि राख्दैन भन्ने भनाइ जीवनको अधिकारसँग सम्बन्धित छ ।

१४. सशस्त्र सङ्घर्षरत पक्ष (विद्रोही पक्ष) ले पालना गर्नुपर्ने कानुनहरूमा अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि मात्र बाध्यकारी कानुन हो । यसभन्दा बाहेकका कानुनहरूलाई मान्नुपर्ने सशस्त्र सङ्घर्षरत समूह बाध्य नहुने तथापि अन्य कानुनहरूले समेत प्रदत्त हक-अधिकारको संरक्षण गर्ने दायित्व सम्बन्धित देशको सरकारको हुन जान्छ । प्रस्तुत घटनामा सरकारले निज व्यक्तिहरूको मानव अधिकार संरक्षणार्थ उचित कदम चाल्नुपर्नेमा तत्कालीन अवस्थामा सरकार कमजोर भएको र समयमै विद्रोही समूहको माग सम्बोधन हुन नसक्दा यस्ता मौलिक अधिकार वा मानव अधिकार हरूको प्रत्याभूति हुन नसकेको भन्ने आयोगले विभिन्न समयमा सार्वजनिक गरेका प्रतिवेदनहरू, पत्रकार भेटघाट, अनुगमन एवम् अनुसन्धान प्रतिवेदनहरूले समेत बोलेकै हुँदा यस घटनाका हकमा समेत सरकारले निजहरूको मानव अधिकार संरक्षणका कार्यहरू प्रभावकारी रूपमा गर्न नसकेकोले त्यसको नैतिक दायित्व सरकारमा निहित हुन जाने निश्चित छ। तसर्थ, यस घटनाबाट विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको अतिरिक्त नेपालका प्रचलित संविधान र कानुनहरूको समेत उल्लङ्घन भएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएको स्वतन्त्रतालगायत मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १ नं बमोजिम कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन वा मार्नको लागि उद्योग गर्न नहुने भन्ने व्यवस्था र नागरिक अधिकार ऐन, २०१२ मा भएको प्रावधानको समेत उल्लङ्घन हुन पुगेको देखियो ।

१५. मानव अधिकार वर्तमान विश्वको अत्यन्त संवेदनशील विषयको रूपमा रहँदै आएको पाइन्छ ।

**आमाको गर्भभित्र प्रवेश गरे लगत्तै र मृत्युपर्यन्तसम्म अर्थात् Womb to Tomb नै मानव अधिकारको विशाल क्षेत्र हो । कुनै व्यक्ति जीवित हुँदा निजको मानव अधिकार संरक्षण गर्न राज्य असफल भए पनि मृत्युपर्यन्त सिर्जना हुने अधिकार संरक्षणार्थ राज्य संवेदनशील हुनै पर्दछ । अर्थात्, कुनै व्यक्तिको गैरकानुनी रूपमा मानव अधिकार हरण गर्ने सङ्गठन वा अधिकारी वा जो-कोहीलाई पनि कानुनबमोजिमको कारबाही गरी पीडित व्यक्तिहरूलाई मानव अधिकारको अनुभूति गराउनु र राज्य हरेक नागरिकहरूको असल अभिभावक हो भन्ने अनुभूति दिलाउनु राज्यको दायित्व हो ।**

१६. घटनामा अनुसन्धान टोलीले बयान लिएका प्रत्यक्षदर्शीहरू, जिल्ला प्रशासन कार्यालयको पत्रसमेतका आधारमा २०६२ माघ ८ गते सुरक्षा फौज र माओवादीबीच दोहोरो भिडन्त हुँदा फापरबारी गाविस वडा नं. १ का प्रतापसिंह बजु, ऐ. का मानबहादुर बजु र वर्ष ५ को रेशम ब्लोनको घटना स्थलमा नै मृत्यु भएको बुझियो । मृत्यु हुनेमध्ये रेशम ब्लोनलाई सेनाले हेलिकप्टरबाट प्रहार गरेको बमको छर्रा लागी मृत्यु भएको बुझियो । अनुसन्धान टोलीले गरेको घटनास्थल निरीक्षणबाट सुरक्षा फौजले सर्वसाधारणहरूको घर प्रयोग गरेको देखियो । यसबाट निजहरूको घरमा समेत असर पुगेको देखियो ।

१७. प्रस्तुत घटनामा उल्लिखित व्यक्तिहरूको दोहोरो भिडन्त र सेनाले हेलिकप्टरबाट प्रहार गरेको बमको छर्रा लागी मृत्यु भएको देखिएकोले निजहरूको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको देखियो । **द्वन्द्वरत दुवै पक्षको सर्वसाधारण व्यक्तिहरूलाई मार्ने नियत भएको नदेखिए पनि सर्वसाधारण व्यक्तिहरूको घर-बस्तीलाई आक्रमणबाट जोगाउनुपर्नेमा सो कुरामा ख्याल गरेको नपाइएकोले दुवै पक्षको चरम लापरबाही गरेको देखिन्छ ।**

१८. अब, प्रस्तुत उजुरीको निर्णयतर्फ विचार गर्दा आयोगको अनुसन्धानबाट सर्वसाधारण व्यक्तिहरूको बस्तीमा नेपाली सेना तथा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूबीच भिडन्त हुँदा सर्वसाधारण व्यक्तिहरू रेशम ब्लोन, मानबहादुर बजु र प्रतापसिंह बजुको मृत्यु भएको साथै सर्वसाधारणहरूको घर, गोठ तथा पशुहरूको समेत क्षति भएको पाइएकोले द्वन्द्वरत पक्षहरूले जेनेभा महासन्धिको साझा धारा ३ को उल्लङ्घन गरेको पाइयो । अतः

घटनामा संलग्न सेनाका कमान्डर र नेकपा (माओवादी) का जिम्मेवार व्यक्तिलाई सचेत गराउन तथा उल्लिखित मृतकहरूका कानुनबमोजिमका हकवालाहरूलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम जनही रु.३ लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अगि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

१९. आयोगको निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउनू र प्रस्तुत उजुरी फाइल नियमानुसार गर्नू ।

**निर्णय तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ............. | ............. | ............ |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६९ साल वैशाख ३१ गते रोज १ शुभम् ।

# राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

## संवत् २०६३ सालको उजुरी नं ३८४८

## विषय: नियन्त्रणमा लिई हत्या ।

**निशस्त्र व्यक्तिलाई अपहरण गरी हत्या गर्नु अमानवीय र आपराधिक क्रियाकलाप मानिन्छ । यस्तो अवस्थामा हत्यामा संलग्नहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउनु विधिको शासनको आधारभूत सिद्धान्त हो । कोही पनि व्यक्तिले वैधानिक रूपमा व्यापार व्यवसाय गरी स्वतन्त्रता पूर्वक जीवनयापन गर्न पाउनु उसको मानव अधिकार हो । उल्लिखित घटनामा निज श्रेष्ठलाई राजनैतिक पूर्वाग्रह राखेर हत्या गर्नु मानव अधिकारको गम्भीर उल्लङ्घन हो । यस्तो अपराध गर्ने व्यक्तिलाई पक्राउ नगरी उन्मुक्ति दिनु भनेको जेनेभा महासन्धिको कार्यान्वयनमा संवेदनशील नहुनु हो ।**

\- प्रकरण नं. १६

१. रामेछाप जिल्ला साँघुटार गाविस वडा नं. १ बस्ने गणेशकुमार श्रेष्ठलाई २०५९ मंसीर ६ गते धान काटिरहेको अवस्थामा नेकपा माओवादीका कार्यकर्ताहरू आई केही सल्लाह गर्नु छ भनी कब्जामा लिई गोली हानी हत्या गरेका र त्यसका कारण चार जना छोरीहरू र एक जना छोरा, एक जना आमा गरी छ जनाको परिवार बिचल्लीमा परेको, दैनिक जीविकोपार्जनमा समस्या परेको, आमाको स्वास्थ्यस्थिति बिग्रिएको, घरमा बस्ने वातावरण नभएकोले काठमाडौँमा आई बसिरहेकोले घटनाको छानबिन गरी पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पहल गरी दोषीउपर कारबाही गरीपाऊँ भनी आयोगसमक्ष मिति २०६३ असोज २७ गते उजुरी पर्न आएको थियो ।

२. उल्लिखित घटनाका सम्बन्धमा आयोगबाट च.नं. ५८२ मिति २०६३ असोज २९ गते जिल्ला प्रशासन कार्यालय, रामेछाप र जिल्ला प्रहरी कार्यालय, रामेछापलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा घटनाको सम्बन्धमा ... तयार पारिएका घटनास्थल प्रकृति मुचुल्का, लासजाँच मुचुल्का तथा प्रहरी प्रतिवेदनसमेतका सम्पूर्ण कागजातहरूको प्रमाणित छायाप्रति समेत संलग्न राखी तहाँ प्राप्त भएका सम्पूर्ण विवरणहरू उपलब्ध गराइदिनू भन्ने समेतको ब्यहोरा

उल्लेख गरिएको रहेछ ।

३. उल्लिखित निकायहरूमध्ये जिल्ला प्रशासन कार्यालय, रामेछापको च.नं. ७६९ मिति २०६३।७।१६ गते आयोगलाई प्राप्त भएको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा मृतक गणेशकुमार श्रेष्ठको नजिकको हकदारले रु. एक लाख पचास हजार क्षतिपूर्ति लिइसकेको भन्ने समेत उल्लेख भएको रहेछ । घटनाको स्थलगत अनुसन्धानका लागि २०६३ मंसीर ८ देखि २०६३ पौष ७ सम्म एक टोली खटिएकोमा उक्त टोलीले अनुसन्धानपश्चात् पेस गरेको प्रतिवेदन मिसिल संलग्न देखियो । उक्त प्रतिवेदनमा खुलाइएका सारभूत तथ्यहरू देहायबमोजिम रहेछन्: -

- स्थानीय छम्मरबोटे खेतमा मृतक गणेशकुमार श्रेष्ठले २०५९ मंसीर ६ गते धानको बिटा लगाइरहेको समयमा नेकपा (माओवादी) का कार्यकर्ताहरू आएर गणेशकुमार श्रेष्ठलाई कब्जामा लिएर तल्लो गरामा गएको र सोही स्थानमा छातीमा गोली प्रहार गरी हत्या गरेको । निजलाई गोली हानी मार्नेमा नेकपा (माओवादी) का स्थानीय नेता मोहन खड्का (हिमशिखर), रक्तिम उपनामका कार्यकर्ता र एक जना नाम थाहा नभएका मगर थरका कार्यकर्ता रहेको भन्ने ... को बयानमा उल्लेख भएको ।

- घटनामा संलग्न नेकपा (माओवादी) का स्थानीय नेता मोहन खड्का (हिमशिखर), रक्तिम उपनामका कार्यकर्ता र एकजना नाम थाहा नभएका मगर थरका कार्यकर्ताको पहिचान गरी प्रचलित नेपाल कानुनबमोजिम कारबाही गर्न, मृतकका परिवारको श्रीसम्पत्ति नेकपा (माओवादी) बाट हालसम्म (अनुसन्धान हुँदाको समयावधिसम्म) कब्जामा रहेकोले उक्त सम्पत्ति कब्जा मुक्ति गर्न सिफारिस गर्नुपर्ने भन्ने उक्त प्रतिवेदनको सुझाव एवम् सिफारिस खण्डमा उल्लेख भएको रहेछ ।

- मृतकको परिवारमा श्रीमतीसहित ६ जना भएका, मृतककी श्रीमतीको आम्दानीको कुनै स्रोत नभएको भन्ने समेत अनुसन्धान प्रतिवेदनको तथ्य खण्डमा उल्लेख भएको ।

४. उज्जनको हत्यापछि श्रेष्ठ परिवारका अन्य २ जनाको पनि ज्यान गएको छ । हत्याको किटानी जाहेरी दिएका उनका दाजु गणेश श्रेष्ठलाई पनि उनीहरूले हत्या गरेको, किटानी दिएदेखि नै ढुङ्गेल समूहले गणेशलाई पनि मार्ने धम्की दिँदै आएको थियो । स्थानीय हाटबजारमा उनको नजिकै

गएर भाइको जस्तै लास गायव गरिदिन्छु भन्ने धम्की दिने गर्थे । ...दाजु गणेशलाई काठमाडौँ आउनू भनेको थिएँ । ... भाउजूलाई छिटो उपचार गराएर पठा, म केटाकेटीको पढाइ हेर्दै गर्छु, धान पनि थन्क्याउँछु भनेर जानुभएको थियो, ... ले भनिन्, "मैले त नजानू भनेकी थिएँ, फर्केर नै आउनु भएन ।" उनका अनुसार २०५९ मंसिर ६ गते गणेश धानको खलामा थिए । एक हुल व्यक्ति आएर उनकी छोरी ... लाई बुबा कहाँ हुनुहुन्छ भनेर सोधे । छोरीले खेतमा हुनुहुन्छ भनेपछि उनीहरू त्यहीँ गए । खेतमा दुई खला थिए । पहिले माथिल्लो खलामा गएर यहाँ गणेश श्रेष्ठ को हुनुहुन्छ भनेर सोधे । श्रेष्ठकै भतिजा पर्ने ... ले उता अर्को खलामा हुनुहुन्छ भनेपछि त्यहीँ गए । त्यहाँ पुगेर गणेशलाई कुरा गर्नु छ, तलतिर जाऔँ भनी आग्रह गरे । गणेशले यहाँ हामी सबै आफन्त नै छौँ, यहीँ कुरा गर्दा हुन्छ भन्दा उनीहरूले कड्केर खुरुक्क हिँड्नुहोस् भन्दै केही तल लगेर गोली हानी हत्या गरेका थिए । गणेशको हत्यामा बालकृष्ण ढुङ्गेल नै संलग्न थिए । उज्जनको हत्यामा चाहिं थिएनन् तर उनकै आदेशमा भएको हो भनी ... ले दिएको बयान ।

५. उज्जनकुमार श्रेष्ठको हत्यामा संलग्नताको पुष्टि गर्दै जिल्ला अदालतले २०६१ सालमा ढुङ्गेललाई जन्मकैदको फैसला सुनाएको थियो । त्यसपछि ढुङ्गेल पुनरावेदन अदालतमा गएपछि उनलाई २०६३ सालमा सफाइ दिएको थियो । ढुङ्गेल भने श्रेष्ठ हत्याको किटानी जाहेरी पर्नेबित्तिकै पक्राउ परी जेलमै थिए । पुनरावेदनले सफाइ दिएपछि थुनामुक्त भए । त्यसपछि उनी संविधानसभाको चुनावमा लडेर निर्वाचित भए । पुनरावेदनको फैसलाविरुद्ध ... ले दायर गरेको मुद्दामा सर्वोच्चले २०६६ सालमा जिल्ला अदालतकै फैसला सदर गर्दै ढुङ्गेललाई सर्वस्वसहित जन्मकैदको फैसला गर्‍यो । तर, त्यो कार्यान्वयन नभएकामा सर्वोच्चले पटक-पटक ध्यानाकर्षण गराउँदै आएको छ । माओवादीको राजनीतिक दबाबका कारण उनलाई कारबाही गर्न सकेको थिएन भन्ने समेत एक पाक्षिक पत्रिकाको मुख्य समाचारमा समाचार प्रकाशित भएको रहेछ ।[८]

६. उज्जनकुमार श्रेष्ठको हत्यापश्चात् गणेशकुमार श्रेष्ठले किटानी जाहेरी दिएको, माओवादी कार्यकर्ताहरूले निजलाई सुराकीको आरोप लगाई

८ www.ekantipur.com/ kantipur/ news/news-detail नेपाल पाक्षिक पत्रिकामा प्रकाशित समाचार, डाउनलोड समय : सन् ११।१०।२०११), समय : १२:३९

२०५९ मंसिर ६ गते केही माओवादी कार्यकर्ताहरू गणेशकुमार श्रेष्ठको घरभित्र प्रवेश गरी निजको छोरी ... लाई साथमा लिएर खेतको खलोमा काम गरी रहेका गणेशकुमार श्रेष्ठलाई चिनाउन लगाई गोली हानी हत्या गरेका हुन् । बाबुलाई चिनाएकोमा आत्मग्लानि भई उनले पनि वि.सं. २०६२ मा आत्महत्या गरेकी, घटनापश्चात् निजको परिवार थाकथलोबाट विस्थापित भई काठमाडौंमा बस्दै आएको भन्ने समेतको समाचार एक अर्को राष्ट्रिय दैनिक पत्रिका र एक अर्को राष्ट्रिय पाक्षिक पत्रिकामा प्रकाशित भएको रहेछ ।[९]

७. घटना भएको केही समयपछि नै पीडित परिवारले किटानी जाहेरी दिएको र सम्पूर्ण कार्य निज मृतकका माइला दाजु तत्कालीन वडा अध्यक्ष गणेशकुमार श्रेष्ठले गरेका कारण वहाँलाई पनि नेकपा (माओवादी) का कार्यकर्ताहरूले २०५९ मंसीर ६ गते हत्या गरेका हुन्[१०] भनी एक अर्का साक्षीको बयानमा उल्लेख भएको रहेछ ।

८. सर्वोच्च अदालत, संयुक्त इजलास, माननीय न्यायाधीश श्री तपबहादुर मगर र माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइरालाबाट उज्जनकुमार श्रेष्ठको मुद्दामा भएको फैसला मिसिल संलग्न रहेछ । उक्त फैसलाको अध्ययनबाट गणेश श्रेष्ठको जाहेरीले नेपाल सरकार वादी/पुनरावेदक उल्लेख भएको[११] देखियो । ...

९. घटनाको सम्बन्धमा मृतकका आफन्तहरू, सुनिजान्ने तथा प्रत्यक्षदर्शी साक्षीहरू, स्थानीय बासिन्दाहरू, जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय, रामेछाप एवम् विभिन्न समाचारपत्रहरूमा प्रकाशित समाचारका आधारमा गणेशकुमार श्रेष्ठलाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले खेतमा काम गरिरहेको अवस्थामा कब्जामा लिई गोली हानेकै कारण मृत्यु भएको तथ्य स्थापित हुन आयो ।

१०. अतः प्रस्तुत घटनामा निज गणेशकुमार श्रेष्ठको मानव अधिकार

---

9 www.ekantipur.com/kantipur/news/news-detail डाउनलोड मिति : सन् ११।१०।२०११), –१५ मंसिर २०६८ । हिमाल खवरपत्रिका पेज नम्बर २७–३१

१० उज्जनकुमार श्रेष्ठको हत्याको अनुसन्धान गर्न खटिएको टोलीसमक्ष एक व्यक्तिले दिएको बयान कागजमा उल्लेख भएको ।

११ संवत् २०६३ सालको फौ.पु.नं. ०६३–CR०३९२, सर्वोच्च अदालत ।

उल्लङ्घन भएको हो-होइन ? भनी विश्लेषण गर्नुपर्ने मुख्य विषयवस्तुको रूपमा देखियो ।

११. यसतर्फ विचार गर्दा रामेछाप जिल्ला, साँघुटार बस्ने उज्जनकुमार श्रेष्ठको तत्कालीन नेकपा (माओवादी) का सक्रिय कार्यकर्ता बालकृष्ण ढुङ्गेलसमेतले हत्या गरेको पृष्ठभूमि जोडिएर आएको बुझियो। उज्जनकुमार श्रेष्ठलाई हत्या गरेपश्चात् उक्त घटनामा अनुसन्धान भई न्यायिक प्रक्रियामार्फत दोषी पहिचान गरी सजायसमेत तोकिइसकेपछि उज्जनकुमार श्रेष्ठको हत्या भएपश्चात् निजका एकाघरका दाजु गणेशकुमार श्रेष्ठलाई नेकपा (माओवादी)का कार्यकर्ताहरू पुष्कर गौतमसमेतले धम्की दिँदै आएको आयोगको अनुसन्धान प्रतिवेदन, विभिन्न पत्र-पत्रिकामा प्रकाशित समाचारहरू, मृतकका आफन्त र साक्षीहरूको बयानबाट समेत देखियो ।

१२. माथि ... खण्डमा लेखिएबमोजिम प्रतिवादी बालकृष्ण ढुङ्गेलका हकमा पुनरावेदन अदालत राजविराजको फैसला केही उल्टी भई निज प्रतिवादीलाई अभियोग मागदाबी बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरिएकाले कैद वर्ष २० मा निज पुर्पक्षको लागि थुनामा रहेको मिति २०५५।९।३ देखि पुनरावेदन अदालतको फैसलाले कैदबाट छुटेको मितिसम्मको अवधि कट्टा गरी बाँकी कैदको लगत कसी असुल गर्नू भनी सुरु ओखलढुङ्गा जिल्ला अदालतमा लगत दिनू भन्ने समेत सर्वोच्च अदालतबाट २०६६ पौष १९ गते गरेको फैसलामा उल्लेख भएको देखिन्छ । यसबाट उज्जनकुमार श्रेष्ठको हत्याका सम्बन्धमा प्रहरीसमक्ष जाहेरी दिने, मुद्दा चलाउने कार्य निजका दाजु गणेशकुमार श्रेष्ठबाट भएकोले निजउपर माओवादी कार्यकर्ताहरूले धम्की दिँदै आएको र निजलाई मार्नेसम्मको योजना बनाएको स्पष्टै देखिन्छ । यी घटना परिघटनाहरूका कारण माओवादीका कार्यकर्ताहरूले निजलाई आक्रमणको निसाना बनाएको स्वतन्त्र रूपमा पुष्टि हुन्छ ।

१३. अब यस्तो तथ्य स्थापित हुन आएकोले माओवादी कार्यकर्ताहरूउपर सिर्जना हुने युद्धसम्बन्धी केही दायित्वहरूका बारेमा सामान्य विवेचना गर्नुपर्ने हुन्छ । सशस्त्र सङ्घर्ष वा युद्धलाई नियमन गर्ने कानुनको रूपमा जेनेभा महासन्धि, १९४९ रहेको छ । उक्त महासन्धिको साझा धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले

पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति, धर्म विश्वास, लिङ्ग आदिका आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउन, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापना भएको अदालतको निर्णय विनादण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् । साझा धारा ३ ले सशस्त्र सङ्घर्षका समयमा सर्वसाधारण व्यक्तिहरू, महिला, बालबालिकाजस्ता संवेदनशील वर्गहरूलाई, विद्यालय क्षेत्र, चिकित्सकीय क्षेत्रहरू, सर्वसाधारणका बस्तीहरूलाई समेत युद्धको निसाना बनाउन युद्धरत पक्षहरूलाई बन्देज गरेको छ । यी समग्र व्यवस्थाहरू मानवीय पक्षहरू हुन् अर्थात् युद्धरत पक्षहरूले न्यूनतम मानवीय पक्षहरूलाई विचार गर्नुपर्दछ । यस्ता पक्षहरूमा विचार नगरी आक्रमण गर्दा वा नियन्त्रणमा लिएर हत्या गर्ने वा यातना दिने कार्य गरेको पाइएमा मानवीय कानुनको उल्लङ्घन गरी मानव अधिकारको हनन गरेको ठहरिन्छ । अतः तत्कालीन नेकपा (माओवादी) सशस्त्र सङ्घर्षको एक पक्ष भएकोले उक्त पार्टीले अन्तर ाष्ट्रिय मानवीय कानुनको पालना गर्नुपर्ने दायित्व निश्चित रूपमा सिर्जना हुनेनै देखिन्छ ।

१४. उल्लिखित अन्तर्राष्ट्रिय कानुनी व्यवस्थालाई मध्यनजर गर्दा सो पार्टीले यस घटनाका सम्बन्धमा मानवीय कानुनको पालना गरे-नगरेको विषयमा विवेचना गर्नुपर्ने हुन्छ । प्राप्त प्रमाणहरूको आधारमा मृत्यु हुने गणेशकुमार श्रेष्ठ युद्धमा सहभागी भएका व्यक्ति भएको बुझिँदैन । यसर्थ, निजलाई नियन्त्रणमा लिएपश्चात् हत्या गरिनुले जेनेभा महासन्धिको साझा धारा ३ को उल्लङ्घन भएको र उक्त पार्टीका कार्यकर्ताहरूले मानवीय कानुनको पालना नगरेको स्वतः सिद्ध हुने विषय भयो । यसर्थ, माओवादी कार्यकर्ताहरूले मानवीय कानुनको उल्लङ्घन गरी निजको बाँच्न पाउने अधिकारको हनन गरेकोले

मानव अधिकारको उल्लङ्घन भएकै निष्कर्षमा पुगियो ।

१५. निजको हत्यापश्चात् राज्यको दायित्व के हुने विषयमा सामान्य विवेचना गर्दा, माओवादी कार्यकर्ताहरूले निज गणेशकुमार श्रेष्ठलाई नियन्त्रणमा लिनु र नियन्त्रणमा लिएपछि हत्या गर्नु यी दुवै कार्यहरू जेनेभा महासन्धिको विरुद्धमा रहेको देखिन्छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तर ाष्ट्रिय सन्धि सम्झौताहरू लागू गर्ने सम्बन्धमा कुनै पनि नेपाल कानुन उक्त सन्धि तथा सम्झौताहरूसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने भनी अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई प्राथमिकता दिइएको छ । अतः नेपाल जेनेभा महासन्धिको पक्ष राष्ट्र भएकोले महासन्धिको प्रावधानसँग बाझिने उल्लिखित ऐनको प्रावधानअनुसार गरिएको कार्य अन्तर्राष्ट्रिय कानुनको विरुद्धमा भएकोले कानुन उल्लङ्घन गर्नेलाई पक्राउ गरी कानुनबमोजिम कारबाही गर्नुपर्ने राज्यउपर स्वतः दायित्व सिर्जना हुने ।

१६. **निशस्त्र व्यक्तिलाई अपहरण गरी हत्या गर्नु अमानवीय र आपराधिक क्रियाकलाप मानिन्छ । यस्तो अवस्थामा हत्यामा संलग्नहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउनु विधिको शासनको आधारभूत सिद्धान्त हो । कोही पनि व्यक्तिले वैधानिक रूपमा व्यापार व्यवसाय गरी स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउनु उसको मानव अधिकार हो । उल्लिखित घटनामा निज श्रेष्ठलाई राजनैतिक पूर्वाग्रह राखेर हत्या गर्नु मानव अधिकारको गम्भीर उल्लङ्घन हो । यस्तो अपराध गर्ने व्यक्तिलाई पक्राउ नगरी उन्मुक्ति दिनु भनेको जेनेभा महासन्धिको कार्यान्वयनमा संवेदनशील नहुनु हो भनी मान्न सकिने ।**

१७. व्यक्तिको ज्यान जाने गरी गरिएको कारबाही तथा गम्भीर प्रकृतिका यातनालाई गम्भीर मानव अधिकारका विषयवस्तु मानिन्छन् । यसर्थ, यस घटनामा मारिएका गणेशकुमार श्रेष्ठको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएबाट प्रस्तुत घटनालाई गम्भीर मानव अधिकारको विषयवस्तु मान्नुपर्दछ ।

१८. यसमा निर्णयतर्फ विचार गर्दा आयोगको अनुसन्धानबाट निज गणेशकुमार श्रेष्ठलाई २०५९ मंसीर ६ गते नेकपा (माओवादी) का कार्यकर्ताहरूले हत्या गरेको, मृतकका आफन्तले रु. एक लाख पचास हजार

बुझिसकेको देखियो । निज श्रेष्ठको तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले जेनेभा महासन्धिको उल्लङ्घन गरेको र प्रहरीद्वारा घटनाको प्रभावकारी अनुसन्धान भएको नपाइएको, प्रभावकारी अनुसन्धानबिना पीडितले न्याय नपाउनुको साथै यस्तो कार्य मानव अधिकारको सिद्धान्त र भावना प्रतिकूल समेत हुने भएकोले घटनामा संलग्न तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूको पहिचान गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलबमोजिम कानुनी कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ (३) बमोजिम रु. ३ लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

१९. प्रस्तुत उजुरीउपर गरिएको यो निर्णय कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायलाई लेखी पठाउनू । निर्णयको जानकारी सम्बन्धित उजुरीकर्तालाई दिनू र उजुरी फाइलको डायरी लगत कट्टा गरी फाइल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

**निर्णय तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

............... ................ .................

सदस्य सदस्य अध्यक्ष

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

### संवत् २०६७ सालको उजुरी नं ४४००

### विषयः झडपमा मृत्यु

**सङ्क्रमणकालीन अवस्थामा देशका प्रत्येक सुरक्षा र न्यायिक एवम् अर्धन्यायिक निकायहरू बढी संवेदनशील र सजग हुनुपर्दछ। अन्यथा प्रजातन्त्रका उपलब्धिहरू र मानव अधिकार नै सङ्कटमा पर्दछन् । शान्ति सुरक्षाको सबाल सङ्क्रमणकालीन अवस्थाको मुख्य चुनौती हो । यसर्थ, यस्तो अवस्थामा जिल्लाको सुरक्षा निकायहरू चलाख, संयमित र सक्रिय हुनुपर्दछ । यस घटनाको सन्दर्भमा शान्ति, सुरक्षा र आवश्यक शतर्कता नअपनाइएकोले निज गङ्गाबहादुर भुजेलको मृत्यु हुन गएको देखिएकोले निजको मानव अधिकार उल्लङ्घन भएको देखियो ।**

- प्रकरण नं १६

**सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा समेत बाँच्न पाउने अधिकारबाट वञ्चित गर्न पाइँदैन । कसैले यदि जीवन दान गर्न सक्तैन भने उसलाई कसैको जीवन हरण गर्ने सामर्थ्य पनि रहँदैन ।**

- प्रकरण नं १७

१. सोलुखुम्बुमा चुनावी सभामा झडप, एक माओवादीको मृत्यु शीर्षकमा काङ्ग्रेस र माओवादीबीच बुधवार गोरास्थित सिसा खोलामा भएको भिडन्तमा माओवादीका जिल्ला सदस्य गङ्गाबहादुर भुजेल (गजेन्द्र) को मृत्यु भएको, उक्त घटनामा काङ्ग्रेसका १२ जनाभन्दा बढी र माओवादीका ८ जना कार्यकर्ता घाइते भएका, गम्भीर घाइते भएका काङ्ग्रेस कार्यकर्ताहरूलाई उपचारका लागि काठमाडौँ लगिएको भन्ने समेतको कान्तिपुर अनलाइनलगायत विभिन्न सञ्चार माध्यमहरूमा २०६५ वैशाख १८ गते समाचार प्रकाशित भएको रहेछ ।

२. संविधानसभा सदस्य निर्वाचन, २०६४ को प्रचार प्रसारको क्रममा २०६४ चैत्र १३ गते गोरा गाविस वडा नं. ९ सिसाखोलामा नेकपा (माओवादी) का विधायक बुद्धिमान माझी र नेपाली काङ्ग्रेसका विधायक

बलबहादुर केसीकै उपस्थितिमा दोहोरो झडप भई विधायक बलबहादुर केसीको सुरक्षार्थ खटिएका प्रहरीले गोली चलाउँदा नेकपा (माओवादी) का जिल्ला कमिटी सदस्य गङ्गाबहादुर भुजेलको मृत्यु भएको भन्नेलगायतका सूचना प्राप्त भएकोमा सोही आधारमा आयोगले स्वविवेकीय अधिकार प्रयोग गरी २०६५ वैशाख १८ गते उजुरी ग्रहण गरी अनुगमन र अनुसन्धान प्रक्रिया अगाडि बढाएको रहेछ ।

३. उल्लिखित घटनामा परी घाइते भएका व्यक्तिहरूलाई उपचारको लागि लागि त्रिवि शिक्षण अस्पताल महाराजगन्ज ल्याइएको रहेछ । मृतकको शवसमेत पोस्टमार्टको लागि सोही अस्पतालमा ल्याइएको रहेछ । सो जानकारीका आधारमा आयोगका मा. सदस्य रामनगिना सिंहसमेतको टोली अस्पताल पुगी अनुगमन गरी प्रतिवेदन पेस गरेको रहेछ । अनुगमन प्रतिवेदनमा उल्लेख भएका तथ्यहरूको सारसङ्क्षेप निम्नबमोजिम रहेको छ :

- टापटिङ गाविसको सिसाखोलामा नेपाली काङ्ग्रेसको कार्यक्रम एक महिनाअगाडि नै तय भएको, क्रियाशील पार्टीहरूको बीचमा जिल्लामा हुने कार्यक्रम नजुधाउने सहमति भएको, सोही मितिमा माओवादीले पनि कार्यक्रम राखेको सुनेपछि सोलुखुम्बु जिल्लाका प्रजिअ र प्र.ना.उ.सँग काङ्ग्रेसले कुरा गरेको, तर माओवादीको कार्यक्रम नभएको भनी जानकारी दिएपछि कार्यक्रम गर्न गएको, चैत्र १३ गते कार्यक्रम गर्न चिम्लिङबाट बिहान १० बजे सिसाखोलामा पुग्दा माओवादीका करिब २५० जना कार्यकर्ताहरूले लाठी, खुकुरी, ढुङ्गा र हतियारले आक्रमण गरेको, नेकाका उम्मेदवार बलबहादुर केसीको टोलीमा ५ जना सुरक्षाकर्मीसहित २०।२५ जना मात्र भएका र कार्यक्रमको तयारीको लागि सिसाखोलामा अगाडि नै पुगेका कार्यकर्ताहरूलाई पनि आक्रमण भएको ।

- माओवादी निकट भातृसङ्गठन वाइसियलले नेकाका उमेदवार बलबहादुर केसीलाई लक्षित गरी हतियार चलाउँदा सो रोक्ने क्रममा राजेन्द्र बस्नेतको दाहिने हातको कुममा गोली लागेको, दिउँसो ४ बजेतिर हेलिकप्टरबाट बलबहादुर केसीसहित १२ जनालाई शिक्षण अस्पताल महाराजगन्ज ल्याइएको, निजको टाउकोमा चोट लागेको, खुकुरी प्रहारबाट दाहिने हातको हत्केला काटिएको ।

- राजेन्द्र बस्नेतको दाहिने हातको कुममा गोली लागेको, टाउको फुटेको, माओवादीले आक्रमण गर्दा उमेदवारको सुरक्षामा गएका सुरक्षाकर्मीहरू भागेका भए पनि केही समयपछि भिडन्तमा सुरक्षाकर्मीहरूले हवाई-फायर गरेको, घटनामा माओवादी कार्यकर्ता गङ्गाबहादुर भुजेलको कोखाको देब्रेतिरबाट गोली लागी मृत्यु भएको ।

- विधायक बलबहादुर केसीको सुरक्षार्थ खटिएका प्रहरीले गोली चलाउँदा नेकपा (माओवादी) का जिल्ला कमिटीका सदस्य गङ्गाबहादुर भुजेलको दुःखद निधन भएकोले निर्वाचनको निष्पक्षता र शान्ति प्रक्रियाको प्रत्याभूति हुन नसकेकाले निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्नका लागि मृतकको परिवारलाई क्षतिपूर्ति तथा घाइतेलाई विनामतभेद उपचारको व्यवस्था हुनुपर्ने, घटना घटाउन आदेश दिने र गोली चलाउनेलाई सार्वजनिक गरी कारबाही गरिनुपर्ने लगायतका माग राखी २०६४ चैत्र १४ मा नेकपा (एमाले) जिल्ला पार्टी कार्यालय, सोलुखुम्बुले प्रधानमन्त्री र सोलुखुम्बु जिल्ला प्रशासन कार्यालयसमक्ष ज्ञापन पत्र पेस गरेको पाइयो ।

- टोलीले पेस गरेको प्रतिवेदनको विश्लेषण तथा निष्कर्ष खण्डमा घटना गम्भीर भएकोले आयोगबाट अनुसन्धान टोली खटाई अनुसन्धान गर्नुपर्ने सुझाव उल्लेख भएको ।

४. आयोगको अनुगमन टोलीले पेस गरेको प्रतिवेदनका आधारमा घटनाको अनुसन्धान गर्न २०६४ चैत्र १६ देखि २० गतेसम्म टोली खटाइएको र टोलीले घटनाको अनुसन्धान गरी प्रतिवेदनसमेत पेस गरेको पाइयो । अनुसन्धान प्रतिवेदनमा खुलाइएका तथ्यहरूको सार निम्नबमोजिम रहेछ :

- २०६४ चैत्र १३ गते सोलुखुम्बु जिल्लाको गोराखानी, टापटिङ र केरुङ गाविसको सङ्गमस्थल सिसाखोलामा भएको नेकपा (माओवादी) र नेकाबीचको झडपमा राइफलको गोली लागी माओवादी कार्यकर्ता सोलुखुम्बु जिल्ला चौलाखर्क ८ बस्ने वर्ष २४ को गङ्गबहादुर भुजेलको मृत्यु भएको र नेपाली काङ्ग्रेसका उमेदवार बलबहादुर केसीसहितका व्यक्तिहरू घाइते भएका ।

- विवादको समाधान निकाल्न सकिने प्रशस्त सम्भावना हुँदाहुँदै पनि विवाद समाधानतर्फ पहल नभएका कारण झडप हुन गई गङ्गाराम भुजेलको मृत्यु हुनु भई केही कार्यकर्ताहरू घाइते भएका । यसबाट नेपालको अन्तरिम संविधान,

२०६३ को धारा १२ (१) को बाँच्न पाउने हक, उपधारा ३ (क) विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, (ख) विनाहातहतियार स्वतन्त्ररूपले भेला हुने स्वतन्त्रता, नेपाल पक्ष भएको नागरिक तथा राजनैतिक अनुबन्धको धारा १९ को (१) र (२), मानव अधिकारको विश्वव्यापी घोषणाको धारा २० साथै संविधानसभा निर्वाचन २०६४ को बुँदा नं. २० मा उल्लेख भएको जुलुस तथा आमसभा गर्दा स्थानीय प्रशासनलाई २४ घन्टा अगाडि जानकारी गराउनुपर्ने, दुई वा सोभन्दा बढी राजनैतिक दलले एकै स्थान तथा मितिमा र एकै मार्गमा कार्यक्रम गर्न पाउने छैनन् भन्ने प्रावधानसमेत विश्लेषण खण्डमा उल्लेख भएको रहेछ ।

- घटनाको सुरु नेकपा माओवादीबाट हुन गई नेपाली काङ्ग्रेसका उमेदवार र कार्यकर्तामाथि लाठी धारिलो हतियारले साङ्घातिक आक्रमण भएको । आक्रमणबाट नेपाली काङ्ग्रेसका उमेदवार र कार्यकर्ताहरू गम्भीर घाइते भएको पाइयो । एक जना व्यक्तिलाई गोली लागी घाइते भएको, सुरक्षाकर्मीले उमेदवारको सुरक्षा र आत्मरक्षाको लागि हवाई-फायर भएको स्वीकार गरे तापनि गङ्गाबहादुर भुजेलको गोली लागी मृत्यु भएको कुरा अस्वीकार गरेको तर पोस्टमार्टम प्रतिवेदनमा राइफलको गोलीबाट मृत्यु हुन गएको देखिँदा अन्य कोही कसैबाट गोली बरामदसमेत नभएको स्थिति देखिएकोले प्रहरीकै गोलीबाट निजको मृत्यु हुन गएको, गोली लागी घाइते भएका व्यक्तिलाई छर्रा लागेको भन्ने देखिँदा भरुवा बन्दुकबाट छर्रा निस्कने भएकोले कोबाट गोली चलेको भन्ने प्रहरीबाट थप अनुसन्धान गर्नुपर्ने निष्कर्ष उक्त प्रतिवेदनमा उल्लेख भएको ।

- मृत्यु भएका व्यक्तिको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेको निःशुल्क उपचारको प्रभावकारी व्यवस्था मिलाउन आयोगबाट सिफारिस गर्नुपर्ने, के कुन परिस्थितिमा घटना भएको हो अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्नुपर्ने सुझावसमेत उक्त प्रतिवेदनमा उल्लेख भएको ।

अनुसन्धान टोलीले घटनाका सम्बन्धमा जानकारी लिने उद्देश्यले सञ्चालन गरेको अन्तरक्रिया कार्यक्रममा विभिन्न व्यक्तिहरूले आफ्ना भनाइ राखेको देखियो । अन्तरक्रिया कार्यक्रममा घटनाका बारेमा बोल्ने केही व्यक्तिहरूको भनाइका सारहरू

निम्नबमोजिम रहेको पाइयो :

- सुरक्षा योजनालाई आधार मानेर सुरक्षा निकाय र व्यारेकका प्रतिनिधिसहित चैत्र १९ गते बलबहादुर केसी र दोर्जे शेर्पा बढी खतरामा रहेको भनी निर्णय गरियो । उमेदवारको सुरक्षार्थ हतियारधारी प्रहरी खटाउने भन्ने निर्णयबमोजिम त्यो दिन ५ जना प्रहरी बलबहादुर केसीको सुरक्षार्थ खटाइएको थियो । घटनाको दिन माओवादीले प्रहरीलाई हप्काए । प्रहरी पछाडि हट्यो । माननीय अगाडि बढे । राजेन्द्र बस्नेतको पाखुरामा गोली लागेपछि प्रहरीले हवाई-फायर गरेको हो । प्रहरीले आत्मरक्षा, जनता र उमेदवारको सुरक्षार्थ गोली चलाएको हुनुपर्छ भन्ने समेत तत्कालीन प्रमुख जिल्ला अधिकारी श्रीकृष्ण श्रेष्ठको भनाइ रहेछ ।

- प्रशासनले कुनै एक पार्टीको विधायकलाई ५ देखि ९ जना प्रहरी दिएको छ र प्रहरीलाई गोली हान्ने आदेश दिएको छ । अरू पार्टीलाई भने सुरक्षा दिएको छैन । १३ गते हामी स्कुलमा मञ्च तयार गर्दै थियौं । बलबहादुरका कार्यकर्ताले मञ्च तोडफोड गरे । बलबहादुरले हाम्रा कार्यकर्ताहरूलाई पक्राउ गर्दै कुटपिट गरेको थियो । बलबहादुरले गोली हान्ने आदेश दिए । ४ जना प्रहरीसँग बन्दुक थियो । गङ्गारामलाई २ गोली हातमा र २ गोली जिउमा लागेको छ । जिल्ला प्रशासन कार्यालयले १५ गते दिएको जाहेरी दर्ता गर्न नमानेपछि हामीले हुलाकबाट पठाएका छौँ भन्ने समेत नेकपा (माओवादी) का जिल्ला कार्यालय सचिव ध्रुव पराजुलीको भनाइ रहेछ ।

- १३ गतेको कार्यक्रमको बारेमा माओवादीको प्रचार-प्रसार भएको थियो । तर काङ्ग्रेसको भएको थिएन । बलबहादुर केसीले माओवादीका कार्यकर्ताहरूलाई दुईचार थप्पड दिएर धपाओ भनी आफ्ना कार्यकर्ताहरूलाई निर्देशन दिएको तर माओवादीका धेरै नै कार्यकर्ताहरू उक्त स्थानमा भएकोले झडप भएको हो । प्रहरी पछाडि हटेको थियो । प्रहरीमाथि आक्रमण भएको थिएन । बलबहादुरको निर्देशनपछि मात्र प्रहरीले गोली चलाएको थियो । १६ राउन्ड गोली चलेको थियो । पहिले गङ्गारामको हातमा मात्र गोली लागेको थियो । पछि पुनः जिउमा गोली हान्दा मृत्यु भएको हो । प्रशासनले शान्ति सुरक्षा दिलाउन सकेको छैन भन्ने समेत नेकपा (एमाले) का जिल्लास्तरीय कार्यकर्ताहरू ... समेत ३ जनाको भनाइ रहेछ ।

- मञ्चहरू केही बनाएको थिएन । हामीलाई बाटैमा माओवादी कार्यकर्ताहरूले कुटे । ... गम्भीर घाइते भए । माओवादीका विधायक ... ले बलबहादुरलाई प्रहार गरेका हुन् । हामीलाई प्रहरीले उद्धार गरेको हो । हामीले गोलीको आवाज सुनेका हौँ भन्ने समेत नेपाली काङ्ग्रेसका कार्यकर्ता ...को भनाइ रहेको पाइयो ।

- म पहिलो समूहमा थिएँ । हामी व्यक्तिको घरमा थियौँ । बलेका गुन्डा कहाँ छन्, हामी YCL हौँ, हाम्रो कार्यक्रम जुधाएका हौँ भन्दै लाठीले हान्न लागे । हामी भागेर केरुङ स्कुल पुग्यौँ । ... फाप्लु अस्पतालमा साथीभाइकै खर्चमा ३ दिनसम्म मेरो उपचार भएको हो भन्ने समेतका घटनामा परी घाइते भएका ... को भनाइ रहेछ ।

- हाम्रा सबै कार्यक्रमहरूको तालिका जिल्ला प्रशासन कार्यालयमा दर्ता गराएको हो । यो नियोजित घटना हो । उनीहरूले ताकेरै बलबहादुर केसीलाई गोली हानेका हुन् । ... ले हुत्याउँदा उनलाई गोली लागेको हो । उनीहरूको समूहमा बाहिर जिल्लाका माओवादी कार्यकर्ताहरू पनि थिए । शान्ति सुरक्षाको स्थिति राम्रो छैन भन्ने समेत नेपाली काङ्ग्रेस, सोलुखुम्बु जिल्लाका ... को भनाइ रहेको पाइयो ।

- १२ गते नै मञ्च तयार भएको थियो । १३ गते नेपाली काङ्ग्रेसका २५।३० जना कार्यकर्ताहरू नारा जुलुस गर्दै मञ्चतिर जाँदा झडप भएको हो । हामीले रोक्दारोक्दै पनि अगाडि बढे । केही परे म व्यहोर्छु, ठोक भनी बलबहादुरले आदेश दिए । असईले गोली हान्न मानेका थिएनन् । भिड तितरबितर भयो । गङ्गाराम भुजेलको पहिले हातमा मात्र गोली लागेको थियो । घाइते भएर बारीको पाटोमा पुगेका थिए । त्यहाँ गएर प्रहरीले पुनः छातीमा ४।५ राउन्ड गोली हाने । लास स्वास्थ्यचौकीमा राखियो र भोलिपल्ट हेलिकप्टरबाट काठमाडौँ पठायौँ भन्ने समेत माओवादीका विधायक बुद्धिमान माझीको भनाइरहेको पाइयो ।

- १३ गते नेपाली काङ्ग्रेसको पम्प्लेट च्यातिएको थियो । प्रहरीहरू पुलको मुखमा थिए । बलबहादुर यहाँको इन्चार्ज को हो भनेर झम्टेर गए । माओवादीले बलबहादुरको आँखातिर हान्न खोज्दाखोज्दै टाउकोमा प्रहार गऱ्यो । रगत बगेको थियो । बलबहादुरले प्रहरीलाई हान, ठोक भन्ने निर्देशन दिए । प्रहरी मानिरहेको थिएन । बलबहादुरले बन्दुक खोस्न थालेका थिए । एक जवानले असईलाई

बन्दुक दियो र असईले हानेको हो । बलबहादुरले गोली हान, केही भएमा म जिम्मेवारी लिन्छु भन्दै थियो । त्यसपछि प्रहरीले आकाशतिर गोली हान्यो । भागाभाग भयो । हान्ने प्रहरी खेद्दै अगाडितिर गयो । म माथि तलामा गएँ भन्ने समेत घटनाका प्रत्यक्षदर्शीको भनाइ रहेछ ।

५. आयोगबाट शिक्षण अस्पताल, महाराजगन्जलाई च.नं. ३०६० २०६४ चैत्र २१ गते प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा घटनामा परी मृत्यु भएका गङ्गाबहादुर भुजेलको पोस्टमार्टम प्रतिवेदन तथा घाइते भएका ... को घाउजाँच फारम उपलब्ध गराउनू भन्ने समेत उल्लेख भएको पाइयो ।

६. यसैगरी च.नं. १३७६ २०६६ चैत्र २३ गते जिल्ला प्रशासन कार्यालय सोलुखुम्बु र जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुका नाममा प्रेषित पत्र पनि मिसिल संलग्न रहेछ । उक्त पत्रमा मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराए, नगराएको र घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइए, नबढाइएको, बढाइएको भए कुन चरणमा पुगेको भन्ने समेतका ब्यहोरा माग गरिएको रहेछ ।

७. पत्राचार गरिएका उल्लिखित निकायहरूमध्ये जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुको च.नं. १२६६ २०६७ वैशाख २६ गतेको पत्र मिसिल संलग्न देखियो । गङ्गाबहादुर भुजेलको परिवारलाई सात लाख रुपैयाँ आर्थिक सहायता गराउने गृह मन्त्रालयको निर्णयबमोजिम २०६५ असार २१ गते सो रकम उपलब्ध गराइएको भनी पत्रमा उल्लेख भएको देखियो ।

८. आयोगबाट पत्राचार गरिएका निकायमध्ये जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुबाट च.नं. ५१९ २०६७ वैशाख १५ गतेको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा २०६४ चैत्र १३ गते अन्दाजी ११ बजेको समयमा नेका र माओवादी कार्यकर्ताहरूबीच चुनाबी प्रचार प्रसारको सिलसिलामा झडप र मारपिट भइरहेको अवस्थामा एक्कासी गोली चलेको अवाज आएपछि गस्तीमा रहेको प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन र भिडलाई तितरबितर गर्न हवाई-फायर गरेको, निजलाई को कसको गोली लागेको हो यकिन भन्न नसकिने भएको हुँदा हाल अनुसन्धान जारी रहेको भन्ने समेतको ब्यहोरा उल्लेख भएको पाइयो ।

९. जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बुले

उल्लिखित पत्रसाथ प्रेषित गरेको घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिबेदन, लासजाँच प्रकृति मुचुल्का मिसिल संलग्न देखियो । छातीमा राइफलको गोली लागी मृत्यु भएको भन्ने पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएको पाइयो ।

१०. प्राप्त विभिन्न तथ्यहरूले गङ्गाबहादुर भुजेलको मृत्यु भएको तथ्यमा विवाद देखिँदैन । प्रस्तुत घटनामा निजको मानव अधिकार उल्लङ्घन भएको हो-होइन भनी विश्लेषण गर्नुपर्ने मुख्य विषय रहेको देखियो । आयोगका प्रतिवेदनहरू र जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुसमेतबाट प्राप्त भएको पत्रका आधारमा झडप हुन नदिनको लागि उपयुक्त सम्पूर्ण उपायहरू अवलम्बन नगरेको र आवश्यक सावधानी नअपनाइएको कारण गङ्गाबहादुर भुजेलको प्रहरीको गोली लागी मृत्यु हुन गएको देखियो ।

११. विभिन्न व्यक्तिहरूको भनाइहरूमा पनि जिल्लास्थित प्रहरी र प्रशासनले सम्भावित झडप हुन नदिन आवश्यक सतर्कता अपनाएको बुझिएन भने नेपाली काङ्ग्रेसले उक्त स्थानमा चुनावी सभा गर्ने भनेर पूर्वसूचना दिएको पनि देखिएन । संविधानसभा निर्वाचन आचार संहिता, २०६४ को बुँदा नं. २० मा जुलुस तथा आमसभा गर्दा स्थानीय प्रशासनलाई २४ घण्टाअगाडि जानकारी गराउनुपर्ने साथै दुई वा सोभन्दा बढी राजनैतिक दलले एकै स्थान तथा मितिमा र एकै मार्गमा कार्यक्रम गर्न पाउने छैनन् भन्ने प्रावधान उल्लेख गरिएको छ । यस्तो प्रावधान भए तापनि उक्त दिन सो स्थानमा काङ्ग्रेस र माओवादी दुवै पार्टीहरूको चुनावी सभा राख्नु गलत थियो । उक्त कुराको जानकारी जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई हुनै पर्नेमा त्यसो भएको पनि पाइएन ।

१२. दुवै पार्टीबीच झडप हुँदा त्यहाँ प्रहरीको सङ्ख्या ५ जना रहेको बुझिन्छ । माओवादीका एक कार्यकर्ताको भनाइलाई आधार मान्दा उक्त कार्यक्रममा माओवादीका कार्यकर्ताहरूले घँगारुको लौरा र खुकुरी लिएर गएको बुझिन्छ । कम्तीमा पनि १५० जनाभन्दा बढीको सङ्ख्यामा रहेका माओवादी कार्यकर्ताहरू, त्यसमा पनि YCL जस्ता तालिम प्राप्त माओवादीका कार्यकर्ताहरूको सङ्ख्या उल्लेख्य नै रहेको बुझिन्छ । यस सन्दर्भमा अब प्रहरीले अत्यधिक बल प्रयोग गर्‍यो वा गरेन, प्रहरीले मान्य सिद्धान्तहरूको विपरीत कुनै कार्य गर्‍यो कि गरेन भन्नेतर्फ पनि

विचार गर्दा संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तलाई[१२] विशेष आधारका रूपमा लिनुपर्ने हुन्छ। संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तमा सुरक्षाकर्मीहरूले ड्युटीमा रहँदाका समयमा स्पष्ट पहिचान दिनुपर्ने, गोली चलाउनुपूर्व सचेत गराउनुपर्ने भनिएको छ ।[१३]

१३. उक्त घटना घट्दाको अवस्थामा प्रहरीहरू प्रहरीकै पोसाकमा रहेको तथ्य खुल्न आएको छ । यसबाट उल्लिखित सिद्धान्तको प्रावधान विपरीत भएको भन्न मिल्दैन । उल्लिखित सिद्धान्तको ९ नम्बरमा लेखिएको व्यवस्थालाई विचार गर्दा आफ्नो ज्यान जान सक्ने वा गम्भीर घाइते हुन सक्ने अवस्था आएमा अधिकारप्राप्त व्यक्तिले गोली चलाउन सक्दछ अन्यथा गोली चलाउँन हुँदैन भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ ।[१४] कसैले हात-हतियार लिई वा नलिई आफ्नो ज्यान लिँदासम्मको जोरजुलुम गर्न लागेकोमा त्यस्तालाई पक्राउ गर्न वा गुहार मद्दत माग्न नसकिने वा मागे पनि बखतमा मद्दत पुग्न नसक्ने वा त्यस्ताको पन्जाबाट भागी उम्की आफ्नो ज्यान बचाउन समेत फुर्सत नपाउने अवस्थामा आफूले केही नगरे आफ्नो ज्यान रहँदैन भन्ने पूरा विश्वास भई ज्यान बचाउनका खातिर उसै मौकामा केही गर्दा वा सो जुलुमीको ज्यान मर्न गएकोमा ज्यानमाराको बात नलाग्ने भनी मुलुकी ऐन ज्यानसम्बन्धी महलको ७ नम्बरमा उल्लेख गरिएको छ ।

१४. समाजमा शान्ति सुरक्षाको जिम्मेवारी प्रहरीको भएको हुँदा तत्कालीन अवस्थालाई मध्यनजर गर्दा प्रहरीले गोली नचलाएको भए अन्य धेरै मानिसहरूको ज्यान जान सक्ने थियो भनी अनुमान गर्न सकिने अवस्था विद्यमान देखियो । यसर्थ,

१२ Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

१३ In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident.

१४ Law enforcement officials shall not use firearms against persons except in self-defence or defence of others against the imminent threat of death or serious injury, to prevent the perpetration of a particularly serious crime involving grave threat to life, to arrest a person presenting such a danger and resisting their authority, or to prevent his or her escape, and only when less extreme means are insufficient to achieve these objectives. In any event, intentional lethal use of firearms may only be made when strictly unavoidable in order to protect life. Adopted by the Eighth United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders, Havana, Cuba, 27 August to 7 September 1990

प्रहरीले गैरकानुनी तरिकाले गोली हान्दा गङ्गाबहादुर भुजेलको मृत्यु हुन गएको हो कि भनी अनुमान गर्न सक्ने आधारहरू पनि तत्काललाई देखिँदैन । सुरुमा त प्रहरीले गोली हान्नै नमानेको र विधायक बलबहादुर केसीले आदेश दिएपश्चात् गोली चलाएको, त्यसमा पनि हवाई-फायर गरिएको भन्ने एक प्रत्यक्षदर्शीको भनाइ विचारणीय छ । घटनामा माओवादीका कार्यकर्ताहरूमाथि प्रहरीले अत्यधिक बल प्रयोग गरेको हो कि भनेर अनुमान गर्न पनि माओवादीका YCL का कार्यकर्ताहरू र प्रहरीको सङ्ख्यालाई विचार गर्नुपर्ने भयो ।

१५. माथि नै उल्लेख भएअनुसार माओवादी कार्यकर्ताहरूसँग घरेलु हतियारहरू रहेको प्रस्टै बुझियो । माओवादी कार्यकर्ताहरूको सङ्ख्या र प्रहरीको सङ्ख्यामा समानुपात थिएन भनी भन्न मिल्ने देखिँदैन। काङ्ग्रेसका कार्यकर्ताहरू ठूलो सङ्ख्यामा घाइते भएबाट समेत माओवादीहरूसँग घरेलु हतियार रहेको बुझियो । यसैले प्रहरीले गैरकानुनी रूपमा गोली चलाएको र अत्यधिक बल प्रयोग गरेको भन्ने भरपर्दा र विश्वसनीय आधारहरू रहेको देखिँदैन ।

१६. अब, गङ्गाबहादुर भुजेलको मृत्युसम्बन्धमा गैरकानुनी हत्या भए-नभएको विषय मुख्य प्रश्नको रूपमा रहेको छ। यसतर्फ उल्लिखित अवस्था अर्थात् गैरकानुनी रूपमा प्रहरीले गोली चलाएको र अत्यधिक बल प्रयोग गरेको अवस्था विद्यमान नरहेकाले निजको गैरकानुनी हत्या भएको होइन भन्ने स्पष्ट नै भयो । तर, निजको मृत्यु यस अर्थले मानव अधिकारसँग गाँसिन्छ जहाँ चुनावी सभा, विस्तृत शान्ति सम्झौता, संविधानसभा निर्वाचन आचार संहिता र शान्ति सुरक्षाको स्थिति गहन विषयको रूपमा रहेको छ। मानव अधिकार, शान्ति र न्याय लोकतन्त्रका आधारशीलाहरू हुन् । मानव अधिकार, शान्ति र न्यायका लागि जिल्लाका पार्टीहरूबीच समन्वय गराई एकै स्थानमा एकै समयमा चुनावी सभा हुन नदिनको लागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको भूमिका त्यति प्रभावकारी देखिएन । माथि नै उल्लेख भएअनुसार नेपाली काङ्ग्रेसबाटै संविधान सभा निर्वाचन, आचार संहिता, २०६४ को प्रावधानविपरीत उक्त स्थानमा चुनावी सभा आयोजना गरिएको बुझियो। **सङ्क्रमणकालीन अवस्थामा देशका प्रत्येक सुरक्षा र न्यायिक एवम् अर्धन्यायिक निकायहरू बढी संवेदनशील र सजग हुनुपर्दछ अन्यथा**

**प्रजातान्त्रका उपलब्धिहरू र मानव अधिकार नै सङ्कटमा पर्दछन् । शान्ति सुरक्षाको सबाल सङ्क्रमणकालीन अवस्थाको मुख्य चुनौती पनि हो । यसर्थ, यस्तो अवस्थामा जिल्लाको सुरक्षा निकायहरू चलाख, संयमित, सक्रिय हुनुपर्दछ । यस घटनाको सन्दर्भमा शान्ति सुरक्षा र आवश्यक सतर्कता नअपनाइएकोले निज गङ्गाबहादुर भुजेलको मृत्यु हुन गएको देखिएकाले निजको मानव अधिकार उल्लङ्घन भएको हो भन्ने निष्कर्षमा पुग्न सकियो ।**

१७. बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले चित्रित गरेको छ। **सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा समेत बाँच्न पाउने अधिकारबाट वञ्चित गर्न पाइँदैन। कसैले यदि जीवन दान गर्न सक्तैन भने उसलाई कसैको जीवन हरण पनि गर्ने सामर्थ्य पनि राख्दैन भन्ने भनाइ जीवनको अधिकारसँग सम्बन्धित छ ।** यस घटनामा गङ्गाबहादुर भुजेलको विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरूले प्रदान गरेको बाँच्न पाउने अधिकार अर्थात् जीवनको अधिकारको उल्लङ्घन भएको पाइयो । यस्ता सारभूत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू निम्नबमोजिम रहेको पाइन्छ :

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको प्रावधान ।
- नागरिक तथा राजनैतिक अधिकार विषयक महासन्धि १९६६ को धारा ६ मा उल्लिखित जीवनको अधिकार तथा धारा ९ मा उल्लिखित स्वतन्त्रता तथा सुरक्षाको अधिकारसम्बन्धी प्रावधान ।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा उल्लेख भएको स्वतन्त्रता तथा हक-अधिकारसम्बन्धी प्रावधान ।
- मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महल को १ नं बमोजिम कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन वा मार्नको लागि उद्योग गर्न नहुने भन्ने प्रावधान ।
- नागरिक अधिकार ऐन,२०१२ मा उल्लिखित प्रावधान ।

१८. उल्लिखित प्रावधानहरूले व्यक्तिको जीवन र स्वतन्त्रतालाई संरक्षित गरेको भए तापनि निज गङ्गाबहादुर

भुजेलको हक-अधिकार संरक्षित हुन नसक्नुमा जिल्लाको सुरक्षास्थिति कमजोर रहनु हो भन्ने देखिन आयो । तत्कालीन परिस्थितिमा के-कस्तो अवस्थामा गोली चलाइएको हो र कुनै गैरकानुनी तौरतरिकाबाट गोली चलाइएको थियो-थिएन सो विषयलाई केन्द्रमा राखी छानबिन गर्नुपर्ने मनासिव आधारहरूसहित आयोगको स्वविवेकमा उजुरी दर्ता हुन आएकोमा के-कस्तो अवस्थामा प्रहरीले गोली चलाएको हो र के-कस्तो तरिकाबाट गङ्गाबहादुर भुजेलको मृत्यु हुन गएको हो सो पत्ता लगाउनुपर्ने उजुरीको मुख्य उदेश्य रहेको देखियो ।

१९. ...।

२०. अतः २०६४ चैत्र १३ गते गङ्गाबहादुर भुजेलको प्रहरीको गोली लागी मृत्यु भएकोले निजको बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको र नेपाली काङ्ग्रेसका उमेदवार बलबहादुर केसी घाइते भएकोमा गोली चलाउन के-कस्तो परिस्थिति सिर्जना भएको हो ? सोको यकिन गरी दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न तथा मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग, (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम १७ बमोजिम ३ लाख क्षतिपूर्ति रकम उपलब्ध गराउन र घाइते भएका व्यक्तिहरूलाई यथोचित उपचार खर्च भराइदिन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

............... .............. .................

सदस्य सदस्य अध्यक्ष

इति संवत् २०६८ साल पुष ७ गते रोज ५ शुभम्

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**

### संवत् २०६० सालको उजुरी नं १३१८

### विषय: नियन्त्रणपछि गोली हानी हत्या ।

**मानव अधिकारको संरक्षण गर्नु र कानुनी शासनको मान्यतालाई अङ्गीकार गर्नु सेनाको दायित्व भएको र वैरीलाई समेत मानवीय व्यवहार गर्ने, सत्य बोल्ने, नियम र कानुनलाई शिरोपर राखी त्यसलाई पालना गर्ने, युद्धका नियमहरूको पालना गर्दै मानव अधिकारको संरक्षण गर्ने भनी सेनाले निर्धारण गरेको मूलमन्त्रको सेनाबाट नै उल्लङ्घन हुँदा मानव अधिकारको गम्भीर रूपमा उल्लङ्घन हुन पुग्दछ ।**

**-**प्रकरण नं. २७

**अनुबन्धको नेपाल पक्ष राष्ट्र भएको र संयुक्त राष्ट्रसङ्घको सदस्यसमेत भएको हैसियतका आधारमा विषयगत समितिले प्रतिपादन गरेका सिद्धान्तहरू, व्याख्याहरू र संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तहरूको पालना गर्नुपर्ने दायित्व नेपाल सरकारको रहने हुन्छ ।**

**-**प्रकरण नं. ३५

१. काभ्रेपलान्चोक जिल्ला, च्याले गाविस वडा नं. ३ बस्ने राकेश भनिने जीवन रञ्जितकारलाई सुरक्षाफौजले पक्राउ गरी नियन्त्रणमा लिएर २०६० पुष १ गते भूमिडाँडा गाविसको अमिलचौर इलाकामा लगी गोली हानी हत्या गरेको र लास बेपत्ता पारेकोले घटनाको यथार्थ छानबिन गरी आफ्नो संस्कारअनुरुप लासको सद्गत गर्न पाउनुको साथै दोषीमाथि कारबाही गरी पीडित परिवारलाई कानुनबमोजिम क्षतिपूर्ति दिलाउन पहल गरी पाऊँ भन्नेसमेतको व्यहोरा उल्लेख गरी मिति २०६० पुष २१ गते आयोगमा उजुरी दर्ता भएको ।

२. आयोगबाट च.नं. १३१८, संरक्षण २९०३ मिति २०६० पुष २२ गते जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोकलाई सम्बोधन गरी प्रेषित पत्र मिसिल संलग्न देखियो । पत्रमा घटनाका सम्बन्धमा के-कसो भएको हो ? सुरक्षाफौजको कारबाहीको क्रममा निजको मृत्यु भएको हो, होइन ? लासजाँच तथा घटना स्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन, लास सद्गत गर्न दिएको पुर्जी तथा प्रहरी प्रतिवेदन समेत यस आयोगमा उपलब्ध गराइदिनु भन्ने समेतको व्यहोरा उल्लेख गरिएको रहेछ ।

३. आयोगबाट च.नं. १३१८, संरक्षण २२१९ मिति २०६२ वैशाख २६ गतेपत्रमार्फत जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकलाई प्रेषित ताकेता पत्र मिसिल संलग्न रहेछ । उक्त पत्रमा आयोगले प्रेषित गरेका पत्रहरूको सम्बन्धमा आवश्यक जानकारी माग गरिएको रहेछ ।

४. आयोगबाट रक्षा मन्त्रालय, गृह मन्त्रालयलाई सम्बोधन गरी च.न. १३१८ संरक्षण १३६६ मिति ०६२ फागुन ०२ गते मार्फत प्रेषित पत्र पनि मिसिल संलग्न देखियो । उक्त पत्रमा घटनाका सम्बन्धमा यथार्थ विवरणहरू यथशीघ्र आयोगमा उपलब्ध गराइदिनु भन्ने समेतको ब्यहोरा उल्लेख गरी पत्रको बोधार्थ तथा कार्यार्थ शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखा भद्रकाली र प्रहरी प्रधान कार्यालय, मानव अधिकार एकाइ नक्साल, काठमाडौँमा प्रेषित गरिएको रहेछ ।

५. आयोगबाट श्री जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोकलाई सम्बोधन गरी च.न. १३१८ संरक्षण १३६७ मिति ०६२ फागुन २ गते प्रेषित ताकेता पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा काभ्रेपलान्चोक जिल्ला ज्याले गाविस वडा न. ३ निवासी १७ वर्षीय जीवन रञ्जितकारलाई मिति २०६० पुष १ गते सोही जिल्लाको भूमिडाँडाको अमिलचौर पुऱ्याई सुरक्षाफौजले गोली हानी हत्या गरेको तथा परिवारलाई आफ्नो रीतिरिवाजअनुसार सद्गतसमेत गर्न नदिई लाससमेत बेपत्ता पारेको सम्बन्धमा आयोगबाट पटक-पटक पत्राचार हुँदा समेत तहाँको ... कुन जानकारी नपठाइएकोले पुनः ताकेता गरी ... जानकारी यथाशीघ्र उपलब्ध गराई मानव अधिकार संरक्षण कार्यमा सहयोग पुऱ्याइदिनु भन्नेसमेतको ब्यहोरा उल्लेख गरिएछ ।

६. आयोगबाट जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोकलाई सम्बोधन गरी च.न.४१५ मिति ०६७७९ गते प्रेषित गरेको पत्र पनि मिसिल संलग्न देखियो । उक्त पत्रमा मानव अधिकार आयोगमा गैरन्यायिक हत्या भएको भनी दर्ता हुन आएको जीवन रञ्जितकारको उजुरी उपर अनुसन्धान गर्न खटाइएको टोलीलाई आवश्यक सहयोग गर्न अनुरोध गरिएको रहेछ ।

७. ... ।

८. अनुसन्धानका क्रममा टोलीले विभिन्न साक्षीहरूसँग लिएको बयानसमेत

मिसिल संलग्न देखियो । बयानबाट उल्लिखित ... माओवादी कार्यकर्ता काभ्रेपलान्चोक जिल्लाको ढुंखर्क इलाकामा २०६० पुस १ गतेभन्दा केही दिनअगाडिदेखि नै रही पार्टीको काम गरिरहेको प्रत्यक्षदर्शीहरूले उल्लेख गरिदिएका रहेछन् ।

९. २०६० साल मंसिर मसान्तमा ... को घरमा करिब १० जना जतिको सङ्ख्यामा तत्कालीन शाही नेपाली सेनाको टोली आई बसेको भन्ने विभिन्न साक्षीहरूको भनाइ रहेछ ।

१०. २०६० पुष १ गते ... र ... ले जीवन (राकेश) रञ्जितकार र प्रेमकुमारी तामाङ (लामा) लाई बैठक बसौँ भनी ढुंखर्क गाविस को टुन्टार भन्ने स्थानका ... भन्ने ... को घरमा लिएर गएको पाइयो । घटना घटेको दिन २०६० पुस १ गते ... को ... ओटा घरमध्ये छेउको घरमा चार जना माओवादी कार्यकर्ताहरू भेला भई घरभित्र बसिरहेको अवस्थामा हतियारधारी सेनाहरूले उक्त घरको चारैतिरबाट घेरा हाली एक्कासी फायरिङ गर्न सुरु गरेको अन्य दुई जना प्रत्यक्षदर्शीहरूको बयान कागजमा उल्लेख रहेछ ।

११. सेनाले गोली चलाउनु अगाडि ... र ... घर बाहिर आएको, जीवन रञ्जितकार र ... घरभित्रै रहेको भनी अनुसन्धान प्रतिवेदनमा खुलाइएको पाइयो ।

१२. सेनाले ... र ... लाई घरबाट करिब १५० मिटरको दुरीमा रहेको खोलाको बगरनजिकै लगेर राखेको, सेनाद्वारा उक्त घरमा करिब २०-२५ मिनेटसम्म एकोहोरो गोली हानेको भन्ने एक प्रत्यक्षदर्शीहरूको भनाइ रहेको । आक्रमणकै क्रममा उक्त घरको चोटामा सेनाद्वारा ग्रिनेड प्रहार गर्दा ग्रिनेड पड्किएर घरको चोटो भत्किएको, कोठामा रहेका विभिन्न फर्निचरहरूको समेत क्षति भएको भन्ने घरधनीको भनाइ रहेछ ।

१३. यसै क्रममा जीवन रञ्जितकार र ... ले निजहरूसँग रहेको ग्रिनेड पड्काएर आत्महत्या गर्न खोजेकोमा ग्रिनेड नपड्किएकोले उनीहरूको मृत्यु नभएको भन्ने घटनाका अर्का प्रत्यक्षदर्शी र यस सम्बन्धमा जानकार अन्य व्यक्तिहरूको भनाइ रहेको छ ।

१४. सेनाले घरभित्र रहेका उल्लिखित माओवादी कार्यकर्ताहरूलाई घरबाहिर निस्कन आदेश दिएकोले जीवन र ... ले हात उठाई आत्म समर्पण भन्दै बाहिर निस्किएको, उनीहरू बाहिर निस्कनेबित्तिकै सेनाले बन्दुक, लात्ती, फर्सी समेतले हानी चरम कुटपिट गरेको र निजहरूको

अवस्था चिन्ताजनक भएको भन्ने प्रत्यक्षदर्शीहरूको भनाइ रहेको ।

१५. विभिन्न यातनापछि उनीहरूलाई मार्ने सेनाको गतिविधि देखेपछि ... को पिताले हाम्रो घर अगाडि यिनीहरूलाई नमार्नुहोस् भनेपछि दुवै जना व्यक्तिलाई सेनाले हात बाँधी अशक्त अवस्थामा भूमिडाँडा गाविसको अमिलचौरतर्फ लिएर जाँदै गरेको भन्ने तीनजना प्रत्यक्षदर्शीहरूको भनाइ रहेछ ।

१६. सुरक्षाफौजले दुवै व्यक्तिहरूलाई भूमिडाँडाको अमिलचौर र चलाल गाविसको सिमानामा पर्ने जङ्गलमा लगी करिब २०-२५ मिटरको दुरीमा राखी गोली हानी हत्या गरेको र हत्यापछि समाचार माध्यमहरूबाट दोहोरो भिडन्तमा दुई जना माओवादी कार्यकर्ताको मृत्यु भएको भनी समाचार प्रसारण/प्रकाशन भएको भन्नेसमेत ... साक्षीहरूको भनाइ रहेको पाइयो ।

१७. गोली हानी हत्या गरेपश्चात् सेनाले जीवन र प्रेमकुमारी दुवै जनाका लासहरू घटनास्थलमै छाडी गएको र घटनास्थलहुँदै आफन्तको घरमा जाँदै गरेका ढुंखर्क गाविसकी एक सर्वसाधारण महिलाले पुसको पहिलो हप्ता उक्त लास देखेको भन्ने भनाइ रहेको । घटना घटेको केही दिनपछि माओवादी कार्यकर्ताहरू गई लासहरू पहिचान गरी मृतकका परिवारजन तथा आफन्तहरूलाई खबर गरेको भन्ने एक माओवादी कार्यकर्ताको भनाइ पनि रहेछ ।

१८. घटनाको केही समयपछि माओवादीले जीवन रञ्जितकार र प्रेमकुमारी लामालाई सेनाले पक्राउ गरी हत्या गरेको भन्नेसमेतको ब्यहोरा उल्लेख गरी प्रेस वक्तव्य निकालेको विभिन्न समाचार माध्यमहरूमा प्रकाशित/प्रसारित भएको पाइयो ।

१९. २०६० पुसको पहिलो हप्ता अमिलचौर इलाकामा गएका गोठालाहरूले एक पुरुष व्यक्तिको लास देखेको र केही समयपछि सम्म उक्त लासको कङ्काल सोही स्थानमा रहेको देखिएकोमा वैशाख वा जेठको समयमा जङ्गलमा डँडेलो लाग्दा उक्त कङ्काल जलेर नष्ट भएको भन्ने घटनास्थल नजिक रहेका अर्का प्रत्यक्षदर्शीको भनाइ रहेकोछ ।

२०. स्थानीय पत्रपत्रीकामा अज्ञात भनिएका .... र ... मध्ये सीताराम तिमल्सिना घटना घटेको केही महीनापछि सेनाको बर्दी लगाई ढुङ्खर्कस्थित निजकै घरमा आएको र ... लाई केही समयअगाडि काठमाडौंको असनमा हिंडिरहेको अवस्थामा भेटेको भन्ने समेतको

अर्का साक्षीको भनाइ रहेछ ।

२१. उल्लिखित अवस्थामा पनि घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयसमेतले आयोगले माग गरेबमोजिमको कुनै जानकारी प्राप्त नभएको अवस्था रहेछ ।

२२. मृतक माओवादी कार्यकर्ताका परिवारले २०६६ सालमा द्वन्द्व पीडित राहत स्वरूप नेपाल सरकारबाट रु. एक लाख तथा नेपाल रेडक्रस सोसाइटीबाट रु. दस हजार आर्थिक सहयोग प्राप्त गरेको कागजातहरूबाट देखियो ।

२३. ...

२४. मृतक दुवैको परिवारको आर्थिक अवस्था कमजोर रहेको अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको पाइयो ।

२५. उल्लिखित घटनाका विभिन्न तीनजना प्रत्यक्षदर्शीहरू, पीडितका तीनजना आफन्तहरू र दुईजना सुनी जान्ने साक्षीहरूको भनाइ, बयान समेतबाट २०६० पुस १ गते बिहान १० बजे सेनाहरूले काभ्रेपलान्चोक जिल्ला, ज्याले गाविस वडा नं. ३ बस्ने राकेश भन्ने जीवन रञ्जितकार र सँगै ऐ.ऐ. जिल्ला श्यामपाटी गाविस वडा नं. ९ बस्ने बालिका आरती भन्ने प्रेमकुमारी तामाङ (लामा) समेतका दुई जना व्यक्तिहरूलाई ऐ.ऐ. जिल्ला ढुङ्खर्क गाविसस्थित ... को घरभित्र रहेको अवस्थामाा पक्राउ गरी चरम यातना दिई डोरीले हात बाँधेर लगी सोही जिल्लाको भूमिडाँडा गाविसको अमिलचौर इलाकाको जङ्गलमा लगी गोली हानी मारी दोहोरो भिडन्तमा मृत्यु भएको भनी प्रचार-प्रसार गरेको तर सो दिन सुरक्षाफौजसँग सो इलाकामा दोहोरो भिडन्त भएको कहीँ कतैबाट पुष्टि हुन सकेको पाइएन ।

२६. घटनाका सम्बन्धमा आयोगबाट जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय, शाही नेपाली जङ्गी अड्डा, मानव अधिकार शाखा भद्रकाली, काठमाडौँ, प्रहरी प्रधान कार्यालय, मानव अधिकार सेल नक्साल, काठमाडौँ समेतमा पत्राचार गरी जानकारी माग गरिएकोमा कुनै जानकारी प्राप्त नभएको देखियो । यसबाट आयोगलाई अनुसन्धान कार्यमा सहयोग नगरेको र घटनाको तथ्य लुकाउन खोजिएको स्पष्ट देखिन्छ ।

२७. प्रस्तुत घटनामा जीवन रञ्जितकार र प्रेमकुमारी तामाङलाई सेनाले नियन्त्रणमा लिएपछि हत्या गरेको तथ्यहरूबाट देखिन आयो । सेनाको

यस्तो काम कारबाहीबाट जीवन रञ्जितकार र प्रेमकुमारी तामाङ (लामा)को बाँच्न पाउने अधिकारको उल्लङ्घन भएको देखियो । सेनाद्वारा गरिएको यस्तो काम कारबाही प्रचलित ऐन, नियम, मार्गनिर्देशिका विपरीत देखियो । यसबाट सेनाले प्रजातान्त्रिक पद्धति, मानव अधिकारको संरक्षण र कानुनी शासनको उपहास गरेको स्पष्ट हुन्छ । **मानव अधिकारको संरक्षण गर्नु र कानुनी शासनको मान्यतालाई अङ्गीकार गर्नु सेनाको दायित्व भएको र वैरीलाई समेत मानवीय व्यवहार गर्ने, सत्य बोल्ने, नियम र कानुनलाई शिरोपर राखी त्यसलाई पालना गर्ने, युद्धका नियमहरूको पालना गर्दै मानव अधिकारको संरक्षण गर्ने भनी सेनाले निर्धारण गरेको मूलमन्त्रको सेनाबाट नै उल्लङ्घन हुँदा मानव अधिकारको गम्भीर रूपमा उल्लङ्घन हुन पुग्दछ ।** यसबाट के स्पष्ट हुन्छ भने सशस्त्र युद्धको अवस्थामा पक्राउ परेका लडाकु वा योद्धा वा आस्थाका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्ने, प्रचलित ऐन नियम बमोजिम काम गर्नुपर्ने, युद्धका नियमहरूको पालना गर्नुपर्ने दायित्वको सेनाबाट सम्मान हुन सकेको पाइएन ।

२८. यस्तै **मानव अधिकार तथा मानवीय कानुन पनि सैनिक कानुन हो**[१५] भनी सेनाले नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, मानव अधिकार कानुनहरू तथा सिद्धान्तहरूलाई पालना गर्नुपर्ने भनी मार्गनिर्देशन दिएको पाइन्छ। यसबाट सैनिकहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रतिबद्धता जाहेर गरेको स्पष्ट हुन्छ ।

२९. कुनै व्यक्तिलाई पक्राउ गर्दा कानुनबमोजिम पक्राउको सूचना दिनुपर्दछ भन्ने कुरामा दुईमत हुन सक्तैन । यस घटनामा सेनाले उल्लिखित दुई जना व्यक्तिहरूलाई सुराकीको आधारमा पक्राउ गरेको भन्ने तथ्य प्राप्त भएको छ । अनुसन्धानका क्रममा कुनै पनि साक्षीहरूबाट पक्राउ गर्दाको समयमा पक्राउ पुर्जी दिइएको देखिँदैन । सेनाबाट प्रकाशित **एक प्रकाशन**[१६]मा पक्राउ गर्ने तरिका र पक्राउ गर्दा अपनाउनु विधिको बारेमा उल्लेख गरेको पाइयो । उक्त प्रकाशनमा न्यूनतम बल प्रयोग गर्नुपर्ने, हतियार भए-नभएको यकिन गरी हतियार

---

१५ द्वन्दको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. ६

१६ द्वन्दको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. ९ र १३

भए निःशस्त्र गरी नियन्त्रणमा लिने, शङ्कास्पद स्थानलाई सुरक्षित ढङ्गले नाकाबन्दी वा तालाबन्दी गर्नुपर्ने, पक्राउको कारणसहितको सूचना सम्बन्धित व्यक्ति र निजको नातेदार वा परिवारलाई दिनुपर्ने, नजरबन्दमा राख्न अधिकार प्राप्त सम्बन्धित स्थानीय प्रशासन अधिकारीबाट आदेश-पत्र लिनुपर्ने, फेला परेको मालसामानको मुचुल्का तयार गर्नुपर्ने, हिनामिना हुन नदिई अभिलेख राख्नुपर्ने उल्लेख छ। पक्राउ परेका व्यक्तिहरूलाई उचित मानवीय व्यवहार गर्नुपर्ने, प्रतिवेदन गर्नुपर्ने र कारबाही अगाडि बढाउनुपर्ने उल्लेख छ ।

३०. स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने प्रक्रियाहरूको बारेमा स्पष्ट व्यवस्था गरेको पाइन्छ । उल्लिखित प्रतिबद्धताहरूको पालना भयो/भएन भनी विचार गर्दा पक्राउ गर्दा पक्राउ पुर्जी नदिएको, पक्राउपछि गोली हानी हत्या गरिएको पाइएकोले अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनहरू, मानवीय कानुनको मात्र नभई सेनाकै प्रकाशनमा प्रकाशित निर्देशनलाई स्वयम्ले पालना गरेको देखिँदैन । यसबाट पनि कानुनबमोजिम कारबाही भएको हो भनी मान्न सकिँदैन ।

३१. सेनाले निज व्यक्तिहरू उपर अत्यधिक बल प्रयोग गरेको हो कि होइन भन्ने सन्दर्भ पनि महत्त्वपूर्ण सवालको रूपमा आएको छ । यसतर्फ विवेचना गर्दा विभिन्न अन्तर्राष्ट्रिय सिद्धान्तहरूले बल र हतियारको प्रयोगलाई सीमित तुल्याएको छ । संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित सिद्धान्तमा सुरक्षाकर्मीहरूले ड्युटीमा रहँदाका समयमा स्पष्ट पहिचान दिनुपर्ने, गोली चलाउनुपूर्व सचेत गराउनुपर्ने भनिएको छ ।[१७]

३२. यस घटनामा सुरक्षाफौजले घातक बल प्रयोग गरेको हो कि होइन भन्ने सन्दर्भमा पक्राउ परेका व्यक्तिहरूको सङ्ख्या र सैनिहरूको सङ्ख्या, पक्राउ परेका व्यक्तिहरूसँग रहेको हतियार र सुरक्षाफौजसँग रहेको हतियार हरूलाई मुख्य आधार मान्नुपर्ने हुन्छ। यस सन्दर्भमा पक्राउ परेका दुईजना व्यक्तिहरू रहेको पुष्टि भइसकेको छ। उनीहरूसँग सकेट बमलगायतका केही हतियारहरू रहेको भन्ने बुझिन आयो । सुरक्षाफौजको सङ्ख्या

१७ In the circumstances provided for under principle 9, law enforcement officials shall identify themselves as such and give a clear warning of their intent to use firearms, with sufficient time for the warning to be observed, unless to do so would unduly place the law enforcement officials at risk or would create a risk of death or serious harm to other persons, or would be clearly inappropriate or pointless in the circumstances of the incident.

यकिन नभए पनि कम्तीमा पनि १० जनाभन्दा बढीको सङ्ख्यामा सशस्त्र सेना परिचालन भएको भन्ने बुझिन आएबाट सङ्ख्या र हतियारको अनुपात मिल्दैन । पक्राउ गरेलगत्तै सेनाले उनीहरूलाई चरम यातना दिएर डोरीले हात बाँधेर लिएर गएको भन्ने समेत अनुसन्धानबाट प्राप्त भएको तथ्यमा उल्लेख भएबाट पक्राउ परेका व्यक्तिहरू भाग्न वा उम्कन सक्ने वा प्रत्याक्रमण गर्न सक्ने अवस्था विद्यमान रहेको देखिँदैन ।

३३. सेनाले हतियारको प्रयोगसम्बन्धी मार्गनिर्देशिका[१८] मा अनियन्त्रित अवस्था परेमा मात्र हतियारको प्रयोग गर्नुपर्ने, आफू वा आफूले सुरक्षा गर्नुपर्ने व्यक्ति, सम्पत्तिको सुरक्षा गर्नको लागि मात्र हतियार प्रयोग गर्नुपर्ने, बन्दी भाग्न खोजेमा चेतावनी दिनुपर्ने, नटेरी भाग्न खोजेमा हतियार प्रयोग गर्नुपर्ने र हतियारको प्रयोग गर्दा न्यूनतम बलको प्रयोग गर्नुपर्ने भन्ने उल्लेख गरेको छ । यसप्रकार सेनाले समेत सकेसम्म न्यूनतम बल प्रयोग गर्नुपर्ने भनी मार्गनिर्देशन गरेको पाइन्छ । सेनाले अत्यधिक बलको प्रयोग गरी निजहरूको हत्या गरेको देखियो । अतः सङ्ख्या, हतियार, मौका, परिस्थितिलाई मध्यनजर गर्दा उनीहरूमाथि अत्यधिक बल प्रयोग गरेको समेत स्पष्ट हुन्छ ।

३४. Asian Human Rights Commission-Asian Charter को धारा ३.६ मा राज्यका सुरक्षाफौजले आतङ्ककारी ऐनजस्ता ऐन, कानुनहरूमार्फत विभिन्न व्यक्तिहरूको स्वेच्छाचारी हत्या, बेपत्ता पार्ने कार्य भइरहेकोले यस्ता कार्यहरू रोकथामका लागि उचित कानुनमार्फत कडा रोकथामका उपायहरू अवलम्बन गर्नुपर्ने उल्लेख रहेको छ । यस घटनामा दुवै जना व्यक्तिहरूलाई आतङ्ककारी भनी मारिहाल्नुपर्ने कानुनको मनसाय नरहेको देख्दादेख्दै पनि सो विपरीत कारबाही गरिएको हो भनी मान्नुपर्ने देखिन्छ । सशस्त्र युद्धको समयमा सुरक्षाफौजहरूले आतङ्ककारी अध्यादेशका प्रावधानहरूलाई आधारमा पनि यस्ता थुप्रै गैरन्यायिक हत्याका घटनाहरू घटाएको आयोगका अन्य उजुरीहरूको अनुसन्धानबाट पनि देखिएकोले यस घटनामा पनि तिनै शैलीहरूको पुनरावृत्ति गरिएको देखिन्छ[१९] भनी आयोगको फैसलामा समेत उल्लेख

18 द्वन्दको समयमा मानव अधिकार र मानवीय कानुन पालना गर्नेसम्बन्धी निर्देशिका २०६१, प्रकाशक नेपाली सेना, पेज नं. १७

१९ फूलमाया घलान तथा सुकमाया बलविरुद्ध नेपाली सेना, आयोगको निर्णय मिति : २०६८।३।२१

भएको छ ।

३५. प्रस्तुत घटनामा निज जीवन रञ्जितकार र प्रेमकुमारी तामाङको विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा व्यवस्थित हक-अधिकारको उल्लङ्घन भएको देखियो । नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी मानव अधिकार समितिले गरेको General Comment 06[२०] : The right to life (art.6) : 04/30/1982, Sixteenth Session, 1982 मा पक्ष राष्ट्रहरूले फौजदारी कानुनमार्फत दण्ड र सजायको व्यवस्था मात्र नगरी राज्यकै सुरक्षा फौजका अधिकारीहरूबाट हुने स्वेच्छाचारी जीवनहरण हुनु ज्यादै संवेदनशील विषय हो । यसकारण स्वेच्छाचारी जीवनहरण गरिने कार्यलाई कानुनद्वारा नै कडाइका साथ नियन्त्रण गरिनुपर्दछ भन्ने उल्लेख छ । **यस व्याख्याबाट मुख्यतः राज्य वा सुरक्षाफौजका अधिकारीहरूले कसैको पनि कुनै बहानामा स्वेच्छाचारी जीवनहरण गर्न नहुने, यस्ता कार्यहरूलाई कानुनले दण्डनीय बनाउनुपर्ने अर्थात् नियन्त्रण गर्नुपर्ने हुन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको नेपाल पक्ष राष्ट्र भएको र संयुक्त राष्ट्रसङ्घको सदस्यसमेत भएको हैसियतका आधारमा विषयगत समितिले प्रतिपादन गरेका सिद्धान्तहरू, व्याख्याहरू र संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तहरूको पालना गर्नुपर्ने दायित्व नेपाल सरकारको रहने हुन्छ ।** अतः सेनाले गरेको यसप्रकारको स्वेच्छाचारी जीवन हरण अन्तर्राष्ट्रिय सन्धि र सिद्धान्तहरू विपरीत भएको देखियो ।

३६. सशस्त्र युद्धको समयमा जेनेभा महासन्धिको साझा धारा ३ लागू हुन्छ। साझा धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरूको उल्लेख गरिएको छ । यस्ता मानवीय व्यवहारहरूमा सङ्घर्षमा सक्रियरूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरू, घाइते वा बिरामी भई कब्जा वा नियन्त्रणमा लिइएका लडाकु वा व्यक्तिहरूसमेतलाई जाति, धर्म, लिङ्ग आदिका आधारमा

२० The protection against arbitrary deprivation of life which is explicitly required by the third sentence of article 6 (1) is of paramount importance. The Committee considers that States parties should take measures not only to prevent and punish deprivation of life by criminal acts, but also to prevent arbitrary killing by their own security forces. The deprivation of life by the authorities of the State is a matter of the utmost gravity. Therefore, the law must strictly control and limit the circumstances in which a person may be deprived of his life by such authorities.

भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार गर्नुपर्ने, घाइते वा बिरामी व्यक्तिहरूको आवश्यक हेरचाह गर्नुपर्ने, उनीहरूको हत्या, अङ्गभङ्ग, यातना दिन नहुने, बन्धक बनाउन नपाउने, व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, अपमानजनक वा अन्य दुर्व्यवहार गर्न नहुने, कानुनबमोजिम स्थापित अदालतको निर्णयबिना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न नहुने प्रावधानहरू पर्दछन् ।

३७. बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले व्याख्या गरेको छ। सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट वञ्चित गर्न नपाइने अन्तर्राष्ट्रिय सिद्धान्तहरूको रूपमा स्थापित भइसकेको पाइन्छ ।

३८. यस घटनाबाट विभिन्न अन्तर्राष्ट्रिय कानुनहरूको अतिरिक्त नेपालको प्रचलित संविधान र कानुनहरूको समेत उल्लङ्घन भएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेख भएको स्वतन्त्रतालगायत मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १ नं.मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न वा मार्न लगाउन वा मार्ने उद्योग गर्न नहुने भन्ने व्यवस्था साथै सार्वजनिक सुरक्षा ऐनमा भएको प्रावधान र नागरिक अधिकार ऐन, २०१२ लगायतका राष्ट्रिय कानुनहरूमा भएको प्रावधानको समेत उल्लङ्घन भएको देखियो ।

३९. यस घटनामा मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८ को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार छ भनी सुनिश्चित गरेको प्रावधान विपरीत हुन गएकोसमेत देखिन्छ । यसका अतिरिक्त उनीहरूलाई चरम यातना दिएको बुझिएकोले यातना, क्रूर तथा अमानवीय व्यवहारविरुद्धको अधिकार विषयक अन्तर्राष्ट्रिय महासन्धि, १९८४ को प्रावधानहरू, आफन्तको लासको आफ्नो रीति, संस्कृति वा परम्पराबमोजिम सदगत गर्न पाउनुपर्ने अधिकारसमेत निसृत गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, निष्पक्ष सुनवाइको मौका पाइने अधिकार निश्रृत गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्रका

प्रावधानहरूजस्ता अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा उल्लेख गरिएका प्रावधानहरूको समेत उल्लङ्घन भएको देखियो ।

४०. अब, उजुरीकर्ताको मागदावीतर्फ निर्णय गर्नुपर्ने देखियो । यसतर्फ विचार गर्दा संयुक्त सुरक्षाफौजले २०६० पुस १ गते काभ्रेपलान्चोक जिल्ला, च्याले गाविस वडा नं. ३ बस्ने राकेश भनिने जीवन रञ्जितकारलाई पक्राउ गरी भूमिडाँडा गाविसको अमिलचौर इलाकामा लगी गोली हानी हत्या गरेको र लास बेपत्ता पारेकोले घटनाको यथार्थ छानबिन गरी आफ्नो संस्कारअनुरूप लासको सद्गत गर्न पाऊँ भन्ने उजुरीकर्ताको मुख्य मागदाबी रहेको देखियो ।

४१. आयोगको अनुसन्धानबाट सेनाद्वारा जीवन रञ्जितकार र निजसँगै काभ्रेपलान्चोक जिल्ला, श्यापाटी गाविस वडा नं. ९ बस्ने बालिका आरती भन्ने प्रेमकुमारी तामाङ (लामा)लाई समेत ढुङ्खर्क गाविसस्थित ... को घरबाट पक्राउ गरी यातना दिई डोरीले हात बाँधेर भूमिडाँडा गाविसको अमिलचौर इलाकाको जङ्गलमा लगी गोली हानी मारी दोहोरो भिडन्त भनी झुटो समाचार प्रचारप्रसार गरी गराई निजहरूको गैरन्यायिक हत्या गरेको पाइयो । अतः घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम मृतकद्वयका हकवालाहरूलाई जनही रु. तीन लाखका दरले क्षतिपूर्ति रकम उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने निर्णय गरियो ।

४२. आयोगको निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउनू र प्रस्तुत उजुरी फाइल नियमानुसार गर्नू ।

**निर्णय तयार गर्ने**

...............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

............... ................ .................

सदस्य सदस्य अध्यक्ष

इति संवत् २०६८ साल पुस ७ गते रोज ५ शुभम् ।

## राष्ट्रिय मानव अधिकार आयोगबाट भएको निर्णय

**माननीय सदस्य रामनगिना सिंह**
**माननीय सदस्य गौरी प्रधान**
**माननीय सदस्य डा. लीला पाठक**
**माननीय सदस्य डा के.बी.रोकाया**

**संवत् २०५९ सालको उजुरी नं ३६/१२७**

**विषय: बलपूर्वक बेपत्ता ।**

**संविधान तथा अन्य प्रचलित कानुन र नेपालपक्ष राष्ट्र भएका महासन्धि र अनुबन्धहरू समेतमा भएका व्यवस्थाविपरीत विपक्षी महलमा नाम उल्लेख भएका निकाय र पदाधिकारीहरूले पीडितहरूलाई आफ्नो नियन्त्रणमा लिई अवस्था बेपत्ता पार्ने कार्य गरी परिवारलाई सोको जानकारी समेत नगराउनुले मानव अधिकारको गम्भीर उल्लङ्घन मात्र हैन गम्भीर फौजदारी अपराध समेत हुन गएको देखिन्छ ।**

- प्रकरण नं. २७

**पीडित व्यक्ति तथा परिवारकाको संरक्षण गर्ने र न्याय दिलाउने कार्य प्रमुखत: सरकार र सरकारका निकायहरूकै हो । यस क्रममा पीडितका परिवारहरूले आफ्ना आफन्तको घर आगमनको प्रतिक्षा गरी लामो समय बिताइसकेको देखिन्छ । लामो समयसम्म पीडितका परिवार हरूले शारीरिक, मानसिक, सामाजिक आर्थिकलगायतका थुप्रै पीडा र क्षतिहरू भोगेका छन् । यस घटनामा प्रत्येक दिन उनीहरूले श्रम, व्यय र अशान्ति मात्र पाइरहेका छन् । यस अर्थमा राज्यका अङ्ग वा सरकारका निकायहरूबाट पुऱ्याइएको मानव अधिकार उल्लङ्घनका पीडाको क्षतिपूर्तिलाई कुनै पनि सीमामा निश्चित गर्नु सान्दर्भिक हुँदैन । आर्थिक रूपमा उपलब्ध गराइने क्षतिपूर्तिबाट कुनै पनि हालतमा जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लङ्घनलाई परिपूरण गर्न सकिन्न । प्रस्तुत घटनामा बेपत्ता पारिएका व्यक्तिको जीवनको सुरक्षा र स्वतन्त्रताको मात्र हैन आर्थिक तथा सांस्कृतिक अधिकारसमेत हनन हुने ।**

- प्रकरण नं. २८

**दोषीलाई दण्डको भागी बनाई जिम्मेवार बनाउन र आगामी दिनहरूमा यस्ता घटना नदोहोरिऊन् भनी सचेत गराउनका लागि पीडित परिवारलाई हदैसम्मको क्षतिपूर्ति र पीडकहरूलाई कानुनी कारबाहीमार्फत दण्डको व्यवस्था नगरिने हो भने दण्डहीनताले थप प्रश्रय पाउने निश्चित छ । तसर्थ, पीडितको न्यायको लागि प्रचलित कानुनबमोजिम हदैसम्मको क्षतिपूर्ति उपलब्ध गराउन र दोषीलाई कारबाही गर्नु आवश्यक हुन्छ ।**

- प्रकरण नं. २९

१. बर्दिया जिल्ला सोनापुर गाविस वडा नं ९ निवासी मोहम्मद जाकिर शेख र बर्दिया जिल्ला बेलुवा गाविस वडा नं ३ स्थायी घर भई बर्दिया भुरी गाउँमा नवीन फोटो स्टुडियो सञ्चालन गरिरहेका यज्ञबहादुर रावललाई २०५८ चैत ३१ गते दिनको ४ बजे बर्दिया जिल्ला नेउलापुर गाविसको भुरी गाउँमा आफ्नै मेडिकल हल तथा फोटो स्टुडियोमा बसिरहेको अवस्थामा शाही नेपाली सेनाको गस्ती टोलीले पक्राउ गरी लगेको र हालसम्म कहाँ र कुन अवस्थामा राखिएको छ भन्ने कुराको जानकारी नदिई बेपत्ता पारेकोले निजहरूको खोजतलास गरी स्थिति सार्वजनिक गरिदिन तथा सकुशल रिहाइको लागि आवश्यक पहल गरिदिन २०५९ साउन ७ गते आयोगमा उजुरी दर्ता भएको थियो ।

२. आयोगबाट च.नं. २२ संरक्षण ४।०५९।६०, २०५९ साउन ८ गतेको पत्रमार्फत गृह मन्त्रालयलाई बोधार्थ दिई जिल्ला प्रशासन कार्यालय बर्दियामा र च.नं. २१ संरक्षण ६।०५९।६०, को पत्रमार्फत रक्षा मन्त्रालयमा पत्राचार गरी निजहरूलाई कुन अभियोगमा पक्राउ गरी, कुन कानुनअन्तर्गत कहाँ के-कस्तो अवस्थामा राखिएको छ ? सोको जानकारी यथाशीघ्र आयोगमा उपलब्ध गराइदिन ... पत्राचार गरिएको रहेछ ।

३. आयोगबाट च.नं. ७५४ संरक्षण १२८३, मिति २०५९।१२।२५ गतेको पत्रमार्फत गृह मन्त्रालय सिंहदरवार, काठमाडौंमा दिई जिल्ला प्रशासन कार्यालय बर्दियामा र रक्षा मन्त्रालयमा पत्राचार गरी निजहरूलाई कुन अभियोगमा पक्राउ गरी, कुन कानुनअन्तर्गत कहाँ के-कस्तो अवस्थामा राखिएको छ ? सोको जानकारी यथाशीघ्र आयोगमा उपलब्ध गराइदिन अनुरोध गरी पुन पत्राचार गरिएको ।

४. त्यपछि जिल्ला प्रशासन कार्यालय बर्दियाबाट निजहरूलाई पक्राउ गरेको भन्ने कहीँ कतैबाट कार्यालयलाई जानकारी प्राप्त नभएको ब्यहोरा उल्लेख गरेको पत्र मिसिल संलग्न रहेछ ।

५. त्यपछि पुनः ... जिल्ला प्रशासन कार्यालय बर्दिया, जिल्ला प्रहरी कार्यालय बर्दिया र ४ नं. बाहिनी अड्डा इमामनगर राँझा नेपालगन्जमा पत्राचार गरी निजहरूको अवस्थाको बारेमा ... यथाशीघ्र आयोगमा जानकारी उपलब्ध गराई दिन अनुरोध गरी पत्राचार गरिएको रहेछ ।

६. त्यपछि जिल्ला प्रहरी कार्यालय बर्दियाबाट उल्लिखित व्यक्तिहरूलाई पक्राउ गरी हिरासतमा राखिएको, छानबिन पश्चात् छोडिएको वा दोहोरो भिडन्तमा परी मृत्यु भएको कुनै अभिलेख नभएको ब्यहोरा उल्लेख गरि आयोगलाई जानकारी गराएको पत्र पनि मिसिल संलग्न रहेछ । ... ।

७. घटनाको स्थलगत अनुसन्धानका लागि आयोगबाट अनुसन्धान टोली खटाएको र अनुसन्धान टोलीले निम्नानुसारको तथ्य सहितको अनुसन्धान प्रतिवेदन आयोगसमक्ष पेस गरेको देखियो ।

- घटनाको दिन दिउसो २/३ बजेको समयमा दुइवटा जिपमा १५/२० जनाको सङ्ख्यामा ठाकुरद्वारा व्यारेकबाट आएका सेनाले जनता मेडिकल हलबाट निज मोहम्मद जाकिर शेखलाई पक्राउ गरी ल्याई भुरीगाउँ बजारको चोकमा रहेको नवीन फोटो स्टुडियोमा ल्याएको । स्टुडियोबाट सञ्चालक नवीन रावललाई समेत पक्राउ गरी निजहरूले लगाएको कपडाले आँखामा बाँधी अमानवीय तरिकाले कुटपिट गरी गाडीमा राखी महेन्द्र राजमार्गको पश्चिम दिशातर्फ लिएर गएका हुन् । त्यसपछि निजहरू दुवैको अवस्था अज्ञात रहेको छ भन्ने ब्यहोराको नेउलापुर गाविस भुरीगाउँका ... प्रत्यक्षदर्शीको बयान ।

- घटनाको दिन दिउसो २/३ बजेको समयमा दुइवटा जिपमा ३०/३५ जनाको सङ्ख्यामा ठाकुरद्वारा व्यारेकबाट आएका सेनाले जनता मेडिकल हलबाट निज मोहम्मद जाकिर शेखलाई पक्राउ गरी निजले लगाएको कालो सर्टले आँखामा बाँधी अमानवीय तरिकाले कुटपिट गरी लगेको र त्यसपछि भुरीगाउँ बजारको चोकमा रहेको नवीन फोटो स्टुडियोका सञ्चालक नवीन रावललाई समेत पक्राउ गरी निजले लगाएको कपडाले आँखामा बाँधी अमानवीय तरिकाले कुटपिट गरी गाडीमा राखी ठाकुरद्वारा व्यारेकतर्फ लिएर गएका हुन् । त्यसपछि निजहरू दुवैको अवस्था अज्ञात रहेको छ भन्ने ब्यहोराको नेउलापुर गाविस वडा नं ... निवासी अर्का प्रत्यक्षदर्शीको बयान ।

- घटनाको दिन दिउसो २/३ बजेको समयमा ठाकुरद्वारा व्यारेकबाट आएका सेनाले जनता मेडिकल हलबाट निज मोहम्मद जाकिर शेखलाई पक्राउ गरी आँखामा कपडाले बाँधेर चरम कुटपिट गर्दै गाडीमा राखी लिएर गए । कता लगे थाहा भएन । निजको

खोजीमा जिल्ला प्रशासन कार्यालय नेपालगन्ज र नेताज्यूहरूको मा भन्न जाँदा पनि ... कही कतैबाट केही जानकारी पाइएन । ठाकुरद्वारा व्यारेकमा जाँदा निजलाई पक्राउ गरी नल्याएको भनी गेटबाट भित्र जानै दिएन । नेताहरूलाई सम्पर्क गर्दा समेत निज मारिएको हुन सक्ने भन्ने कुरा गर्नुभयो । मिति २०५९ वैशाख २ गतेको दिउसो ३ बजेको समयमा नेउलापुरको भिडन्तमा पाँच जना माओवादी कार्यकर्ताको मृत्यु भएको भनिएको थियो । निज मोहम्मदसँगै भुरीगाउँ बजारको चोकमा रहेको नवीन फोटो स्टुडियोका सञ्चालक नवीन रावललाई समेत पक्राउ गरी निजले लगाएको कपडाले आँखामा बाँधी अमानवीय तरिकाले कुटपिट गरी गाडीमा राखी महेन्द्र राजमार्गको पश्चिम दिशातर्फ लिएर गएका हुन् । त्यसपछि निजहरू दुवैको अवस्था अज्ञात रहेको छ भन्ने ब्यहोराको ... को परिवारले गरिदिएको ...बयान कागज ।

- निज नवीन भनिने ... छोरा यज्ञबहादुर रावललाई मिति २०५८।१२।३१ गते दिउसो ३/४ बजेको समयमा दुईवटा जिपमा ठाकुरद्वारा व्यारेकबाट आएका सेनाले पक्राउ गरी निजले लगाएको कपडाले आँखामा बाँधी अमानवीय तरिकाले कुटपिट गरी गाडीमा राखी महेन्द्र राजमार्गको पश्चिम दिशातर्फ लिएर गएका हुन् । सो समयमा जनता मेडिकल हलका मोहम्मद जाकिर शेखलाई समेत पक्राउ गरी कुटपिट गर्दै लगेपश्चात् निजहरू दुवैको अवस्था अज्ञात रहेको छ । निजहरूको खोजीमा सुरक्षा निकाय तथा प्रशासनमा जाँदा ... कुनै जानकारी नभएको जबाफ प्राप्त भयो भन्ने ब्यहोराको निज ... को परिवारबाट प्राप्त बयान ।

- उक्त घटना घटाउनका लागि कमान्डिङ गरेर जाने अधिकारी, आदेश दिने अधिकारी (तत्कालीन ठाकुरद्वारा व्यारेकका प्रमुखसहित घटनामा संलग्न अन्य) को पहिचान गरी कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन र राज्यको महत्वपूर्ण जिम्मेवारी बहन गर्ने दायित्व बोकेको निकायलाई भोलिका दिनमा अझ जिम्मेवार बनाउनेतर्फ आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने गरी लेखी पठाउन, पीडितका कानुनबमोजिमका हकवालालाई उचित क्षतिपूर्तिको साथै सम्मानित सर्वोच्च अदालतको आदेशानुसार स्थिति प्रस्ट नभएका व्यक्तिहरूको हकमा जनही रु १ लाख रूपैया तत्कालीन राहत स्वरूप उपलब्ध गराउन, तथा निज मोहम्मद जाकिर शेख र नवीन भनिने

यज्ञबहादुर रावलको स्थिति अविलम्ब सार्वजनिक गर्न सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने भन्ने अनुसन्धान टोलीको सिफारिस रहेछ ।

८. उल्लिखित घटनाको सम्बन्धमा आयोगबाट खटी गएको अनुसन्धान टोलीले पेस गरेको प्रतिवेदनउपर प्रतिक्रिया पठाउन माग गरी श्री नेपाली सेना मध्यपश्चिम पृतना हे.क्वा. वीरेन्द्रनगर, सुर्खेत, श्री नं ४ बाहिनी अड्डा, इमामनगर राझा तथा श्री जिल्ला प्रशासन कार्यालय बाँके र जिल्ला प्रशासन कार्यालय बर्दियामा प्रेषित पत्र मिसिल संलग्न रहेछ ।

९. मध्यपश्चिम पृतना मानव अधिकार महाशाखाको प.सं. १४९९०। मा.अ.। ०६३।६४।१३२ मिति २०६४।२।१५ को पत्र अनुसार बर्दिया जिल्ला नेउलापुर गाविस वडा नं ७ भुरीगाउँ बजारमा जनता मेडिकल हलका सञ्चालक मोहम्मद जाकिर शेख तथा बर्दिया जिल्ला बेलुवा गाविस वडा नं ३ घर भई भुरीगाउँ बजारमा नवीन फोटो स्टुडियो सञ्चालन गरी बसेका नवीन भन्ने यज्ञबहादुर रावललाई मिति २०५८।१२।३१ गते नेपाली सेनाले पक्राउ गरी बेपत्ता बनाएको भन्ने रेकर्डबाट नदेखिएको भनी ४ नं. बाहिनी मानव अधिकार शाखाको मेसेज B4/518-222018 बाट लेखी आएकाले सोही ब्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ भन्ने ब्यहोराको प्रतिक्रिया प्राप्त भई मिसिल संलग्न रहेछ ।

१०. उल्लिखित घटनासँग सम्बन्धित तथ्य तथा प्रमाणहरूलाई विश्लेषण गर्दा २०५८।१२।३१ गते निज मोहम्मद जाकिर शेर र नवीन भन्ने यज्ञबहादुर रावललाई भुरीगाउँ बजारमा रहेका आ-आफ्ना पसलबाट ठाकुरद्वारा ब्यारेकबाट आएका सेनाले पक्राउ गरी बेपत्ता पारेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा अनुसन्धानको क्रममा बुझिएका प्रत्यक्षदर्शीहरू, साक्षीहरूको बयान, तथा परिवारका सदस्यहरूको बयानबाट खुल्न आउँछ। निजहरूलाई पक्राउ गरी लगेपछि निजहरू फर्की नआएको बुझियो । आयोगबाट बुझिएका निकायहरूले निजहरूको सम्बन्धमा कुनै रेकर्ड अभिलेख नरहेको भन्ने रहेको भए तापनि नेपाल सरकारद्वारा बेपत्ता भएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न गठित छानबिन समितिको प्रतिवेदन २०६३, सम्मानित सर्वोच्च अदालतको बेपत्ता पारिएका भनिएको सम्बन्धमा २०६४ जेठ १८ गते फैसलासमेत विपरित निजहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता

पारेको बुझियो ।

११. सम्मानित सर्वोच्च अदालतको बेपत्ता पारिएका भनिएका व्यक्तिको सम्बन्धमा मिति २०६४ जेठ १८ गते फैसलाको सार रूपलाई हेर्दा संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्धको धारा २ ले जबर्जस्त बेपत्तालगायत प्रत्येक मानव अधिकार उल्लङ्घनको घटनामा राज्यले अनुसन्धान गर्नुपर्ने दायित्व तोकेको । उल्लिखित तथ्य तथा कानुनी प्रावधानसमेतलाई विश्लेषण गर्ने हो भने निज मोहम्मद जाकिर शेख र यज्ञबहादुर रावललाई जनता मेडिकल हल र नवीन फोटो स्टुडियोमा बसिरहेका अवस्थामा ठाकुरद्वारा ब्यारेकबाट आएका सेनाले पक्राउ गरी बेपत्ता पारेका हुन् भन्ने ब्यहोराको प्रत्यक्षदर्शीको बयानबाट खुल्न आउँछ । यद्यपि सो घटनाको सम्बन्धमा मध्यपश्चिम पृतना मुख्यालय तथा जिल्ला प्रशासन कार्यालय बाँके र आयोगको अनुसन्धान टोलीको निष्कर्ष पठाई अन्तिम प्रतिक्रिया माग गरिँदा समेत सम्बन्धित निकायहरूले कुनै किसिमको जानकारी नदिई केवल निजहरूलाई पक्राउ गरेको रेकर्ड नभएको भनिनुले समेत घटनाको सम्बन्धमा सुरक्षा निकायले सत्यतथ्य बाहिर ल्याउन नखोजेको देखिन्छ, । यसरी सुरक्षाकर्मीले पक्राउ गरी सेनाको ठाकुरद्वारा ब्यारेकमा लगी तत्पश्चात् बेपत्ता पारेको तथ्य अनुसन्धान टोलीको अनुसन्धानबाट खुल्न आउँदछ ।

१२. माथि उल्लिखित तथ्यहरूको विश्लेषणबाट पीडितलाई पक्राउ गर्ने कार्यमा नेपाली सेनाको संलग्नता पुष्टि भइसकेको छ। यस्तो अवस्थामा ती निकायहरूबाट निजहरूलाई पक्राउ गर्दा प्रचलित नेपाल कानुनबमोजिम प्रक्रिया पुऱ्याउनुपर्ने कार्यमा कुनै शङ्का छैन । तर यस घटनामा विपक्षीहरूबाट निजको पक्राउमा पुऱ्याउनुपर्ने कुनै पनि कानुनी प्रक्रियाहरू पूरा गरेको मिसिल संलग्न विपक्षीहरूबाट प्राप्त जबाफहरूको अध्ययनबाट देखिन आएन । साथै पक्राउ गरिएपछि पनि पुऱ्याउनुपर्ने कुनै प्रक्रियाहरू पुऱ्याइएको देखिएन । यदि निजलाई आतङ्ककारीको शङ्कामा पक्राउ गरिएको हो भने पनि तत्काल बहाल रहेको आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ को दफा ५ (क) ले कुनै पनि व्यक्तिलाई आतङ्ककारी तथा विध्वंशात्मक कार्यमा संलग्न भएको भन्ने पर्याप्त र मनासिब शङ्काको आधारमा पक्राउ गरी पक्राउ भएको कारणसहितको सूचना यथाशक्य

चाँडो दिनुपर्ने व्यवस्था गरेकोमा यस घटनामा सो प्रक्रिया पूरा भएको देखिएन ।

१३. तत्काल कार्यान्वयनमा रहेको सैनिक ऐन, २०१६ को दफा ४२ ले कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी विनाकारण मुद्दा पुर्पक्ष नगरी राखेमा वा तहकिकातको निमित्त निजको मुद्दा उचित अधिकारीसमक्ष पेस नगरेमा, कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले हिरासतमा राख्नेको समक्ष मुनासिव कारणले बाहेक उसै बखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि हिरासतमा राख्न लगाएको २४ घण्टाभित्र हिरासतमा राखिने भएको व्यक्तिलाई आरोप लगाइएको कसुरको विवरण सही गरी पेस गर्नुपर्ने, दफा ९१(१) अनुसार आफ्नो कमान्डमा रहेको कुनै व्यक्तिउपर कुनै कसुरका लागि हिरासतमा राखिएको प्रतिवेदन आफूलाई प्राप्त भएकोमा सार्वजनिक सेवाको दृष्टिबाट समयभित्र हुन असम्भव भएमा बाहेक प्रतिवेदन प्राप्त भएको ४८ घण्टाभन्दा बढी बिनातहकिकात हिरासतमा कुनै पनि व्यक्तिलाई नराखिने व्यवस्था मिलाउनुपर्ने र सो कार्य कमान्डिङ अधिकृतको हुने भनी प्रस्ट उल्लेख गरेको अवस्था छ । तर, प्रस्तुत घटनामा नेपाली सेनाबाट आफूले पूरा गर्नुपर्ने उल्लिखित कानुनी कर्तव्य र दायित्व कुनै पनि पूरा गरेको पाइएन ।

१४. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ले व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी निजको स्वतन्त्रताको हरण गरी उक्त तथ्यलाई अस्वीकार गरेको वा बेपत्ता व्यक्तिको अवस्थाको साथै निजका बारेमा कुनै जानकारी नदिने हिसावले राज्यका प्रतिनिधिहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मतिसाथ काम गर्ने व्यक्ति वा समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई बेपत्ता भएको अवस्था मानेको छ ।

१५. कुनै पनि व्यक्तिलाई युद्धको अवस्था वा त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कट वा अन्य कुनै पनि परिस्थितिमा बलपूर्वक बेपत्ता गर्ने कार्यलाई यस महासन्धिले बन्देज लगाएको छ । कुनै पनि सैनिक वा गैरसैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन मानिएको स्पष्टोक्तिले बलपूर्वक बेपत्ताको कसुरको औचित्य पुष्टि हुन नसक्ने भन्ने समेत महासन्धिमा उल्लेख भएको पाइन्छ ।

१६. महासन्धिअनुसार बलपूर्वक बेपत्ताको कसुरमा कुनै व्यक्तिका विरुद्धमा जानकारी प्राप्त भएमा राज्यले निष्पक्ष र प्रभावकारी रूपमा छानबिन गर्नुपर्ने, कसुर गरेको ठहर भएमा हिरासतमा लिई कानुनबमोजिम कारबाहीका उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ । महासन्धिले बलपूर्वक बेपत्ता बनाउने कार्यलाई मानवता विरुद्धको अपराधको रूपमा लिएको पाइन्छ ।

१७. नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६ को धारा ९ मा सुरक्षा तथा स्वतन्त्रतामा अधिकारको व्यवस्था गरी कसैलाई पनि स्वेच्छाचारी तरिकाले पक्राउ पर्न वा थुनामा राख्न नपाइने, पर्याप्त आधारबिना कसैको पनि स्वतन्त्रताको हरण गर्न नपाइने व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्नाको कारण र अभियोगसमेत सूचना दिनुपर्ने, समयमै मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने र गैरकानुनी रूपमा थुनामा राखिएको व्यक्तिलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ ।

१८. अन्तर्राष्ट्रिय फौजदारी अदालतको परिनियम (रोमविधान) १९९८ ले बलपूर्वक बेपत्ता पारिने कार्यलाई मानवता विरुद्धको अपराधको श्रेणीमा राख्दै त्यस्तो अपराधमा सो अदालतबाट सुनुवाइ हुन सक्ने उल्लेख गरेको र जेनेभा महासन्धि र युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी १२ अगस्ट १९४९ को (जेनेभा महासन्धि) साझा धारा ३ ले आन्तरिक सशस्त्र सङ्घर्षको क्रममा युद्धरत पक्षले कसैलाई पनि बन्धक बनाउन नपाइने व्यवस्था गरेको पाइन्छ ।

१९. विश्वव्यापी आवधिक समीक्षाअन्तर्गत मानव अधिकार उल्लङ्घनसम्बन्धी आरोपहरूका सम्बन्धमा अनुसन्धान गर्न र अदालतद्वारा सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापनासम्बन्धी फैसला कार्यान्वयन गर्न सिफारिस गरिएकोमा नेपाल सरकारले सत्य निरूपण आयोग विधेयक र बेपत्ता आयोग संसद्मा विचाराधीन रहेको भनी जबाफ दिएको भए तापनि हालसम्म पनि सङ्क्रमणकालीन सम्बन्धी संयन्त्र स्थापना भई नसकेको अवस्था छ ।

२०. सबै जनतालाई बलपूर्वक बेपत्ता पार्ने कार्यबाट संरक्षण गर्नका लागि आवश्यक उपाय अवलम्बन गर्न सिफारिस गरकोमा नेपाल सरकारले बेपत्ता तथा गैरन्यायिक हत्यालाई अपराधको रूपमा परिभाषित गर्दै कानुन बनाइसकेको

र सर्वोच्च अदालत, मानव अधिकार आयोग, महिला आयोगजस्ता राष्ट्रिय संयन्त्रसमेत रहेको एवम् कानुन कार्यान्वयन गर्ने निकायहरूलाई मानव अधिकारका मूल्य मान्यता र मापदण्ड पालना गर्न तालिम दिएको भनी जबाफ दिनुका साथै व्यवस्थापिका संसद्मा बेपत्तासम्बन्धी आयोग ऐन विचाराधीन रहेको भन्ने जानकारी दिएको थियो ।

२१. नेपालमा पञ्चायती व्यवस्था र सोभन्दा अघिदेखि नै व्यक्तिहरूलाई राज्यबाट बलपूर्वक बेपत्ता पार्ने कार्य हुने गरेको भए पनि तत्कालीन नेकपा (माओवादी) ले २०५२ साल फाल्गुन १ गतेदेखि जनयुद्धको घोषणा गरेपछि भएको सशस्त्र द्वन्द्वको क्रममा व्यक्तिहरू बेपत्ता पार्ने कार्य चरमोत्कर्षमा पुगेको पाइन्छ । खासगरी २०५८ सालमा सङ्कटकाल लगाइएपछि २०६२/०६३ सालमा भएको दोस्रो जनआन्दोलनसम्म बढी मात्रामा बलपूर्वक बेपत्ता पारिएका घटनाहरू भएको पाइन्छ । आयोगबाट भएका अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीहरूद्वारा हातहतियारसहित बिनासूचना व्यक्तिहरूलाई पक्राउ गर्ने, पक्राउ गर्नुको कारण र थुनामा राखिएको स्थानसमेत गोप्य राखी व्यक्तिहरूको हत्या गर्नेसम्मका कार्यहरू भएको पाइन्छ । मध्यरातको समयमा समेत घरभित्र प्रवेश गरी व्यक्तिहरूलाई पक्राउ गरी बेपत्ता पारिएको पाइएको छ । पक्राउ गरी बेपत्ता पारिएका व्यक्तिहरूलाई उनीहरूका आफन्त वा कानुन व्यवसायीलाई भेट गर्न नदिने, कहाँ राखिएको छ भन्ने विषयमा जानकारी नदिई पक्राउ नै नगरिएको भनी झुट्टा विवरण दिने जस्ता गम्भीर कार्यहरू भएको पाइन्छ । सशस्त्र द्वन्द्वको क्रममा खास गरी सुरक्षाकर्मीद्वारा द्वन्द्वरत पक्ष तत्कालीन नेकपा (माओवादी) का नेता वा कार्यकर्ता वा सहयोगी भएको आरोपमा व्यक्तिहरूलाई पक्राउ गरी बेपत्ता पार्ने गरेको पाइन्छ ।

२२. राष्ट्रिय मानव अधिकार अयोग तथा अदालतबाट भएका सोधपुछको क्रममा समेत व्यक्तिहरूलाई पक्राउ गरिएका वा थुनामा राखिएको जानकारी नभएको भनी सरकारी निकायहरूबाट गैरजिम्मेवारीपूर्ण कार्यहरू भएका छन् । आयोगबाट भएका अनुसन्धानहरूबाट विभिन्न सैनिक हिरासत एवम् प्रहरी हिरासतहरूबाट व्यक्तिहरूलाई बेपत्ता पारिएका प्रमाणहरू प्राप्त भएका छन् । कतिपय अवस्थामा व्यक्तिहरूलाई सैनिक मिसनमा घुमाउन लगी बाटोमा नै मारिएका

तथ्यहरूसमेत प्राप्त भएका छन् । बेपत्ताको अवस्थामा हिरासत भित्रै मारिएका घटनाहरूको सम्बन्धमा समेत आयोगबाट अनुसन्धान भएका छन् ।[२१]

२३. नेपालको अन्तरिम संविधान २०६३ को धारा ३३ (थ) मा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूमा पीडित परिवारलाई राहत उपलब्ध गराउने भन्ने संवैधानिक प्रावधान रहेको छ । उक्त संविधानको मौलिक हकअर्न्तगत धारा १२ (२) मा कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन, धारा २४ अर्न्तगत न्यायसम्बन्धी हक (१) मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन भन्ने उल्लेख भएको छ । सोही व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ मा पनि उल्लेख गरिएको थियो ।

२४. कारागार ऐन २०१९ ले कुनै पनि व्यक्तिलाई अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नुपर्ने भएमा निजलाई प्रचलित नेपाल कानुनबमोजिम थुनुवा पुर्जी दिएर मात्र राख्नुपर्ने व्यवस्था गरेको पाइन्छ । सार्वजनिक अपराध ऐन, २०२७ मा कुनै व्यक्तिले केही सार्वजनिक अपराधको कसुर गरेको छ भन्ने कुराको कसैको उजुरी परी विश्वास पर्दो सूचना प्राप्त भई वा शङ्का भई सो आधारमा जाँचबुझ गर्दा कसुर गरेको भन्ने विश्वास लागेमा स्थानीय प्रहरीचौकी वा थानाको नायब प्रहरी निरीक्षकसम्मको मुख्य प्रहरी अधिकृतले अभियुक्तलाई पक्राउ गर्न वारेन्ट जारी गर्न सक्ने र त्यस्तो व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई त्यस्तो अधिकारीको आदेशले मात्र थुनामा राख्न पाइने व्यवस्था गरेको छ ।

२५. यसरी माथि उल्लिखित कानुनी विश्लेषणबाट प्रस्तुत घटनामा गम्भीर मानव अधिकार उल्लङ्घन हुन गएको देखिन्छ । नागरिक अधिकार ऐन, २०१२ को दफा १२ ले कुनै पनि व्यक्तिको व्यक्तिगत ज्यान वा वैयक्तिक स्वतन्त्रता नहरिने, दफा १५ (१) को खण्ड (ख) ले गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तारीको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा नराखिने, त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानुन व्यावसायी वा कानुनबमोजिमको

२१ बलपूर्वक वेपत्ता पार्ने कार्य विरुद्धको अधिकार, विषयगत पुस्तिका, पेज नं. २–४

वारेससँग सल्लाह लिने र पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित नगरिने, दफा १५(२) ले प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित हुन पाउने नागरिक अधिकारको ठाडो रूपमा उल्लङ्घन गरिएको देखिन्छ । यस्तै तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ का मौलिकहकहरू समेतको उल्लङ्घन गरेको देखिन्छ । उक्त संविधानको धारा १२(१) र धारा १४ (५), (६) ले व्यक्तिलाई प्रदान गरेका मौलिक अधिकार संरक्षण गर्ने कार्यमा समेत सरकारको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहेका प्रशासक र सुरक्षाकर्मीहरूले बेवास्ता गरेको देखियो ।

२६. अन्तर्राष्ट्रिय कानुनमा परम्परागत रूपमा द्वन्द्वको समयमा मानिसहरूलाई बेपत्ता बनाउने कार्यलाई मानव अधिकारको उल्लङ्घनको रूपमा लिँदै आइरहेको अवस्थामा त्यतिले मात्र नपुग्ने भई संयुक्त राष्ट्रसङ्घले बेपत्ता बनाउने कार्यलाई मानवता विरुद्धको अपराध मानी १८ डिसेम्बर १९९२ मा जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्नेसम्बन्धी घोषणा-पत्रसमेत जारी गरेको थियो । सो घोषणा-पत्रलाई संयुक्त राष्ट्रसङ्घीय महासभाले २० डिसेम्बर २००६ मा जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिसमेत जारी गरेको पाइन्छ । तर, यस महासन्धिको नेपाल पक्षराष्ट्र भइसकेको छैन । यस **महासन्धिको नेपाल पक्षराष्ट्र नभए पनि महासन्धिभित्र मानव अधिकारसम्बन्धी अन्य महासन्धि तथा अनुबन्धहरूमा व्यवस्थित भएका अधिकांश व्यवस्थाहरूलाई मूल प्रवाहका कानुनको पृष्ठपोषणका रूपमा समावेश गरिएको देखिन्छ । यस अर्थमा सुरक्षाकर्मीबाट यस घटनामा जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ गर्नेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र १९९२ को पनि उल्लङ्घन भएको देखिन्छ । नेपाल पक्षराष्ट्र भएका नागरिक तथा राजनीतिक विषयक अनुबन्ध १९६६ को धारा ६, ९ र १०, जेनेभा महासन्धिहरू सन् १९४९ का साझा धाराहरू ३ मा व्यवस्थित मानव अधिकारका आधारभूत दायित्वहरूको समेत पालना नगरिएको देखिन्छ ।** यस्तै नेपालले सही गरेका मानव अधिकारसम्बन्धी महासन्धिहरूको कार्यान्वयनसँग सम्बन्धित बन्दीप्रति गर्नुपर्ने व्यवहारका आधारभूत सिद्धान्त १९९० (Basic Principle for the Treatment of Prisoners, 1990),

कानुन कार्यान्वयन गर्ने अधिकारीका लागि आचार-संहिता १९७९ (Code of conduct for Law Enforcement Officials, 1979), कानुन कार्यान्वयन गर्ने अधिकारलि गर्ने बल तथा गोलीगट्ठाको प्रयोगसम्बन्धी आधार भूत सिद्धान्त १९९० (Basic Principles on the use of force and firearms by law enforcement officials 1990) मा भएका व्यवस्थाहरूको समेत पालना हुन सकेको देखिएन । यसरी माथि उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको अध्ययन र विश्लेषणबाट विपक्षीहरूबाट यस घटनामा मानव अधिकारको सम्मान, पालना, कानुनी प्रक्रिया र दायित्वसमेत पूरा गरेको देखिन आएन ।

२७. नेपालको तत्कालीन र हाल बहाल रहेका **संविधान तथा अन्य प्रचलित कानुन र नेपाल पक्षराष्ट्र भएका महासन्धि र अनुबन्धहरूसमेतमा भएका व्यवस्था विपरीत विपक्षी महलमा नाम उल्लेख भएका निकाय र पदाधिकारीहरूले पीडितहरूलाई आफ्नो नियन्त्रणमा लिई अवस्था बेपत्ता पार्ने कार्य गरी परिवारलाई सोको जानकारी समेत नगराउनुले मानव अधिकारको गम्भीर उल्लङ्घन मात्र हैन गम्भीर फौजदारी अपराधसमेत हुन गएको देखिन्छ** । गैरकानुनी रूपमा आफ्नो नियन्त्रणमा लिएका व्यक्तिहरूलाई बेपत्ता पार्नेजस्तो गम्भीर फौजदारी अपराध घटाइसकेपछि सरकारले तत्काल अनुसन्धान कार्य अगाडि बढाई दोषीलाई कानुनी कारबाही गर्नुपर्नेमा सो कार्य नगरी थप मानव अधिकारको उल्लङ्घन गरेको देखिएको छ । यसबाट सरकारले दण्डहीनतालाई समेत प्रश्रय दिएको देखिन अयो । यसबाट दोषी व्यक्ति र अधिकारीहरूउपर कारबाही नबढाउने कार्यले पीडितले न्याय नपाउने मात्र हैन देश सधैँ मानव अधिकार उल्लङ्घन गर्ने पङ्क्तिमा रहिरहने कुरालाई समेत नकार्न सकिन्न । तसर्थ सरकारबाट मानव अधिकारको संरक्षण र दण्डहीनताको अन्त्यको लागि व्यवहारत: प्रतिबद्धता आउनुसमेत आवश्यक देखिन्छ । यस घटनामा यी सबै कार्य नहुनुले विपक्षीहरूबाट मानव अधिकारको सम्मान, पालना, कानुनी दायित्व र प्रक्रियासमेत पूरा गरेको देखिन आएन ।

२८. माथिका प्रकरण-प्रकरणहरूमा उल्लेख भएबमोजिम प्रस्तुत घटनामा मानव अधिकारको गम्भीर उल्लङ्घन हुन गएको पुष्टि भएको छ । बेपत्ता पारिएको व्यक्ति, त्यसमा पनि लामो समयसम्म बिनासूचना बेपत्ता पारी मारेर त्यसको आधिकारिक जानकारी

समेत सम्बन्धित परिवारलाई नगराई अवस्थाको बारेमा सुसूचित नगराउने कार्य गैरजिम्मेवारपूर्ण देखिन्छ । पीडित व्यक्ति तथा परिवारको संरक्षण गर्नुपर्ने निकायबाटै यस्तो कार्य हुनु अझ दुर्भाग्यपूर्ण हो । **पीडित व्यक्ति तथा परिवारको संरक्षण गर्ने र न्याय दिलाउने कार्य प्रमुखत: सरकार र सरकारका निकायहरूकै हो । यस क्रममा पीडितका परिवारहरूले आफ्ना आफन्तको घर आगमनको प्रतीक्षा गरी लामो समय बिताइसकेको देखिन्छ । लामो समयसम्म पीडितका परिवारहरूले शारीरिक, मानसिक, सामाजिक आर्थिकलगायतका थुप्रै पीडा र क्षतिहरू भोगेका छन् । यस घटनामा प्रत्येक दिन उनीहरूले श्रम, व्यय र अशान्ति मात्र पाइरहेका छन् । यस अर्थमा राज्यका अङ्ग वा सरकारका निकायहरूबाट पुऱ्याइएको मानव अधिकार उल्लङ्घनका पीडाको क्षतिपूर्तिलाई कुनै पनि सीमामा निश्चित गर्नु सान्दर्भिक हुँदैन । आर्थिक रूपमा उपलब्ध गराइने क्षतिपूर्तिबाट कुनै पनि हालतमा जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लङ्घनलाई परिपूरण गर्न सकिन्न । प्रस्तुत घटनामा बेपत्ता पारिएका व्यक्तिको जीवनको सुरक्षा र स्वतन्त्रताको मात्र हैन आर्थिक तथा सांस्कृतिक अधिकारसमेत हनन गरी निजलाई बिनाकारण जबरजस्ती बेपत्ता पार्ने कार्य भएको छ ।**

२९. उल्लिखित अवस्थामा पनि **दोषीलाई दण्डको भागी बनाई जिम्मेवार बनाउन र आगामी दिनहरूमा यस्ता घटना नदोहोरिऊन् भनी सचेत गराउनका लागि पीडित परिवारलाई हदैसम्मको क्षतिपूर्ति र पीडकहरूलाई कानुनी कारबाहीमार्फत दण्डको व्यवस्था नगरिने हो भने दण्डहीनताले थप प्रश्रय पाउने निश्चित छ । तसर्थ, पीडितको न्यायको लागि प्रचलित कानुनबमोजिम हदैसम्मको क्षतिपूर्ति उपलब्ध गराउन र दोषीलाई कारबाही गर्नु आवश्यक हुन्छ ।**

३०. मिसिल संलग्न कागजातहरूको अध्ययन विश्लेषणबाट द्वन्द्वको अवस्थामा सृजित परिस्थितिप्रति राज्यको दायित्व रहने तथ्यमा विवाद रहेन । द्वन्द्वको समयमा स्वाभाविक रूपमा सामान्य अवस्थामा भन्दा मानव अधिकार र मानवीय कानुनको बढी नै उल्लङ्घन भएको हुन्छ । यस घटनामा राज्यको प्रमुख सुरक्षा निकायको संलग्नता भएको र राज्यकै जिम्मेवार निकायबाट भएको मानव अधिकार र मानवीय कानुनको उल्लङ्घनको घटनालाई संवेदनशील रूपमा सम्बोधन गरिनुपर्दछ । **नागरिकको स्वतन्त्र रूपमा बाँच्न**

**पाउने र सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार, स्वतन्त्र र सुरक्षित हुन पाउने अधिकारहरूको अपहरण भएको घटनाप्रति राज्य मौन भई बस्न मिल्दैन ।**

३१. तसर्थ, निर्णयतर्फ विचार गर्दा माथि उल्लिखित तथ्य प्रमाणहरूको आधारबाट बर्दिया जिल्ला नेउलापुर भुरी गाउँका मोहम्मद जाकिर शेख र यज्ञबहादुर रावललाई सुरक्षाकर्मीले बेपत्ता पारेको भनिएको घटनामा भएको अनुसन्धान प्रतिवेदनसहित फाइल आयोगसमक्ष पेस हुँदा मिति २०५८।१२।३१ मा सुरक्षाकर्मीले पसलबाट पक्राउ गरी लगेको तथ्य मिसिल संलग्न प्रतिवेदनबाट देखिन आएको, नागरिकको ज्युज्यान, धन-सम्पत्तिको सुरक्षा गर्ने जिम्मेवारी राज्यकै भएकोमा दुईमत हुन सक्दैन । हालसम्म पनि पीडितहरूको स्थिति के छ (where about) पत्ता नलागेको र यस्तै प्रकृतिका उजुरीमा अन्तरिम राहतस्वरूप आश्रित परिवारलाई रु १,००,००० (अक्षेरूपी एक लाख रूपियाँ) का उपलब्ध गराउने भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६४।२।१८ मा निर्णयसमेत भइसकेकाले सोही आधारमा आश्रित परिवारलाई भरणपोषणका लागि जनही रु १,००,००० (अक्षेरूपी एक लाख रूपियाँ) को दरले अन्तरिम राहत रकम उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण नियमावली २०५७ को नियम ३० बमोजिम नेपाल सरकारलाई लेखी पठाउने ठहर्छ । साथै, उल्लिखित बेपत्ता भएका व्यक्तिहरूको स्थिति पत्ता लगाई आयोगलाई जानकारी गराइदिन नेपाल सरकारलाई लेखिपठाई जबाफ प्राप्त भएपछि आवश्यक कारबाहीको लागि पेस गर्ने निर्णय गरियो ।

**निर्णय तयार गर्ने**

.......................

तारादेवी वाग्ले

सहायक प्रथम

............... .............. .................

सदस्य सदस्य सदस्य सदस्य

इति संवत् २०६६ साल जेष्ठ २३ गते रोज ५ शुभम्

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य रामनगिना सिंह**
**माननीय सदस्य गौरी प्रधान**

### संवत् २०६१ सालको उजुरी नं २७९७

### विषयः हत्या ।

**बाँच्न पाउने अधिकार सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा वञ्चित गर्न पाइँदैन । कसैले यदि जीवनदान गर्न सक्तैन भने उसलाई कसैको जीवन हरण पनि गर्ने सामर्थ्य पनि रहँदैन ।**

- प्रकरण नं. १४

**मुद्दा दायर गर्दैमा राज्यको दायित्व पूरा गरेको मान्नु हुँदैन । वास्तविक अपराधी पत्ता लगाउन राज्यको अग्रसरता, राज्यको भूमिका महत्वपूर्ण हुन्छ । प्रस्तुत घटनामा प्रहरीले सक्रियताका साथ अनुसन्धान नगरेको देखिएकाले घटनामा संलग्न व्यक्तिहरूको सक्रियताका साथ खोजी गरी कानुनबमोजिम कारबाही गर्नुपर्ने देखिन्छ । ...अपराधजन्य यस्ता घटनाको प्रहरीद्वारा प्रभावकारी अनुसन्धान गर्नु-गराउनु राज्यको दायित्व हुन जान्छ ।**

- प्रकरण नं. १५

१. मिति २०६१।१२।१ गतेको बिहान करिब ५ बजे काभ्रेपलान्चोक जिल्ला रविओपी गाविस वडा नं. २ स्थित आफन्तको घरमा बसिरहेको अवस्थामा शाही नेपाली जङ्गी अड्डामा कार्यरत हुद्दा लोकदर्शन थापालाई माओवादीहरूले अमानवीय तरिकाले पाशविक यातना दिँदै धारिलो हतियार (बन्चरो) प्रहार गरी अन्त्यमा गोलीसमेत हानी हत्या गरेको साथै निजका श्रीमती तथा छोरीलाई समेत सख्त घाइते बनाएको भन्ने समेतको व्यहोरा उल्लेख गरी २०६१।१२।५ मा तत्कालीन शाही नेपाली जङ्गी अड्डाको मिति २०६१।१२।५, प.सं. १४६४४।२२।ए ०६१।६२।२८ को जानकारीपत्र प्राप्त भएकोमा सोही मितिमा पत्रलाई उजुरीका रूपमा ग्रहण गरिएको रहेछ ।

२. प्रकरण (क) मा उल्लिखित घटनाको सम्बन्धमा सो सम्बन्धमा केकसो भएको ? ... घटनासम्बन्धी ... जानकारी यथाशीघ्र उपलब्ध गराउनू भन्ने समेतको व्यहोरा उल्लेख गरी ... आयोगबाट जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोकका नाममा प्रेषित पत्र मिसिल संलग्न देखियो ।

३. उल्लिखित पत्रको जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोकबाट ... जबाफ प्राप्त हुँदा मिति २०६२।१२।१ गते बिहान करिब ५ बजेको समयमा

शाही नेपाली जङ्गी अड्डामा कार्यरत हुद्दा लोकदर्शन थापालाई माओवादी कार्यकर्ताहरूद्वारा हत्या गरिएको, हत्यामा संलग्न आतङ्ककारीहरूको खोजतलास भइरहेको भन्ने समेतको ब्यहोरा उल्लेख भएको रहेछ ।

४. निजका आश्रित परिवारलाई क्षतिपूर्ति र दोषीलाई कारबाही चलाउन र ... प्रस्तुत घटनाको सम्बन्धमा तयार पारिएका घटनास्थल प्रकृति मुचुल्का, लासजाँच मुचुल्का तथा प्रहरी प्रतिवेदनसमेतका कागजातहरूको प्रतिलिपि माग गरी ... मिति २०६२।१२।३, च.नं. १७३६ बाट जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकका नाममा आयोगद्वारा प्रेषित पत्र पनि मिसिल संलग्न देखियो ।

५. यस घटना सम्बन्धमा रविओपी गाविस ९ बस्ने वर्ष ३६ का सैनिक हु. लोकदर्शन थापालाई ०६१ चैत्र १ गते बिहान ५ बजे माओवादी कार्यकर्ताले घरमा सुतेको अवस्थामा ८ गोली हानेर बन्चरोले टाउको काटी हत्या गरे । शाही नेपाली सेनामा कार्यरत थापा ड्युटी सकेर दैनिक मोटरसाइकलमा काठमाडौँबाट घर आउने गर्दथे । तीन जनाको समूहमा आएका माओवादीले गोली हान्दा प्रतिरक्षा गर्ने क्रममा मृतककी छोरी ... वर्षीया ... गोली लागेर घाइते भइन् । ... चैत्र १४ गतेदेखि हुने एसएलसी परीक्षाको तयारीमा थिइन् । घाइतेको वीरेन्द्र सैनिक अस्पताल काठमाडौँ लगी उपचार गरियो । घटनामा प्रतिरक्षा गर्दा माओवादीले हात भाँचिदिएकी मृतककी पत्नी ... लामो समयसम्म बेहोस भइन् । निजको बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार भयो । घटनास्थलबाट सुरक्षाकर्मीले पीडकहरूको तस्बिरसमेत बरामद गर्‍यो भन्ने समेतको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को प्रतिवेदन मिसिल संलग्न रहेछ ।

६. चार पाँच जना माओवादीहरू आई घरभित्र पसे । सुतिरहनुभएका लोकदर्शनको कोठामा गए । वहाँ तल आउनुभयो । ओछ्यानमै गोली हानेका थिए । मलाई पनि गोली लाग्यो । लोकदर्शनको त्यहीँ हत्या भएपछि हामीले क्षतिपूर्तिबापत रु. ७,५०,०००।- पाएका छौँ । निजका छोराहरू ... लाई सेनाले धरान र भक्तपुरको विद्यालयमा निःशुल्क अध्ययन गराइरहेको छ भन्ने समेत ब्यहोराको ...को बयान रहेछ ।

७. उल्लिखित घटनाका सम्बन्धमा प्रहरीबाट अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ-छैन ? अनुसन्धान प्रक्रिया अगाडि बढाइएको भए सोको विस्तृत विवरणलगायत उल्लिखित

बमोजिमका कागजातहरू आयोगमा प्राप्त नभएकोले पत्र प्राप्त भएका मितिले १५ दिन भित्र पठाइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख गरी श्री इलाका प्रहरी कार्यालय बनेपा, काभ्रेपलान्चोक तथा मृतकले कानुनबमोजिम प्राप्त गर्ने क्षतिपूर्ति वा सुविधाहरू प्राप्त गरे-नगरेको विवरण पठाउन नेपाली सेना मानव अधिकार निर्देशनालयको नाममा आयोगद्वारा पुनः मिति २०६६।१२।२२, च.नं. १३६७ बाट पठाएको पत्र पनि मिसिल संलग्न देखियो ।

८. वीरगति प्राप्त अनुदान रु.७,५०,०००। उपदान रकम रु. ८३,७००। लगायत अन्य रकमहरूसमेत मृतकका परिवारलाई उपलब्ध गराइएको, छोराछोरीको हकमा सन्तति वृद्धि र शिक्षाभत्ता दिलाइएको विवरण खुलेको नेपाली सेना, मानव अधिकार निर्देशनालयको मिति २०६७।१।६ को पत्र पनि मिसिल संलग्न देखियो ।

९. टाउकोमा लागेको चोटबाट अत्यधिक रक्तश्रावबाट मृत्यु हुन भएको भन्ने पोस्टमार्टम प्रतिवेदन पनि मिसिल संलग्न रहेछ । साथमा घटनास्थल एवम् लास-जाँचसमेतको कार्य सम्पन्न गरी मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको भन्ने समेतको मिति २०६७।१।१५, च.नं.११३७ को इलाका प्रहरी कार्यालय, बनेपा, काभ्रेपलान्चोकबाट आयोगका नाममा प्रेषित पत्र पनि मिसिल संलग्न देखियो । उक्त पत्रका साथ प्रहरीले अनुसन्धानका क्रममा तयार पारेका घटनास्थल प्रकृति मुचुल्कालगायतका कागजातहरूको प्रतिलिपिसमेत संलग्न गरेको रहेछ ।

१०. उल्लिखित घटनामा प्राप्त भएका जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, काभ्रेपलान्चोकको पत्र, ... जना प्रत्यक्षदर्शीहरूको बयानका आधारमा तत्कालीन शाही नेपाली सेनामा कार्यरत हु.लोकदर्शन थापालाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूले निजकै घरबाट नियन्त्रणमा लिई हत्या गरेको रहेछ ।

११. जिल्ला प्रहरी कार्यालयबाट घटनाको अनुसन्धान जारी रहेको भनिए पनि घटनाको सम्बन्धमा कोही कसैलाई पक्राउ गरेको देखिँदैन । घटनास्थलमा घटनामा संलग्न रहेका दुई जना व्यक्तिहरूको तस्बिर प्रहरीले बरामद गरेको कुरा प्रहरीबाट प्राप्त कागजातमै खुल्न आएको छ । तथापि २०६१ मा घटेको घटनाको सम्बन्धमा हालसम्म पनि अनुसन्धान सक्रियताका साथ भएको देखिएन । प्रस्तुत घटनामा पीडितका परिवारले कानुनबमोजिम

पाउने राहत, सुविधाहरूसमेत प्राप्त गरिसकेको देखियो । तर, घटनामा संलग्न रहेका व्यक्तिहरूको खोजी सक्रियताका साथ नगरिनुले दोषीले उन्मुक्ति पाइरहेको देखियो । यसले दन्डहीनतालाई समेत प्रश्रय दिएको एवम् अन्तर्राष्ट्रिय मानवीय कानुन (जेनेभा कन्भेन्सन) को साझा धारा ३ को समेत उल्लङ्घन गरेको देखिन्छ ।

१२. अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा निर्देशित तथा नियमन गर्दछ । यस महासन्धिअनुसार अशक्त भएर लडाइँबाट अलग भएका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभावविना उनीहरूको सुरक्षालगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग भएको व्यक्तिहरूलाई मार्न तथा क्षति पुर्‍याउन प्रतिबन्ध लगाएको पाइन्छ । यसैगरी पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरू विरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक क्षति गर्ने प्रकृतिका युद्धको तरिका र हात-हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ ।

१३. जसबाट, के स्पष्ट हुन्छ भने युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित भई कुनै पनि भेदभाव नगरी आफ्नो कब्जामा रहेको व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ । उनीहरूको ज्यान लिने अथवा व्यक्तिलाई चोट पुर्‍याउन कुनै पनि उद्योगमाथि कडा प्रतिबन्ध लगाइएको छ ।

१४. बाँच्न पाउने अधिकारलाई मानवको अहरणीय अधिकारको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले चित्रित गरेको छ । **सङ्कटकाल लागेको अवस्था वा सशस्त्र युद्धको अवस्था तथा अन्य कुनै पनि अवस्थामा यो अधिकारबाट वञ्चित गर्न पाइँदैन । कसैले यदि जीवनदान गर्न सक्तैन**

**भने उसलाई कसैको जीवन हरण गर्ने सामर्थ्य पनि राख्दैन भन्ने भनाइ जीवनको अधिकारसँग सम्बन्धित छ । प्रस्तुत** घटनामा लोकदर्शन थापाको माओवादी कार्यकर्ताहरूद्वारा अन्तर्राष्ट्रिय मानवीय कानुन विरुद्ध हुने गरी हत्या भएको देखियो ।

१५. **मुद्दा दायर गर्दैमा राज्यको दायित्व पूरा गरेको मान्नु हुँदैन । वास्तविक अपराधी पत्ता लगाउन राज्यको अग्रसरता, राज्यको भूमिका महत्वपूर्ण हुन्छ । प्रस्तुत घटनामा प्रहरीले सक्रियताका साथ अनुसन्धान नगरेको देखिएकोले घटनामा संलग्न व्यक्तिहरूको सक्रियताका साथ खोजी गरी कानुनबमोजिम कारबाही गर्नुपर्ने देखिन्छ । माओवादी कार्यकर्ताहरूद्वारा गरिएको अपराधजन्य यस्तो घटनाको प्रहरीद्वारा प्रभावकारी अनुसन्धान गर्नु-गराउनु राज्यको दायित्व हुन जान्छ ।** यस्तो कार्य मुलुकी ऐन २०२०, ज्यानसम्बन्धी महलको दफा (१) मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नका लागि उद्योग गर्न नहुने भन्ने व्यवस्थाको विपरीत हुन गएको देखिएकाले समेत प्रहरीबाट प्रभावकारी अनुसन्धान हुनुपर्दछ ।

१६. नेकपा (माओवादी) का कार्यकर्ताहरूबाट भएको सो कार्य मानव अधिकारको घोषणा-पत्र १९४८ मा व्यवस्था गरिएको जीवन स्वतन्त्रता र सुरक्षाको अधिकारको विपरीत भएको देखियो । यस घटनामा नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिको जीवनको अन्तर्निहित अधिकार हुने र कानुनद्वारा यस्तो अधिकारको रक्षा गरिने तथा स्वेच्छाचारी किसिमले कसैको पनि जीवन हरण नगरिने भन्ने व्यवस्थाको समेत उल्लङ्घन भएको देखियो ।

१७. नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर गरी मानव अधिकारप्रति अन्तर ाष्ट्रिय समुदायसमक्ष आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार नेपाल पक्ष भएका सबै सन्धि, अभिसन्धि, सम्झौताहरूमा उल्लेख भएका प्रावधानहरूको परिपालन गर्ने-गराउने दायित्व नेपाल सरकारको रहेको छ । उक्त ऐनमा नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानुनसरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धिको प्रावधान लागू हुने व्यवस्था गरेको छ । ती प्रावधानहरू कार्यान्वयन गर्ने-गराउने सन्दर्भमा आवश्यक कार्यविधि तयार गर्ने, ऐन-कानुनहरूको निर्माण, संशोधन गर्नुपर्ने नेपालको दायित्व हो ।

नागरिक तथा राजनीतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अभिसन्धिका प्रावधानहरू लागू गर्न नेपालले तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ र हाल नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गत मौलिक हक शीर्षकमा विभिन्न हक-अधिकारहरूको व्यवस्था गरेको र ती हक-अधिकारहरू उल्लङ्घन भएको अवस्थामा उपचारको व्यवस्थासमेत गरेको पाइन्छ । यसका अतिरिक्त अन्य कानुनी प्रावधानहरूमा पनि विभिन्न नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी व्यवस्था गरिएको पाइन्छ । महासन्धिले सिर्जना गरेका दायित्वहरू पूरा गर्ने तथा प्रभावकारी कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारको हो ।

१८. यसर्थ प्रचलित कानुनी र न्यायिक व्यवस्थाका विपरीत हुने गरी कुनै समूह वा व्यक्तिगत रूपमा व्यक्तिको जीवन हरण भएकोमा सम्बन्धित समूहका व्यक्तिहरूलाई जिम्मेवार बनाइनुपर्दछ । यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले घटनाको प्रभावकारी अनुसन्धान गरी अभियुक्तलाई कानुनबमोजिम मुद्दा चलाउनुपर्दछ । दोषीलाई कारबाही र पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराइपाऊँ भन्ने उजुरीकर्ताको मागदाबी रहेकोतर्फ विचार गर्दा उक्त घटनामा मानव अधिकार उल्लङ्घन भएको पाइएकाले प्रहरीबाट प्रभावकारी अनुसन्धान हुनुपर्ने तथा तत्कालीन शाही नेपाली सेनाबाट मृतकका हकवाला परिवारले कानुनबमोजिम राहत, क्षतिपूर्ति पाइसकेको देखिएकाले क्षतिपूर्तिको सबालमा केही निर्णय गरिरहनुपर्ने देखिएन ।

१९. अतः प्रस्तुत घटनामा आयोगबाट गरिएको अनुसन्धान प्रतिवेदनबाट घटनामा संलग्न पीडकहरूको तस्बिर फेला पारेको प्रहरीबाट प्राप्त कागजमा खुल्न आएको देखिन्छ तथापि घटनाको अनुसन्धान हालसम्म पनि नभएको पाइएको हुँदा अपराधी पत्ता लगाई प्रचलित कानुनबमोजिम कारबाही गर्न-गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय तयार गर्ने :**

..............

जीवन न्यौपाने

(मानव अधिकार अधिकृत)

............... ............... ...............

सदस्य सदस्य अध्यक्ष

इति सम्वत् २०६८ साल जेष्ठ १९ गते ५ रोज शुभम् .................................।

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य रामनगिना सिंह**
**माननीय सदस्य गौरी प्रधान**

**संवत् २०६५ सालको उजुरी नं ४५७४**

**विषयः मृत्यु ।**

**प्रचलित संविधान तथा कानुनले शान्तिपूर्ण आन्दोलनलाई मौलिक हक-अधिकारको रूपमा स्वीकार गरेको छ । कानुनप्रदत्त हक-अधिकारका लागि शान्तिपूर्ण आन्दोलन गर्नुलाई अन्यथा भन्न मिल्दैन तथापि प्रस्तुत आन्दोलनको क्रममा आन्दोलनकारीबाट प्रहरीतर्फ ढुङ्गा, इँटा, खाली बोतल, लाठी र घरेलु हतियारसमेत प्रयोग भएको पाइयो भने प्रहरीले लाठी, अश्रुग्याँस, रबर बुलेट हुँदै गोलीसमेत चलाएको देखिएबाट यस्तो आन्दोलनलाई शान्तिपूर्ण आन्दोलन भन्न मिल्दैन ।**

-प्रकरण नं. २०

**घटनामा प्रहरीबाट अत्यधिक बलको प्रयोग भए-नभएकोतर्फ हेर्दा सो स्थानमा प्रहरीको उपस्थिति दिउँसैदेखि भएको भए पनि प्रहरीबाट दिउँसो ठूलो सङ्ख्यामा रहेका आन्दोलनकारीमाथि बल प्रयोग गरेको देखिएन । सवारी साधन खुलाउने कार्य मृतकहरूलाई गोली लाग्नुभन्दा करिब ४ घण्टाअघिदेखि नै गरिरहकोमा अत्यन्त प्रज्ज्वलनशील वस्तु बोकेको गाडीमा आगो लगाउन खोजिएको र सो नियन्त्रण नगरेमा ठूलो धनजनको क्षति हुन सक्ने अवस्था, आन्दोलनकारीबाट प्रहार गरिएका बोतलसमेतको अवस्थालाई हेर्दा प्रहरीबाट अत्यधिक बल प्रयोग भएको हो भनी किटानी गर्न सक्ने देखिएन ।**

-प्रकरण नं. २३

**प्रहरीले गैरकानुनी तरिकाले गोली चलाउँदा हत्या गरेको नदेखिए तापनि आफ्नो हक-अधिकारका लागि आन्दोलनरत व्यक्तिहरू र शान्ति-सुरक्षामा रहेका सुरक्षाकर्मीहरूको मृत्यु भएकाले निजहरूको हकवालालाई क्षतिपूर्तिस्वरूप नभई आर्थिक राहतस्वरूप प्रत्येक मृतक आश्रित परिवारलाई सहयोग गर्दा राज्यले असल अभिभावकत्व निर्वाह गरेको देखिन्छ ।**

-प्रकरण नं. २६

**आफ्नो अधिकारको उपभोग गर्दा अन्य व्यक्ति वा समूहको अधिकारको उल्लङ्घन गर्न मिल्दैन ।**

-प्रकरण नं. २८

१. थारू कल्याणकारी सभा तथा थरुहट संयुक्त सङ्घर्ष समितिले २०६५ फागुन १९ गतेदेखि

तीन दिने तराईबन्दको आह्वान गरेकोमा सरकारबाट उनीहरूको मागको उचित सम्बोधन नभएको भन्दै सो बन्द अनिश्चित कालीन बन्दको रूपमा परिणत भएको र बन्द खुलाउने क्रममा चितवनमा एक जना व्यक्तिको मृत्यु, अन्य व्यक्तिहरू घाइते भएको भन्ने www.inseconline.com साथै विभिन्न सञ्चार माध्यममा प्रसारित तथा प्रकाशित भएको रहेछ । ती समाचारमा चितवन जिल्ला बछ्यौली गाविस वडा नं ३ बस्ने कमल चौधरीको २०६५ फागुन २२ गते पूर्वी चितवनको टाँडीमा थारू कल्याण कारिणी सभा र संयुक्त सङ्घर्ष समितिले आयोजना गरेको बन्द खुलाउने क्रममा भएको झडपमा प्रहरीले चलाएको गोली लागी घाइते भएकामा उपचारको क्रममा भरतपुर लाँदै गर्दा मृत्यु भएकाले उक्त घटनामा मानव अधिकारको उल्लङ्घन भएको हुन सक्ने देखि ... आयोगको ध्यानाकर्षण भई आयोगले आफ्नो स्वविवेकमा २०६५ फागुन २३ मा उजुरी ग्रहण गरी प्रस्तुत घटनाको छानबिन तथा अनुसन्धान गर्न टोली खटाई पठाइएकोमा टोलीले अनुसन्धान गरी २०६६ वैशाख १० गते प्रतिवेदन पेस गरेको रहेछ ।

२. आयोगबाट जिल्ला प्रशासन कार्यालय, चितवनमा च.नं. १०६२ मिति २०६५।११।२३ गते पत्राचार गरी जिल्लामा घटेको मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरीहरूको अनुसन्धानका लागि खटिएको टोलीलाई आवश्यक सहयोग गरिदिन अनुरोध गरिएको पत्र मिसिल संलग्न रहेछ ।

३. राष्ट्रिय मानव अधिकार प्रतिष्ठान, काठमाडौँले आयोगमा पत्र पठाई थारू समुदायलाई राज्यले मधेसीमा सूचीकृत गरेपछि मुलुकमा देखिएको जटिल परिस्थितिप्रति राज्य संवेदनशील नभएकोमा उक्त कार्यालयको गम्भीर ध्यानाकर्षणसहित समस्याको तत्काल समाधान गर्न २०६५ फागुन ३० गते माग गरेको रहेछ ।

४. चितवन जिल्लाको टाँडीमा थारू समुदायले गरेको वन्द खुलाउने क्रममा भएको झडपका क्रममा प्रहरीले प्रदर्शनकारीहरूमाथि गोली चलाउँदा मृत्यु भएका, मृतक पूर्वी चितवन वछौली गाविसका १९ वर्षीया कमल चौधरी भएका र निजको कोखामा गोली लागेको, चौधरीको शवलाई अस्पतालमा राखिएको भन्ने समेतको व्यहोरा उल्लेख गरिएको 'दैनिकी' नामक समाचार पत्रिकामा प्रकाशित भएको समाचार मिसिल

संलग्न रहेछ ।

५. सो घटनाको सम्बन्धमा अनुगमन र अनुसन्धानको लागि आयोगबाट टोली खटाइएकोमा टोलीले घटनाका घाइते सशस्त्र प्रहरी बलका हवल्दार ... लाई अस्पतालमा भेटी आवश्यक सोधपुछ गरेको दखियो । ... सोधपुछबाट निज ... को दायाँ हात र बायाँ हातको साइँली औंला भाँचिएको, टाउकोमा चोट लागी ७ टाँका लगाएको, अगाडिको ढाडमा समेत चोट लागेको, टाउकोमा खुकुरीले अगाडिबाट हानेको चोट रहेको, दुई जनाले हात समातेर अर्कोले खुकुरीले पछाडिबाट हान्दा निजको हात भाँचिएको, चितवन जिल्लाको सौराहामा खटिएको २०० जना सशस्त्र प्रहरी टोलीलाई २०६५ फागुन २३ गते प्रदर्शनकारीहरूले लट्ठी, भाला, खुकुरीलगायतका घरेलु हतियार लिई प्रहरीतर्फ ढुङ्गामुढा गरेपछि प्रहरी टोलीपछि हट्ने क्रममा निज ... भुइँमा लडेका र प्रदर्शनकारीहरूले प्रहरीको लट्ठीसमेत खोसी कुटपिट गरी कब्जामा लिन थालेका । त्यसपछि सँगै रहेका सशस्त्र प्रहरी जवान ... हवल्दारलाई उठाउन आउँदा निजलाई समेत आन्दोलनकारीले कुटपिट गर्दा निज प्रहरी जवान हवल्दार माथि ढलेका, अन्य प्रहरी टोली पछाडि गएको अवस्थामा ... र ... लाई प्रदर्शनकारीले कब्जामा लिई केही पर लगी लट्ठी खुकुरीलगायतका हतियारले प्रहार गरेका । ..., परिवार भरतपुर अस्पतालमा उपचार गराइरहेको र आफू सवारी चालक भएको भनी छोड्न आग्रह गर्दा समेत कुनै परवाह नगरी लगातार खुकुरी समेतले प्रहार गरी निजलाई बेहोस बनाएका । पछि भरतपुरमा उपचार गराई हेलिकप्टरबाट काठमाडौं ल्याउने क्रममा होस खुलेको भन्ने समेतको घटनाका घाइते प्रहरी हवल्दार ... को भनाइ मिसिल संलग्न प्रतिवेदनमा उल्लेख गरिएको रहेछ ।

६. घटनाकै सम्बन्धमा अनुसन्धान गर्न खटिएको टोलीले आयोगसमक्ष पेस गरेको प्रतिवेदनमा १९ गतेदेखिको बन्दको कारण राजमार्गमा यात्रु तथा दैनिक उपभोग्य पदार्थहरू आपूर्ति गर्ने सवारी साधनहरू अलपत्र परेका । २२ गते साँझबाट सवारी साधनहरू सुचारु हुने भन्ने जानकारी सर्वसाधारणलाई दिइएको । तर पनि, सवारी साधनहरू सुचारु हुन नसकेका र यात्रुहरूको उद्धार गरी सवारीसाधनहरू सुचारु गर्नका लागि यात्रुहरूले प्रहरी, प्रशासन र आन्दोलनकारीहरूसँग अनुरोध गरिरहेका, आन्दोलनकारीहरूले बन्द

खुलाउन नमानेकोले यात्रुहरूद्वारा आन्दोलनकारीका विरुद्धमा नाराजुलुससमेत भएको, बन्द खुलाई यात्रुहरूको उद्धार गर्नका लागि स्थानीय प्रशासनले नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई खटाई पठाएको र प्रहरी टोलीले टाँडी क्षेत्रमा बन्द खुलाउनका लागि टीकौली भन्ने स्थानबाट अगाडि बढ्दै जाँदा टाँडी बजारनजिकै आन्दोलनकारीहरू र प्रहरीहरूबीच सामान्य झडप भएको । आन्दोलनकारीहरूले प्रहरी र रोकिराखेका सवारी साधनतर्फ इँटा प्रहार गरेका, सवारी साधनहरू तोडफोड गरेको । आन्दोलनकारीहरूले खाली बोतल, ढुङ्गा, इँटासमेतले प्रहरीमाथि आक्रमण गरेका, प्रहरीद्वारा अश्रुग्याँस प्रहार भएका, आन्दोलनकारीहरूले विभिन्न सवारीसाधनहरू र एक जना यात्रुमाथि आक्रमण गरी सवार ीसाधनहरू तोडफोड गरेका, एउटा बसमा आगजनी गरी क्षति पुर्‍याएको र अन्य सवारी साधनमाथि समेत आगजनी गर्ने प्रयास गरेको उल्लेख गरिएको देखियो ।

७. २२ गते रातको करिब ११ बजेभन्दा अगाडि तोडफोड, प्रहरी र आन्दोलनकारीहरूबीच झडप भएको । करिब रातको ११:३० बजेतिर आन्दोलनकारीहरूद्वारा भारतीय नम्बरप्लेटको ग्याँस बोकेको ट्याङ्करमाथि आगजनी गर्न लाग्दा सम्भावित क्षतिबाट बचाउन प्रहरी अगाडि बढेको । सोही क्रममा घरका छतछतमा बसेका आन्दोलनकारीहरूबाट प्रहरीमाथि व्यापक आक्रमण भएको। आक्रमणपछि प्रहरीले सुरुमा अश्रुग्याँस र त्यसपछि क्रमशः रबर बुलेट र हवाई-फायर गर्दै अन्त्यमा गोली चलाएको । प्रहरीले चलाएको गोली लाग्दा विपिन खड्का, कमल चौधरी र ... घाइते भएका । तीमध्ये कमल चौधरीको उपचारको क्रममा मृत्यु भएको, उक्त घटनापछि सो स्थानबाट आन्दोलनकारीहरू हटेको, घटनामा आन्दोलनकारीतर्फ १० र प्रहरीतर्फ १३ जना घाइते भएका, तत्पश्चात् अलपत्र परेका यात्रु र सवारीसाधनहरूलाई प्रहरीले गन्तव्यतर्फ जाने वातावरण बनाएको । २३ गते शान्ति सुरक्षाका लागि स्थानीय प्रशासनले कर्फ्यु लगाएको, कर्फ्युको अवज्ञा गर्दै आन्दोलनकारीहरूले आन्दोलनलाई निरन्तरता दिएको र पटक-पटक प्रहरी र आन्दोलनकारीहरूबीच झडप भएको, आन्दोलनकारीले कर्फ्युको उल्लङ्घन गरेकोले प्रहरीले पटक-पटक अश्रुग्याँश र आन्दोलनकारीहरूले प्रहरीमाथि ढुङ्गामुढाबाट आक्रमण गरेका, आन्दोलनकारीहरूले घरेलु हतियारसमेत लिएर प्रहरीमाथि

आक्रमण गरेका, प्रहरी र आन्दोलनकारीहरूबीच झडपकै क्रममा करिब दिनको २ बजे प्रहरी पछि हट्न लागेको, पछि हट्ने क्रममा प्र.ह ... भुइँमा लड्न पुगेका र प्रहरी ...निजको उद्धार गर्न गएका । तर, त्यसै समयमा आन्दोलनकारीहरूले प्रहरी कुमार बुढाथोकीलाई नियन्त्रणमा लिई हत्या गरेका साथै हवल्दार ... माथि खुकुरीले प्रहार गरी मरणासन्न हुने गरी घाइते बनाएकासमेत उक्त प्रतिवेदनको तथ्य खण्डमा उल्लेख भएको रहेछ ।

८. आयोगको अनुसन्धानबाट प्रहरीको मृत्यु भएपछि प्रहरीहरूद्वारा स्थानीय केही व्यक्तिहरूको घर-पसलमा तोडफोड भएको र प्रहरीद्वारा ४४ जना आन्दोलनकारीहरूलाई पक्राउ गरेको, सो घटनामा ३१ जना व्यक्तिहरू घाइते भएको, प्रहरीद्वारा उल्लिखित घटनामा अवधि नाघेको अश्रुग्याँस पनि प्रहार गरेको बुझियो ।

९. आयोगको अनुसन्धान प्रतिवेदनमा स्थानीय प्रशासनद्वारा सर्वदलीय सहमतिबाट आन्दोलनलाई शान्तिपूर्ण बनाउने प्रतिबद्धता पछि २४ गते १२ बजेबाट कर्फ्यु हटाइएको तर २५ गते बिहान मोटरसाइकलबाट दूध बेच्न हिंडेका एक व्यक्तिको दूध आन्दोलनकारीहरूले पोखिदिएका, आन्दोलनकारीहरूद्वारा सोही दिन राती ९ बजेदेखि बिहान ५ बजेसम्मका लागि यातायात आवागमन खुल्ला गरेको, १९ गतेदेखिको आन्दोलनको क्रममा २० ओटा सवारी साधनमा क्षति पुगेको, ४५ भन्दा बढी व्यक्तिहरू घाइते भएको, ३ जना व्यक्तिहरूको मृत्यु भएको समेत उल्लेख भएको देखियो ।

१०. घटनामा प्रहरीले बल प्रयोग गर्दा सावधानी नअपनाएको, गोली चलाउनुभन्दा अगाडि माइकिङ गरी आन्दोलनकारीहरूलाई जानकारी नदिई एक्कासी गोली चलाएको तथा सो घटनामा सशस्त्र तथा जनपद प्रहरीहरू खटिएकोमा कसले गोली चलायो भन्ने थाहा नपाएको भन्ने समेत स्थानीय व्यक्तिहरूको भनाइरहेको अनुसन्धान प्रतिवेदनबाट खुल्न आएको छ ।

११. प्रतिवेदनमा २०६५ फागुन २२ गते मेरी स्टोप (टाँडी बजार) क्लिनिक नजिकमा रहेको मेरो साथी ... लाई भेट्न गएको थिएँ । उसलाई भेटेर म साँझ ५.३० बजेतिर फर्किएँ । सौराहा चोकमा आउँदा प्रदीप रेस्टुरेन्ट एन्ड लजमा ... भन्ने साथीलाई भेटेर घर आउन लाग्दै थिएँ । सो समयमा सौराहा चोकबाट

प्रहरीले लखेटेका प्रदर्शनकारीहरू सौराहा जाने भित्री बाटोतर्फ भाग्दै आए । सो समयमा दुबैतर्फबाट बोतल हानाहान भइरहेको थियो । प्रहरीले अश्रुग्याँस फालेको थियो । मेरो खुट्टामा नै अश्रुग्याँस आइपुग्यो । उक्त अश्रुग्याँसको म्याद सकिएको थियो र त्यो मैले राखेको छु । उक्त अवस्थामा म भाग्दै आफ्नो घरतिर लाग्दा बोतलले गर्धनमा लाग्यो । अहिलेसम्म दुखिरहेको छ । भाग्ने क्रममा म गोबर ग्यासको खाल्डोमा परेँ । खाल्डोबाट म आफै बाहिर निस्किएँ । गोबरग्याँसको आडमा ... र ... भन्ने साथी रहेछन् । मेरो चाइनिज मोबाइल र एउटा जुत्ता गोबरग्याँसको खाल्डोमा नै गायब भयो । यसैबीचमा फायरिङ धेरैपटक भयो । मैले ... सँग साबुन मागी उसैको घरको धारामा नुहाएँ । नुहाइसकेपछि वरिपरि प्रहरीले घेरेको छ भनेपछि डरले गर्दा ... सँग बसे । साथमा ... र ... पनि थिए । अगाडि बोतल हानाहान भइरहेको थियो । सडकमा गाडीहरू प्रहरीले escorting पनि गरिरहेको थियो । सडकमा टाँडीबाट नारायणघाटतिर जान लागेको ट्याङ्कर तथा एलपी ग्याँसको ट्याङ्कर पनि दुईवटा थिए । विपिन खड्का र कमल चौधरीलाई करिब ११:३० बजेपछिको समयमा गोली लाग्यो । त्यसमध्ये विपिन खड्कालाई म र ... समेत अरू दुई जनाले बोकेर तल झार्‍यौँ । कमल चौधरीको चाँहि गोली कहाँ लाग्यो देखिनँ, विपिनको चाहिँ कोखामा गोली लागेको थियो भन्ने समेतको बुझिएका व्यक्तिको भनाइ रहेछ ।

१२. २०६५ फागुन २२ गतेको घटना करिब ७:०० बजे सुरु भई रातको १२:०० बजेसम्म चलेको थियो । ७:०० बजेतिर प्रहरीले अश्रुग्याँस घरबस्तीतिर फाल्न थाले । टियर ग्याँसले बच्चाहरू रुन थाले । टियर ग्याँस हानेपछि गाउँका मान्छेहरू आक्रोशित भई गाँउलेहरूबाट ढुङ्गामुढा भयो । त्यो पहिले प्रहरीको तर्फबाट पनि ढुङ्गा हानेको थियो । सोही समयमा प्रहरीले यात्रुहरूलाई उकासेर ल्याई ढुङ्गा हान्न लगाएका थिए । त्यो बेलामा हामी १२/१५ जना मात्र थियौँ । त्यसपछि गाउँका सबै मानिसलाई बोलायौँ । गाउँले आएपछि यात्रुहरू भागे । पुलिसचाहिँ त्यहीँ रहे । ढुङ्गा दुबैतर्फबाट हानाहान भयो । अनि प्रहरीले खुट्टामा अश्रुग्याँस हाने, अश्रुग्याँसपछि गोली हाने । उक्त अवधिमा सौराहाको मात्र नभई अरू क्षेत्रका पनि मानिसहरू जम्मा भएका थिए । बत्ती ४:०० बजे गएर राति १२:०० बजे मात्र आयो । प्रहरीहरूले आफ्नो गाडीको ठूलो लाइट बालेर मान्छे जहाँ देख्यो

त्यहीँ हान्थे, गोली हान्न थालेपछि पनि केटाहरूले प्लास्टिकको गोली हो अलिअलि दुखिहाल्छ नि भन्दै थिए, त्यही समयमा कमल चौधरी लडिरहेको थियो । करिब ११:०० बजेतिर विपिनलाई गोली लागेको थियो । कमललाई त्योभन्दा केही पहिले गोली लागेको थियो । उक्त स्थानमा गोली चल्नुभन्दा पहिले बस, ट्रक र ट्याक्टरहरू रोकिएका थिए । गोली लागेर विपिन घाइते भएपछि अरू केटाहरूले खाटमा छाडेर राखेका रहेछन् त्यसपछि खाटै बोकेर मसमेत भई कामना जनरल अस्पताल पुऱ्यायौँ । अस्पतालभित्र २०/२५ जना प्रहरीहरूले मलाई टाउकोमा बन्दुकको कुन्दाले कुटपिट गरे । बिरामी लिएर जाने म र ...लाई पनि पिट्यो । यसैबीचमा अरूलाई पनि पिट्न थालेपछि भाग्यौँ । टाउकोबाट रगत बगिरहेको थियो । त्यसपछि उपचारको लागि मेडिकल कलेज लगेको हो । मेडिकल कलेजबाट उपचार नहुने भएपछि उपचारको लागि काठमाडौँ रिफर भयो । काठमाडौँको न्युरो अस्पतालमा उपचार गराई २८ गते डिस्चार्ज भई घर आएर बसेको छु । उपचारको खर्च मेडिकल कलेजमा आफ्नै भए पनि काठमाडौँको उपचार कसले गरेको थाहा भएन । इलाका प्रहरी कार्यालय टाँडीको असई ... पनि हस्पिटलमा गएर कुटपिट गरेका थिए भन्ने समेतको ... भनाइ रहेको पाइयो ।

१३. गेस्टहाउसका साथी ...लाई भेट्न भनेर गएको बेलामा गुलेली हान्दा काँधमा बाकेको बोतलमा लाग्यो । बोतल उछिट्टिएर निधारमा लागेको थियो । साँझ ८:०० बजे उक्त गेस्ट हाउसमा जाँदा अश्रुग्यास हानिरहेको थियो । सौराहा चोक अगाडि २ वटा ट्याङ्कर र एलपी ग्याँसको २ वटा गाडी नरायणगढ जान जामले रोकिएका थिए । प्रदर्शनकारीले ढुङ्गा मुढा वियर बोतलले प्रहरीललाई हिर्काउनु अघि प्रहरीले अश्रुग्याँस चलाएको थियो । पुलीसले पनि गुलेली हानेको देखेको छु । गोली राती चलेको हो, घर फर्किएकाले के भयो थाहा भएन । सौराहा चोकमा साइकलमा गाडीमा आगो लगाउन खोजेको भन्ने कुरा पनि थाहा भएन थारूहरूसँग घरेलु हातहतियार रड, लट्ठी आदि थियो । महिलाहरू पनि थिए । प्रहरीले अश्रुग्याँस हानेपछि आन्दोलनकारीबाट बोतल आक्रमण भयो । वियरहरूको बोतलहरू कवाडी र डिलर नजिकै घरघरमा भएकाले त्यहींबाट ल्याएका हुन्, पुलीसपनि घाइते भए प्रदर्शनकारी र सर्वसाधरणहरू पनि घाइते भए भन्ने समेत ब्यहोराको ... को भनाइ रहेको

पाइयो ।

१४. फागुन २२ गते चित्रसेन पुलमा कमलसँग भेट हुँदा तिम्रो आमाले बोलाउँदै हुनुहुन्छ, तिमी घर जाऊ भनेर म सौराहा चोकमा आएँ । पछि रातीको ८:३० बजेतिर ऊसँग फेरि मेरो भेट सौराहा चोकमा नै भयो । त्यहाँ अश्रुग्याँस छोडिएको थियो । आन्दोलनकारी भाग्ने र अगाडि जाने गरिरहेका थिए । कमल ग्यारेजको जस्ता माथि चढेको थियो । मैले ओलर्न भनें, ऊ ओर्लियो पनि । केही मान्छेले पर्सौनी चोकतिर गाडी जलाउने सल्लाह गर्दै थिए । पुलिस सबै पर्सौनी चोकतिर गए । मैले बसमा एक ढुङ्गा हिर्काएँ अनि भागेर कायर खोलातिर पुगें । कमल कोचिङ सेन्टरको छतमाथि चढेको रहेछ । कायरखोलाबाट आउँदा एक जनाले कोचिङ सेन्टरको छतमा कमललाई गोली लागेको छ भनेपछि मलाई थाहा भयो । त्यसपछि म उक्त स्थानमा गएँ, मेरो साथमा ... भन्ने व्यक्ति पनि थिए । घरको छतमा कमल उत्तानो परेर लडेको थियो । छतमा अरू २ जना थिए तर मैले चिनिनँ । कमलले मलाई बचाउनुहोस् बाजे भनेको थियो । त्यसपछि म, ... र ती २ जना नचिनेका साथीहरू भएर बोकेर तल झार्‍यौं । ... को गलबन्दी र सर्टले गोली लागेको ठाउँमा बाध्यौं । बाटोमा प्रहरीहरू भएको र गोली पनि चलिरहेको हुनाले पर्खाल नघाएर बारीतिरबाट पेप्सीको गोदाम हुँदै .........को घर अगाडि चौरमा सुतायौं । गोली कताबाट आएर लाग्यो भन्न सक्तिन, गोली कोखामा लागेको थियो । उपचारका क्रममा भरतपुर अस्पतालमा उसको मृत्यु भयो भन्ने समेत व्यहोराको ... को बयान कागजमा उल्लेख भएको देखियो ।

१५. विपिनलाई गोली लागिसकेपछि हामीले चर्को आन्दोलन सुरु गर्‍यौं । आन्दोलनकारीको तर्फबाट बोतल, इँटा र ढुङ्गा हानियो । गुलेलीको पनि प्रयोग भयो । त्यसपछि प्रहरीले पुनः फायर सुरु गर्‍यो । त्यसपछि हामी हिमालचुली रेस्टुराको छेउबाट भाग्यौं । त्यहाँबाट भाग्दै हामी कयर खोलासम्म पुग्यौं । सोही अवधिमा बछ्यौली गाविस वडा नं. ५ दोराङ्गी गाउँको ... ले तिमीहरूको गाउँको एक जनालाई गोली लागेर ढलेको छ भन्यो । यो कुरा थाहा भएपछि फर्किएर पुनः अफिस होलसेल पुस्तक पसल आयौं । छतमा चढ्ने बाटो थिएन । तर, रेलिङको सहाराले सो पसल भएको घरको छतमा चढ्यौं । छतमा पुगेर हेर्दा रगत पूरै बगेको थियो । मैले आफ्नै गलबन्दी खोलेर कोखामा बाँधिदिएँ । छतमा

चढेर हेर्दा कमल भन्ने चिनँ, प्रहरीले गोली चलाउनुअगाडि माइकिङ गरेन भन्ने समेतको.. को बयान कागजमा उल्लेख भएको देखियो ।

१६. विपिनलाई लिएर अस्पतालमा उपचार गराइरहेको समयमा प्रहरीहरू अस्पतालभित्रै पसेर मलाई बाहिर निकाली बन्दुकको कुन्दा र लठीले हिर्काएकोले मेरो टाउको र शरीरका अन्य भागहरूमा चोट लागेको हो । अस्पतालमै रहेको समयमा कमललाई गोली लागेको थाहा भयो भन्ने समेतको ... को बयान कागजमा उल्लेख भएको देखियो ।

१७. घटनामा मृत्यु भएका विपिन खड्काका सम्बन्धमा २०६५ फागुन २२ गते चितवन जिल्ला रत्ननगरमा राती थारू जातिहरूको आन्दोलन भइरहेको क्रममा थरुहट र प्रहरीबीच झडप हुँदा वर्ष १९ को विपिन खड्कालाई अचानक रातको ११ बजे घर बाहिर निस्किने क्रममा गोली लाग्न गई असक्त घाइते भई उपचारार्थ काठमाडौँ जिल्ला शिक्षण अस्पतालमा ल्याई चेकजाँच गर्दा मृत्यु भइसकेको भन्ने थाहा पाई लासउपर महानगरीय प्रहरीवृत्त, महाराजगन्जबाट लासजाँच प्रकृति मुचुल्का तथा पोस्टमार्टम समेतको कार्य सम्पन्न भइसकेकोले उक्त लास दाहसंस्कारका लागी जिम्मा दिइएको भन्ने ब्यहोराको महानगरीय प्रहरीवृत्त, महाराजगन्जको चलानी नम्बर नखुलेको पत्र सङ्ख्या ०६५।६६ को पत्र मिसिल संलग्न देखियो ।

१८. आयोगमा दर्ता भएको सम्भावित ज्वालासिंह समूह (सशस्त्र भूमिगत समूह) द्वारा हत्या गरिएका भनिएका मोहनबहादुर बस्नेतका सम्बन्धमा आयोगद्वारा च.नं. ४१५१, मिति २०६७।४।१३ गतेको पत्रमार्फत तराई मधेस आन्दोलनमा सरकारद्वारा घोषणा गरिएका सहिदहरूको नामावली र सरकारद्वारा सहयोग उपलब्ध गराइएका व्यक्तिहरूको नामावली उपलब्ध गराउनू भन्ने समेतको ब्यहोराको पत्रको जबाफमा गृह मन्त्रालयको च.नं. १७२, मिति २०६७।४।२३ गतेको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा नाम-नामेसी भिडाउँदा निज कमल चौधरी र विपिन खड्काको नाम समावेश भएको देखिएन ।

१९. आयोगको अनुगमन तथा अनुसन्धानको क्रममा प्राप्त भएका तथ्यहरूको आधारमा विष्लेषण गर्दा आन्दोलनको सुरुवात नेपाल सरकार मन्त्री परिषद्ले २०६५ माघ २१ गते अध्यादेशमार्फत सार्वजनिक सेवामा

समावेशी अध्यादेश ल्याउने निर्णय गरेको भन्ने सार्वजनिक जानकारीबाट सुरु भएको देखिन्छ। उक्त आन्दोलन सुरुका दिनमा शान्तिपूर्ण रहेको भए पनि २२ गते साँझदेखि अकस्मात् आन्दोलनकारीले बन्दलाई निरन्तरता दिने घोषणापछि हिंसात्मक हुँदै गएको देखियो । जसको कारण, दुई सर्वसाधारण र एक जना प्रहरीसमेत गरी तीन जनाको मृत्यु, ४५ जनाभन्दा बढी व्यक्तिहरू घाइते, कम्तीमा पनि २० वटा सवारी साधनमा आंशिक वा पूर्ण रूपमा क्षतिग्रस्त, करिब ४४ जना व्यक्तिहरू प्रहरीद्वारा गिरफ्तार भएका अनुसन्धानका तथ्यहरूबाट खुल्न आएको देखिन्छ।

२०. **प्रचलित संविधान तथा कानुनले शान्तिपूर्ण आन्दोलनलाई मौलिक हक-अधिकारको रुपमा स्वीकार गरेको छ । कानुनप्रदत्त हक-अधिकारको लागि शान्तिपूर्ण आन्दोलन गर्नुलाई अन्यथा भन्न मिल्दैन तथापि प्रस्तुत आन्दोलनको क्रममा आन्दोलनकारीबाट प्रहरीतर्फ ढुङ्गा, इँटा, खाली बोतल, लाठी र घरेलु हतियारसमेत प्रयोग भएको पाइयो भने प्रहरीले लाठी, अश्रुग्याँस, रबर बुलेट हुँदै गोलीसमेत चलाएबाट यस्तो आन्दोलनलाई शान्तिपूर्ण आन्दोलन भन्न मिल्दैन।**

२१. आन्दोलनकारीको सङ्ख्या र प्रहरीको सङ्ख्याबीचको अनुपात मिलाएर हेर्दा २२ गतेको घटनामा प्रहरीले आन्दोलनको क्रममा आन्दोलनकारीलाई नियन्त्रणमा लिन सकिने अवस्था देखिए पनि सडकमा फसेका यात्री तथा सवारी साधनलाई जसरी पनि गन्तब्यतर्फ लाग्न राजमार्ग खुलाउनुपर्ने प्रशासनको कर्तब्य र बाध्यता भएको र प्रर्दशनकारीले कुनै पनि हालतमा सवारी साधनलाई जान नदिने अवरोधको कारण प्रहरी र प्रर्दशनकारीहरूले घरेलु हतियार प्रयोग गरी, घरका छतबाट समेत छापामार शैलीमा आक्रमण भैरहेको तथा राती, लोड सेडिङ भएको समयमा आक्रमण भएको अवस्थामा कमल चौधरीको मृत्यु भएको देखिन्छ । एकातिर प्रहरी प्रशासनलाई तीन दिनदेखि राजमार्गमा अलपत्र परेका यात्रुको दबाव अनी प्रर्दशनकारीले प्रहरीलाई लक्षित गरी प्रहार गरेको ढुङ्गा तथा बोतलको कारणले प्रहरीले अश्रुग्याँस प्रहार गरेको र अश्रुग्याँस प्रहारवाट प्रर्दशनकारी थप उतेजित भई प्रहरीतर्फ आक्मण गर्दा प्रहरीले थप बलप्रयोग गरेको देखिन्छ।

२२. राजमार्ग खुलाउने क्रममा प्रहरीले आवागमन सुचारु गर्ने प्रयासमा लागिरहँदा अकस्मात् रूपमा

प्रदर्शनकारीहरूको तर्फबाट रातको करिब ११ बजे टाँडी बजार सौराहाचोकमा जामको कारण रोकिइरहेको भारतीय नम्बर प्लेट भएको युपी ७८ एटी ९१६ नम्बरको एलपिजी ग्याँस बोक्ने ट्याङ्कर (बुलेट) को पछाडिपट्टि आगो लगाउने प्रयास गरेको, सो समयमा एलपिजी ग्याँस बोक्ने ट्याङ्करका अतिरिक्त सो स्थानमा पेट्रोल ट्याङ्करहरूसमेत भएका र तत्काल केही नगरेमा टाँडी बजार नै ध्वस्त हुन सक्ने अवस्था पनि देखियो । उक्त समयमा प्रहरीहरूले आगो लाग्नबाट बचाउन प्रयास गर्दा छतवाट प्रहरीमाथि ढुङ्गामुढा तथा बोतलहरूवाट आक्रमण हुन थालेपछि प्रहरीले गोली चलाउदा विपिन खड्का र कमल चौधरीसमेतलाई गोली लागेपछि सम्पूर्ण प्रर्दशनकारी तितरबितर भई भागेको पाइयो । बिहान ४ बजेसम्ममा सबै गाडीहरूलाई पास गराएको देखिन्छ भन्ने तथ्य पनि आयोगको अनुसन्धान प्रतिवेदनमा उल्लेख भएको रहेछ ।

२३. **घटनामा प्रहरीबाट अत्यधिक बलको प्रयोग भए-नभएकोतर्फ हेर्दा सो स्थानमा प्रहरीको उपस्थिति दिउँसैदेखि भएको भए पनि प्रहरीबाट दिउँसो ठूलो सङ्ख्यामा रहेका आन्दोलनकारीमाथि बल प्रयोग गरेको देखिएन। सवारी साधन खुलाउने कार्य मृतकहरूलाई गोली लाग्नुभन्दा करिब ४ घण्टाअघिदेखि नै गरिरहकोमा अत्यन्त प्रज्ज्वलनशील वस्तु बोकेको गाडीमा आगो लगाउन खोजीएको र सो नियन्त्रण नगरेमा ठूलो धनजनको क्षति हुन सक्ने अवस्था, आन्दोलनकारीबाट प्रहार गरिएका बोतलसमेतेको अवस्थालाई हेर्दा प्रहरीबाट अत्यधिक बल प्रयोग भएको हो भनी किटानी गर्न सक्ने देखिएन ।** जहाँसम्म दुई जनाको मृत्यु र केही आन्दोलनकारी घाइते भएको अवस्था छ, उक्त घटना प्रहरीको असावधानीका कारणबाट घट्न गएको देखियो । उल्लिखित अवस्थाबाट जीवनको अधिकार र सर्वसाधारणको आवतजावत गर्ने स्वतन्त्रता, पेसा व्यावसाय गर्ने स्वतन्त्रता, शिक्षाको अधिकार, सहजरूपमा स्वास्थ सेवा प्राप्त गर्ने लगायतका अधिकारको प्रचलनमा अवरोध भएको पाइयो । सँगैं गएका प्रहरीमध्ये दुई जनामाथि पाशविक आक्रमण हुँदा समेत प्रहरीबाट थप शक्ति एवम् बलको प्रयोग नहुनुलाई प्रहरीले देखाएको संयमतालाई लिन सकिन्छ। उल्लिखित तथ्यहरूमा गोली चलाउनुपर्ने परिस्थिति सिर्जना भएको देखिन्छ । तथापि गोली चलाउनुपूर्व प्रहरीले आन्दोलनकारीहरूलाई सचेत गराउनुपर्नेमा सो कार्य गरेको कहीं

कतैबाट खुल्न आएन ।

२४. गते स्थानीय प्रशासनले बिहान १० बजेदेखि कर्फ्यु लगाएकोमा उक्त कर्फ्यु २४ गते १२ बजेबाट हटाइएको थियो । कर्फ्यु लागेको समयमा पनि प्रदर्शनकारीबाट कर्फ्युको उल्लङ्घन मात्र गरिएन प्रदर्शनकारीले घरेलु हतियार लिई प्रहरीतर्फ ढुङ्गामुढा गर्दै आएका, प्रहरी र आन्दोलनकारीहरूबीच दोहोरो झडप भएको पुष्टि हुन्छ । प्रहरीले हानेको टियर-ग्याँस आन्दोलनकारीले प्रहरीतर्फ नै फर्काउँदा प्रहरी टोली पछि हट्न खोज्दा प्र.ह. ... लडेको र निजको उद्धार गर्न भनी गएका प्रहरी कुमार बुढाथोकी दुवैलाई आन्दोलनकारीले नियन्त्रणमा लिई ......लाई अमानवीय तरिकाले कुटपिट गरी मरणासन्न हुने स्थितिमा पुऱ्याएको र कुमार बुढाथोकीको हत्या गरेको कुरा तथ्यहरूबाट खुल्न आउँदा आन्दोलनकारीहरूले अमानवीय व्यवहार गरेको प्रमाणित हुन्छ । आन्दोलनकारीको यस्तो व्यवहार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले समेत प्रतिबन्धित हुन जान्छ ।

२५. संयुक्त राष्ट्रसङ्घीय कानुन कार्यान्वयन गर्ने अधिकारीले गोलीगठ्ठाको प्रयोगसम्बन्धी आधार भूत सिद्धान्तको सामान्य प्रावधानअर्न्तगतको नम्बर ४ मा कानुन कार्यान्वयन गर्ने अधिकारीले गोलीगठ्ठाको प्रयोग अन्य सबै साधनको प्रयोग निष्प्रभावी भएमा प्रयोग गर्न सक्नेछ भन्ने व्यवस्था छ ।

२६. प्रस्तुत घटनामा प्रहरीले लाठीचार्ज गरेको, अश्रुग्याँस प्रहार गरेको र अन्त्यमा रबर बुलेटसमेत प्रहार गरेको कुरालाई प्रर्दशनकारीहरूले पनि स्वीकारेका छन् भने प्रर्दशनकारीहरूको तर्फवाट पनि प्रहरीमाथि इँटा, ढुङ्गा तथा बियर एवम् कोकको बोतलले प्रहार गरेको भन्ने कुरा प्रर्दशनकारीहरूको भनाइबाट पनि पुष्टि हुन्छ । साथै गोली चल्नुपूर्व सौराहाचोकमा रहेको राजमार्गमा रोकी राखेको ग्याँस ट्याङ्करमा प्रर्दशनकारीहरूले आगो लगाउन लाग्दा त्यसवाट हुने ठूलो जनधनको क्षतिलाई बचाउन प्रहरीले चलाएको गोलीलाई स्वाभाविकै र आवश्यकता बमोजिम गरिएको कार्यको रूपमा लिनुपर्ने देखियो । मुलुकको तत्कालीन अवस्थालाई मध्यनजर गर्दा तराई मधेसले उठाएको मागहरू उक्त समुहका हक-अधिकारसँग सम्बन्धित भएको र आफ्नो हक-अधिकारको लागि आन्दोलन गरिरहेको अवस्थामा आन्दोलनकारीहरूको मृत्यु हुनु

तथा मुलुकको शान्ति सुव्यवस्था कायम गर्नका लागि ड्युटीमा खटिएका प्रहरीहरूको मृत्यु हुनुलाई नितान्त दुःखद घटना मान्न सकिने देखिन्छ । यस **घटनामा प्रहरीले गैरकानुनी तरिकाले गोली चलाउँदा हत्या गरेको नदेखिए तापनि आफ्नो हक-अधिकारको लागि आन्दोलनरत व्यक्तिहरूको मृत्यु भएको देखिएको र शान्ति सुरक्षामा रहेका सुरक्षाकर्मीहरूको मृत्यु भएको र निजहरूको हकवालालाई क्षतिपूर्तिस्वरुप नभई आर्थिक राहतस्वरुप प्रत्येक मृतक आश्रित परिवारलाई सहयोग गर्दा राज्यले असल अभिभावकत्व निर्वाह गरेको हुन जाने देखिन्छ ।** प्रहरीले गोली चलाउनुअगाडि माइकिङ नगरेको भन्ने प्रत्यक्षदर्शीको भनाइ रहे तापनि एक्कासी गोली हानेको नदेखिएकाले यसलाई प्रहरीले गरेको गैरकानुनी कारबाही भन्न पनि उचित हुने देखिँदैन । तथापि, ऐनमा स्पष्ट भएका प्रावधानहरूको अक्षरशः पालना गरी मानव अधिकारको संस्कृति निर्माण गर्नु राज्यका अधिकारीहरूको आधार भूत कर्तव्य हो ।

२७. प्रस्तुत उजुरीमा आन्दोलनकारीहरू र प्रहरीको मृत्यु भएको, कैयौं सवारी साधनहरू आन्दोलनकारीहरूले तोडफोड गरेका, दुवैतर्फ घाइतेहरू भएको विषयलाई मध्यनजर गर्दा आन्दोलन शान्तिपूर्ण थियो, थिएन ? प्रहरीले अत्यधिक बल प्रयोग गरेको हो-होइन ? र मृतकहरूलाई गैरकानुनी तरिकाले हत्या गरेको हो-होइन भनी ठहर गर्नुपर्ने मुख्य विषय रहेको देखियो ।

२८. उल्लिखित सबालहरूतर्फ विचार गर्दा विश्लेषण खण्डमा खुलाइएका तथ्यहरूका आधारमा आन्दोलनकारीहरूले शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्न पाउने अधिकारको उपभोग गर्दा गाडी जलाउने, प्रहरीहरूमाथि इँटा, बोतल, घरेलु हतियारसमेतबाट आक्रमण गरेको, कैयौं यात्रीहरू अलपत्र परेको समेत पाइएकोले यसलाई शान्तिपूर्ण आन्दोलन भन्न मिलेन । आन्दोलनकारीहरूको काम कारबाहीले प्रहरीहरूलाई नियन्त्रणमा लिएर हत्या गरेको देखिएकोले यस्तो कार्यले प्रहरीहरूको पनि जीवनको अधिकारको उल्लङ्घन भएको, उक्त कार्य मानवीय कानुनविपरीत पनि देखिन्छ । **आफ्नो अधिकारको उपभोग गर्दा अन्य व्यक्ति वा समूहको अधिकारको उल्लङ्घन गर्न मिल्दैन ।** यस घटनामा आन्दोलनकारीहरूको गतिविधिले सर्वसाधारणहरूको आवत-जावत गर्न पाउने, सम्पत्तिसम्बन्धी अधिकार,

दैनिक उपभोग्य सामाग्रीहरूको उपभोग गर्न पाउने समेतका अधिकारहरूको उल्लङ्घन हुन गएको देखिन्छ । आन्दोलनकारीहरूको गतिविधिले समाजमा शान्ति सुरक्षा, अमन चयन कायम गराउने उद्देश्यले परिचालित प्रहरीहरूले आवश्यकताबमोजिम बल प्रयोग गरेको, सम्भावित ठूलो धनजनको क्षति हुनबाट बचाउन स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम सकेसम्म कम मानवीय क्षति होस् भन्ने मनसायले क्रमशः अश्रुग्याँस, लाठीचार्ज, हवाई-फायर गरी शान्ति सुरक्षा कायम गर्ने प्रयत्न गरेको देखिएकोले यसलाई नियमसम्मत नै मान्नुपर्ने हुन्छ। आन्दोलनकारीहरूको सङ्ख्या र प्रहरीको सङ्ख्या, प्रहरीसँग रहेको हतियार र आन्दोलनकारीहरूले आन्दोलनमा प्रयोग गरेका घरेलु हतियार, बोतलसमेतका वस्तुहरू, १ जना प्रहरीहरूको मृत्यु हुँदा प्रहरीले देखाएको संयमतासमेतलाई आधारमान्दा प्रहरीले अत्यधिक बल प्रयोग गरेको भन्न मिल्ने देखिदैन । आयोगको अनुसन्धानबाट मारिएका आन्दोलनकारीहरूलाई प्रहरीले नियतबस ... मारेको देखिँदैन। उल्लिखित घटनामा मारिएका १ जना प्रहरीको कानुनविपरीत हत्या भएको र आन्दोलनकारीहरूतर्फ मारिएका २ जना व्यक्तिहरूको मृत्युलाई कानुनविपरीत भन्न मिल्ने आधारहरू देखिँदैन । तर एक जना प्रत्यक्षदर्शीले दिएको बयानमा प्रहरीले गोली चलाउनुअघि सचेत नगराएको भन्ने उल्लेख भएकोले अबउप्रान्त प्रहरीहरूले ऐनका प्रावधानहरूको अक्षरशः पालना गरी मानव अधिकार संस्कृतिको निर्माणमा आयोगले सम्बन्धित पक्षलाई सचेत गराउनै उपयुक्त हुने देखिन्छ। तत्कालीन मुलुकको परिस्थितिलाई विश्लेषण गर्दा थारू समुदायले उठाएका मागहरूमा राज्यले उचित सम्बोधन गर्न नसकेको, उक्त समुदायले उठाएका मागहरू नितान्तः मानव अधिकारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध राख्ने देखिएको तर राज्यले समयमै सम्बोधन गर्न नसकेकोले उक्त घटना घटेको देखियो। आफ्ना हक-अधिकारको लागि आन्दोलन गर्दा निजहरूको मृत्यु भएको देखियो । यसर्थ, घटनामा भएको धनजनको क्षतिलाई माथि विश्लेषण खण्डमा उल्लेख गरिएझैँ दुःखद घटना मान्नुपर्दछ । सरकारले विगतमा सरकार र माओवादी सशस्त्र सङ्घर्षको समयमा मृत्यु भएका सबै व्यक्तिका परिवारहरूलाई आर्थिक राहत उपलब्ध गराएको तथ्यलाई आधार मानी यस घटनामा मारिएका आन्दोलनकारीहरूलाई आर्थिक राहत

उपलब्ध गराउन र प्रहरीलाई प्रहरी ऐनबमोजिम सम्पूर्ण सुविधाहरू उपलब्ध गराउन मनासिव देखिन्छ ।

२९. २०६५ फागुन १९ गतेदेखि तीन दिने तराई बन्दको आह्वान गरेको र बन्द खुलाउने क्रममा प्रहरी र सशस्त्र प्रहरीको प्रयोग स्थानीय प्रशासनबाट भएको, सो क्रममा बल प्रयोग हुँदा एक व्यक्तिको मृत्यु भएको भन्ने घटनामा सञ्चार माध्यममा समाचार प्रसारित भई आयोगको ध्यानाकर्षण भएको र मिति २०६५।११।२३ मा स्वविवेकमा उजुरी ग्रहण गरी अनुसन्धान गरिएको र अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा गोली चलाउनुपूर्व सचेत गराएपछि मात्र गोली चलाउनुपर्नेमा प्रहरीद्वारा उक्त कार्य नगरी गोली चलाएको, सो गोलीबाट कमल चौधरी र विपिन खड्काको मृत्यु भएको पाइएकाले दोषी प्रहरीलाई विभागीय कारबाही गर्न र मृत्यु भएका २ जना आन्दोलनकारीका परिवारलाई जनही ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन तथा मृतक कुमार बुढाथोकीको परिवारलाई प्रहरी ऐनबमोजिम सुविधा उपलब्ध गराउन नेपाल सरकारलाई लेखिपठाउने ठहर्छ । निर्णयको जानकारी सम्बन्धित पीडितका परिवारलाई समेत पठाइदिई उजुरी मिसिल नियमानुसार गर्नू ।

**निर्णय तयार गर्ने**

..............

जीवन न्यौपाने

मानव अधिकार अधिकृत

| ............... | .............. | ................. |
|---|---|---|
| सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०६७ साल श्रावण ३० गते रोज १ शुभम् ।

## राष्ट्रिय मानव अधिकार आयोगको निर्णय

**माननीय अध्यक्ष श्री केदारनाथ उपाध्याय**
**माननीय सदस्य श्री रामनगिना सिंह**
**माननीय सदस्य श्री गौरी प्रधान**
**माननीय सदस्य श्री डा.के.बी. रोकाया**

**संवत् २०६१ सालको उजुरी नं १६९४**

**विषयः कब्जापछि हत्या ।**

**सशस्त्र द्वन्द्वको समयमा राज्य नागरिकहरूको आधारभूत अधिकारको संरक्षणको लागि अझै संवेदनशील हुनुपर्दछ । राज्य संवेदनशील नभएकै कारण सुरक्षा व्यवस्था कमजोर हुन गएको, समयमा थप बल नपुगेकोले निज इन्द्रबहादुर लामाको जीवन संरक्षित हुन सकेन भन्ने त स्पष्ट छँदैछ, हत्यामा संलग्न रहेका माओवादीका कार्यकर्ताहरूको पहिचान गरेर कारबाही गर्न नसक्नु पनि मानव अधिकार संरक्षण र परिपूरणमा राज्यको भूमिका कमजोर देखियो ।**

- प्रकरण नं. २२

**सशस्त्र युद्धको अवस्थामा मानव अधिकार उल्लङ्घन गर्ने कुनै पनि दल विशेषका व्यक्ति वा अधिकारीहरूउपर सरकारले विनाविभेद, विनाआस्था छानबिन गर्न प्रहरी प्रशासनलाई सहयोग गर्नुपर्दछ । यस्तो संस्कृतिको विकासले भविष्यमा मानव अधिकार उल्लङ्घन गर्नेलाई निरुत्साहित गर्दछ भने मानव अधिकारको संस्कृति निर्माणमा समेत टेवा प्रदान गर्दछ । प्रहरीले स्वतन्त्र रूपमा काम गर्न पाउने वातावरण सिर्जना गर्नु राजनैतिक दलहरूको कर्तव्य पनि हो ।**

- प्रकरण नं. २३

**युद्धमा सहभागी नभएको वा आफ्नो नियन्त्रणमा आएका कुनै व्यक्ति वा लडाकुलाई कुनै आरोपमा यातना दिन तथा ज्यान मार्न कुनै कानुनले पनि र कसैलाई पनि कुनै अधिकार दिएको हुँदैन । एकातिर युद्धरत पक्ष नेकपा (माओवादी) का कार्यकर्ताहरूले मानवीय कानुनको उल्लङ्घन गरेको त स्पष्टै छ भने अर्कोतर्फ राज्यको कानुनलाई हातमा लिएर जघन्य अपराध गर्ने वा अमानवीय कार्य गर्नेलाई राज्यले कारबाही गर्न नसक्नु पनि मानव अधिकार संरक्षण गर्न नसक्नुकै रूपमा लिनुपर्ने अवस्थामा सिर्जना भएको देखिएन ।**

- प्रकरण नं. २१

१. राजधानीको साँखुमा माओवादी आक्रमण, निरीक्षकसहित पाँच प्रहरीको मृत्यु, पच्चीस थान हतियार लुटिए भन्ने शीर्षकमा २०६१ पुष ४ गते राजधानी दैनिक पत्रिकामा समाचार प्रकाशित भएको । राजधानीको पूर्वी नाकामा आक्रमण,

साँखु इ.प्र.का.का निरीक्षकसहित पाँच प्रहरी मारिए भन्ने शीर्षकमा सोही मितिमा नेपाल समाचारपत्र दैनिकमा समाचार प्रकाशित भएको। राजधानीको साँखुचौकीमा आक्रमण शीर्षकमा उल्लिखित मितिमा नै अन्नपूर्ण पोस्ट दैनिकमा समाचार प्रकाशित भएको। यस्तै, काठमाडौँको चौकीमा आक्रमण, निरीक्षकसहित पाँच प्रहरीको मृत्यु शीर्षकमा कान्तिपुर दैनिकमा समाचार प्रकाशित भएको।

२. उल्लिखित प्रकाशित समाचारहरूको आधारमा आयोगबाट २०६१ पुष ४ गते नै अनुगमनका लागि टोली खटिएको र उक्त टोलीले २०६१ पुष ५ मा आयोगमा प्रतिवेदनसमेत पेस गरेको देखियो। उल्लिखित समाचार र अनुगमन प्रतिवेदनका आधारमा ... मानव अधिकार उल्लङ्घन भएको हुन सक्ने देखिएकोले आयोगले कारबाही प्रक्रिया अगाडि बढाएको।

३. प्रकाशित समाचारहरूको आधारमा आयोगबाट तत्कालै अनुगमन गरेको र अनुगमनबाट प्राप्त तथ्यहरूको सार निम्नबमोजिम रहेको देखियो :

- २०६१ पौष ३ गते साँझ ३३ जनाको दरबन्दी भई २६ जना कार्यालयभित्र, ४ जना सेन्ट्रीमा, २ जना विदामा रहेका अवस्थामा नेकपा (माओवादी) द्वारा इलाका प्रहरी कार्यालय साँखुमा आक्रमण गरी प्रहरी कार्यालयमा भएका हात-हतियार लुटेका, ५ जना प्रहरीलाई हत्या गरेको र अन्य ५ जना घाइते भएका।

- सादा पोसाकमा हात-हतियारसहित आएका करिब ३५।४० जना माओवादी कार्यकर्ताहरूले आक्रमण गर्दा ३ जना प्रहरीहरूको गोली लागी मृत्यु भएको, प्रहरी निरीक्षक इन्द्रबहादुर लामालाई सुरुमा गोली हानेपछि खुकुरी प्रहार गरी हत्या गरेको।

- निज लामा प्रहरीचौकीको माथिल्लो तलामा गई ढोका लगाएर लुकेर बसेको अवस्थामा माओवादी कार्यकर्ताहरू मूल ढोकाबाटै भित्र पसेको, दुईतीन जनालाई ढालेपछि आत्मसमर्पण गर्न र हतियार बुझाउन भनिएको, ११ जना प्रहरीहरूले सडकमा हात ठड्याएर आत्मसमर्पण गरी सडकमा सुत्न लगाएको, भान्से प्रहरी जवानलाई खुकुरी प्रहार गरी घाइते बनाएको।

- तत्कालै जिल्ला प्रहरी कार्यालयलाई घटनाको सम्बन्धमा जानकारी दिँदा अतिरिक्त प्रहरी वल उपस्थित नभएको, प्र.नि. इन्द्रबहादुर लामा लुकिरहेको तलामा माओवादी कार्यकर्ताहरू गई नियन्त्रणमा लिएर

मुक्का र लात्ती प्रहार गरी घाँटी रेटेर हत्या गरेको भन्ने समेत प्रत्यक्षदर्शीहरूको भनाइ रहेको ।

- प्रहरीहरू पूर्व होसियारी अवस्थामा नरहेको, निःशस्त्र अवस्थामा लुकेर बसेका प्रहरी निरीक्षकलाई नृशंस तरिकाले हत्या गरेकाले मानवीय कानुनको उल्लङ्घन भएको भन्ने अनुगमन प्रतिवेदनको विश्लेषण रहेको ।

- नेकपा (माओवादी) ले निःशस्त्र अवस्थामा रहेका प्रहरी निरीक्षकलाई नियन्त्रणमा लिई यातना दिएर हत्या गरेकोले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन हुन गएको, उक्त कार्यको घोर भर्त्सनासहित आयोगले विज्ञप्ति निकाल्नुपर्ने सहितको सुझाव टोलीले दिएको रहेछ ।

- आफ्नो नियन्त्रणमा लिइसकेका व्यक्तिको हत्या गर्नु मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन, जेनेभा महासन्धिको साझा धारा ३ विपरीतको कार्य हो । आयोग माओवादीबाट भएको त्यस्तो ... कार्यको निन्दा गर्दछ र मानव अधिकारको सिद्धान्त र मानवीय कानुनविपरीत ... का काम नगर्न पुनः सचेत गराऊँ भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगबाट २०६१।९।७ मा प्रेस-विज्ञप्ति जारी भएको ।

- आयोगबाट २०६२।१२।२ च.नं. १६९४ मार्फत जिल्ला प्रशासन कार्यालय, काठमाडौं र जिल्ला प्रहरी कार्यालय, काठमाडौंलाई प्रेषित पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा माओवादी कार्यकर्ताहरूले प्रहरी निरीक्षक इन्द्रबहादुर लामाको घाँटी रेटी हत्या गरेको भन्ने सन्दर्भमा तहाँबाट के-कस्तो कारबाही अगाडि बढाइएको छ ? प्रस्तुत घटनाको सम्बन्धमा तयार पारिएका घटनास्थल प्रकृति मुचुल्का, लासजाँच मुचुल्का तथा प्रहरी प्रतिवेदनसमेतका सम्पूर्ण कागजातहरूको प्रमाणित छायाप्रति समेत संलग्न राखी यथाशीघ्र आयोगमा पठाइदिनू भन्ने समेतको ब्यहोरा उल्लेख भएको ।

- उल्लिखित निकायहरूमध्ये जिल्ला प्रहरी कार्यालय, काठमाडौंले २०६२।१२।१७, च.नं. ६३८३ मार्फत आयोगमा पठाएको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमार्फत आयोगबाट माग भएका घटनास्थल प्रकृति मुचुल्कासमेतका कागजातहरू संलग्न गरेको रहेको ।

- नाकको प्वालबाट रगत बगेको, कपाल पूरै रगतले भिजेको, दाहिनेतर्फ गर्धनमा धारिलो हतियारले काटेको ५ इन्च लम्वाइको काटेको घाउ, दाहिने

कानसमेत तल्लो भाग काटिएको, दाहिने कोखा पेटको भागमा गोली लागेको घाउ भएको, दाहिनेपट्टि छातीमा आधा इन्च छाला लछारिएको घाउ भएको भन्ने समेत लासजाँच प्रकृति मुचुल्कामा उल्लेख भएको ।

- इलाका प्रहरी कार्यालयको भवनको अगाडि भित्तामा ठाउँठाउँमा गोली लागेका जस्ता सिमेन्टमा खाल्डा परेका चोटहरू भएका, भवनको वरिपरि गोली लागेको जस्तो प्वालहरू भएको, सामानहरू छरिएको, सिसा फुटेका, खाटमा सकेट बम देखिएको, कोतमा रहेका गोली र हतियारहरू नभएको, सो भवनअगाडि १ पछाडि १ र भान्सामा समेत गरी ४ ओटा सकेट बम फेला परेको, प्रहरी निरीक्षक कक्षमा समेत तोडफोड भई सामानहरू यत्रतत्र छरिएको देखिएको, प्रहरी निरीक्षक इन्द्रबहादुर लामासमेतलाई हत्या गरी सो कार्यालयमा रहेका गोली-गट्ठा, हातहतियार लुटी लगेको भन्ने समेतको ब्यहोरा घटनास्थल प्रकृति मुचुल्कामा उल्लेख भएको ।

- Firearm Injuries to Chest and Abdomen भनी पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएको । यस्तै Multiple Punctured Wounds in left upper arm, chest and abdomen, chop wound in right side ear to neck with complete dissection of spinal column भन्ने समेत पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएको ।

- आयोगबाट च.नं. ९२५, मिति २०६८।१।२२ गते गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय, शान्ति तथा पुनर्निमाण मन्त्रालय, महागरीय प्रहरी परिसर र महानगरीय प्रहरी वृत्त बौद्धलाई पठाइएको पत्र मिसिल संलग्न देखियो । उक्त पत्रमा मृतक प्रहरीका परिवारले कानुनबमोजिम पाउने राहत, क्षतिपूर्ति वा सुविधा पाए-नपाएको तथा घटनाको अनुसन्धान भए-नभएको सम्बन्धमा कुनै जानकारी प्राप्त नभएकोले १५ दिनभित्र उपलब्ध गराउनू भनी उल्लेख भएको रहेछ ।

- इन्द्रबहादुर लामाको नजिकको हकदारलाई राहत रकम निकासाको लागि हालसम्म यस इकाइबाट निजको नामनामेसी भिडान गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाइएको नदेखिएको भन्ने समेतको ब्यहोरा उल्लेख गरी शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राहत तथा पुनःस्थापन इकाइबाट आयोगका नाममा प्रेषित २०६८।२।२१, च.नं. १६९५ को पत्र मिसिल संलग्न रहेछ ।

- आक्रमणको समयमा जेनेभा महासन्धिको पालना गर्नुपर्नेमा सशस्त्र युद्धरत पक्ष तत्कालीन नेकपा

(माओवादी) ले पालना नगरकोले माओवादी कार्यकर्ताहरूको यस्तो कार्य मानव अधिकार विरुद्धमा भएकोले जिम्मेवार माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र मृतकका कानुनबमोजिमका हकवालालाई रु. तीन लाख क्षतिपूर्ति साथै प्रहरीको प्रचलित नीति-नियमबमोजिम निजले पाउनुपर्ने सम्पूर्ण सुविधा उपलब्ध गराउनुपर्ने भन्ने प्रस्तुत उजुरी हेर्ने सम्बन्धित अधिकृतको राय सुझाव रहेको ।

४. यस घटनामा प्रहरी निरीक्षक इन्द्रबहादुर लामाको के-कस्तो मानव अधिकार उल्लङ्घन भयो, युद्धरत पक्ष र राज्यउपर के-कस्ता दायित्व सिर्जना हुने भनी निर्णय गर्नुपर्ने मुख्य विषयवस्तु रहेको देखियो ।

५. घटनालगत्तै गरिएको अनुगमन प्रतिवेदन, अनुगमन टोलीसमक्ष प्रत्यक्षदर्शीहरूले राखेको भनाइ, पोस्टमार्टम प्रतिवेदनसमेतका आधारमा इलाका प्रहरी कार्यालय, साँखुमा कार्यरत प्रहरी निरीक्षक इन्द्रबहादुर लामालाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले नियन्त्रणमा लिएपछि हत्या गरेको विषय निर्विवाद देखियो ।

६. नेकपा (माओवादी) ले निशस्त्र अवस्थामा रहेका प्रहरी निरीक्षकलाई नियन्त्रणमा लिई यातना दिएर हत्या गरेकाले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन हुन गएको, उक्त कार्यको घोर भर्त्सनासहित आयोगले विज्ञप्ति निकाल्नुपर्ने सहितको सुझावसहितको प्रतिवेदनका आधारमा आफ्नो नियन्त्रणमा लिइसकेका व्यक्तिको हत्या गर्नु मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन, जेनेभा महासन्धिको साझा धारा ३ विपरीतको कार्य हो । आयोग माओवादीको त्यस्तो पाशविक कार्यको निन्दा गर्दछ र मानव अधिकारको सिद्धान्त र मानवीय कानुनविपरीत पाशविक काम नगर्न पुनः सचेत गराउन चाहन्छ भन्ने समेतको ब्यहोरा उल्लेख गरी आयोगबाट २०६१ पुष ७ मा प्रेस-विज्ञप्ति जारी भएको समेत देखिने ।

७. Firearm Injuries to Chest and Abdomen भनी पोस्टमार्टम प्रतिवेदनमा मृत्युको कारण उल्लेख भएको र Multiple Punctured Wounds in left upper arm, chest and abdomen, chop wound in right side ear to neck with complete dissection of spinal column भन्ने समेत पोस्टमार्टम प्रतिवेदनमा उल्लेख भएबाट निजको शरीरको

विभिन्न भागमा घाउ चोटपटक लागेको देखिएबाट नियन्त्रणमा लिएर यातना दिएपछि गोली हानी मारेको भन्ने स्पष्ट देखिने ।

८. काठमाडौं राजधानीबाट घटनास्थल करिब १३ किलोमिटरको दूरीमा रहेको स्थानमा थप बल समयमै नपुगेको र उक्त कार्यालयमा रहेका प्रहरीहरू सुरक्षाका दृष्टिकोणबाट संवेदनशील अर्थात् सचेत भएर नबसेको पनि अनुगमन प्रतिवेदनमा उल्लेख भएको देखियो ।

९. नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा नै नागरिक स्वतन्त्रता र आधारभूत मौलिक अधिकारलाई सुरक्षित गरेको छ । नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा कानुनी राज्यको अवधारणालाई संविधानमार्फत प्रतिबद्धता जनाइएको छ । यसर्थ, संविधान प्रदत्त मौलिक हकहरूको उपभोग गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो । कुनै राजनैतिक पार्टीको समर्थन गर्नु वा कुनै सिद्धान्तको समर्थन जनाई कुनै सिद्धान्तको विरोध गर्न पाउनु पनि हरेक नागरिकको अधिकार हो । नेपालमा मात्र होइन बहुदलीय व्यवस्था भएका कैयौं विश्वका अन्य मुलुकहरूमा पनि राजनैतिक स्वतन्त्रता दिइएको पाइन्छ ।

१०. सामान्य अवस्थामा व्यक्तिको मौलिक हकहरूको संरक्षण र सम्मानपूर्ण तरिकाबाट बाँच्न पाउने अधिकारको संरक्षकको रूपमा राज्य नै रहेको हुन्छ । अर्थात्, हरेक नागरिकका मौलिक अधिकार संरक्षण, प्रवर्द्धन, परिपूरण गर्ने अर्थात् Protection, Promotion and Fulfill गर्नु राज्यको दायित्व हो । यसकारण राज्यलाई जनताले विश्वास गर्दछन् र अभिभावक मान्दछन् ।

११. सशस्त्र द्वन्द्वको अवस्थामा व्यक्तिका मौलिकहरू र विशेषगरी बाँच्न पाउने अधिकारहरू ज्यादै नै जोखिममा पर्दछन् । नेपालको विगतको अनुभवले पनि यो कुरा सिद्ध गरेको छ । यस्तो विषम परिस्थितिमा राज्यका दायित्वहरू झन् संवेदनशील र जोखिमपूर्ण हुन्छन् । विभिन्न अन्तर्राष्ट्रिय सशस्त्र युद्धहरूमा मानव अधिकारको संरक्षण र मानवीय कानुनको परिपालनाको प्रश्न चुनौतीकै रूपमा रही आएको पाइन्छ । आधुनिक राजनीतिशास्त्र र प्रजातान्त्रिक संविधानहरूले राज्यलाई नागरिकहरूको मौलिक अधिकार संरक्षणकर्ताको रूपमा स्वीकार गरेको छ ।

१२. सशस्त्र द्वन्द्वको समयमा राज्य मात्र नभई सशस्त्र युद्धरत पक्ष नेकपा (माओवादी) ले पनि दोहोरो

भिडन्तको नाममा नियन्त्रणमा लिएर वा हतियार त्यागेको अवस्थामा वा घाइते अवस्थामा वा प्रत्यक्ष युद्धमा सहभागी नभएको अवस्थामा नियन्त्रण वा कब्जामा लिएर हत्या गर्ने गरेका दृष्टान्तहरू सयौँ छन् । चितवनको बाँदरमुडेमा माओवादी कार्यकर्ताहरूले सर्वसाधारण सवार बसमा सेना चढेको आरोपमा गरिएको बम विष्फोट गराउँदा सर्वसाधारण व्यक्तिहरूको हताहती भएको घटना, रामेछापको दोरम्बामा सेनाले माओवादी कार्यकर्ताहरूलाई नियन्त्रणमा लिएपश्चात् गोली हानी मारिएका घटनाहरू र यसपछि दुवै युद्धरत पक्षहरूले घटनाको औचित्य पुष्टि गर्न गरेका गलत सूचना प्रवाहहरू सशस्त्र युद्धका ज्वलन्त उदाहरणहरू हुन् । यस्ता दर्जनौं घटनाहरूको आयोगले अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गरिसकेको छ ।

१३. यस घटनामा पनि माओवादी कार्यकर्ताहरूले युद्धको नियमको पालना नगरी इन्द्रबहादुर लामालाई हतियार त्यागेको अवस्थामा नियन्त्रणमा लिई घाँटी रेटी घाइते बनाएर पछि गोली हानी मार्नुजस्तो अमानवीय र पाशविक कार्य गरेको पाइयो । यस्तो कारबाहीले निजको तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको मौलिक हक, प्रचलित नेपाल कानुन तथा अन्तर्राष्ट्रिय कानुनहरूद्वारा प्रदत्त हक-अधिकारको ठाडो उल्लङ्घन भएको देखियो । माओवादी कार्यकर्ताहरूको यस्तो काम कारबाहीहरूलाई मानव अधिकारको वर्तमान शास्त्रहरू र मानवीय कानुनहरूले पनि अपराध नै मान्दछ ।

१४. संयुक्त राष्ट्रसङ्घीय बडापत्रमा उल्लेख भएका सिद्धान्तहरू, बडापत्रको धारा ५५ ले औंल्याएका मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूप्रति आमरूपमा सम्मान, संरक्षण, संवर्द्धन र परिपालना गर्ने दायित्व सबैको रहने कुरालाई अङ्गीकार गरेको पाइन्छ । यस्ता सिद्धान्तहरूमध्ये विश्वव्यापी रूपमा मानव समाजका सबै सदस्यहरूको अन्तरनिहित मान सम्मान अर्थात् प्रतिष्ठा एवम् अहरणीय अधिकार रहेको कुरालाई नै मानव अधिकारका अन्य दस्तावेज र सन्धिहरूले अनुसरण गरेको पाइन्छ ।

१५. प्रस्तुत घटनामा मृत्यु भएका इन्द्रबहादुर लामाको बाँच्न पाउने अधिकारको ठाडो उल्लङ्घन भएको देखिएको र नेकपा (माओवादी) का कार्यकर्ताहरूको यस्तो कार्यले व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लङ्घन गर्न नहुने अन्तर्राष्ट्रिय मानवीय कानुनको उपहास भएको

देखियो ।

१६. यसै सन्दर्भमा जेनेभा महासन्धिको सामान्य चर्चा हुनु सान्दर्भिक देखिन आयो । अन्तर्राष्ट्रिय मानवीय कानुन अर्थात् जेनेभा महासन्धि सशस्त्र युद्धका समयमा लागू हुने कानुन हो । यस कानुनले युद्धरत पक्षहरूले पालना गर्नुपर्ने नियम तथा कर्तव्यका बारेमा निर्देशित तथा नियमन गर्दछ। यस महासन्धिअनुसार अशक्त भएर लडाइँबाट अलग भएका, शत्रुतापूर्ण कारबाहीमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरूको जीवन र नैतिक अखण्डताको सम्मानका हकदार हुने, कुनै पनि परिस्थितिमा कुनै पनि प्रतिकूल भेदभावविना उनीहरूको सुरक्षालगायत मानवोचित व्यवहार गर्नुपर्ने, आत्मसमर्पण गर्ने शत्रु र अशक्त भएर लडाइँबाट अलग भएको व्यक्तिहरूलाई मार्न तथा क्षति पुर्‍याउन प्रतिबन्ध लगाएको पाइन्छ ।

१७. यसैगरी पक्षहरूद्वारा आफ्नो अधीनमा रहेका घाइते र बिरामीहरूलाई उचित उपचार गर्नुपर्ने, अधीनमा रहेका घाइते तथा योद्धाहरूसमेतलाई निजको जीवन, मर्यादा, व्यक्तिगत अधिकारको उल्लङ्घन गर्न नपाइने, तिनीहरूलाई प्रतिशोध र हिंसाका सबै कार्यहरूविरुद्ध सुरक्षा दिनुपर्ने दायित्व सम्बन्धित पक्षको रहन्छ । कसैप्रति पनि शारीरिक तथा मानसिक यातना, शारीरिक दण्ड वा क्रूर तथा बदनामी हुने खालको व्यवहार गर्न नपाइने, अत्यधिक पीडा वा अनावश्यक क्षति गर्ने प्रकृतिका युद्धको तरिका र हात-हतियारको प्रयोगमाथि प्रतिबन्ध लगाइएको छ ।

१८. जसबाट, के स्पष्ट हुन्छ भने युद्धरत पक्षहरूद्वारा लिङ्ग, जाति, राष्ट्रियता, धर्म, राजनीतिक विचारधारा वा अन्य कुनै मापदण्डमा आधारित नभई कुनै पनि भेदभावविना आफ्नो कब्जामा रहेका व्यक्तिहरूलाई मानवीय व्यवहार गर्नुपर्दछ। उनीहरूको ज्यान लिने अथवा चोट पुर्‍याउने कुनै पनि उद्योगमाथि जेनेभा महासन्धिद्वारा कडा प्रतिबन्ध लगाइएको छ ।

१९. नेपाल जेनेभा महासन्धि, १९४९ को पक्षराष्ट्र हो । यस सन्धिमा भएका प्रावधानहरू लागू हुने अवस्थाहरूमा विशेष गरी साझा धारा ३ ले सम्बन्धित पक्षराष्ट्रहरूको हकमा सन्धिका प्रावधान प्रयोग हुने क्षेत्रलाई अप्रत्यक्ष रूपमा मात्र परिभाषित गरेको छ । कुनै पक्षराष्ट्रको भू-भागभित्र सम्बन्धित गैरअन्तर्राष्ट्रिय चरित्रको सशस्त्र सङ्घर्षसम्बन्धी अवधारणाका लागि प्रत्यक्षरूपमा लागू हुने आधारहरू तय गर्ने जिम्मा राष्ट्रको अभ्यास र कानुनी व्यवस्थालाई नै छाडिदिएको पाइन्छ।

तर, एउटा राष्ट्रको उक्त सङ्घर्ष एउटा स्तरमा पुगेपछि सो विषय अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु वन्दछ । यसैले माओवादी कार्यकर्ताहरूको उक्त काम कारबाहीसमेत अन्तर्राष्ट्रिय कानुनको विषयवस्तु भएको तथ्यमा विवाद देखिँदैन । यसको अर्थ जेनेभा महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्ने दायित्व सो समूहको समेत हुन जान्छ ।

२०. तत्कालीन परिस्थितिमा नेकपा (माओवादी) ले जेनेभा महासन्धिको पालना गर्ने प्रतिबद्धता जाहेर गरेको अवस्थालाई समेत मध्यनजर गर्दा नेकपा (माओवादी) का कार्यकर्ताहरूद्वारा नियन्त्रणमा लिएका निज इन्द्रबहादुर लामाको जीवनरक्षा गर्नुपर्ने दायित्व उनीहरूको भएको तर उक्त दायित्व पालना नगरी निजको हत्या गरेको देखिएकाले उक्त कार्य गैरकानुनी र युद्धको नियमविपरीत भएको देखियो ।

२१. **युद्धमा सहभागी नभएको वा आफ्नो नियन्त्रणमा आएका कुनै व्यक्ति वा लडाकुलाई कुनै आरोपमा यातना दिन तथा ज्यान मार्न कुनै कानुनले पनि र कसैलाई पनि कुनै अधिकार नै दिएको हुँदैन । एकातिर युद्धरत पक्ष नेकपा (माओवादी) का कार्यकर्ताहरूले मानवीय कानुनको उल्लङ्घन गरेको त स्पष्टै छ भने अर्कोतर्फ राज्यको कानुनलाई हातमा लिएर जघन्य अपराध गर्ने वा अमानवीय कार्य गर्नेलाई राज्यले कारबाही गर्न नसक्नु पनि मानव अधिकार संरक्षण गर्न नसक्नुकै रूपमा लिनुपर्ने अवस्थामा सिर्जना भएको देखिएन ।**

२२. माथि नै उल्लेख भएझैँ **सशस्त्र द्वन्द्वको समयमा राज्य नागरिकहरूको आधार भूत अधिकारको संरक्षणको लागि अझै संवेदनशील हुनुपर्दछ । राज्य संवेदनशील नभएकै कारण सुरक्षा व्यवस्था कमजोर हुन गएको, समयमा थप बल नपुगेकोले निज इन्द्रबहादुर लामाको जीवन संरक्षित हुन सकेन भन्ने त स्पष्ट छँदैछ, हत्यामा संलग्न रहेका माओवादीका कार्यकर्ताहरूको पहिचान गरेर कारबाही गर्न नसक्नु पनि मानव अधिकार संरक्षण र परि पूरणमा राज्यको भूमिका कमजोर देखियो ।**

२३. दोषी पत्ता लगाई कानुनबमोजिम कारबाही गर्न प्रहरीको प्रभावकारी अनुसन्धान अपरिहार्य हुन्छ । प्रहरीले राजनैतिक दलका लागि काम गर्ने नभई स्वतन्त्र ढङ्गले शान्ति, सुरक्षा, अपराधको तहकिकात गर्नुपर्दछ । प्रहरीले यसतर्फ संवेदनशील हुनुपर्दछ। प्रहरी सङ्गठन राज्य र जनताको हो, कुनै राजनैतिक दलको होइन भन्ने भावनाले प्रहरीले काम गर्नुपर्दछ। अतः

प्रभावकारी अनुसन्धान गरी अपराध गर्ने व्यक्तिहरूलाई कानुनी कठघरामा ल्याउने दायित्व पनि राज्य र प्रहरी प्रशासनकै हो । यसका साथै कुनै समय राजनीतिक दलको हैसियतमा रहेको कुनै दल सरकारमा जाँदाको अवस्थामा दल विशेष र सरकारका रूपमा भूमिका निर्वाह गर्दा मौलिक हक र मानव अधिकारका यावत् विषयवस्तुहरूमा फरकफरक भूमिका निर्वाह गर्नुपर्दछ । अर्थात्, **सशस्त्र युद्धको अवस्थामा मानव अधिकार उल्लङ्घन गर्ने कुनै पनि दल विशेषका व्यक्ति वा अधिकारीहरूउपर सरकारले विनाविभेद, विनाआस्था छानबिन गर्न प्रहरी प्रशासनलाई सहयोग गर्नुपर्दछ । यस्तो संस्कृतिको विकासले भविष्यमा मानव अधिकार उल्लङ्घन गर्नेलाई निरुत्साहित गर्दछ भने मानव अधिकारको संस्कृति निर्माणमा समेत टेवा प्रदान गर्दछ । प्रहरीले स्वतन्त्र** रूप**मा काम गर्न पाउने वातावरण सिर्जना गर्नु राजनैतिक दलहरूको पनि कर्तव्य हो ।**

२४. यसमा निर्णयतर्फ विचार गर्दा, राजधानीको साँखुमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताको आक्रमणबाट निरीक्षकसहित पाँच प्रहरीको मृत्यु, पच्चीस थान हतियार लुटिएको भनी मिति २०६१।९।४ गते विभिन्न राष्ट्रिय दैनिक समाचारपत्रमा प्रकाशित समाचारप्रति आयोगको ध्यानाकर्षण भई तत्काल आयोगको आफ्नै सक्रियतामा उजुरी ग्रहण गरी कारबाही अगाडि बढाएको । जिल्ला प्रहरी कार्यालय काठमाडौँको मिति २०६२।१२।१७ को पत्रसाथ उपलब्ध गराइएको घटनास्थल लासजाँच प्रकृति मुचुल्काअनुसार नाकको प्वालबाट रगत बगेको, कपाल पूरै रगतले भिजेको, दाहिनेपट्टि गर्दनमा धारिलो हतियारले काटेको ५ इन्च लम्बाइको काटेको घाउ, दाहिने कानसमेत तल्लो भाग काटिएको, दाहिने कोखा पेटको भागमा गोली लागेको घाउ भएको, दाहिनेपट्टि छातीमा आधा इन्च छाला लछारिएको घाउ भएको भनी उल्लेख भएको देखियो । त्यसैगरी इलाका प्रहरी कार्यालयको भवनको अगाडि भित्तामा ठाउँठाउँमा गोली लागेकोजस्तो सिमेन्टमा खाल्डा परेका चोटहरू भएको, भवनको वरिपरि गोली लागेकोजस्ता प्वालहरू भएको, सामानहरू छरिएको, सिसा ठाउँठाउँमा फुटेको, खाटमा सकेट बम देखिएको, कोटमा रहेका गोली र हतियारहरू नभएको, सो भवनअगाडि पट्टि १, पछाडि १ र भान्सामा गरी ४ ओटा सकेट बम फेला परेको, प्रहरी निरीक्षक कक्षमा समेत तोडफोड गरी सामानहरू यत्रतत्र छरिएको देखिएको, प्रहरी निरीक्षक इन्द्रबहादुर लामासमेतलाई

हत्या गरी कार्यालयमा रहेका गोलीगट्ठा, हातहतियार लुटी लगेको भनी घटनास्थल प्रकृति मुचुल्कामा उल्लेख रहेको देखियो ।

२५. आयोगको अनुगमन टोलीको प्रतिवेदनअनुसार तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले घटना घटाएको समयमा प्रहरी होसियारसाथ बस्न नसकेको । ३३ जना दरबन्दी भएकोमा ११ जनालाई बाटोमा सुताएको, ५ जना मारिएको, ५ जना घाइते भएको, १० जना प्रहरी घटना घटेको समयमा नरहेको, २ जना प्रहरी बिदामा रहेको । घटनापश्चात् निःशस्त्र अवस्थामा रहेका प्रहरी निरीक्षक इन्द्रबहादुर लामालाई यातना दिई खुकुरी प्रहार गरी हत्या गरेको भन्ने देखियो । तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूबाट प्रहरीचौकीमा आक्रमण गरी निज प्रहरी निरीक्षक इन्द्रबहादुर लामाको हत्या गरी हातहतियारसमेत लुटी लगेको देखिँदा निज प्रहरी निरीक्षक इन्द्रबहादुर लामाको बाँच्न पाउने मानव अधिकार तथा अर्न्तराष्ट्रिय मानवीय कानुनको समेत उल्लङ्घन भएको देखियो । अतः घटनामा संलग्न तत्कालीन नेकपा माओवादी कार्यकर्ताहरूको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न साथै मृतकका कानुनबमोजिमका हकवालालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६(३) बमोजिम रू. तीन लाख क्षतिपूर्ति रकममध्ये क्षतिपूर्तिबापत रकम पाएको भए सो कट्टा गरी र अघि क्षतिपूर्ति रकम नपाएको भए सिफारिस भएबमोजिमको रकम उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने निर्णय भयो ।

२६. प्रस्तुत उजुरीमा आयोगबाट भएको निर्णय नेपाल सरकारलाई लेखी पठाउनू । उजुरी फाइल अभिलेख शाखामा नियमानुसार बुझाइदिनू ।

**निर्णय तयार गर्ने**

..............
जीवन न्यौपाने
मानव अधिकार अधिकृत

| ............... | ......... | ........... | ........... |
|---|---|---|---|
| सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

इति संवत् २०७० साल असार १३ गते रोज ५ शुभम्

## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२
इमेल : nhrc@nhrcnepal.org
फोन : ०१-५०१००१५, १६, १७, १८
वेवसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५० १० ०००

## क्षेत्रीय कार्यालयहरु

विराटनगर, चाँदनीचोक
फोन : ०२१-४६१९३१, ४६१०९३
फ्याक्स : ०२१-४६११००

जनकपुर, देवीचोक
फोन : ०४१-५२७८११, ५२७८१२
फ्याक्स : ०४१-५२७२२५०

पोखरा, जनप्रिय मार्ग
फोन : ०६१-४६२८११, ४६३८२२
फ्याक्स : ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन : ०८२-५२६७०७, ५२६७०८
फ्याक्स : ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३

## उपक्षेत्रीय कार्यालयहरु

खोटाङ्ग, दिक्तेल, फोन : ०३६-४२०२८४
रुपन्देही, बुटवल, फोन : ०७१-५४६९११
जुम्ला, खलङ्गा, फोन : ०८७-५२०२२२
सानेपा, ललितपुर, फोन : ०१-५५३०३६२